# स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा

# LOCAL DISASTER AND CLIMATE RESILIENT FRAMEWORK (LDCRF)

## सुनिलस्मृति गाउँपालिका
## सुलिचौर, रोल्पा

## भाद्र, २०८३

# स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा

**(LOCAL DISASTER AND CLIMATE RESILIENT FRAMEWORK-LDCRF)**

## सुनिलस्मृति गाउँपालिका
## सुलिचौर, रोल्पा

भाद्र, २०८३

सर्वाधिकार © सुनिलस्मृति गाउँपालिका, रोल्पा

कार्यढाँचाको नामः

**स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा २०८३/८४-२०८७/८८**
**Local Disaster and Climate Resilient Framework-LDCRF (2026-2031)**

कार्यढाँचा तर्जुमा दिग्दर्शनः

**स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा दिग्दर्शन, २०८१**
(राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, कार्यकारी समितिको मिति २०८१-०१-०३ गते बसेको २२औं बैठकबाट स्वीकृत)

तयार गरिएको वर्षः

**वि.सं. २०८३ (२०२६ AD)**

तयार गर्नेः

**सुनिलस्मृति गाउँपालिका, सुलिचौर, रोल्पा, लुम्बिनी प्रदेश, नेपाल**
**Sunilsmriti Rural Municipality, Sulichaur, Rolpa, Nepal, Lumbini Province, Nepal**

आर्थिक तथा प्राविधिक सहयोगः

**सहयोगी हातहरुको समूह (सहास) नेपाल**
**Group of Helping Hands (SAHAS) Nepal**
INF नेपाल

सहजीकरणः

**ग्रिन एनालाईटिक्स प्रा. लि., लाजिम्पाट, काठमाडौं, नेपाल**
**Green Analytics Pvt. Ltd., Kathmandu, Nepal**

## मन्तव्य

सुनिलस्मृति गाउँपालिकाले सुरक्षित, समावेशी, वातावरणमैत्री तथा उत्थानशील विकासलाई प्राथमिकता दिँदै आएको छ। तथापि, भौगोलिक तथा प्राकृतिक अवस्थाका कारण गाउँपालिका भूकम्प, पहिरो, जनावर आतंक, सडक दुर्घटना, पशु रोग, खडेरी, आगलागी, बाढी, महामारी, कृषि रोग, असिना, हावाहुरी, चट्याङ, वन डढेलो, विधुतीय दुर्घटना, मिचाहा झार र खण्डवृष्टि लगायतका बहु-प्रकोप तथा जलवायु परिवर्तनका बढ्दो प्रभावबाट जोखिममा रहेको छ।विपद् व्यवस्थापनलाई प्रतिकार्यमा मात्र सीमित नराखी जोखिम न्यूनीकरण, पूर्वतयारी, जलवायु अनुकूलन तथा उत्थानशील विकासलाई स्थानीय योजना प्रक्रियासँग एकीकृत गर्नु आजको आवश्यकता हो। यही उद्देश्यका साथ सुनिलस्मृति गाउँपालिकाले स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा (LDCRF) तयार गरेको हो।

यस कार्यढाँचाले स्थानीय प्रकोप, संकटासन्नता, सम्मुखता तथा क्षमताको विश्लेषण गरी आठ प्राथमिकता क्षेत्रअन्तर्गत ४६ वटा रणनीतिक कार्यक्रम तथा क्रियाकलाप पहिचान गरेको छ। यी कार्यक्रमलाई गाउँपालिकाको आवधिक तथा वार्षिक योजना, बजेट र विकास प्रक्रियासँग आबद्ध गरी कार्यान्वयन गरिनेछ। विपद् तथा जलवायु परिवर्तनबाट बढी प्रभावित हुने महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायलाई प्राथमिकतामा राख्दै समावेशी, न्यायपूर्ण र समुदायकेन्द्रित उत्थानशीलता अभिवृद्धि गरिनेछ। साथै, स्थानीय ज्ञान तथा अनुकूलन अभ्यासलाई वैज्ञानिक ज्ञान र आधुनिक प्रविधिसँग जोडिनेछ।

यस कार्यढाँचालाई केवल दस्तावेजमा सीमित नराखी जोखिम-सुसूचित विकासको मार्गदर्शकका रूपमा कार्यान्वयन गर्न संघ, प्रदेश, विकास साझेदार, निजी क्षेत्र, नागरिक समाज तथा समुदायसँग सहकार्य र समन्वयलाई सुदृढ गरिनेछ।

LDCRF तर्जुमामा सहयोग गर्नुहुने सहयोगी हातहरूको समूह (सहास) नेपाल, ग्रिन एनालाइटिक्स प्रा. लि., जनप्रतिनिधि, कर्मचारी, विज्ञ, स्थानीय समुदाय तथा सम्पूर्ण सरोकारवालाप्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु।

सुरक्षित, समावेशी तथा जलवायु उत्थानशील सुनिलस्मृति गाउँपालिका निर्माणका लागि सबैको निरन्तर सहकार्य र प्रतिबद्धताको अपेक्षा गर्दछु।

..........................

मणिराम बुढाथोकी

गाउँपालिका अध्यक्ष

## कृतज्ञता ज्ञापन

सुनिलस्मृति गाउँपालिकाको समग्र विकासलाई दिगो, सुरक्षित, समावेशी तथा उत्थानशील बनाउन विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तनका असरलाई स्थानीय विकास प्रक्रियासँग एकीकृत गर्नु आजको महत्वपूर्ण आवश्यकता हो। गाउँपालिकाको भौगोलिक तथा प्राकृतिक अवस्थाका कारण भूकम्प, पहिरो, जनावर आतंक, सडक दुर्घटना, पशु रोग, खडेरी, आगलागी, बाढी, महामारी, कृषि रोग, असिना, हावाहुरी, चट्याङ, वन डढेलो, विधुतीय दुर्घटना, मिचाहा झार र खण्डवृष्टि लगायतका विभिन्न प्रकोपको जोखिम रहँदै आएको छ। जलवायु परिवर्तनका कारण यस्ता जोखिमको आवृत्ति तथा प्रभाव थप बढ्दै गएको छ।

विपद्को असर सबै समुदायमा समान हुँदैन। विशेषगरी महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, विपन्न तथा अन्य जोखिमयुक्त समुदाय बढी प्रभावित हुने भएकाले विपद् जोखिम न्यूनीकरणका प्रयासहरू समावेशी, लैङ्गिक संवेदनशील तथा समुदायकेन्द्रित हुन आवश्यक छ। स्थानीय समुदायको ज्ञान, अनुभव तथा परम्परागत अनुकूलन अभ्यासलाई संरक्षण गर्दै वैज्ञानिक ज्ञान र आधुनिक प्रविधिसँग जोड्नु हाम्रो प्राथमिकता हुनेछ।

यसै आवश्यकतालाई सम्बोधन गर्न सुनिलस्मृति गाउँपालिकाले स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा (Local Disaster and Climate Resilience Framework-LDCRF) तयार गरेको हो। यस कार्यढाँचाले गाउँपालिकाका विभिन्न क्षेत्र तथा समुदायको प्रकोप, संकटासन्नता, सम्मुखता तथा क्षमताको विश्लेषण गरी स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशीलताका कार्यक्रमहरू पहिचान गरेको छ। आठ प्राथमिकता क्षेत्रअन्तर्गत प्रस्तावित ४६ वटा रणनीतिक तथा प्राथमिकताप्राप्त कार्यक्रम तथा क्रियाकलापहरूलाई विकास योजना तथा वार्षिक कार्यक्रमसँग आबद्ध गरी कार्यान्वयन गरिनेछ।

LDCRF को प्रभावकारी कार्यान्वयनका लागि वडा तथा समुदाय तहमा जोखिम न्यूनीकरण, पूर्वतयारी, पूर्वसूचना प्रणाली, स्थानीय अनुकूलन क्षमता तथा विपद् प्रतिकार्य क्षमता अभिवृद्धि गर्नु आवश्यक छ। साथै, संघ, प्रदेश, स्थानीय समुदाय, विकास साझेदार, नागरिक समाज, निजी क्षेत्र तथा अन्य सरोकारवालाबीचको समन्वय र सहकार्यलाई अझ सुदृढ गरिनेछ।

यस कार्यढाँचा तर्जुमा प्रक्रियामा प्राविधिक, आर्थिक तथा अन्य सहयोग प्रदान गर्नुहुने सहयोगी हातहरूको समूह (सहास) नेपाल, ग्रिन एनालाइटिक्स प्रा. लि., लाजिम्पाट, काठमाडौं, जनप्रतिनिधि, कर्मचारी, विषयगत शाखा, विज्ञ, स्थानीय समुदाय तथा सम्पूर्ण सरोकारवालाप्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु। सुरक्षित, समावेशी, जलवायु उत्थानशील तथा समृद्ध सुनिलस्मृति गाउँपालिका निर्माणका लागि सबैको निरन्तर सहकार्य र सहभागिताको अपेक्षा गर्दछु।

.........................................

मिना थापा

गाउँपालिका उपाध्यक्ष

## दुई शब्द

स्थानीय सरकारको विकास योजना तथा सेवा प्रवाहलाई प्रभावकारी र दिगो बनाउन स्थानीय जोखिम, आवश्यकता तथा उपलब्ध स्रोतसाधनलाई ध्यानमा राखी योजना तथा कार्यक्रम तर्जुमा गर्नु आवश्यक हुन्छ। सुनिलस्मृति गाउँपालिका विभिन्न प्राकृतिक तथा गैर-प्राकृतिक प्रकोपको जोखिममा रहेको र जलवायु परिवर्तनका कारण जोखिमको प्रकृति तथा प्रभाव थप जटिल बन्दै गएको वर्तमान अवस्थामा विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशीलतालाई स्थानीय योजना प्रक्रियामा संस्थागत गर्नु अपरिहार्य भएको छ। नेपालको संविधान तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका कानुनी तथा नीतिगत व्यवस्थाले स्थानीय तहलाई विपद् व्यवस्थापनसम्बन्धी महत्वपूर्ण जिम्मेवारी प्रदान गरेका छन्। साथै, जलवायु परिवर्तन नीति, वातावरण संरक्षणसम्बन्धी कानुनी व्यवस्था तथा स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा दिग्दर्शन, २०८१ लगायतका राष्ट्रिय मार्गदर्शनलाई समेत आधार लिई सुनिलस्मृति गाउँपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा (LDCRF) तयार गरिएको हो।

यस कार्यढाँचा तर्जुमा गर्दा गाउँपालिकाको प्रकोप, संकटासन्नता, सम्मुखता तथा उपलब्ध क्षमताको विश्लेषण गर्नुका साथै वडा तथा समुदाय तहबाट प्राप्त सूचना, अनुभव तथा प्राथमिकतालाई समेटिएको छ। आठ प्राथमिकता क्षेत्रअन्तर्गत पहिचान गरिएका ४६ वटा रणनीतिक तथा प्राथमिकताप्राप्त कार्यक्रम तथा क्रियाकलापहरूलाई गाउँपालिकाको आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम, बजेट र विषयगत योजनासँग आबद्ध गर्दै चरणबद्ध रूपमा कार्यान्वयन गरिनेछ।

LDCRF को प्रभावकारी कार्यान्वयनका लागि जोखिम-सुसूचित योजना तथा बजेट निर्माण, संस्थागत क्षमता विकास, तथ्याङ्क तथा सूचना व्यवस्थापन, पुर्वानुमानमा आधारित पूर्वसूचना प्रणाली, विपद् पूर्वतयारी, अनुगमन तथा मूल्याङ्कनलाई सुदृढ बनाउन आवश्यक छ। साथै, संघ तथा प्रदेश सरकार, विकास साझेदार, निजी क्षेत्र, नागरिक समाज र समुदायसँग समन्वय तथा सहकार्यलाई संस्थागत गर्दै उपलब्ध स्रोतसाधनको प्रभावकारी परिचालन गरिनेछ।

यस महत्वपूर्ण कार्यढाँचा तर्जुमा प्रक्रियामा प्राविधिक, आर्थिक तथा अन्य सहयोग प्रदान गर्नुहुने सहयोगी हातहरूको समूह (सहास) नेपाल, ग्रिन एनालाइटिक्स प्रा. लि., लाजिम्पाट, काठमाडौं, जनप्रतिनिधि, विषयगत शाखा, कर्मचारी, विज्ञ, स्थानीय समुदाय तथा सम्पूर्ण सरोकारवालाप्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु।

LDCRF लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै जोखिम-सुसूचित, जवाफदेही, समावेशी तथा जलवायु उत्थानशील स्थानीय शासन प्रणाली विकास गर्न गाउँपालिकाको प्रशासनिक संयन्त्र प्रतिबद्ध रहनेछ।

.............................

नगेन्द्र प्रसाद रिजाल

प्रमुख प्रशासकीय अधिकृत

**विषयसूची**

विषयसूची ........ v

तालिकाहरूको सुची ........ ix

चित्रहरूको सुची ........ xi

कार्यकारी सारांश ........ xii

संक्षिप्त रूप सुची ........ xvii

परिच्छेद—१ ........ १

परिचय ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ औचित्य ........ २

१.३ विद्यमान नीतिगत र कानुनी व्यवस्था ........ ३

१.३.१ नेपालको संविधान ........ ३

१.३.२ अन्य कानुनी तथा नीतिगत व्यवस्था ........ ३

१.४ कार्यढाँचाको उद्देश्य ........ ६

१.५ स्थानीय अनुकूलन कार्ययोजना तथा विपद् व्यवस्थापनको अन्तरसम्बन्ध ........ ७

१.६ स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तयारीको विधि र प्रक्रिया ........ ८

१.६.१ स्थानीय तहमा समन्वय, प्रारम्भिक तयारी तथा क्षमता अभिवृद्धि ........ १०

१.६.२ स्थानीय तहको प्रकोप, विपद् तथा जोखिमको सूचना सङ्कलन, विश्लेषण पार्श्वचित्रको तयारी ........ ११

१.६.३ एकीकृत विपद् जोखिम न्यूनीकरण, व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी योजनाको विकास ........ १३

१.६.४ कार्यढाँचाको स्वीकृति र मूलप्रवाहीकरण ........ १३

१.६.५ कार्यान्वयन, अनुगमन र मुल्यांकन ........ १४

परिच्छेद—२ ........ १६

२.१ सुनिलस्मृति गाउँपालिकाको सामान्य विवरण ........ १६

२.१.१ भौतिक अवस्था ........ १६

२.१.१.१ भौगोलिक अवस्था ........ १६

२.१.२ वन, वातावरण तथा जलवायु परिवर्तनको अवस्था ........ २४

२.१.२.१ वन क्षेत्रको अवस्था ........ २४

२.१.२.३ जलस्रोत तथा जलाधार क्षेत्र ........ २९

२.१.२.४ मौसम (वर्षा, तापक्रम)............................................................................................................ ३९

२.१.२.५ जलवायु परिवर्तनको प्रवृत्ति ...................................................................................................... ४२

२.१.३ सामाजिक अवस्था........................................................................................................................ ४७

२.१.३.१ जनसंख्याको विवरण.................................................................................................................... ४७

२.१.३.२ सुनिलस्मृति गाउँपालिकाको कृषिको अवस्था ..................................................................................... ५०

२.१.३.३ वडा तहमा जनघनत्व.................................................................................................................. ५१

२.१.३.४ वडा तहमा रहेका सबै प्रकारका निजी भवनहरूको सङ्ख्या र प्रकार.......................................................... ५१

२.१.३.५ सार्वजनिक भवन तथा संरचनाहरू................................................................................................... ५२

२.१.३.६ सार्वजनिक सेवा सुविधा.............................................................................................................. ५५

२.१.३.७ भौतिक पूर्वाधारको अवस्था ......................................................................................................... ५७

२.१.३.८ इन्धनको स्रोत ........................................................................................................................... ६०

२.२ प्रकोप, सम्मुखता, सङ्कटासन्नता, क्षमता र जोखिमको विश्लेषण....................................................................... ६१

२.२.१ प्रकोप विश्लेषण र लक्षित प्रकोप निर्धारण.................................................................................... ६२

२.२.१.१ प्रकोप विश्लेषण ......................................................................................................................... ६२

२.२.१.२ लक्षित प्रकोप निर्धारण.................................................................................................................. ७४

२.२.२ स्रोतको विश्लेषण ........................................................................................................................ ७८

२.२.२.१ स्रोतको सूचनाको सङ्कलन............................................................................................................. ७८

२.२.२.२ स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधिको विश्लेषण.............................................................................. ८०

२.२.३ सम्मुखता, सङ्कटासन्नता र क्षमताको विश्लेषण.................................................................................. ८४

२.२.३.१ सम्मुखता विश्लेषण ..................................................................................................................... ८४

२.२.३.२ सङ्कटासन्नता विश्लेषण ................................................................................................................ ८८

२.२.३.३ क्षमता विश्लेषण.......................................................................................................................... ९३

२.२.४. जोखिमको विश्लेषण .................................................................................................................... ९७

२.२.४.१ जोखिम नक्साङ्कन ........................................................................................................................ ९९

२.२.४.२ भविष्यमा परिवर्तन हुने विपद् जोखिम विश्लेषण.................................................................................. १०२

२.२.५. संस्थागत विश्लेषण......................................................................................................................... १०५

२.२.६. वडाहरूको सङ्कटासन्नता तथा क्षमता विश्लेषण .................................................................................. ११२

परिच्छेद-३.............................................................................................................................................. ११५

विपद् तथा जलवायु उत्थानशील योजना........................................................................................११५

३.१ सोच, लक्ष्य तथा रणनीति........................................................................................११५

३.१.१ सोच........................................................................................११५

३.१.२ लक्ष्य........................................................................................११५

३.१.२.१ अल्पकालीन लक्ष्य (१-३ वर्ष)........................................................................................११५

३.१.२.२ दीर्घकालीन लक्ष्य (३-५ वर्ष)........................................................................................११६

३.२ विपद् जोखिम न्यूनीकरणका उपायहरू........................................................................................११८

३.२.१ प्राथमिकताका क्षेत्र १: विपद् तथा जलवायु परिवर्तन जोखिम बुझाइ ........................................१२०

३.२.२ प्राथमिकताका क्षेत्र २: स्थानीय तहमा विपद् तथा जलवायु परिवर्तन जोखिम शासकीय पद्धतिको सुदृढीकरण........................................................................................१२९

३.२.३ प्राथमिकताका क्षेत्र ३: उत्थानशीलता वृद्धिका लागि विपद् तथा जलवायु परिवर्तन जोखिम न्यूनीकरणमा निजी तथा सार्वजनिक लगानी ........................................१४५

३.२.४ प्राथमिकताका क्षेत्र ४: प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण................१८०

३.२.५ प्राथमिकताका क्षेत्र ५: पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माणमा अझ बलियो र राम्रो....................१९७

३.२.६ प्राथमिकताका क्षेत्र ६: तालिम र क्षमता अभिवृद्धि ........................................२१०

३.२.७ प्राथमिकताका क्षेत्र ७: बहुप्रकोप पूर्व सूचना प्रणाली........................................२४४

३.२.८ प्राथमिकताका क्षेत्र ८: विपद् जोखिम हस्तान्तरण र वित्तीय व्यवस्थाप ........................................२६१

परिच्छेद-४........................................................................................२७२

बजेटको विनियोजन र विकास योजनामा मूलप्रवाहीकरण........................................................................................२७२

४.१ स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि लगानीको न्यूनतम लक्ष्य....................२७२

४.१.१ सरोकारवाला निकायसँग समन्वय ........................................................................................२७२

४.१.२ स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन लगानी बजेट ........................................२७५

४.२ आवधिक र वार्षिक विकास योजनामा मूलप्रवाहीकरणको योजना ........................................२७५

४.२.१ विपद् व्यवस्थापन कोष........................................................................................२७५

४.२.२ आवधिक/वार्षिक बजेटमा मूलप्रवाहीकरण........................................................................................२७६

परिच्छेद-५........................................................................................२८०

कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन........................................................................................२८०

५.१ कार्यान्वयन कार्ययोजना ........................................................................................२८०

५.२ अनुगमन र मूल्याङ्कन........................................................................................३१३

५.३ समीक्षा र परिमार्जन ....................................................................................................३१५

अनुसूचीहरू..............................................................................................................................३१७

अनुसूची १ः प्रकोपको ऐतिहासिक समयरेखा ..........................................................................३१७

अनुसूची २ः वडा स्तरीय प्रकोपको स्तरीकरण म्याटिक्स.............................................................३२६

अनुसूची ३ः सुनिलस्मृति गाउँपालिकाको पालिका स्तरीय विपद् व्यवस्थापन समिति ..............................३२७

अनुसूची ४ः स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा गोष्ठीमा उपस्थितिको विवरण..........३२८

अनुसूची ५ः स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा पालिका र वडा स्तरीय गोष्ठीका माइन्युट ..................................................................................................................................३३९

अनुसूची ६ः वडा स्तरको संकटासन्न, जोखिम तथा क्षमता नक्साहरु ................................................३४८

अनुसूची ७ः वडागत मुख्य संकटासन्न वस्ती तथा बहु-प्रकोपीय अति उच्च संकटासन्न बस्ती पहिचान...........३५२

अनुसूची ८ः स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमाका क्रममा लिईएका केही तस्विरहरु ....३५३

## तालिकाहरूको सुची


तालिका १: जोखिम, क्षमता र प्राथमिक कार्यको समग्र सारांश ........ xiii
तालिका २: प्राथमिकता क्षेत्र तथा प्रस्तावित बजेटको विवरण ........ xiv
तालिका ३: सुनिलस्मृति गाउँपालिकाको भूउपयोग विवरण ........ २०
तालिका ४: सुनिलस्मृति गाउँपालिकामा रहेको नदी तथा खोलाको विवरण ........ ३१
तालिका ५: सुनिलस्मृति गाउँपालिकामा रहेको खानेपानी आयोजना तथा स्रोतहरूको विवरण ........ ३४
तालिका ६: भूक्षय तथा बाढी पहिरो, नदी कटान तथा जोखिमयुक्त बस्तीहरू ........ ३७
तालिका ७: वार्षिक अधिकतम तथा न्यूनतम तापक्रम ........ ३९
तालिका ८ : वार्षिक वर्षा ........ ४०
तालिका ९ : लिवाङ रोल्पा स्टेसनको औसत मासिक तापक्रम तथा वर्षाको अवस्था ........ ४१
तालिका १०: रोल्पा जिल्लामा आधार अवधि (१९८१-२०१०) को तुलनामा भविष्यको मौसमी वर्षा परिवर्तन (%) ........ ४२
तालिका ११: रोल्पा जिल्लामा आधार अवधि (१९८१—२०१०) को तुलनामा भविष्यको ऋतुअनुसार तथा वार्षिक अधिकतम तापक्रम परिवर्तन (°से.) ........ ४४
तालिका १२: रोल्पा जिल्लामा आधार अवधि (१९८१-२०१०) को तुलनामा भविष्यको ऋतुअनुसार तथा वार्षिक न्यूनतम तापक्रम परिवर्तन (°से.) ........ ४५
तालिका १३: सुनिलस्मृति गाउँपालिकामा अपाङ्गताको वर्गीकरण आधारमा जनसंख्या ........ ४८
तालिका १४: सुनिलस्मृति गाउँपालिकाको व्यवसायको प्रकार आधारमा जनसंख्याको विवरण ........ ४८
तालिका १५: सुनिलस्मृति गाउँपालिकाको व्यवसायको प्रकार आधारमा जनसंख्याको विवरण ........ ४९
तालिका १६: सुनिलस्मृति गाउँपालिकाको आर्थिक गतिविधिमा सहभागी भएका अवधिका आधारमा जनसंख्याको विवरण ........ ४९
तालिका १७: सुनिलस्मृति गाउँपालिकामा घरको जगको प्रकार, घरको बाहिरी भित्ताका लागि प्रयोग भएका सामग्री, भुईंमा प्रयोग भएको सामग्री र घरको छानो बनाउन प्रयोग भएका सामग्रीका आधारमा घरधुरीहरूको विवरण...... ५१
तालिका १८: सुनिलस्मृति गाउँपालिकामा रहेको सार्वजनिक भवन तथा संरचनाको विवरण ........ ५२
तालिका १९: सुनिलस्मृति गाउँपालिकामा रहेको विद्यालय भवन सम्बन्धि विवरण ........ ५३
तालिका २०: सुनिलस्मृति गाउँपालिकामा रहेको स्वास्थ्य संस्थाको विवरण ........ ५५
तालिका २१: सुनिलस्मृति गाउँपालिकामा उपलब्ध पिउने पानीको स्रोतहरुमा आस्रित जनसङ्ख्याको विवरण....... ५६
तालिका २२: सुनिलस्मृति गाउँपालिकामा रहेका घरधुरीको शौचालय सुविधा अनुसार विवरण ........ ५६
तालिका २३: सुनिलस्मृति गाउँपालिकामा शौचालय प्रयोग गर्ने घरधुरीहरूको विवरण ........ ५७
तालिका २४: सिंचाई सुविधाको उपलब्धता ........ ५८
तालिका २५ : बत्तिका लागि उर्जाको श्रोत ........ ६०
तालिका २६ : खाना पकाउने इन्धनको प्रकार ........ ६१
तालिका २७: सुनिलस्मृति गाउँपालिकाको मुख्य प्रकोपको विश्लेषण ........ ६३
तालिका २८: प्रकोप तथा मौसमी पात्रो ........ ६८
तालिका २९: बाली पात्रो ........ ७०
तालिका ३०: प्रकोपको आवृति र प्रभाव मुल्यांकन म्याट्रिक्स ........ ७४

तालिका ३१: सुनिलस्मृति गाउँपालिकाको लक्षित प्रकोपको तह निर्धारण ....................................................७४
तालिका ३२: सुनिलस्मृति गाउँपालिकाको मुख्य प्रकोपको स्तरीकरण.......................................................७७
तालिका ३३: सुनिलस्मृति गाउँपालिकाको स्रोतहरुको अवस्था..............................................................७८
तालिका ३४: जोखिम न्यनीकरणको लागि स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधिको विश्लेषण..........................८०
तालिका ३५: सुनिलस्मृति गाउँपालिकाको प्रकोप जोखिम बस्तीहरू .........................................................८५
तालिका ३६: सुनिलस्मृति गाउँपालिकाको हालको प्रकोप, संकटासन्नता तथा जोखिमको अवस्था......................८८
तालिका ३७: प्रकोपको संकटासन्न वर्ग तथा समुदाय पहिचान ...............................................................९०
तालिका ३८: संकटासन्नताको आधारमा वडा प्राथमिकीकरण ..................................................................९३
तालिका ३९: क्षमता विश्लेषण तथा स्तर निर्धारण ..............................................................................९३
तालिका ४०: सुनिलस्मृति गाउँपालिकाको जोखिमको रुपरेखा विश्लेषण .....................................................९७
तालिका ४१: स्रोतहरूमाथि प्रकोप तथा जोखिम विश्लेषण...................................................................१०२
तालिका ४२: सेवा प्रदायक संस्था विश्लेषण.....................................................................................१०५
तालिका ४३: वडाहरूको सङ्कटासन्नता तथा क्षमता विश्लेषण.............................................................११२
तालिका ४४: प्राथमिकताका क्षेत्र १ अन्तर्गतका रणनीतिक उपायहरू .....................................................१२०
तालिका ४५: प्राथमिकताका क्षेत्र २ को रणनीतिक उपायहरू...............................................................१२९
तालिका ४६: प्राथमिकताका क्षेत्र ३ को रणनीतिक उपायहरू...............................................................१४६
तालिका ४७: प्राथमिकताका क्षेत्र ४ रणनीतिक उपायहरू ....................................................................१८०
तालिका ४८: प्राथमिकताका क्षेत्र ४ रणनीतिक उपायहरू ....................................................................१९७
तालिका ४९: प्राथमिकताका क्षेत्र ६ को रणनीतिक उपायहरू...............................................................२१०
तालिका ५०: प्राथमिकताका क्षेत्र ७को रणनीतिक उपायहरू.................................................................२४४
तालिका ५१: प्राथमिकताका क्षेत्र ८ को रणनीतिक उपायहरू...............................................................२६१
तालिका ५२: पालिकामा कार्यरत संघसंस्था तथा तिनीहरुले प्रदान गर्ने सेवा...........................................२७३
तालिका ५३: विषयगत अवधारणात्मक क्षेत्रका कार्य गर्ने निकायहरू.......................................................२७४
तालिका ५४: आवधिक/वार्षिक बजेटमा मूलप्रवाहीकरण खाका ..............................................................२७७
तालिका ५५: कार्यढाँचा कार्यान्वयन कार्ययोजनाको ढाँचा.....................................................................२८०
तालिका ५६: अनुगमन तालिकाको खाका........................................................................................३१३

## चित्रहरूको सुची

चित्र नं १: विपद् जोखिम र जलवायु परिवर्तनको अन्तरसम्बन्ध ........ ८
चित्र नं २: स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तयारीको क्रममा पालिका, वडा र बस्ति स्तरमा गरिएका क्रियाकलापहरू........ ९
चित्र नं ३: स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमाको चरण........ १०
चित्र नं ४: सुनिलस्मृति गाउँपालिकाको भिरलोपन नक्सा ........ १७
चित्र नं ५: सुनिलस्मृति गाउँपालिकाको प्रशासनिक नक्सा........ १८
चित्र नं ६: सुनिलस्मृति गाउँपालिकाको भौगर्भिक नक्सा........ १९
चित्र नं ७: सुनिलस्मृति गाउँपालिकाको भूउपयोग नक्सा ........ २२
चित्र नं ८: भूकम्पीय जोखिम नक्सांकन ........ २३
चित्र नं ९: सुनिलस्मृति गाउँपालिकामा रहेका वनको किसिमहरू........ २५
चित्र नं १०: वन डढेलो नक्सांकन ........ २८
चित्र नं ११: सुनिलस्मृति गाउँपालिकाको प्रमुख जलाधार तथा उप-जलाधारहरू........ ३०
चित्र नं १२: सुनिलस्मृति गाउँपालिकामा रहेको नदी तथा खोलाको नक्सा ........ ३३
चित्र नं १३: सुनिलस्मृति गाउँपालिकामा रहेको बाढी, कटान, पहिरो तथा डढेलो जोखिम बस्तीहरू ........ ३८
चित्र नं १४ : सुनिलस्मृति गाउँपालिकाः औसत मासिक वर्षा (मि.मि.)........ ४१
चित्र नं १५: लिवाङरोल्पा मौसम केन्द्रको अधिकतम तथा न्यूनतम तापक्रमको अवस्था........ ४१
चित्र नं १६: सुनिलस्मृति गाउँपालिकाको वडा स्तरीय जनघनत्व ........ ५१
चित्र नं १७: सुनिलस्मृति गाउँपालिकाको पहिरो जोखिम नक्सा ........ १००
चित्र नं १८: डढेलो जोखिम नक्सा ........ १०१
चित्र नं १९: सुनिलस्मृति गाउँपालिकाको वडा संकटासन्नता स्तर ***(Vulnerability Rank)***........ ११४
चित्र नं २०: विपद् व्यवस्थापनको संस्थागत संरचना (विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ बाट अद्यावधिक) ........ २७३
चित्र नं २१: कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समीक्षा र परिमार्जन चक्र........ ३१६

**कार्यकारी सारांश**

सुनिलस्मृति गाउँपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा (LDCRF) ले पालिकामा विद्यमान विपद् तथा जलवायुजन्य जोखिम, सङ्कटासन्नता, स्थानीय क्षमता तथा संस्थागत व्यवस्थाको समग्र विश्लेषण गरी आगामी पाँच वर्ष (२०८३/८४-२०८७/८८, सन् २०२६-२०३१) का लागि प्राथमिकता प्राप्त कार्यहरू निर्धारण गरेको छ। पालिकाको भौगोलिक बनावट, भिरालो भूभाग, वर्षाको अनियमितता, सामाजिक-आर्थिक अवस्था तथा प्राकृतिक स्रोतमा निर्भर जीविकोपार्जनका कारण समुदायहरू बहुप्रकोप तथा जलवायु परिवर्तनका प्रभावप्रति संवेदनशील रहेका छन्। विशेषगरी कृषि, जलस्रोत, वन तथा जैविक विविधता, स्वास्थ्य, पूर्वाधार र स्थानीय जीविकोपार्जनमा जोखिमको प्रभाव देखिएको छ।

## १. पालिकाको जोखिम तथा सङ्कटासन्नताको संक्षिप्त अवस्था

सुनिलस्मृति गाउँपालिकामा बाढी, पहिरो, खडेरी, कृषि तथा पशु रोग, हावाहुरी, चट्याङ, असिना, वन डढेलो, खण्डवृष्टि, महामारी र मिचाहा झार प्रमुख जलवायु तथा मौसमजन्य जोखिमका रूपमा रहेका छन्। यसका अतिरिक्त भूकम्प, जनावर आतंक, सडक दुर्घटना, विधुतीय दुर्घटना र आगलागी जस्ता गैर-जलवायुजन्य विपद्हरूको पनि जोखिम रहेको छ। भिरालो भू-भाग तथा भू-बनोटका कारण पहिरो, भू-क्षय तथा सडक तथा अन्य पूर्वाधारमा क्षतिको जोखिम उच्च रहेको छ भने वर्षाको अनियमितता, लामो खडेरी तथा पानीका मुहान सुक्ने समस्याले कृषि उत्पादन र खानेपानी सुरक्षामा असर पुर्‍याइरहेको छ।

जलवायु परिवर्तनका कारण कृषि प्रणालीमा मिचाहा प्रजाति, रोग तथा कीराको प्रकोप बढ्दै गएको, उत्पादन र गुणस्तरमा कमी आएको तथा वन, जलस्रोत र जलीय पारिस्थितिकीय प्रणालीमा समेत नकारात्मक प्रभाव परेको देखिन्छ। यी जोखिमले खाद्य तथा पोषण सुरक्षा, स्वास्थ्य, आयआर्जन र जीविकोपार्जनमा थप दबाब सिर्जना गरेका छन्। बालबालिका, महिला, गर्भवती तथा सुत्केरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, विपन्न तथा सामाजिक रूपमा पछाडि परेका समुदायहरूमा जोखिमको प्रभाव तुलनात्मक रूपमा बढी पर्न सक्ने देखिन्छ।

जोखिम तथा सङ्कटासन्नता विश्लेषणअनुसार वडा नं. ५ सबैभन्दा बढी सङ्कटासन्न रहेको छ। त्यसपछि क्रमशः वडा नं. ६, ७, ४, १, ८, ३ र २ कम सङ्कटासन्न वडाका रूपमा पहिचान भएका छन्। यसले स्रोत परिचालन तथा कार्यक्रम प्राथमिकतामा जोखिममा रहेका वडा र समुदायलाई विशेष ध्यान दिनुपर्ने देखाउँछ।

## २. विद्यमान स्थानीय क्षमता तथा अवसर

सुनिलस्मृति गाउँपालिकामा विपद् जोखिम व्यवस्थापन तथा जलवायु उत्थानशीलता प्रवर्धनका लागि केही महत्वपूर्ण आधारहरू विद्यमान छन्। गाउँपालिकाले हरेक वर्ष मनसुनपूर्व DPRP तयारी तथा तथ्यांक अद्यावधिक गर्दै आएको छ र स्थानीय विपद् व्यवस्थापनसम्बन्धी संस्थागत संरचना तथा विषयगत शाखाहरू क्रियाशील छन्। वडा कार्यालय, स्थानीय विपद् व्यवस्थापन समिति, विषयगत शाखा, सामुदायिक वन उपभोक्ता समूह, सहकारी, सामुदायिक संस्था तथा स्थानीय स्वयंसेवकहरू सम्भावित कार्यान्वयन साझेदारका रूपमा रहेका छन्।

गाउँपालिकासँग कृषि, वन, जलस्रोत, पूर्वाधार तथा सामाजिक विकासका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी निकायसँग समन्वय गर्ने अवसर रहेको छ। जिल्ला प्रशासन तथा प्रहरी कार्यालय, डिभिजन/सब-

डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय, पूर्वाधार विकास कार्यालय/डिभिजन सडक कार्यालय, जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, कृषि ज्ञान केन्द्र, प्रदेश तथा संघीय सरकार, विकास साझेदार तथा गैरसरकारी संस्थाहरूबाट प्राविधिक तथा वित्तीय सहयोग परिचालन गर्न सकिने आधार रहेको छ।

त्यसैगरी, गाउँपालिकाले वार्षिक बजेटको कम्तीमा ५ प्रतिशत विपद् व्यवस्थापन कोषमा विनियोजन गर्ने अभ्यास गर्दै आएको छ। यसलाई LDCRF का प्राथमिकतासँग जोडेर जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ तथा जलवायु अनुकूलनमा थप प्रभावकारी रूपमा परिचालन गर्न सकिन्छ। स्थानीय स्रोतसाधन, सामुदायिक सहभागिता, सहकारी तथा वित्तीय संस्थाहरू, निजी क्षेत्र र विकास साझेदारसँगको साझेदारी विस्तार गर्नु पालिकाको उत्थानशीलता अभिवृद्धिका महत्वपूर्ण अवसर हुन्।

**तालिका १ः जोखिम, क्षमता र प्राथमिक कार्यको समग्र सारांश**

| विषय | मुख्य निष्कर्ष | प्राथमिक प्रस्तावित कार्य |
|---|---|---|
| विपद् तथा जलवायु जोखिम | भूकम्प, पहिरो, जनावर आतंक, सडक दुर्घटना, पशु रोग, खडेरी, आगलागी, बाढी, महामारी, कृषि रोग, असिना, हावाहुरी, चट्याङ, वन डढेलो, विधुतीय दुर्घटना, मिचाहा झार र खण्डवृष्टिको जोखिम | बहु-प्रकोप जोखिम तथा जलवायु जोखिमको नियमित लेखाजोखा, जोखिम नक्साङ्कन तथा जोखिम सूचना प्रणाली विकास |
| भौगोलिक/भौतिक जोखिम | भिरालो भूभाग, भू-क्षय, पहिरो, नदी कटान तथा पूर्वाधार क्षतिको जोखिम | जोखिमयुक्त क्षेत्र पहिचान, संरक्षण तथा पूर्वाधार सुदृढीकरण, जोखिम परीक्षण र सुरक्षित निर्माण |
| कृषि तथा जीविकोपार्जन | कृषि क्षेत्रमा जलवायु परिवर्तन, खडेरी, रोग/कीरा तथा मिचाहा प्रजातिको प्रभाव; कृषि मुख्य पेशा | जलवायुमैत्री कृषि प्रविधि, सिँचाइ, जीविकोपार्जन विविधीकरण, उद्यमशीलता तथा विपद् प्रभावित परिवारलाई सहयोग |
| जलस्रोत तथा खानेपानी | पानीका मुहान सुक्ने तथा प्रदूषणको जोखिम | पानीका स्रोत संरक्षण तथा पुनर्जीवन, सुरक्षित खानेपानी र सिँचाइ संरचना विकास |
| वन तथा जैविक विविधता | वन डढेलो, वन पैदावार तथा जैविक विविधतामा दबाब | दिगो वन व्यवस्थापन, वन डढेलो नियन्त्रण तथा प्राकृतिक स्रोत संरक्षण |
| सामाजिक सङ्कटासन्नता | महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदाय बढी प्रभावित हुन सक्ने | लक्षित सचेतना, क्षमता अभिवृद्धि, समावेशी जीविकोपार्जन तथा सामाजिक सुरक्षा |
| पूर्वतयारी तथा प्रतिकार्य | पूर्वतयारी, उपकरण, सुरक्षित आश्रय तथा समुदायमा पूर्व चेतावनी प्रणाली थप सुदृढ गर्नुपर्ने | प्रत्येक वडामा आकस्मिक सामग्री पूर्वसञ्चय, सुरक्षित आश्रय स्थल, स्वयंसेवक परिचालन, नियमित अभ्यास |

| | | |
|---|---|---|
| पूर्व सूचना | बहु-प्रकोप पूर्व सूचना तथा सूचना प्रवाह प्रणाली थप सुदृढ गर्नुपर्ने | समुदायस्तरीय पूर्व चेतावनी प्रणाली, सूचना प्रवाह तथा आपत्कालीन कार्य सञ्चालन केन्द्र सुदृढीकरण |
| संस्थागत क्षमता | स्थानीय संरचना र विषयगत शाखा भए पनि भूमिका, जनशक्ति, सूचना तथा समन्वय थप सुदृढ गर्नुपर्ने | शाखागत जिम्मेवारी निर्धारण, क्षमता विकास, कानुनी/कार्यविधिगत सुधार तथा सूचना व्यवस्थापन |
| वित्तीय जोखिम व्यवस्थापन | विपद् व्यवस्थापन कोष तथा वार्षिक बजेटको अभ्यास विद्यमान | जोखिम हस्तान्तरण, बीमा, सामाजिक सुरक्षा, विपद् कोष तथा विकास साझेदारबाट स्रोत परिचालन |
| पुनर्लाभ तथा पुनर्निर्माण | विपद्पछि निजी आवास, सार्वजनिक पूर्वाधार तथा जीविकोपार्जनमा क्षतिको सम्भावना | “अझ राम्रो र बलियो निर्माण” अवधारणा, पुनर्लाभ योजना तथा सामाजिक-आर्थिक पुनर्स्थापना |

## ३. प्राथमिकता क्षेत्र तथा प्रस्तावित बजेट

LDCRF अन्तर्गत कुल रु. ८२ करोड ९२ लाख बराबरको रणनीतिक कार्ययोजना प्रस्ताव गरिएको छ। प्राथमिकता क्षेत्रअनुसार बजेटको अवस्था निम्नानुसार रहेको छः

**तालिका २ः प्राथमिकता क्षेत्र तथा प्रस्तावित बजेटको विवरण**

| क्र.सं. | प्राथमिकता क्षेत्र | प्रमुख प्रस्तावित कार्यहरू | बजेट (रु. लाख) | कुल बजेटमा हिस्सा |
|---|---|---|---|---|
| १ | विपद् तथा जलवायु परिवर्तन जोखिम बुझाइ | बहु-प्रकोप जोखिम पहिचान, संरचनात्मक जोखिम लेखाजोखा, जोखिम परीक्षण, सीमा जोखिम तथा विद्यालयमा जोखिम शिक्षा | २१९ | २.६% |
| २ | जोखिम शासकीय पद्धतिको सुदृढीकरण | शाखागत भूमिका, संस्थागत संरचना, मानव संसाधन, कानुनी व्यवस्था तथा सूचना प्रणाली सुदृढीकरण | २९२ | ३.५% |
| ३ | निजी तथा सार्वजनिक लगानीमार्फत उत्थानशीलता | उत्थानशील लगानी, DRR/CCA, पर्यटन तथा सम्पदा संरक्षण, फोहोरमैला व्यवस्थापन, उद्यमशीलता | २,१३७ | २५.८% |
| ४ | प्रभावकारी प्रतिकार्यका लागि पूर्वतयारी | प्रतिकार्य क्षमता, स्वयंसेवक, उपकरण/गोदाम, अभ्यास, अन्तरपालिका सहकार्य, पूर्वाधार तथा वन व्यवस्थापन | ४,५५७ | ५५.०% |
| ५ | पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माण | Build Back Better, आवास तथा बस्ती पुनर्निर्माण, सार्वजनिक पूर्वाधार तथा सामाजिक-आर्थिक पुनर्लाभ | ३१४ | ३.८% |

| | | | | |
|---|---|---|---|---|
| ६ | तालिम तथा क्षमता अभिवृद्धि | खोज तथा उद्धार, जोखिम बुझाइ, सुशासन, सुरक्षित निर्माण, IPR तथा लक्षित जीविकोपार्जन तालिम | ३६३ | ४.४% |
| ७ | बहु-प्रकोप पूर्व सूचना प्रणाली | पूर्व चेतावनी प्रणाली, अन्तरनिकाय समन्वय, जोखिम सूचना प्रणाली तथा आपत्कालीन सञ्चालन केन्द्र | २२३ | २.७% |
| ८ | जोखिम हस्तान्तरण तथा वित्तीय व्यवस्थापन | बीमा/जोखिम हस्तान्तरण, सामाजिक सुरक्षा, विपद् कोष तथा विकास साझेदार परिचालन | १८७ | २.३% |
| जम्मा | | | ८,२९२ | १००% |

## ५. मुख्य प्राथमिक क्रियाकलापहरू

LDCRF को कार्यान्वयनमा निम्न क्रियाकलापलाई तत्काल तथा उच्च प्राथमिकतामा राख्नुपर्ने देखिन्छः

१. बहु-प्रकोप तथा जलवायु जोखिम नक्साङ्कन र जोखिम सूचना प्रणाली विकास तथा नियमित अद्यावधिक गर्ने।
२. वडा नं. ५ लगायत उच्च सङ्कटासन्न वडाहरूमा लक्षित जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन गर्ने।
३. विद्यालय, स्वास्थ्य संस्था, सार्वजनिक भवन तथा महत्वपूर्ण पूर्वाधारको संरचनात्मक तथा गैर-संरचनात्मक जोखिम लेखाजोखा गर्ने।
४. समुदायस्तरीय बहु-प्रकोप पूर्व चेतावनी प्रणाली स्थापना तथा विस्तार गर्ने।
५. प्रत्येक वडामा आकस्मिक उद्धार तथा राहत सामग्रीको पूर्वसञ्चय र सुरक्षित आश्रय स्थल व्यवस्थापन गर्ने।
६. कृषि क्षेत्रमा जलवायुमैत्री प्रविधि, सिँचाइ, जल संरक्षण, मिचाहा प्रजाति तथा रोग/कीरा व्यवस्थापन विस्तार गर्ने।
७. विपद् प्रभावित तथा जोखिममा रहेका परिवारका लागि उत्थानशील जीविकोपार्जन, उद्यमशीलता, वित्तीय पहुँच, बीमा तथा सामाजिक सुरक्षा विस्तार गर्ने।
८. पहिरो, नदी कटान तथा अन्य जोखिमयुक्त क्षेत्रको पहिचान, संरक्षण तथा जोखिम न्यूनीकरण संरचना विकास गर्ने।
९. स्थानीय तहका पदाधिकारी, कर्मचारी, स्वयंसेवक, निर्माणकर्मी तथा समुदायका लागि नियमित तालिम, नमुना अभ्यास तथा खोज तथा उद्धार क्षमता विकास गर्ने।
१०. विपद्पछिको पुनर्लाभ तथा पुनर्निर्माणमा "अझ राम्रो र बलियो निर्माण (Build Back Better)" अवधारणालाई संस्थागत गर्ने।
११. LDCRF लाई गाउँपालिकाको आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम, बजेट तथा विषयगत योजनामा मूलप्रवाहीकरण गर्ने।
१२. संघ, प्रदेश, जिल्ला तह, विकास साझेदार, गैरसरकारी संस्था, निजी क्षेत्र, सहकारी तथा समुदायबीच बहुसरोकारवाला साझेदारी र स्रोत परिचालन संयन्त्र सुदृढ गर्ने।

**निष्कर्ष**

सुनिलस्मृति गाउँपालिकाको LDCRF केवल विपद् व्यवस्थापनसम्बन्धी छुट्टै दस्तावेज नभई विकास योजना, बजेट, पूर्वाधार, कृषि, जीविकोपार्जन, वातावरण, स्वास्थ्य, शिक्षा तथा सामाजिक समावेशीकरणमा विपद् र जलवायु उत्थानशीलता मूलप्रवाहीकरण गर्ने मार्गदर्शक कार्यढाँचा हो। त्यसैले प्रत्येक वर्षको वडा तथा पालिकास्तरीय योजना तर्जुमा प्रक्रियामा LDCRF का प्राथमिकता, लक्ष्य, सूचक तथा बजेटलाई समायोजन गर्नु यसको प्रभावकारी कार्यान्वयनको मुख्य आधार हुनेछ।

विशेषगरी कुल प्रस्तावित बजेटमध्ये करिब ५५ प्रतिशत पूर्वतयारी तथा प्रतिकार्य सुदृढीकरणमा र करिब २६ प्रतिशत उत्थानशीलताका लागि निजी तथा सार्वजनिक लगानीमा केन्द्रित रहेकोले पूर्वाधार सुरक्षा, जोखिम न्यूनीकरण, कृषि तथा जीविकोपार्जन उत्थानशीलता र पूर्वतयारीलाई कार्यान्वयनको मुख्य केन्द्रमा राखिएको छ। यससँगै जोखिम बुझाइ, संस्थागत क्षमता, पूर्व सूचना प्रणाली, पुनर्लाभ तथा वित्तीय जोखिम हस्तान्तरणका कार्यहरूलाई एकीकृत रूपमा अघि बढाउँदा सुनिलस्मृति गाउँपालिकालाई "सुरक्षित, समृद्ध, दिगो तथा विपद् तथा जलवायु उत्थानशील गाउँपालिका" बनाउने दीर्घकालीन सोच हासिल गर्न महत्वपूर्ण योगदान पुग्नेछ।

## संक्षिप्त रूप सुची

| | |
|---|---|
| ° | Degree |
| ’ | Minute |
| ’’ | Second |
| % | Percentage |
| > | Greater Than |
| BBB | Build Back Better |
| CCA | Climate Change Adaptation |
| CCRA | Climate Change Resilience and Adaptation |
| DPRP | Disaster Preparedness and Response Plan |
| DRR | Disaster Risk Reduction |
| EbA | Ecosystem-based Adaptation |
| EOC | Emergency Operation Center |
| ESS | Environmental and Social Security |
| ICT | Information, Communication and Technology |
| IPR | Intellectual Property Right |
| IUCN | International Union for Conservation of Nature |
| LAPA | Local Adaptation Plan for Action |
| LDCRF | Local Disaster and Climate Resilience Framework |
| LISA | Local Government Institutional Capacity Self-Assessment |
| NbS | Nature-based Solutions |
| NDC | Nationally Determined Contributions |
| NDRRMA | National Disaster Risk Reduction & Management Authority |
| NSPA | National Strategic Plan of Action |
| SDG | Sustainable Development Goal |
| SFDRR | Sendai Framework on Disaster Risk Reduction |
| WRIDDO | Water Resources and Irrigation Development Division Office |
| आ.व. | आर्थिक वर्ष |
| गै.स.स. | गैर सरकारी संस्था |
| नं. | नम्बर |
| मि.मि. | मिलिमिटर |
| सा.व.उ.स. | सामुदायिक वन उपभोक्ता समिति |
| सिं.कू.नि. | सिंचाई कूलो निर्माण |

## परिच्छेद-१
## परिचय
### १.१ पृष्ठभूमि

नेपाल बहुप्रकोपको उच्च जोखिममा रहेको देश हो। कमजोर भू-बनोट, भिरालो भौगोलिक अवस्था, बढ्दो जनघनत्व, गरिबी, अतिवृष्टि, अनावृष्टि तथा अन्य चरम मौसमी घटनाहरूका कारण यहाँ प्राकृतिक प्रकोपको जोखिम उच्च रहेको छ। यसमा जलवायु परिवर्तनको प्रभाव थपिँदा जोखिम झन् बढ्दै गएको छ। विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान अत्यन्त न्यून भए पनि जलवायु परिवर्तनका प्रतिकूल असर सबैभन्दा बढी भोग्ने मुलुकहरूमध्ये नेपाल पर्दछ। तीव्र र अव्यवस्थित सहरीकरण, प्राकृतिक स्रोतसाधनमाथिको बढ्दो दबाब तथा सामाजिक-आर्थिक असमानताले समुदायहरूको सङ्कटासन्नता अझ गहिरो बनाएको छ। यसको प्रत्यक्ष असर कृषि, खाद्य सुरक्षा, जलस्रोत, जैविक विविधता, स्वास्थ्य, ऊर्जा, सिँचाइ, पर्यटन, आवास तथा भौतिक पूर्वाधारमा देखिएको छ। साथै, प्राकृतिक तथा गैर-प्राकृतिक विपद्का कारण मानवीय क्षति, जनधनको नोक्सानी, विस्थापन, पूर्वाधारको विनाश, मनोसामाजिक समस्या तथा जीविकोपार्जनमा गम्भीर प्रभाव पर्ने गरेको छ।

नेपालको संविधानले विपद् व्यवस्थापनलाई सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारका साथै स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र समेत समेटेको छ। यस संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५; राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६; विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४; स्थानीय सरकार सञ्चालन ऐन, २०७४; वातावरण संरक्षण ऐन, २०७६; राष्ट्रिय अनुकूलन योजना (२०२१-२०५०); विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०); सोह्रौं आवधिक योजना (आ.व. २०८१/०८२-२०८५/०८६); विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा निर्देशिका, २०७६; स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका, २०७४; स्थानीय अनुकूलन कार्ययोजना (LAPA) खाका, २०७६ तथा तेस्रो राष्ट्रिय निर्धारित योगदान (NDC, २०२५) लगायतका कानुनी, नीतिगत तथा रणनीतिक दस्तावेजहरू लागू गरिएका छन्।

यी नीतिगत तथा कानुनी व्यवस्थालाई स्थानीय तहमा कार्यान्वयन गर्न स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा (LDCRF), विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) र स्थानीय अनुकूलन कार्ययोजना (LAPA) जस्ता विभिन्न योजनाहरू तयार गरी कार्यान्वयनमा ल्याइएका छन्। यद्यपि, यी योजनाहरूको उद्देश्य समान भए पनि फरक-फरक नाम, प्रक्रिया र ढाँचामा तयार गरिने भएकाले कार्यान्वयनका क्रममा समन्वयको कमी, दोहोरोपन तथा स्रोतसाधनको अनावश्यक खर्चजस्ता चुनौतीहरू देखिएका छन्। यसले स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण र जलवायु उत्थानशीलतासम्बन्धी कार्यक्रमहरूको प्रभावकारितामा समेत असर पुऱ्याएको छ।

यही अवस्थालाई सम्बोधन गर्न विभिन्न योजनाहरूलाई एउटै साझा दृष्टिकोण, उद्देश्य र कार्यान्वयन प्रणालीमा आबद्ध गर्ने अवधारणाका साथ एकीकृत स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा (Integrated Local Disaster and Climate Resilient Framework) तर्जुमा गरिएको हो। यस कार्यढाँचाले विगतका विभिन्न योजनामा समेटिएका विषयवस्तुलाई एकीकृत गरी स्रोतसाधनको प्रभावकारी परिचालन, संस्थागत समन्वय र सहकार्यको सुदृढीकरण, योजना कार्यान्वयनमा स्पष्टता तथा पारदर्शिता अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ।

साथै, यसले स्थानीय समुदायलाई विपद् तथा जलवायु परिवर्तनका बढ्दा जोखिमसँग सामना गर्न सक्षम, सुरक्षित र दीगो रूपमा उत्थानशील बनाउँदै समावेशी र प्रभावकारी स्थानीय विकासलाई समेत टेवा पुऱ्याउने विश्वास गरिएको छ।

## १.२ औचित्य

स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचाले विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन, पूर्वसूचना प्रणालीको विकास तथा प्रभावकारी कार्यान्वयन, विपद् पूर्वतयारी, उद्धार तथा राहत, साथै विपद्पश्चात् पुनर्निर्माण र पुनःस्थापनाका कार्यलाई एकीकृत रूपमा अघि बढाउन मार्गदर्शन प्रदान गर्दछ। यस कार्यढाँचाले अन्तर्राष्ट्रिय स्तरमा स्वीकृत सन् २०१५-२०३० को सेण्डाइ कार्यढाँचा (Sendai Framework for Disaster Risk Reduction २०१५-२०३०), दिगो विकास लक्ष्य (२०१६-२०३०) तथा जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता (Paris Agreement, २०१५) का उद्देश्य, सिद्धान्त र प्राथमिकताहरूलाई स्थानीय सन्दर्भअनुकूल कार्यान्वयन गर्न सहयोग पुऱ्याउने उद्देश्य राखेको छ।

अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूलाई स्थानीय आवश्यकता, भूगोल, सामाजिक-आर्थिक अवस्था तथा जलवायुजन्य जोखिमसँग समायोजन गरी समुदायमा आधारित योजना, कार्यक्रम तथा लगानीमार्फत कार्यान्वयन गर्दा स्थानीय सरकारको संस्थागत तथा प्राविधिक क्षमता अभिवृद्धि हुने, समुदायको विपद् सामना गर्ने क्षमता (Resilience) सुदृढ हुने, र जलवायु परिवर्तनका प्रतिकूल प्रभावबाट जनजीविका, पूर्वाधार तथा प्राकृतिक स्रोतहरूको संरक्षण र दिगो व्यवस्थापनमा टेवा पुग्ने अपेक्षा गरिएको छ।

यस कार्यढाँचाले संघ, प्रदेश र स्थानीय तहका विकास नीति, योजना तथा कार्यक्रमहरूमा विपद् जोखिम न्यूनीकरण (DRR) र जलवायु परिवर्तन अनुकूलन (CCA) का विषयलाई मूलप्रवाहीकरण  गर्न, विभिन्न क्षेत्रगत तथा विषयगत योजनाबीच समन्वय र एकीकरण सुनिश्चित गर्न, जोखिममा आधारित विकास योजना तथा बजेट प्रणालीलाई प्रवर्द्धन गर्न, र सम्बन्धित सरकारी निकाय, निजी क्षेत्र, नागरिक समाज, विकास साझेदार तथा स्थानीय समुदायबीच प्रभावकारी सहकार्य र साझेदारी स्थापना गर्न मार्गनिर्देशन प्रदान गर्दछ। साथै, विपद् जोखिमको पहिचान, मूल्याङ्कन, अनुगमन, पूर्वसूचना प्रणालीको सुदृढीकरण, जोखिम न्यूनीकरणका संरचनात्मक तथा गैरसंरचनात्मक उपायहरूको कार्यान्वयन, तथा विपद्पश्चात् 'पहिलाभन्दा अझ राम्रो पुनर्निर्माण (Build Back Better) को अवधारणालाई संस्थागत गर्न यसले विशेष जोड दिएको छ।

यसरी, स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा केवल नीतिगत तथा संस्थागत मार्गदर्शक दस्तावेजमा सीमित नभई स्थानीय तहमा कार्यान्वयन गर्न सकिने एक समन्वयात्मक, सहभागितामूलक र परिणाममुखी कार्ययोजनाको आधार हो। यसले सुरक्षित, उत्थानशील, समावेशी तथा दिगो स्थानीय विकासलाई प्रवर्द्धन गर्दै विपद् तथा जलवायु परिवर्तनबाट सिर्जित जोखिम न्यूनीकरण, जनधनको सुरक्षा, प्राकृतिक स्रोत-साधनको संरक्षण तथा दीर्घकालीन सामाजिक-आर्थिक समृद्धि हासिल गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

## १.३ विद्यमान नीतिगत र कानुनी व्यवस्था

### १.३.१ नेपालको संविधान

नेपालको संविधानका अनुसूची ५, ६, ७, ८ र ९ ले सङ्घ, प्रदेश र स्थानीय तहबीच विकास, पूर्वाधार, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनसम्बन्धी अधिकार र जिम्मेवारीको तहगत बाँडफाँड गरेको छ। यसको मुख्य उद्देश्य नीति निर्माणदेखि स्थानीयस्तरको कार्यान्वयनसम्म स्पष्ट जिम्मेवारी निर्धारण गर्नु हो।

**पूर्वाधार तथा स्थानीय विकास :** सङ्घले राष्ट्रियस्तरका यातायात, रेल, लोकमार्ग तथा ठूला पूर्वाधारसम्बन्धी नीति र मापदण्ड निर्धारण गर्छ। प्रदेशले प्रदेशस्तरीय सडक, विद्युत, सिँचाइ, खानेपानी तथा यातायात व्यवस्थापन गर्छ भने स्थानीय तहले स्थानीय विकास योजना तथा आयोजना, स्थानीय/ग्रामीण/कृषि सडक, सिँचाइ, खानेपानी, साना जलविद्युत तथा वैकल्पिक ऊर्जासम्बन्धी कार्य सञ्चालन गर्छ।

**जलवायु परिवर्तन तथा वातावरण :** सङ्घले राष्ट्रिय वातावरण तथा जलवायु नीति, कार्बन सेवा, राष्ट्रिय वन तथा संरक्षण क्षेत्रसम्बन्धी नीति निर्माण गर्छ। प्रदेशले जलाधार संरक्षण, जैविक विविधता, भू-स्खलन नियन्त्रण तथा वातावरणीय व्यवस्थापनमा भूमिका निर्वाह गर्छ। स्थानीय तहले स्थानीयस्तरमा वातावरण संरक्षण, वन तथा जैविक विविधता, जल उपयोग र वातावरणमैत्री विकासलाई प्रवर्द्धन गर्ने जिम्मेवारी राख्छ।

**विपद् व्यवस्थापन :** सङ्घले राष्ट्रिय नीति, कानून, मापदण्ड, पूर्व सूचना प्रणाली, राष्ट्रिय जोखिम नक्साङ्कन, तथ्याङ्क तथा अनुसन्धान, राष्ट्रिय विपद् कोष र प्रदेश तथा स्थानीय तहलाई सहयोग तथा समन्वय गर्ने व्यवस्था गरेको छ। प्रदेशले प्रादेशिक विपद् योजना, जोखिम नक्साङ्कन, खोज तथा उद्धार, राहत सामग्रीको पूर्वभण्डारण, विपद् कोष, पुनःस्थापना तथा पुनर्निर्माण र स्थानीय तहलाई सहयोग गर्ने जिम्मेवारी पाएको छ।

स्थानीय तहलाई भने समुदायसँग प्रत्यक्ष जोडिएका विपद् व्यवस्थापनका कार्यहरू प्रदान गरिएको छ। यसअन्तर्गत स्थानीय विपद् नीति, कानून तथा योजना निर्माण, पूर्वतयारी तथा प्रतिकार्य योजना, जोखिम क्षेत्रको नक्साङ्कन, खोज तथा उद्धार, राहत व्यवस्थापन, स्थानीय विपद् कोष सञ्चालन, जोखिम न्यूनीकरणका आयोजना, विपद्पछिको पुनःस्थापना तथा पुनर्निर्माण र विपद्सम्बन्धी तथ्याङ्क व्यवस्थापन पर्दछन्।

यसरी, संवैधानिक व्यवस्थाले सङ्घलाई नीति तथा मापदण्ड निर्माण, प्रदेशलाई समन्वय तथा प्राविधिक सहयोग र स्थानीय तहलाई स्थानीयस्तरको कार्यान्वयन तथा समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणको प्रमुख जिम्मेवारी दिएको छ। यसले स्थानीय विकास योजनामा जलवायु परिवर्तन अनुकूलन, वातावरण संरक्षण र विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्न महत्वपूर्ण कानुनी आधार प्रदान गर्दछ।

### १.३.२ अन्य कानुनी तथा नीतिगत व्यवस्था

**स्थानीय सरकार सञ्चालन ऐन,** २०७४ ले स्थानीय तहलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको प्रमुख जिम्मेवार निकायका रूपमा स्थापित गरेको छ। ऐनले स्थानीय तहलाई जोखिम पहिचान तथा नक्साङ्कन,

पूर्वतयारी तथा प्रतिकार्य योजना, पूर्वसूचना प्रणाली, खोज तथा उद्धार, राहत, पुनःस्थापना तथा पुनर्निर्माण, जोखिमयुक्त बस्तीको पहिचान तथा सुरक्षित स्थानान्तरण, जोखिम संवेदनशील भू-उपयोग योजना, विपद् व्यवस्थापन कोष तथा समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणका कार्यक्रम सञ्चालन गर्ने अधिकार र जिम्मेवारी प्रदान गरेको छ। साथै, संघ, प्रदेश, सुरक्षा निकाय, समुदाय, गैरसरकारी संस्था तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य गरी विपद् व्यवस्थापनलाई स्थानीय विकास प्रक्रियासँग जोड्ने आधार प्रदान गरेको छ।

**विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४** ले विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य, राहत, पुनःस्थापना तथा पुनर्निर्माणका लागि संघ, प्रदेश र स्थानीय तहबीचको भूमिका तथा संस्थागत संरचना स्पष्ट गरेको छ। स्थानीय तहमा विपद् व्यवस्थापन समिति, आपत्कालीन कार्य सञ्चालन केन्द्र (LEOC), विपद् व्यवस्थापन कोष तथा स्थानीयस्तरका जोखिम न्यूनीकरण र पूर्वतयारीका संयन्त्र स्थापना तथा सञ्चालन गर्न यसले आधार प्रदान गर्दछ। यसले विपद् व्यवस्थापनलाई राहत तथा प्रतिकार्यमा मात्र सीमित नराखी जोखिम न्यूनीकरण र उत्थानशील विकाससँग जोडेको छ।

**विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६** ले ऐनका व्यवस्थालाई कार्यान्वयन गर्न स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार थप स्पष्ट गरेको छ। स्थानीय जोखिमको लेखाजोखा तथा नक्साङ्कन, जोखिम संवेदनशील विकास, भवन संहिता तथा निर्माण मापदण्डको पालना, क्षमता विकास, पूर्वतयारी तथा प्रतिकार्य, सूचना तथा अभिलेख व्यवस्थापन, समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण र वडा तहमा पूर्वतयारी तथा प्रतिकार्य संयन्त्र विकासलाई यसले प्राथमिकता दिएको छ।

**सुनिलस्मृति गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०८१** ले राष्ट्रिय कानुनी व्यवस्थालाई स्थानीय सन्दर्भमा संस्थागत गरेको छ। यसमा स्थानीय तथा वडा तहका विपद् व्यवस्थापन संयन्त्र, जोखिम पहिचान तथा मूल्याङ्कन, पूर्वतयारी, पूर्वसूचना, खोज तथा उद्धार, राहत, क्षति तथा आवश्यकता मूल्याङ्कन, पुनःस्थापना तथा पुनर्निर्माण, विपद् व्यवस्थापन कोष, समुदायमा आधारित DRR, जलवायु परिवर्तन अनुकूलन, क्षमता विकास तथा सरोकारवालाबीच समन्वयका व्यवस्था समेटिएका छन्। यसले गाउँपालिकामा विपद् व्यवस्थापनलाई समावेशी, समन्वयात्मक र उत्तरदायी प्रणालीका रूपमा विकास गर्ने स्थानीय कानुनी आधार प्रदान गर्दछ।

**सुनिलस्मृति गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण र उपयोग ऐन, २०८२** ले वन, जलस्रोत, भूमि, जैविक विविधता तथा अन्य प्राकृतिक स्रोतको संरक्षण र दिगो उपयोगसँगै प्रदूषण नियन्त्रण, फोहोर व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण, वातावरणीय अध्ययन, हरित पूर्वाधार र वातावरणमैत्री विकासलाई प्राथमिकता दिएको छ। यसले प्राकृतिक स्रोतको संरक्षण र वातावरणीय सुशासनमार्फत जलवायु तथा विपद् जोखिम न्यूनीकरणमा योगदान पुऱ्याउने आधार तयार गर्दछ।

**सुनिलस्मृति गाउँपालिकाको विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०८२** ले विपद् व्यवस्थापन कोषको स्रोत, सञ्चालन, खर्च, राहत वितरण, प्रभावितको पहिचान, लेखा तथा लेखापरीक्षण, अनुगमन र पारदर्शिताका प्रक्रिया स्पष्ट गरेको छ। कोषलाई पूर्वतयारी, उद्धार, राहत, पुनःस्थापना तथा पुनर्निर्माणमा केन्द्रित गरी प्रयोग गर्ने व्यवस्था गरिएको छ। यसले स्थानीय विपद् प्रतिकार्यका लागि वित्तीय स्रोतको व्यवस्थित तथा जवाफदेही परिचालन सुनिश्चित गर्ने आधार प्रदान गर्दछ।

**जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन राष्ट्रिय कार्यान्वयन योजना (२०८०-२०८७)** ले नेपालको NDC कार्यान्वयनमार्फत जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनलाई संघ, प्रदेश र स्थानीय तहका विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने दिशानिर्देश प्रदान गर्दछ। नवीकरणीय ऊर्जा, विद्युतीय यातायात, वन संरक्षण, जलवायु-स्मार्ट कृषि, फोहोर व्यवस्थापन तथा जलवायु उत्थानशीलता प्रवर्द्धन यसका प्रमुख क्षेत्र हुन्। नीति तथा संस्थागत क्षमता, वित्तीय स्रोत, समन्वय, सामाजिक समावेशिता र लैङ्गिक समानतालाई यसको कार्यान्वयनका महत्वपूर्ण आधारका रूपमा लिइएको छ।

**विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०)** ले सेन्दाई फ्रेमवर्क र दिगो विकास लक्ष्यसँग समन्वय गर्दै जोखिम पहिचान, जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रभावकारी प्रतिकार्य तथा पुनःस्थापना र पुनर्निर्माणलाई दीर्घकालीन रणनीतिक प्राथमिकताका रूपमा अघि सारेको छ। यसले स्थानीय तहमा पूर्वसूचना प्रणाली, सुरक्षित पूर्वाधार, जनचेतना, संस्थागत क्षमता विकास र जोखिममा रहेका तथा सीमान्तकृत समूहको संरक्षणमा विशेष जोड दिएको छ।

**लुम्बिनी प्रदेशको प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन (पहिलो संशोधन) निर्देशिका,** २०७७ ले प्रदेश र स्थानीय तहबीच विपद् व्यवस्थापनका विभिन्न चरणमा भूमिका तथा समन्वय स्पष्ट गर्दछ। पूर्वतयारी, पूर्वसूचना, खोज तथा उद्धार, राहत, क्षति मूल्याङ्कन, पुनःस्थापना, आपत्कालीन सञ्चालन केन्द्र, स्वयंसेवक परिचालन, सूचना व्यवस्थापन तथा संवेदनशील समूहको संरक्षणलाई प्राथमिकता दिएको छ। यसले स्थानीय तहलाई आकस्मिक कार्ययोजना, जोखिम नक्साङ्कन, Mock Drill तथा समुदायमा आधारित DRR कार्यक्रम सञ्चालन गर्न मार्गदर्शन गर्दछ।

**सुनिलस्मृति गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८२** ले सुरक्षित तथा गुणस्तरीय खानेपानी, जलस्रोत तथा मुहान संरक्षण, पानीको गुणस्तर, प्रदूषण नियन्त्रण, सरसफाइ तथा फोहोरपानी व्यवस्थापनलाई प्राथमिकता दिएको छ। विशेषगरी बाढी, पहिरो, खडेरी तथा अन्य विपद्का समयमा खानेपानी सेवाको निरन्तरता र शीघ्र पुनःस्थापनाका लागि पूर्वतयारी र प्रणालीगत व्यवस्थापनमा जोड दिएको छ। यसले जलजन्य रोग तथा विपद्पछिको स्वास्थ्य जोखिम घटाउन तथा जलवायु अनुकूलन क्षमता बढाउन सहयोग पुऱ्याउँछ।

**सुनिलस्मृति गाउँपालिकाको भवन निर्माण तथा सडक मापदण्ड, २०७७** ले सुरक्षित तथा जोखिम-संवेदनशील बस्ती विकासका लागि भवन निर्माण, सडक अधिकार क्षेत्र, सेटब्याक, नाली तथा पानी निकास र भूकम्प

प्रतिरोधी निर्माणका मापदण्ड निर्धारण गरेको छ। मुख्य नाला आसपास ३०/३० मिटर सेटब्याक, वन क्षेत्रबाट सुरक्षित दूरी, हरित क्षेत्र संरक्षण, अनिवार्य नक्सापास तथा राष्ट्रिय भवन संहिताको पालना जस्ता प्रावधानले बाढी, कटान, भूक्षय तथा भूकम्पीय जोखिम न्यूनीकरणमा योगदान पुर्‍याउँछन्। यद्यपि, जलवायु उत्थानशील डिजाइन, वर्षाजल संकलन, ऊर्जा दक्ष भवन तथा बाढी/पहिरो जोखिमयुक्त क्षेत्रका लागि थप विशिष्ट मापदण्ड समावेश गर्न सकिने देखिन्छ।

**सुनिलस्मृति गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८२** ले विकास आयोजना अघि बढाउँदा बाढी, पहिरो, डुबान, भूक्षय, नदी कटान तथा आगलागी लगायतका जोखिम पहिचान गरी न्यूनीकरणका उपाय समावेश गर्नुपर्ने व्यवस्था गर्दछ। यसले प्राकृतिक स्रोत, जैविक विविधता, जलाधार, हरित क्षेत्र तथा ढल निकास संरक्षणसँगै वातावरणीय व्यवस्थापन र पुनःस्थापनालाई जोड दिएको छ।

**सुनिलस्मृति गाउँपालिकाको भू-उपयोग योजना, २०८२** ले जोखिम-संवेदनशील भू-उपयोग व्यवस्थापनलाई प्राथमिकता दिएको छ। कृषि, आवासीय, वन, नदी, सार्वजनिक तथा खुला क्षेत्रको वर्गीकरणमार्फत जोखिमयुक्त क्षेत्रमा अनियन्त्रित बस्ती विस्तार नियन्त्रण गर्ने, नदी तथा पहिरो प्रभावित क्षेत्र संरक्षण गर्ने, सुरक्षित बस्ती विकास गर्ने र विपद्का समयमा खुला क्षेत्रलाई आश्रय तथा उद्धारका लागि उपयोग गर्ने व्यवस्था यसको प्रमुख पक्ष हो। यसले भू-उपयोग व्यवस्थापन, वातावरण संरक्षण र जलवायु उत्थानशीलतालाई एकीकृत गर्दछ।

**सुनिलस्मृति गाउँपालिकाको दोस्रो पञ्चवर्षीय आवधिक योजना (आ.व. २०८१/८२-२०८५/८६)** ले विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशीलतालाई समग्र स्थानीय विकासको अभिन्न पक्षका रूपमा समेटेको छ। जोखिम संवेदनशील भू-उपयोग, सुरक्षित बस्ती, वन तथा जलाधार संरक्षण, जलवायु अनुकूलन, पूर्वसूचना, पूर्वतयारी, उद्धार, राहत, पुनःस्थापना तथा पुनर्निर्माणलाई विकास योजनासँग जोडिएको छ। यसले संस्थागत क्षमता, समुदायको सहभागिता र अन्तरनिकाय समन्वयलाई समेत प्राथमिकता दिएको छ।

**सुनिलस्मृति गाउँपालिकाको यातायात गुरु योजना, २०८२** ले सुरक्षित, पहुँचयोग्य, वातावरणमैत्री तथा विपद्-उत्थानशील सडक सञ्जाल विकास गर्ने लक्ष्य लिएको छ। पहिरो तथा भूक्षय नियन्त्रण, रिटेनिङ वाल, ढल निकास, सडक संरक्षण, नियमित मर्मत तथा आपत्कालीन पहुँचलाई प्राथमिकता दिइएको छ। साथै पैदलमार्ग, साइकल लेन, सार्वजनिक यातायात, सडक सुरक्षा तथा हरित पट्टी विकासमार्फत समावेशी र वातावरणमैत्री यातायात प्रणालीको अवधारणा अघि सारिएको छ। यसले विपद्को समयमा उद्धार तथा राहतको पहुँच सुनिश्चित गर्न सडक पूर्वाधारको उत्थानशीलतालाई महत्वपूर्ण आधारका रूपमा लिएको छ।

## १.४ कार्यढाँचाको उद्देश्य

यस कार्यढाँचाको मुख्य उद्देश्य स्थानीय तहलाई विपद् तथा जलवायुजन्य जोखिमको समग्र बुझाइ विकास गर्न, विद्यमान नीति, योजना तथा कार्यक्रमहरूबीच प्रभावकारी समन्वय र एकीकरण गर्न तथा संस्थागत र

प्राविधिक क्षमता अभिवृद्धिमार्फत कार्यान्वयन क्षमता सुदृढ बनाउन सहयोग गर्नु हो। यसले विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशीलतासम्बन्धी विषयलाई स्थानीय विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्दै समावेशी सहभागितामा आधारित दिगो, सुरक्षित र उत्थानशील समुदाय निर्माणमा योगदान पुऱ्याउँछ। कार्यढाँचाका प्रमुख उद्देश्यहरू निम्नानुसार छन्।

- **प्रकोप तथा जोखिमको समग्र बुझाइः** स्थानीय तहमा सम्भावित प्राकृतिक तथा गैह्र प्राकृतिक प्रकोप, तिनका प्रभाव क्षेत्र, जोखिम, सङ्कटासन्नता, समुदाय तथा संस्थाको क्षमता र समग्र जोखिम अवस्थाको व्यवस्थित पहिचान, विश्लेषण र मूल्याङ्कन गर्न सहयोग गर्ने।
- **नीतिगत एकीकरणः** स्थानीय विपद् व्यवस्थापन योजना, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, स्थानीय अनुकूलन कार्ययोजना लगायतका विद्यमान नीतिगत तथा योजनागत दस्तावेजहरूलाई दोहोरोपन सिर्जना नगरी स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचासँग समन्वय र एकीकरण गर्ने।
- **क्षमता अभिवृद्धिः** योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका सम्पूर्ण चरणमा स्थानीय तहको प्राविधिक, संस्थागत तथा मानव स्रोत क्षमताको विकास गरी प्रभावकारी र दिगो कार्यसम्पादन सुनिश्चित गर्ने।
- **विकास प्रक्रियामा मूलप्रवाहीकरणः** विपद् जोखिम न्यूनीकरण, विपद् व्यवस्थापन तथा जलवायु उत्थानशीलतासम्बन्धी विषयलाई स्थानीय विकास योजना र कार्यक्रमको अभिन्न अङ्गका रूपमा समावेश गरी दिगो विकास तथा सुरक्षित भविष्य निर्माणमा योगदान पुऱ्याउने।
- **समुदायको उत्थानशीलता सुदृढीकरणः** विपद् तथा जलवायु परिवर्तनका प्रभावसँग सामना गर्न सक्षम, सचेत, संगठित र प्रतिरोधात्मक क्षमता (Resilience) भएका स्थानीय समुदायको विकासमा सहयोग गर्ने।
- **समावेशी सहभागिता सुनिश्चित गर्नेः** विपद् तथा जलवायुसम्बन्धी योजना निर्माण, कार्यान्वयन, अनुगमन र समीक्षा प्रक्रियामा टोल विकास संस्था, नागरिक समाज, महिला, दलित, आदिवासी जनजाति, विपन्न समुदाय, सुरक्षा निकाय, निजी क्षेत्र तथा अन्य सरोकारवालाको अर्थपूर्ण र सक्रिय सहभागिता सुनिश्चित गर्ने।

अन्ततः, सुनिलस्मृति गाउँपालिकाले हाल कार्यान्वयनमा रहेका स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तथा स्थानीय अनुकूलन कार्ययोजनालाई यस कार्यढाँचासँग एकीकृत गरी समन्वित रूपमा कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ।

## १.५ स्थानीय अनुकूलन कार्ययोजना तथा विपद् व्यवस्थापनको अन्तरसम्बन्ध

स्थानीय अनुकूलन कार्ययोजना (LAPA) को प्रमुख उद्देश्य जलवायु परिवर्तनका कारण उत्पन्न हुने जोखिम तथा जलवायुजन्य प्रकोपहरूको प्रभाव न्यूनीकरण गर्दै विशेषगरी सबैभन्दा बढी प्रभावित र जोखिममा रहेका समुदायहरूको अनुकूलन क्षमता अभिवृद्धि गर्नु हो। यसले दीर्घकालीन जोखिम न्यूनीकरण, समुदायको उत्थानशीलता (Resilience) सुदृढीकरण तथा जलवायु परिवर्तनका प्रभावसँग प्रभावकारी रूपमा सामना गर्न सक्ने अनुकूलन उपायहरूको विकास र कार्यान्वयनलाई प्राथमिकता दिन्छ। स्थानीय स्तरमा पहिचान गरिएका जलवायु जोखिम, सङ्कटासन्नता र आवश्यकताका आधारमा तयार गरिएका अनुकूलन कार्यक्रममार्फत समुदायलाई दिगो, सुरक्षित र आत्मनिर्भर बनाउन यस योजनाले महत्वपूर्ण योगदान पुऱ्याउँछ।

त्यसैगरी, स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना (LDCRP) ले जलवायुजन्य जोखिमका साथै भूकम्प, बाढी, पहिरो, आगलागी लगायतका प्राकृतिक तथा मानवजन्य विपद्हरूलाई समेत समेट्दै समग्र विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा केन्द्रित हुन्छ। यस योजनाले विपद् व्यवस्थापनका पूर्वतयारी, प्रतिकार्य, राहत, पुनःस्थापना तथा पुनर्निर्माणका सम्पूर्ण चरणलाई एकीकृत रूपमा समेटेर उत्थानशील विकासलाई प्रवर्द्धन गर्दछ। LAPA र LDCRP दुवैले विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशीलता अभिवृद्धिमा परिपूरक भूमिका निर्वाह गर्ने भएकाले, दुवै योजनाका साझा उद्देश्य, रणनीति तथा कार्यक्रमहरूलाई एकीकृत गरी समन्वित कार्यढाँचा विकास गर्नु आवश्यक देखिन्छ। यस्तो एकीकृत कार्यढाँचाले विद्यमान योजना तथा कार्यक्रमहरूबीच दोहोरोपन हटाई स्रोत-साधनको प्रभावकारी परिचालन, संस्थागत समन्वय तथा कार्यान्वयनको दक्षता अभिवृद्धि गर्दै दिगो र प्रभावकारी परिणाम हासिल गर्न सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ।




**चित्र नं १: विपद् जोखिम र जलवायु परिवर्तनको अन्तरसम्बन्ध**

## १.६ स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तयारीको विधि र प्रक्रिया

सुनिलस्मृति गाउँपालिकामा स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा (LDCRF) तर्जुमा प्रक्रियाको सुरुवात जनप्रतिनिधि तथा गाउँपालिका स्तरीय सरोकारवालाहरूलाई विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तनका प्रभाव तथा कार्यढाँचा तर्जुमाको उद्देश्य, महत्व र समग्र प्रक्रियाबारे अभिमुखीकरण तथा सचेतिकरण गोष्ठीमार्फत गरिएको थियो। उक्त गोष्ठीमा गाउँपालिकामा विद्यमान प्रमुख विपद् तथा जलवायुजन्य प्रकोपहरूको पहिचान तथा स्तरीकरण गरी तिनका जोखिमहरूको विश्लेषण गरिएको थियो।

यसपश्चात् वडा तहमा जलवायु परिवर्तनसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै प्रमुख प्रकोपहरूको पहिचान, लक्षित बस्तीहरूको छनोट तथा बस्तीस्तरमा संकटासन्नता (Vulnerability) लेखाजोखा सम्पन्न गरिएको थियो। सो क्रममा प्रकोप तथा स्रोत नक्साङ्कन तयार गरी स्थानीय आवश्यकता र प्राथमिकताका

आधारमा रणनीतिक योजना तथा अनुकूलनका कार्यक्रमहरू पहिचान गरिएका थिए। अन्ततः प्रत्येक वडाबाट प्राप्त तथ्याङ्क तथा निष्कर्षहरू गाउँपालिका स्तरमा एकीकृत गरी वडागत स्तरीकरण, स्रोत नक्साङ्कन, समग्र जोखिम विश्लेषण तथा प्राथमिकताका आधारमा अनुकूलनका क्रियाकलापहरूको वर्गीकरण र कार्यढाँचामा समावेश गरिएको थियो।




**चित्र नं २: स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तयारीको क्रममा पालिका, वडा र बस्ति स्तरमा गरिएका क्रियाकलापहरू**

स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा पाँच चरणीय प्रक्रियामार्फत (चित्र नं. ३) तयार गरिएको थियो। पहिलो चरणमा आवश्यक समन्वय, प्रारम्भिक तयारी तथा सरोकारवालाबीच सहकार्य र सहमति निर्माण गरी कार्यढाँचा तर्जुमाका लागि आधार तयार गरिएको थियो। दोस्रो चरणमा आवश्यक तथ्याङ्क तथा सूचनाहरू सङ्कलन, विश्लेषण र स्थानीय परिस्थिति तथा जोखिमको मूल्याङ्कन गरी योजना निर्माणका लागि प्रमाणमा आधारित आधारशिला तयार गरिएको थियो।

तेस्रो चरणमा जनप्रतिनिधि, प्राविधिक, समुदाय तथा अन्य सरोकारवालाहरूको सक्रिय सहभागितामा स्थानीय आवश्यकता र प्राथमिकताअनुसार एकीकृत तथा व्यवहारिक कार्यढाँचा तयार गरिएको थियो। चौथो चरणमा उक्त कार्यढाँचालाई गाउँपालिकाबाट स्वीकृत गराई स्थानीय नीति, योजना तथा कार्यक्रमहरूसँग एकीकृत (मूलप्रवाहीकरण) गरिएको थियो। अन्तिम चरणमा स्वीकृत कार्यढाँचाको प्रभावकारी कार्यान्वयन, नियमित अनुगमन तथा मूल्याङ्कन गरी प्राप्त उपलब्धि, चुनौती र सिकाइका आधारमा आवश्यक सुधारका लागि

सिफारिसहरू तयार गरिएको थियो। यसरी पाँचै चरणलाई सहभागितामूलक, तथ्यमा आधारित तथा दिगो विकासको अवधारणासँग जोड्दै स्थानीय विपद् जोखिम न्यूनीकरण र जलवायु उत्थानशीलता अभिवृद्धि गर्ने उद्देश्यका साथ कार्यढाँचा तर्जुमा गरिएको थियो।




**चित्र नं ३ः स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमाको चरण**

### १.६.१ स्थानीय तहमा समन्वय, प्रारम्भिक तयारी तथा क्षमता अभिवृद्धि

सुनिलस्मृति गाउँपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा (LDCRF) तर्जुमा गर्ने क्रममा प्रारम्भिक चरणदेखि नै व्यापक सरोकारवाला परामर्श, छलफल तथा समन्वयलाई प्राथमिकता दिइएको थियो। कार्यढाँचा तर्जुमा प्रक्रियामा गाउँपालिकाको विपद् व्यवस्थापन शाखा, वन, वातावरण तथा विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिको सक्रिय नेतृत्व र सहकार्य रहेको थियो। यसका साथै वडा विपद् व्यवस्थापन समिति, वडा कार्यालय, टोल विकास समिति/संस्था, महिला समूह तथा आमा समूह, युवा क्लब, सामुदायिक वन उपभोक्ता समिति, कृषि समूह, बीउ उत्पादन समूह, विद्यालयका प्रधानाध्यापक तथा शिक्षक प्रतिनिधि, स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी, नेपाल रेडक्रस सोसाइटी, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा अन्य सुरक्षा निकाय, स्थानीय व्यापारी, उद्योगी तथा वित्तीय संस्था, सम्बन्धित सरकारी कार्यालयहरू, गैरसरकारी संघसंस्था तथा विकास साझेदार, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिका प्रतिनिधि, स्थानीय स्वयंसेवक तथा अन्तरक्रिया कार्यक्रममा सहभागी अन्य सरोकारवालाहरूसँग नियमित छलफल, अन्तरक्रिया, परामर्श तथा समन्वय गरी स्थानीय स्तरका विपद् जोखिम, जलवायुजन्य समस्या, उपलब्ध स्रोत-साधन, क्षमता, आवश्यकता र प्राथमिकताहरूको पहिचान

गरिएको थियो। यस सहभागितामूलक तथा समावेशी प्रक्रियामार्फत स्थानीय ज्ञान, अनुभव र सुझावलाई समेट्दै विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन, उत्थानशील विकास तथा संस्थागत समन्वयलाई सुदृढ बनाउने उद्देश्यले स्थानीय आवश्यकता र यथार्थमा आधारित LDCRF तयार गरिएको हो।

स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा (LDCRF) तर्जुमा प्रक्रियालाई प्रभावकारी, सहभागितामूलक र स्थानीय आवश्यकतामा आधारित बनाउन सुनिलस्मृति गाउँपालिकाको संस्थागत तथा सामुदायिक क्षमता अभिवृद्धिमा विशेष जोड दिइएको थियो। यसका लागि विपद् व्यवस्थापन, जलवायु परिवर्तन, जलवायुजन्य जोखिम, सङ्कटासन्नता तथा क्षमता मूल्याङ्कनसम्बन्धी तथ्याङ्क सङ्कलन, विश्लेषण र सहभागितामूलक योजना तर्जुमाका विषयमा समुदाय, वडा तथा स्थानीय तहका विपद् व्यवस्थापन समिति, सामाजिक परिचालक तथा अन्य सरोकारवालाहरूलाई मिति २०८३ असार १९ देखि २३ गतेसम्म क्षमता विकास सम्बन्धी अभिमुखीकरण तथा सूचना संकलन कार्यक्रम सञ्चालन गरिएको थियो। उक्त तालिम सुनिलस्मृति गाउँपालिकाको LDCRF तर्जुमाका लागि आर्थिक, प्राविधिक तथा विज्ञ सहयोग प्रदान गर्ने सहयोगी हातहरूको समूह (सहास) नेपाल, INF Nepal तथा ग्रिन एनालाईटिक्स प्रा. लि., लाजिम्पाट, काठमाडौं, नेपालका विज्ञहरूको सहजीकरणमा सम्पन्न भएको थियो। यसका अतिरिक्त समुदाय स्तरमा लक्षित वर्गहरुको अर्थपूर्ण सहभागी हुनेगरी क्षमता अभिवृद्धि सम्बन्धी अभिमुखीकरण तथा विपद् तथा जलवायु जोखिम लेखाजोखा कार्यक्रम वडा स्तरमा ८ वटा संचालन गरिएको थियो र पालिका स्तरमा १ वटा अभिमुखीकरण तथा विपद् तथा जलवायु सम्बन्धी सूचना संकलन कार्यक्रम आयोजना गरिएका थिए, जसबाट कुल ३३४ जना (पुरुष २१९ र महिला ११५) सहभागी लाभान्वित भएका थिए। साथै, वडा स्तरीय जोखिम लेखा जोखा कार्यक्रम अवधिमा जोखिमयुक्त बस्ती तथा सङ्कटासन्न समुदायबाट प्रतिनिधित्व गर्ने व्यक्तिहरूसँग लक्षित समूह छलफल (Focus Group Discussion) सञ्चालन गरिएको थियो। यी कार्यक्रमहरूमा सङ्कटासन्न समुदायका सदस्यहरू, स्थानीय जनप्रतिनिधि, स्थानीय निकायका कर्मचारी, राजनीतिक दलका प्रतिनिधि, विद्यालय तथा स्वास्थ्य संस्थाका प्रतिनिधि, विज्ञ, दलित, जनजाति, किसान, युवा, महिला, किशोरी, सामाजिक कार्यकर्ता तथा अन्य स्थानीय सरोकारवालाहरूको सक्रिय सहभागिता सुनिश्चित गरिएको थियो। क्षमता अभिवृद्धि तथा सचेतना कार्यक्रमहरू सञ्चालन गर्न जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशीलतासम्बन्धी प्रस्तुतीकरण, सामूहिक छलफल, समूह कार्य, लक्षित समूह छलफल (FGD) तथा सहभागितामूलक ग्रामीण लेखाजोखा (Participatory Rural Appraisal-PRA) जस्ता विधिहरू अवलम्बन गरिएका थिए, जसले स्थानीय तहको योजना तर्जुमा, निर्णय प्रक्रिया तथा विपद् र जलवायु जोखिम व्यवस्थापनसम्बन्धी संस्थागत तथा सामुदायिक क्षमतामा उल्लेखनीय अभिवृद्धि गर्न सहयोग पुऱ्याएको थियो।

### १.६.२ स्थानीय तहको प्रकोप, विपद् तथा जोखिमको सूचना सङ्कलन, विश्लेषण पार्श्वचित्रको तयारी

सुनिलस्मृति गाउँपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा (LDCRF) तर्जुमा प्रक्रियामा स्थानीय तहको पार्श्वचित्र तथा विपद् जोखिम प्रोफाइल तयार गर्न विस्तृत तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रमाणीकरण गरिएको थियो। प्रकोप, सङ्कटासन्नता तथा जोखिमसम्बन्धी तथ्याङ्क सङ्कलन गर्नु अघि स्थानीय तहको समग्र अवस्था बुझ्न भौतिक, सामाजिक, आर्थिक तथा वातावरणीय विशेषताहरूको अध्ययन गरी पार्श्वचित्र तयार गरिएको थियो। यस क्रममा भू-आकृति, भौगर्भिक बनावट, भू-उपयोग अवस्था, प्राकृतिक स्रोत तथा भौतिक पूर्वाधारसँग सम्बन्धित विवरणहरूका साथै जनसङ्ख्या, बस्ती, भवन, सामाजिक संरचना तथा अन्य सामाजिक-आर्थिक अवस्थासम्बन्धी सूचनाहरू सङ्कलन, विश्लेषण र अभिलेखीकरण गरिएको थियो। त्यसपछि स्थानीय तहमा विद्यमान विभिन्न प्रकारका प्रकोप, तिनको आवृत्ति, तीव्रता, प्रभाव, जोखिममा रहेका

क्षेत्र, समुदायको सम्मुखता (Exposure), सङ्कटासन्नता (Vulnerability) तथा उपलब्ध क्षमता (Capacity) सम्बन्धी तथ्याङ्क सङ्कलन तथा समीक्षा गरी विपद् जोखिम मूल्याङ्कन सम्पन्न गरिएको थियो। यसबाट प्राप्त नतिजाहरूलाई जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ तथा जलवायु परिवर्तन अनुकूलनका कार्यक्रम तथा परियोजनाहरूको पहिचान र प्राथमिकीकरणमा आधारका रूपमा प्रयोग गरिएको थियो। तथ्याङ्क सङ्कलनका क्रममा स्थानीय समुदायलाई LDCRF को उद्देश्य र महत्त्वबारे जानकारी गराइ सहभागी बनाइएको थियो तथा सङ्कटासन्नता तथा क्षमता मूल्याङ्कन/लेखाजोखा (VCA) का विभिन्न सहभागितामूलक औजारहरू प्रयोग गरी आवश्यक सूचना सङ्कलन गरिएको थियो। सङ्कलित तथ्याङ्कलाई लिङ्ग, उमेर, अपाङ्गता, जातजाति तथा अन्य सामाजिक वर्गका आधारमा विश्लेषण गरिएको थियो, जसबाट विभिन्न समूहहरूको जोखिम र आवश्यकता स्पष्ट रूपमा पहिचान गर्न सकियो। साथै, प्रकोपको प्रकृति, तीव्रता, दोहोरिने अवधि तथा प्रभावको विश्लेषण गरी स्थानीय कार्यढाँचामा समावेश गर्नुपर्ने प्रमुख जलवायुजन्य तथा गैर-जलवायुजन्य प्रकोपहरूको पहिचान गरिएको थियो। यस प्रक्रियामा सङ्घीय सरकार, प्रदेश सरकार तथा अन्य सम्बन्धित निकायहरूले तयार गरेका जोखिम आँकलन, नक्सा तथा अध्ययन प्रतिवेदनहरूको समेत समीक्षा गरी उपयोग गरिएको थियो। तथ्याङ्क सङ्कलन तथा विश्लेषणमा सहभागितामूलक ग्रामीण लेखाजोखा (PRA), केन्द्रित समूह छलफल (FGD), मुख्य सूचनादातासँगको अन्तर्वार्ता (KII), समुदाय परामर्श, प्रत्यक्ष अवलोकन, भू-सूचना प्रणाली (GIS) लगायत आधुनिक सूचना प्रविधिको प्रयोग गरिएको थियो। गुणात्मक तथा परिमाणात्मक तथ्याङ्कको विश्वसनीयता, शुद्धता र यथार्थता सुनिश्चित गर्न सरोकारवालाहरूको सहभागितामा वैधता परीक्षण (Validation) सम्पन्न गरिएको थियो। साथै, समुदाय तथा वडा स्तरमा उपलब्ध प्राकृतिक, भौतिक, आर्थिक, सामाजिक, संस्थागत तथा मानवीय स्रोत-साधन, स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधिको सहभागितामूलक विश्लेषण गरी विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशील विकासका लागि उपयोग गर्न सकिने स्रोतहरूको समेत पहिचान गरिएको थियो। यसरी तयार गरिएको स्थानीय पार्श्वचित्र, जोखिम प्रोफाइल तथा क्षमता विश्लेषणले सुनिलस्मृति गाउँपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा यथार्थपरक, तथ्यमा आधारित, सहभागितामूलक र स्थानीय आवश्यकताअनुकूल बनाउन महत्वपूर्ण आधार प्रदान गरेको थियो।

- सङ्कटासन्नता र क्षमता मूल्याङ्कनको अध्ययन गर्दा सबै क्षेत्र, समुदाय र लक्षित समूहको समावेशी सहभागिता सुनिश्चित गरिएको थियो।
- भौगोलिक सूचना प्रणाली जस्ता समसामयिक सूचना प्रविधि प्रयोग गरिएको थियो।
- उपलब्ध जोखिम मूल्याङ्कनका नतिजाहरू सङ्कलन गरिएको थियो साथै सहभागितामूलक विधिबाट जोखिम सूचना सङ्कलन गरिएको थियो।
- स्थानीय तहले सङ्कलन गरेको जोखिमलाई विश्लेषण गरी आफ्नो क्षेत्रमा सम्भावित जोखिमको आँकलन गरेको थियो (जस्तैः क्षतिको पूर्वानुमान तथा सङ्कलित तथ्याङ्कको आधारमा जोखिम मूल्याङ्कन र अनुमान गर्ने कार्य गरिएको थियो)।
- भूकम्प, सडक दुर्घटना, बाढी, पहिरो, आगलागी, हावाहुरी, चट्याङ, भारी वर्षा, खडेरी, सुख्खा, अनावृष्टि, अतिवृष्टि, , असिना वा अन्य विपद् बाट हुने क्षतिको सूचना सङ्कलन गर्दा जीविकोपार्जन, पर्यावरणीय प्रणालीमा पर्न सक्ने प्रभाव र आर्थिक पुनरुत्थानका पक्षहरू समेत समावेश गरिएको थियो।

- विपद् तथा जलवायु परिवर्तनले कृषि, खाद्य सुरक्षा, वन तथा जैविक विविधता, जलस्रोत, ऊर्जा, स्वास्थ्य र पोषण, खानेपानी र सरसफाई, पर्यटन, पूर्वाधार विकास लगायतका क्षेत्रमा पारेको असरको विश्लेषण गरिएको थियो।
- प्रकोप सम्मुखता, संवेदनशीलता, सङ्कटासन्नता र अनुकूलन तथा अन्य क्षमताको बहु-प्रकोप विश्लेषण गरी वडा र स्थानीय तहको जोखिमको वस्तुगत विवरण तयार गरिएको थियो।

### १.६.३ एकीकृत विपद् जोखिम न्यूनीकरण, व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी योजनाको विकास

सङ्घ, प्रदेश, अन्य स्थानीय तह वा निकायद्वारा तर्जुमा गरिएका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनसँग सम्बन्धित, जोखिमयुक्त क्षेत्रमा लागू भएका वा कार्यान्वयनको प्रक्रियामा रहेका योजना, परियोजना तथा तिनसँग सम्बन्धित नियमहरूको अवस्था पहिचान गरिएको थियो।

सुनिलस्मृति गाउँपालिकामा विद्यमान जोखिम न्यूनीकरणका लागि स्थानीय परिस्थिति अनुरूप सम्भावित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनका उपायहरूको पहिचान गरी सूचीबद्ध गरिएको थियो।

घरधुरी, समुदाय, बस्ती, वडा, गाउँपालिका तथा अन्य सरोकारवालाको समावेशी र सहभागितामूलक अभ्यासमार्फत कृषि, खाद्य सुरक्षा, वन तथा जैविक विविधता, जलस्रोत, ऊर्जा, स्वास्थ्य तथा पोषण, खानेपानी तथा सरसफाइ, पूर्वाधार विकास, पर्यटन लगायत विभिन्न क्षेत्र तथा उपक्षेत्रमा प्रस्तावित उपायहरूको प्रभावकारिता, अनुमानित लागत, कार्य सम्पन्न गर्न लाग्ने समय तथा कार्यान्वयन गर्ने निकायको विश्लेषण गरिएको थियो।

सूचीबद्ध विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनका उपायहरूलाई अवशिष्ट जोखिमको परिमाण, क्षेत्र तथा महत्वका आधारमा प्राथमिकता निर्धारण गरिएको थियो। साथै, स्थानीय तहले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सङ्घीय तथा प्रादेशिक सरकार, अन्य स्थानीय तह तथा सम्बन्धित सरोकारवाला निकायसँग समन्वय गरी उपयुक्त विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनका उपायहरूको छनोट गरेको थियो।

स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा दिग्दर्शन, २०८१ को अनुसूची-१० मा समावेश नमुना कार्यढाँचाबमोजिम स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचाको मस्यौदा तयार गरिएको छ। तयार गरिएको मस्यौदामाथि विस्तृत छलफलका लागि स्थानीय विपद् व्यवस्थापन समितिले सबै क्षेत्र तथा वर्गको प्रतिनिधित्व सुनिश्चित हुने गरी मिति २०८३ साल भदौ ४ गते प्रमाणीकरण कार्यशालाको आयोजना गरियो। कार्यशालाबाट प्राप्त सुझाव तथा पृष्ठपोषणलाई समावेश गरी मस्यौदा कार्यढाँचालाई अन्तिम रूप प्रदान गर्दै गाउँ कार्यपालिका समक्ष पेश गरियो।

### १.६.४ कार्यढाँचाको स्वीकृति र मूलप्रवाहीकरण

स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा स्थानीय तहको कार्यपालिकाबाट स्वीकृत गरी गाउँसभाबाट अनुमोदन गरिनेछ । LDCRF मा उल्लेखित प्राथमिकताका आधारमा बजेट संयन्त्रको विकास

तथा सुनिश्चितता गर्न दीर्घकालीन सोच, आवधिक योजना, मध्यकालीन खर्च संरचना, वार्षिक विकास कार्यक्रम तथा बजेटलाई आधार मानी विकास आयोजनाहरूको तर्जुमा तथा एकीकरण गरिएको थियो। साथै, स्थानीय आवधिक योजना, वार्षिक बजेट तथा आर्थिक, सामाजिक, पूर्वाधार, वन तथा वातावरण, सुशासन लगायतका विषयगत क्षेत्रका योजना तर्जुमा गर्ने क्रममा LDCRF मा पहिचान गरिएका योजनाहरूलाई एकीकरण तथा मूलप्रवाहीकरण गरिनेछ।

- LDCRF ले निर्धारण गरेका प्राथमिकताका क्रियाकलापहरू सुनिलस्मृति गाउँपालिकाले आवधिक योजना, वार्षिक कार्यक्रम तथा बजेटमार्फत आवश्यक रकम विनियोजन गरी कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।

- LDCRF को प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकाले सङ्घीय सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, विषयगत कार्यालयहरू, गैरसरकारी संस्था तथा अन्य सरोकारवाला क्षेत्रसँग आवश्यक समन्वय र सहयोगमा कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ।

### १.६.५ कार्यान्वयन, अनुगमन र मुल्यांकन

**LDCRF कार्यान्वयनका लागि** स्थानीय तहले वातावरण तथा विपद् व्यवस्थापन उपसमिति, पूर्वतयारी तथा प्रतिकार्य उपसमिति, शीघ्र प्रतिकार्य तथा पुनर्लाभ उपसमिति, अनुगमन तथा मूल्याङ्कन उपसमिति लगायत कार्यक्षेत्रगत उपसमिति वा कार्य समूह गठन गर्न सक्ने व्यवस्था गरिएको छ। साथै, कार्यढाँचा कार्यान्वयन गर्दा स्थानीय तहले आधारभूत मानवीय मापदण्डलाई आधारका रूपमा लिन सक्नेछ।

### अनुगमन र मूल्याङ्कन

**(क)** LDCRF को अनुगमन तथा मूल्याङ्कन स्वीकृत अनुगमन सूचकका आधारमा गर्नुपर्ने व्यवस्था गरिएको छ।

**(ख)** स्थानीय तहमा गठन भएको अनुगमन तथा मूल्याङ्कन समितिले LDCRF को कार्यान्वयनको नियमित अनुगमन तथा मूल्याङ्कन गर्नुपर्नेछ। अनुगमन तथा मूल्याङ्कन देहायबमोजिमको प्रक्रिया अपनाई गरिनेछः

१. LDCRF का क्रियाकलापहरूको वार्षिक प्रगति तथ्याङ्क राष्ट्रिय विपद् अनुगमन तथा मूल्याङ्कन प्रणाली एवं वन तथा वातावरण मन्त्रालयले तोकेको सूचना प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ, जसले तीनै तहमा विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलनका कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कनलाई स्वीकार गर्दछ।

२. स्थानीय तहले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, वन तथा वातावरण मन्त्रालय तथा जल तथा मौसम विज्ञान विभागले तोकेको सूचना प्रणालीमा आवश्यक तथ्याङ्क प्रविष्ट गर्नुपर्ने व्यवस्था गरिएको छ।

३. LDCRF को प्रगति तथ्याङ्क तेस्रो पक्षीय परीक्षकद्वारा परीक्षण गराउन सकिनेछ।

४. तेस्रो पक्षीय परीक्षकबाट स्थानीय विपद् व्यवस्थापन समितिमा पेश गरिएको प्रतिवेदन छलफलका लागि गाउँसभामा पेश गर्नुपर्नेछ।

५. स्थानीय विपद् व्यवस्थापन समिति तथा गाउँसभाको छलफलबाट कुनै परिमार्जन भएमा बुँदा नं. २ बमोजिम तोकिएको प्रणालीमा पुनः प्रविष्ट गर्नुपर्नेछ। उक्त प्रगति प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समितिको पहुँचमा रहनेछ।

६. जिल्ला विपद् व्यवस्थापन समितिले आफ्नो सूचना तथा बुँदा नं. ५ बमोजिम प्रविष्ट भएका आफ्नो जिल्ला भित्रका स्थानीय तहका तथ्याङ्क परीक्षण गरी एकीकृत तथ्याङ्क बुँदा नं. २ बमोजिमको प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ। उक्त प्रगति प्रतिवेदन प्रदेश विपद् व्यवस्थापन समितिको पहुँचमा रहनेछ।

७. प्रदेश विपद् व्यवस्थापन समितिले आफ्नो सूचना तथा बुँदा नं. ६ बमोजिम प्रविष्ट भएका आफ्नो प्रदेशभित्रका जिल्ला विपद् व्यवस्थापन समितिका तथ्याङ्क परीक्षण गरी एकीकृत तथ्याङ्क बुँदा नं. २ बमोजिमको प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ।

८. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण तथा वन तथा वातावरण मन्त्रालयले सबै सङ्घीय निकाय तथा प्रदेश तहबाट प्राप्त तथ्याङ्कको समीक्षा गर्नुपर्नेछ।

९. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट समीक्षा तथा पृष्ठपोषणपछि अनुगमन तथा मूल्याङ्कन सम्बन्धी अन्तिम प्रतिवेदन कार्यकारी समितिमा पेश गर्नुपर्नेछ। वन तथा वातावरण मन्त्रालयको हकमा समीक्षा तथा पृष्ठपोषणपछि प्रतिवेदन तयार गरी आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।

१०. LDCRF को अनुगमन तथा मूल्याङ्कन स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन (Local Government Institutional Capacity Self-Assessment-LISA) सँग जोड्नुपर्ने व्यवस्था गरिएको छ। पछिल्लो समय LISA लाई परिवर्तन गरेर Local Government Performance Self - Assessment (LG PASS) भनिन्छ।

**परिच्छेद-२**

**विपद् र जोखिमको बुझाइ**

## २.१ सुनिलस्मृति गाउँपालिकाको सामान्य विवरण

### २.१.१ भौतिक अवस्था

#### २.१.१.१ भौगोलिक अवस्था

**क) भौगोलिक (Geographic) र भू-आकृति (Topographical) अवस्था**

सुनिलस्मृति गाउँपालिका नेपालको लुम्बिनी प्रदेश अन्तर्गत रोल्पा जिल्लामा अवस्थित एक स्थानीय तह हो। नेपालको संविधान, २०७२ बमोजिम संघीय शासन प्रणाली लागू भएपछि २०७३ फागुन २७ (१० मार्च २०१७) मा स्थानीय तह पुनर्संरचनाअन्तर्गत यस गाउँपालिकाको स्थापना भएको हो। साविकका मिझिङ, खुङ्ग्री, गजुल, तेबाङ, आरेश, घोडागाउँ तथा फगामका केही क्षेत्रलाई समेटेर गाउँपालिका गठन गरिएको हो। गाउँपालिकाको प्रशासनिक केन्द्र मिझिङ (सुलिचौर) मा रहेको छ। गाउँपालिकाको कुल क्षेत्रफल १५६.५५ वर्ग किलोमिटर रहेको छ र यसमा ८ वटा वडा रहेका छन् ।

सुनिलस्मृति गाउँपालिका रोल्पा जिल्लाको दक्षिणी भागमा अवस्थित छ। यसको पूर्वमा सुनछहरी र लुङ्ग्री गाउँपालिका, पश्चिममा रोल्पा नगरपालिका तथा रुन्टीगढी गाउँपालिका, उत्तरमा रोल्पा नगरपालिका र दक्षिणमा प्युठान जिल्ला पर्दछन्। यहाँको भू-बनोट पहाडी, नदी-खोला, वन क्षेत्र तथा खेतीयोग्य टार र पाखाहरूले भरिएको छ। जलवायु उपोष्णदेखि समशीतोष्ण प्रकृतिको भएकाले कृषि उत्पादनका लागि अनुकूल मानिन्छ।

सुनिलस्मृति गाउँपालिका लुम्बिनी प्रदेश अन्तर्गत रोल्पा जिल्लाका १० स्थानीय तहमध्ये एक हो। सुनिलस्मृति गाउँपालिका भौगोलिक हिसाबले ८२°३६'५४" देखि ८२°४७'५६.९" पूर्वी देशान्तर र २८°१०'४०.८" देखि २८°२२'३७.२" उत्तरी अक्षांश सम्म फैलिएको छ। प्राकृतिक मनोरम संरचनासहित मध्य पहाडीदेखि उच्च पहाडी क्षेत्रसम्म फैलिएको यो गाउँपालिका समुद्री सतहबाट ६५० मिटरदेखि २,९४७ मिटर सम्मको उचाइमा अवस्थित छ।




स्रोतः *सुनिलस्मृति गाउँपालिकाको पार्श्वचित्र २०७७*

**चित्र नं ४: सुनिलस्मृति गाउँपालिकाको भिरलोपन नक्सा**

गाउँपालिकाको अधिकांश भूभाग वनजङ्गलसहित पहाडी भू-भागले ओगटेको भए पनि खेतीयोग्य उर्वर जमिन पनि उल्लेखनीय मात्रामा रहेको छ। साथै जल, जंगल, जनावर तथा जडीबुटी जस्ता प्राकृतिक स्रोतहरूको पनि पर्याप्त उपलब्धता रहेको छ।




स्रोतः *सुनिलस्मृति गाउँपालिकाको पार्श्वचित्र २०७७*

**चित्र नं ५ः सुनिलस्मृति गाउँपालिकाको प्रशासनिक नक्सा**

### ख) भौगर्भिक (Geological) अवस्था

सुनिलस्मृति गाउँपालिका लुम्बिनी प्रदेशको रोल्पा जिल्लाको मध्य-पहाडी क्षेत्रमा अवस्थित रहेको छ। यहाँको भौगर्भिक बनावट मुख्यतः महाभारत पर्वत शृङ्खला अन्तर्गत पर्ने पुराना रूपान्तरित (Metamorphic) तथा अवसादी (Sedimentary) चट्टानहरूबाट बनेको छ। गाउँपालिकामा स्लेट (Slate), फिलाइट (Phyllite), सिस्ट (Schist), क्वार्टजाइट (Quartzite) तथा ग्नाइस (Gneiss) जस्ता चट्टानहरू प्रमुख रूपमा पाइन्छन्। यी चट्टानहरूको संरचनाले स्थानीय भू-आकृति, माटोको बनावट, जलस्रोत तथा प्राकृतिक विपद्को अवस्थालाई प्रत्यक्ष प्रभाव पारेको छ।

गाउँपालिकाको अधिकांश भू-भाग पहाडी तथा भिरालो भएकाले प्राकृतिक रूपमा भू-क्षय, पहिरो तथा ढुङ्गा खस्ने जोखिम बढी रहेको छ। मनसुनी वर्षाका समयमा कमजोर चट्टानी संरचना तथा भिरालो जमिनका कारण विभिन्न स्थानमा पहिरो र भू-क्षय हुने गरेको पाइन्छ। नदी तथा खोलाको किनारमा नदी कटानको समस्या पनि देखिन्छ, जसले कृषि भूमि, सडक तथा बस्तीलाई जोखिममा पार्ने गरेको छ।

सुनिलस्मृति गाउँपालिकामा माटोको प्रकार मुख्यतः दोमट, बलौटे दोमट तथा रातो-खैरो पहाडी माटो रहेको छ। यी माटोहरू धान, मकै, गहुँ, कोदो, दलहन, तरकारी तथा फलफूल उत्पादनका लागि उपयुक्त मानिन्छन्। वन क्षेत्रको अधिकता र जैविक पदार्थको उपस्थितिले माटोको उर्वराशक्ति कायम राख्न सहयोग पुऱ्याएको छ। तथापि, अनियन्त्रित सडक निर्माण, वन विनाश तथा अव्यवस्थित भू-उपयोगका कारण केही स्थानमा माटो क्षयीकरणको समस्या बढ्दै गएको छ।

भौगर्भिक दृष्टिकोणले गाउँपालिका प्राकृतिक स्रोतसम्पन्न क्षेत्र हो। यहाँ प्रशस्त वन, जलाधार, नदी-खोला तथा निर्माण सामग्री (ढुङ्गा, गिट्टी, बालुवा) उपलब्ध छन्। यद्यपि यस्ता स्रोतहरूको दिगो उपयोग तथा वातावरणीय संरक्षणका उपाय अवलम्बन गर्नु आवश्यक छ। स्थानीय तहले भू-उपयोग योजना, पहिरो नियन्त्रण, नदी कटान नियन्त्रण तथा जलाधार संरक्षण कार्यक्रमलाई प्राथमिकता दिँदै आएको छ।




**चित्र नं ६: सुनिलस्मृति गाउँपालिकाको भौगर्भिक नक्सा**

### ग) भू-उपयोग (Landuse)

सुनिलस्मृति गाउँपालिकाको कुल १५,६५५.३८ हेक्टर क्षेत्रफलमध्ये वन तथा वनस्पति क्षेत्रले ७,९७६.५८ हेक्टर (५०.९५%) ओगटेको छ, जुन सबैभन्दा ठूलो भू-उपयोग वर्ग हो। यसले गाउँपालिका प्राकृतिक स्रोत, जैविक विविधता तथा जलाधार संरक्षणका दृष्टिले समृद्ध रहेको देखाउँछ। वन क्षेत्रले स्थानीय समुदायलाई काठ, दाउरा, घाँस, जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार उपलब्ध गराउनुका साथै कार्बन अवशोषण, माटो संरक्षण र जलवायु परिवर्तन न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेलिरहेको छ।

कृषि क्षेत्र दोस्रो ठूलो भू-उपयोग वर्ग हो, जसले ७,००५.४९ हेक्टर (४४.७५%) क्षेत्र ओगटेको छ। यसले गाउँपालिकाको अर्थतन्त्र मुख्यतः कृषिमा आधारित रहेको स्पष्ट पार्छ। धान, मकै, गहुँ, कोदो, दलहन, तेलहन, तरकारी तथा फलफूल उत्पादन स्थानीय जीविकोपार्जनका प्रमुख आधार हुन्। यद्यपि पहाडी भू-बनोट, सीमित सिँचाइ तथा साना-साना खेतका कारण कृषि उत्पादकत्व बढाउन आधुनिक प्रविधि, सिँचाइ विस्तार र कृषि यान्त्रीकरणमा जोड दिनुपर्ने आवश्यकता देखिन्छ।

आवास क्षेत्रले १७६.९४ हेक्टर (१.१३%) मात्र ओगटेको छ, जसले गाउँपालिकामा बस्तीहरू छरिएर रहेको तथा शहरीकरणको स्तर न्यून रहेको संकेत गर्दछ। सार्वजनिक क्षेत्रले १६९.७२ हेक्टर (१.०८%) क्षेत्र ओगटेको छ, जसमा विद्यालय, स्वास्थ्य संस्था, सरकारी कार्यालय, खेल मैदान तथा अन्य सार्वजनिक पूर्वाधारहरू समावेश छन्। भविष्यमा जनसंख्या वृद्धि तथा सेवा विस्तारसँगै यस्ता पूर्वाधारहरूको दिगो विकास आवश्यक देखिन्छ।

नदी तथा तालतलैयाले २१६.४२ हेक्टर (१.३८%) क्षेत्र ओगटेका छन्। यी जलस्रोतहरूले खानेपानी, सिँचाइ, मत्स्यपालन, जैविक विविधता संरक्षण तथा जलाधार व्यवस्थापनमा महत्वपूर्ण योगदान पुऱ्याउँछन्। जलवायु परिवर्तनका कारण जलस्रोतमा पर्ने प्रभावलाई ध्यानमा राखी एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ।

व्यावसायिक क्षेत्र (०.०१%), खानी तथा खनिज क्षेत्र (०.००%) र धार्मिक तथा सांस्कृतिक क्षेत्र (०.००%) को क्षेत्रफल अत्यन्त न्यून रहेको छ। यसले गाउँपालिकामा औद्योगिक तथा व्यापारिक विकासको सम्भावना अझै प्रारम्भिक अवस्थामा रहेको देखाउँछ।

**तालिका ३: सुनिलस्मृति गाउँपालिकाको भूउपयोग विवरण**

| क्र.सं. | भू-उपयोग वर्ग | क्षेत्रफल (हे.) | प्रतिशत (%) |
|---|---|---|---|
| १ | कृषि क्षेत्र | ७,००५.४९ | ४४.७५ |
| २ | वन तथा वनस्पति क्षेत्र | ७,९७६.५८ | ५०.९५ |
| ३ | आवास क्षेत्र | १७६.९४ | १.१३ |
| ४ | व्यावसायिक क्षेत्र | १.२४ | ०.०१ |
| ५ | औद्योगिक क्षेत्र | ०.०० | ०.०० |
| ६ | सार्वजनिक क्षेत्र | १६९.७२ | १.०८ |
| ७ | अन्य | १०८.६३ | ०.६९ |
| ८ | खानी तथा खनिज क्षेत्र | ०.०५ | ०.०० |
| ९ | धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.२६ | ०.०० |
| १० | नदी तथा तालतलैया | २१६.४२ | १.३८ |
| जम्मा | | **१५,६५५.३८** | **१००.००** |

*स्रोतः सुनिलस्मृति गाउँपालिकाको भु-उपयोग योजना, २०८२*

सुनिलस्मृति गाउँपालिकाको भू-उपयोगको वर्तमान अवस्थालाई भू-उपयोगको आगामी ५-१५ वर्षको तथ्याङ्कसँग तुलना गर्दा कृषि, व्यावसायिक तथा आवासले ओगटेको क्षेत्रफलमा व्यापक परिवर्तन आएको हुनेछ । कृषियोग्य जमिन हालको अवस्था भन्दा ५६०.४४ हेक्टरले घटेर ६४४५.०६ हेक्टरमा सीमित हुनेछ भने व्यावसायिक क्षेत्र १६९ हेक्टरले वृद्धि भई १७०.२४ हेक्टरमा फैलिनेछ । त्यस्तै आवास क्षेत्र १७६.९४ हेक्टरबाट वृद्धि भई ५६८.३८ हेक्टरमा फैलिनेछ । यसरी कृषियोग्य जमिन मासिनु र व्यवसायिक तथा आवास क्षेत्र बढनुमा जनसङ्ख्या को प्राकृतिक वृद्धि साथै बसाइँसराइको कारण मुख्य छन्। तीव्रतर रुपमा बढिरहेको जनसङ्ख्याहरु कृषियोग्य जमिनमा नयाँ बस्तीहरुमा व्यवस्थापन भईरहेका छन् । जसले गर्दा ठूला ठूला खेतीयोग्य जमिनमा बस्ती विस्तार भईरहेका छन् र आवास, व्यावसायिक र खेतीयोग्य जमिनको क्षेत्रफलमा व्यापक परिवर्तन हुने विश्लेषण गरिएको हो। यी भू-उपयोगका वर्ग बाहेक

धार्मिक तथा साँस्कृतिक क्षेत्र, उत्खनन, वन तथा वनस्पति, नदी तथा ताल तलैया, सार्वजनिक, तथा अन्य क्षेत्रको क्षेत्रफलमा भने आगामी ५ देखि १५ वर्षको अवधिमा खासै परिवर्तन नआउने देखिन्छ । सुनिलस्मृति गाउँपालिकाको आगामी ५-१५ वर्षको भूउपयोगको वडागत प्रक्षेपणको अवस्थालाई निम्न तालिका र नक्सामा देखाइएको छ ।




स्रोत: *सुनिलस्मृति गाउँपालिकाको पार्श्वचित्र २०७७*

**चित्र नं ७: सुनिलस्मृति गाउँपालिकाको भूउपयोग नक्सा**

### घ) सुनिलस्मृति गाउँपालिकाको भूकम्पीय जोखिम विश्लेषण

नेपाल राष्ट्रिय भवन संहिता (NBC १०५:२०२५) अनुसार रोल्पा जिल्लाको सुनिलस्मृति गाउँपालिका ०.३५g (Peak Ground Acceleration-PGA) भएको भूकम्पीय जोखिम क्षेत्रमा पर्दछ। ०.३५g को PGA मानले यस क्षेत्रमा उच्च स्तरको भूकम्पीय कम्पन हुन सक्ने सम्भावना रहेको संकेत गर्दछ। नेपाल सक्रिय हिमालयन भूकम्पीय क्षेत्रमा अवस्थित भएकाले भारतीय र युरेसियन टेक्टोनिक प्लेटहरूको निरन्तर अभिसरणका कारण सुनिलस्मृति गाउँपालिका पनि भूकम्पीय दृष्टिले संवेदनशील क्षेत्रको रूपमा रहेको छ। यस कारण यहाँ निर्माण हुने सबै प्रकारका आवासीय, संस्थागत, व्यावसायिक तथा सार्वजनिक पूर्वाधारहरू राष्ट्रिय भवन संहिता NBC १०५:२०२५ अनुसार भूकम्प प्रतिरोधी मापदण्ड अपनाई डिजाइन तथा निर्माण गरिनु अत्यावश्यक छ।

सुनिलस्मृति गाउँपालिकामा भूकम्पीय जोखिम न्यूनीकरणका लागि भवन निर्माण अनुमति प्रक्रियामा राष्ट्रिय भवन संहिताको प्रभावकारी कार्यान्वयन, प्राविधिक परीक्षण तथा गुणस्तरीय निर्माण सामग्रीको प्रयोग सुनिश्चित गर्नुपर्छ।




*श्रोतः राष्ट्रिय भवन संहिता NBC १०५:२०२५*

**चित्र नं ८: भूकम्पीय जोखिम नक्सांकन**

### २.१.२ वन, वातावरण तथा जलवायु परिवर्तनको अवस्था

### २.१.२.१ वन क्षेत्रको अवस्था

### क) वन क्षेत्र, वनको स्थिति र प्रकार सम्बन्धी विवरण

सुनिलस्मृति गाउँपालिका प्राकृतिक स्रोतका दृष्टिले वनसम्पन्न स्थानीय तहहरूमध्ये एक हो। गाउँपालिकाको कुल क्षेत्रफल १५,६५५.३८ हेक्टर मध्ये ७,९७६.५८ हेक्टर (५०.९५%) क्षेत्र वन तथा वनस्पतिले ओगटेको छ। जसमध्ये ७,९६६ हेक्टर मुख्य वन क्षेत्र, ६२ हेक्टर अन्य काष्ठ क्षेत्र तथा १६० हेक्टर बुट्यान क्षेत्र रहेको छ। यस गाउँपालिकाको आधाभन्दा बढी भू-भाग वन क्षेत्र रहेको देखाउँछ, जसका कारण यहाँको जैविक विविधता, जलाधार संरक्षण तथा वातावरणीय सन्तुलन कायम राख्न महत्वपूर्ण योगदान पुगेको छ। वन क्षेत्रले स्थानीय समुदायको जीविकोपार्जन, कृषि प्रणाली तथा जलवायु अनुकूलनमा प्रत्यक्ष प्रभाव पार्दछ।

सुनिलस्मृति गाउँपालिकाका वन क्षेत्रमा सल्लो, खोटे सल्लो, चिलाउने, कटुस, काफल, उत्तिस, बाँझ, गुराँस, सिसौ, खयर लगायतका विभिन्न प्रजातिका रूखहरू पाइन्छन्। त्यसैगरी लोक्टा, अल्लो, कुरिलो, चिराइतो, सतुवा, तेजपात, टिमुर लगायतका बहुमूल्य जडीबुटी तथा गैरकाष्ठ वन पैदावार पनि उपलब्ध छन्। यी स्रोतहरू स्थानीय आयआर्जन, घरेलु उद्योग तथा औषधीय प्रयोजनका लागि उपयोग हुँदै आएका छन्।

वन क्षेत्र विभिन्न वन्यजन्तु तथा चराचुरुङ्गीहरूको महत्वपूर्ण बासस्थान पनि हो। यहाँ चितुवा, मृग, रतुवा, बाँदर, स्याल, खरायो, दुम्सी लगायतका स्तनधारी जनावर तथा कालिज, डाँफे, मुनाल, चिल, गिद्ध, सुगा, ढुकुर आदि पक्षीहरू पाइन्छन्। यस जैविक विविधताले पर्यावरणीय सन्तुलन कायम राख्नुका साथै प्रकृति पर्यटनको सम्भावना पनि बढाएको छ।

यद्यपि वन क्षेत्रमा केही चुनौतीहरू पनि रहेका छन्। अनियन्त्रित वन डढेलो, अवैध काठ कटानी, अतिक्रमण, चरिचरनको दबाब तथा जलवायु परिवर्तनका कारण वनको गुणस्तर र जैविक विविधतामा असर पर्ने सम्भावना रहेको छ। विशेषगरी सुख्खा मौसममा डढेलोको जोखिम उच्च रहने भएकाले वन संरक्षण तथा विपद् व्यवस्थापनका कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक देखिन्छ। साथै, वन क्षेत्रको वैज्ञानिक व्यवस्थापन, सामुदायिक वनको क्षमता अभिवृद्धि, वनमा आधारित उद्यम विकास तथा गैरकाष्ठ वन पैदावारको व्यावसायीकरणमा जोड दिनुपर्ने आवश्यकता रहेको छ।

सुनिलस्मृति गाउँपालिकाको तल्लो भागमा उपोष्णकटिबन्धीय जलवायु पाइने भएकाले साल, सिसौ, खयर, चिलाउने, असना तथा अन्य चौडीपाते प्रजातिहरूको बाहुल्य रहेको छ। यी वनहरूले स्थानीय समुदायलाई दाउरा, काठ, घाँस तथा अन्य वन पैदावार उपलब्ध गराउँछन्।

मध्य पहाडी क्षेत्रमा तल्लो समशीतोष्ण जलवायु पाइन्छ। यस क्षेत्रमा खोटे सल्लो (Pinus roxburghii), चिलाउने, कटुस, काफल तथा उत्तिसका वनहरू प्रशस्त पाइन्छन्। यी वनहरूले माटो संरक्षण, जलाधार संरक्षण तथा वनमा आधारित जीविकोपार्जनमा महत्वपूर्ण योगदान पुऱ्याएका छन्।

गाउँपालिकाको उच्च भागमा माथिल्लो समशीतोष्ण जलवायु रहेको छ। यहाँ बाँझ, गुराँस, फलाँट तथा अन्य चिसो हावापानीमा हुर्कने प्रजातिहरू पाइन्छन्। यी वनहरू जैविक विविधताको दृष्टिले अत्यन्त महत्वपूर्ण छन् र विभिन्न वन्यजन्तु तथा चराचुरुङ्गीहरूको बासस्थानका रूपमा रहेका छन्।




**चित्र नं ९: सुनिलस्मृति गाउँपालिकामा रहेका वनको किसिमहरू**

### ख) वन व्यवस्थापन सम्बन्धी विवरण

सुनिलस्मृति गाउँपालिकामा ५५ वटा सामुदायिक वन उपभोक्ता समूह रहेका छन्, जसले ४,९९८.४३ हेक्टर वन क्षेत्रको व्यवस्थापन गर्दै आएका छन्। यी सामुदायिक वनबाट करिब ७,३१९ घरधुरी प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्। यसले सामुदायिक वन व्यवस्थापनमा स्थानीय समुदायको सक्रिय सहभागिता रहेको तथा वन संरक्षण र प्राकृतिक स्रोतको दिगो उपयोगमा यसको महत्वपूर्ण भूमिका रहेको देखाउँछ।

त्यसैगरी गाउँपालिकामा ५ वटा कबुलियती वन रहेका छन्, जसले १७.२० हेक्टर क्षेत्रफल ओगटेका छन्। कबुलियती वनले विशेषगरी विपन्न तथा भूमिहीन समुदायलाई वन संरक्षणसँगै आयआर्जनका अवसर उपलब्ध गराउँदै आएको छ।

गाउँपालिकामा १ वटा धार्मिक वन रहेको छ, जसको क्षेत्रफल ०.७५ हेक्टर रहेको छ। धार्मिक वनले स्थानीय धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण गर्नुका साथै वातावरणीय सन्तुलन कायम राख्न पनि योगदान पुऱ्याइरहेको छ।

समग्रमा सुनिलस्मृति गाउँपालिकामा सामुदायिक, कबुलियती तथा धार्मिक वन गरी जम्मा ५,०१६.३८ हेक्टर वन क्षेत्र समुदायमा आधारित व्यवस्थापन प्रणाली अन्तर्गत रहेको देखिन्छ। यसले वन संरक्षण, जैविक विविधता संरक्षण, जलाधार व्यवस्थापन तथा स्थानीय समुदायको दिगो जीविकोपार्जनमा महत्वपूर्ण

योगदान पुऱ्याएको छ। भविष्यमा सामुदायिक वनको क्षमता अभिवृद्धि, वनमा आधारित उद्यम प्रवर्द्धन तथा गैरकाष्ठ वन पैदावारको व्यावसायीकरणमार्फत स्थानीय आर्थिक विकासलाई थप सुदृढ बनाउन सकिने सम्भावना रहेको छ।

### ग) वन पैदावारको विवरण

सुनिलस्मृति गाउँपालिकाका वनहरू जैविक विविधताले सम्पन्न छन् र यहाँका वनबाट स्थानीय समुदायले विभिन्न प्रकारका काष्ठ तथा गैरकाष्ठ वन पैदावार प्राप्त गर्दै आएका छन्। प्रमुख काष्ठ प्रजातिहरूमा साल (Shorea robusta), साज (Terminalia alata), खयर (Acacia catechu), सिसौ (Dalbergia sissoo), कर्मा (Haldina cordifolia), असना (Terminalia tomentosa), चिलाउने (Schima wallichii), कटुस (Castanopsis indica), उत्तिस (Alnus nepalensis), सल्ला (Pinus roxburghii) तथा जामुन (Syzygium cumini) लगायतका प्रजातिहरू पाइन्छन्। यी प्रजातिहरूबाट घर निर्माण, फर्निचर, कृषि औजार, पुल, बारबेर, दाउरा तथा अन्य काठजन्य सामग्री उत्पादन गरिन्छ।

त्यसैगरी, गैरकाष्ठ वन पैदावार (NTFPs) अन्तर्गत टिमुर (Zanthoxylum armatum), हर्रो (Terminalia chebula), बर्रो (Terminalia bellirica), अमला (Phyllanthus emblica), चिउरी (Diploknema butyracea), बेल (Aegle marmelos), बाँस (Bambusa spp.), निगालो (Drepanostachyum spp.), असुरो (Justicia adhatoda), तुलसी (Ocimum tenuiflorum), कुरिलो (Asparagus racemosus), बोझो (Acorus calamus) तथा विभिन्न घाँस, लहरा, च्याउ र मौरीको मह जस्ता वन पैदावारहरू उपलब्ध छन्। यी प्रजातिहरू औषधीय प्रयोजन, मसला, फलफूल, पशु आहार, हस्तकला सामग्री, घरेलु उपयोग तथा धार्मिक कार्यमा प्रयोग गरिन्छन्। विशेषगरी हर्रो, बर्रो र अमला आयुर्वेदिक औषधिको महत्वपूर्ण कच्चा पदार्थ हुन् भने टिमुर मसला र औषधि, चिउरीबाट घ्यू तथा साबुन, बाँस र निगालोबाट डोको, टोकरी, चोयाको सामग्री तथा अन्य हस्तकलाका वस्तु निर्माण गरिन्छ।

### घ) जडिबुटीको उत्पादन, सङ्कलन तथा निकासी सम्बन्धी विवरण

सुनिलस्मृति गाउँपालिकाको वन क्षेत्रमा विभिन्न प्रकारका जडीबुटी तथा औषधीय वनस्पतिहरू प्राकृतिक रूपमा पाइन्छन्, जसले स्थानीय समुदायको परम्परागत स्वास्थ्य उपचार, आयुर्वेदिक औषधि निर्माण तथा जीविकोपार्जनमा महत्वपूर्ण भूमिका खेलेका छन्। यहाँ पाइने प्रमुख औषधीय वनस्पतिहरूमध्ये असुरो (Justicia adhatoda), तुलसी (Ocimum tenuiflorum), बोझो (Acorus calamus), कुरिलो (Asparagus racemosus), गुर्जो (Tinospora sinensis), चिराइतो (Swertia chirayita), टिमुर (Zanthoxylum armatum), हर्रो (Terminalia chebula), बर्रो (Terminalia bellirica), अमला (Phyllanthus emblica), बेल (Aegle marmelos), नीम (Azadirachta indica), तेजपात (Cinnamomum tamala), घृतकुमारी (Aloe vera) तथा पुदिना (Mentha spicata) प्रमुख छन्। यी वनस्पतिहरू रुघाखोकी, ज्वरो, पाचनसम्बन्धी समस्या, घाउ निको पार्ने, रक्तशुद्धि, मधुमेह नियन्त्रण तथा रोग प्रतिरोधात्मक क्षमता वृद्धि गर्न परम्परागत रूपमा प्रयोग हुँदै आएका छन्।

स्थानीय समुदायले यी जडीबुटीहरूको उपयोग घरेलु उपचारका साथै आयुर्वेदिक औषधि, जडीबुटीजन्य उत्पादन, मसला तथा स्वास्थ्यवर्द्धक सामग्री निर्माणमा पनि गर्दै आएका छन्। विशेषगरी हर्रो, बर्रो र अमला मिलेर बनेको त्रिफला आयुर्वेदमा अत्यन्त महत्वपूर्ण औषधि मानिन्छ भने टिमुर मसला र औषधि दुवै रूपमा प्रयोग गरिन्छ। असुरो श्वासप्रश्वाससम्बन्धी रोगमा, बोझो घाँटी तथा पाचन समस्यामा, कुरिलो पौष्टिक तथा

औषधीय गुणका लागि, गुर्जो रोग प्रतिरोधात्मक क्षमता बढाउन तथा चिराइतो ज्वरो र पाचनसम्बन्धी समस्याको उपचारमा प्रयोग गरिन्छ। यस्ता औषधीय वनस्पतिहरूको वैज्ञानिक संरक्षण, दिगो संकलन, खेती विस्तार, प्रशोधन तथा बजार व्यवस्थापन गर्न सके स्थानीय आयआर्जन वृद्धि, जैविक विविधताको संरक्षण र परम्परागत औषधीय ज्ञानको प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्न सक्छ।

### ङ) बाह्य मिचाहा वनस्पतिहरू

जलवायु परिवर्तन र बाह्य मिचाहा वनस्पतिहरू फैलिने कार्य एक अर्कासँग अन्तर सम्बन्धित रहेको कुरा विभिन्न अध्ययनहरूले देखाएका छन्। जलवायु परिवर्तनबाट उत्पन्न असरसँग बाह्य मिचाहा प्रजातिका वनस्पतिहरूको जुध्न सक्ने क्षमता अधिक हुने र जलवायु परिवर्तनसँगै अनुकूलित हुँदै जाने क्षमता भएकोले जलवायु परिवर्तन बाह्य मिचाहा प्रजातिका वनस्पतिहरू फैलिने र क्षेत्र विस्तार हुनका लागि उपयुक्त वातावरण बन्दै जान्छ। जलवायु परिवर्तनले गर्दा हुने अतिवृष्टि, अनावृष्टि, खडेरीको विषम अवस्थामा पनि बाह्य मिचाहा प्रजातिका वनस्पतिहरूमा सजिलैसँग उम्रने, बढ्ने र फैलिन सक्ने विशेष क्षमता हुने गरेको देखिन्छ। तर रैथाने प्रजातिका वनस्पतिहरू जलवायु परिवर्तनबाट सिर्जित असरसँग अनुकूलित हुन सक्ने क्षमता कम हुने भएकाले प्राकृतिक वासस्थानबाट मासिने, नासिने र विस्तारै घट्दै जाने र अस्तित्व नै संकटमा पर्न जाने हुन सक्छन्। विश्वमा बढ्दै गइरहेको जलवायु परिवर्तनसँगै बाह्य मिचाहा प्रजातिका वनस्पतिहरू Vertical र Horizontal रूपमा विस्तार हुने र फैलिदैं जाने क्रम पनि बढ्दै गरेको विभिन्न अध्ययनहरूले देखाएका छन्। यसबाट बाह्य मिचाहा प्रजातिका वनस्पतिको फैलावट वा विस्तार जलवायु परिवर्तनसँग प्रत्यक्ष सम्बन्ध रहेको छ भन्ने कुराको तत्थ्यगत आधार देखिन्छ।

नेपालमा बाह्य मिचाहा वनस्पति सम्बन्धमा पहिलो पटक सन् १९५८ मा M.L. Banerji को Invasion of *Eupaturium glandulosum* in East Nepal प्रकाशन भएको देखिन्छ। यसै गरी सन् २००५ मा International Union for Conservation of Nature-Nepal (IUCN Nepal) ले नेपालभरि गरेको सर्वेक्षणले २१ प्रजातिका बाह्य मिचाहा वनस्पतिको सूची प्रकाशन गरेको छ। Global register of introduced and invasive species (GRIIS) अनुसार नेपालमा हाल १७९ प्रजातिका बाह्य वनस्पति पाइन्छन्। जस मध्ये नेपालमा हालसम्म २६ प्रजातिका बाह्य मिचाहा वनस्पतिहरू फैलिन पुगेका छन्। यी २६ प्रजाति मध्ये चार प्रजाति सेतो बनमारा (*Chromolaena odorata*), जलकुम्भी (*Eichhornia crassipes*), वनफाँडा (*Lantana camara*) र लहरे बनमारा (*Mikania micrantha*) विश्वका १०० खतरनाक बाह्य अन्तर्गत पर्दछन्। यस सुनिलस्मृति गाउँपालिकाको अधिकांश क्षेत्रमा कालो बनमारा (*Ageratina adenophora*) फैलिएको देखियो जुन तुलनात्मक रुपमा अन्य बनमाराको प्रजातिभन्दा कम खतरानाक देखियो।

### च) वन डढेलो

सन् २०१२ देखि २०२२ सम्मको Visible Infrared Imaging Radiometer Suite (VIIRS) को तथ्यांक, भूउपग्रह चित्रहरू सहित, रिमोट सेन्सिङ (Remote Sensing[RS]) तथा भौगोलिक सूचना प्रणाली (Geographic Information System [GIS]) प्रविधिको प्रयोग गरी संकलन तथा विश्लेषण गरिएको खोजमा २४७२ वन डढेलोको संख्या तथा २०.४१% भूभाग वन डढेलोको उच्च जोखिम क्षेत्रको रूपमा रहेको पाइन्छ। वडा नं २, ३, ४ र ६ वन डढेलोको उच्च जोखिम क्षेत्रको रूपमा रहेको पाइन्छ।

चित्र नं १०: वन डढेलो नक्सांकन




चित्र नं १०: वन डढेलो नक्सांकन

### २.१.२.३ जलस्रोत तथा जलाधार क्षेत्र

#### क) प्रमुख जलाधार र उप-जलाधारको अवस्था र जोखिमको विवरण

सुनिलस्मृति गाउँपालिका को भू-भाग मध्यपहाडी क्षेत्रभित्र पर्ने भएकाले यहाँका प्रमुख जलाधारहरू मुख्यतः लुङ्ग्री खोला, माडी खोला, फगाम खोला तथा तिनका विभिन्न साना उप-खोला, खोल्सी र मुहानहरूमा आधारित छन्। यी जलाधारहरूले वर्षा पानी संकलन गरी कृषि, खानेपानी, सिँचाइ, पशुपालन तथा स्थानीय जैविक विविधताको संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्। अधिकांश उप-जलाधारहरू वन क्षेत्र, सामुदायिक वन तथा कृषि भूमिसँग प्रत्यक्ष रूपमा जोडिएका छन्, जसले भू-क्षय नियन्त्रण र भूमिगत जल पुनर्भरणमा सहयोग पुर्याउँछन्।

हालका वर्षहरूमा जलाधार क्षेत्रमा सडक निर्माण, अव्यवस्थित बस्ती विस्तार, वन विनाश, डढेलो, अत्यधिक चरिचरण तथा पहिरोका कारण माटो कटान र नदीमा गेग्रान तथा गाद जम्ने समस्या बढ्दै गएको देखिन्छ। वर्षायाममा तीव्र बहावका कारण बाढी, कटान तथा पहिरोको जोखिम उच्च रहन्छ भने सुख्खा मौसममा धेरै साना मुहान र खोल्सीहरूको पानी घट्ने वा सुक्ने समस्या देखापरेको छ। जलवायु परिवर्तनका कारण वर्षाको अनियमित वितरण र लामो खडेरीले पनि जलस्रोतको उपलब्धतामा नकारात्मक प्रभाव पारेको छ।

प्रमुख उप-जलाधारहरूमा मुहान संरक्षण, नदी किनारमा वृक्षारोपण, भू-क्षय नियन्त्रण, वर्षा पानी संकलन, जैविक इन्जिनियरिङ प्रविधिको प्रयोग तथा समुदायमा आधारित जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न आवश्यक छ। यसका साथै जलाधार क्षेत्रभित्र अनियन्त्रित उत्खनन, वन फँडानी तथा अव्यवस्थित सडक निर्माणलाई नियन्त्रण गरी समन्वित जलाधार व्यवस्थापन योजना कार्यान्वयन गरिएमा पानीका स्रोतहरूको दिगो संरक्षण, कृषि उत्पादन वृद्धि, विपद् जोखिम न्यूनीकरण तथा स्थानीय समुदायको जीविकोपार्जनमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गर्न सकिन्छ।




चित्र नं ११ः सुनिलस्मृति गाउँपालिकाको प्रमुख जलाधार तथा उप-जलाधारहरू

**ख) नदी तथा खोला सम्बन्धी विवरण**

सुनिलस्मृति गाउँपालिकामा रहेका नदी तथा खोलाहरूको विवरण तालिका ४ मा पेश गरिएको छ।

**तालिका ४ः सुनिलस्मृति गाउँपालिकामा रहेको नदी तथा खोलाको विवरण**

| क्र. सं. | नदी/खोलाको नाम | वडा नं. | नदीले छोएका बस्तीहरू | प्रमुख प्रकोप (नदी कटान, बाढी, पहिरो) |
|---|---|---|---|---|
| १ | घोडे खोला | १ | प्युठान र वडा नं. १ को सीमाना | नदी कटान, पहिरो |
| २ | कोछ्याप खोला | १ | रोल्पा नपा र सुनिलस्मृति गाउँपालिकाको सीमाना | नदी कटान, पहिरो |
| ३ | माडी खोला | १ | खुङ्ग्री (वडा नं. २) र घोडागाउँ (वडा नं. २) को सीमाना | नदी कटान, पहिरो |
| ४ | कदम खोला | १ | उर्लेखोला, पन्छीकोट, भलावाङ | नदी कटान, पहिरो |
| ५ | उर्ली खोला | १ | उर्ली खोला आसपासको बस्ती | |
| ६ | लुड्री खोला | २ | खुङ्ग्री, धारापानी, धनचौर | |
| | | ३ | रुइनीवाङ | कटान |
| | | ४ | सुलीचौर, प्रवेश नगर (क र ख) | |
| | | ५ | रिझा | |
| ७ | माडी खोला | २ | खुङ्ग्रीचौर, महेन्द्री, हरिगाउँ | हरिगाउँ लामचौर बाढी |
| ८ | फगाम खोला | ३ | रुइनीवाङ, फर्साचौर | नदी कटान |
| | | ५ | रिझा | नदी कटान |
| ९ | गजुल खोला | ३ | लागुवाङ, कझिम, तल्लोखाडा | नदी कटान |
| | | ५ | काब्रा | नदी कटान |
| | | ६ | दलङ, कुँवापानी, पानीहाल्ने मुहान | पानीहाल्ने पहिरोको जोखिम |
| १० | देउखुरी खोला | ४ | वडा नं. २ र ४ को सीमाना | नदी कटान |
| ११ | अरेस खोला | ४ | वडा नं. ४ र ८ को सीमाना | नदी कटान |
| | अरेस खोला | ७ | गाईघाट, कोब्जा, लाँकुरी | बाढी, पहिरो |
| | अरेस खोला | ८ | चिन्ने, काब्रापाटा, अरेस, फोटिलधारा | अविरल वर्षामा पहिरो |
| १२ | जुटुङ खोला | ४ | | |
| | | ७ | दोबाटा, पावाङ | बाढी, पहिरो |
| १३ | हलहले खोला | ४ | सुलीचौर—प्युठान सीमा | नदी कटान |
| १४ | ठूलो खोला | ५ | तल्लो क्वाली गाउँ | नदी कटान |
| १५ | औलो खोला | ५ | झेवाङ टोल | |
| १६ | लरी खोला | ५ | सालिर्वाङ, पोवाङ खोला, सर्गट | ठूलो क्षतिको जोखिम |
| १८ | खुमेलगाड खोला | ६ | धौलीगाउँ, दलङ्गा, खहरे खोला | खहरे खोला |
| १९ | खहरे खोला | ६ | पानी पोखरा, पातीहाल्ना | |

| | | | | |
|---|---|---|---|---|
| २० | सिम खोला | ६ | पातीहाल्ना | |
| २१ | दामखोला | ७ | अमिलचौर, ज्याम्का, | साफा खोला तर पानी सुक्ने समस्या |
| २२ | चिस्पा खोला | ७ | चिस्पा धारा, अमिली | |
| २३ | घर्ली खोला | ७ | घर्ली | |
| २४ | खरी खोला | ७ | खरीखोला बस्ती | |
| २५ | गल्डुङ खोला | ८ | अर्खाले पोखरा, फेविल धारा | |
| २६ | मैनी खोला | ८ | गुराँसे, भेगर | |
| २७ | चुक्ती खोला | ८ | धाराखर्क, ढुङ्गे साँधु | |
| २८ | जुम्ली खोला | ८ | मसार पाखा, ढुङ्गे साँघु | |




स्रोतःसुनिलस्मृति गाउँपालिकाको भुउपयोग योजना-२०८२

**चित्र नं १२ः सुनिलस्मृति गाउँपालिकामा रहेको नदी तथा खोलाको नक्सा**

### ग) जलस्रोत र उपयोगको स्थिति विवरण

सुनिलस्मृति गाउँपालिकामा सुरक्षित खानेपानीको पहुँच विस्तार तथा कृषि उत्पादन वृद्धि गर्ने उद्देश्यले विभिन्न वडाहरूमा खानेपानी तथा सिंचाइ आयोजना सञ्चालनमा रहेका छन्। उपलब्ध अभिलेखअनुसार गाउँपालिकाका वडा नं. १ देखि ८ सम्म कम्तीमा ७९ वटा खानेपानी आयोजना सञ्चालनमा रहेका छन्। यी आयोजनाहरूबाट हजारौं घरधुरी प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्। वडा नं. १ मा मात्र १० वटा आयोजना सञ्चालनमा रही करिब ८२७ घरधुरी लाभान्वित भएका छन् भने वडा नं. ३ को ठूलोगाउँ खानेपानी आयोजना ले एक्लैले ६०० घरधुरी लाई सेवा प्रदान गरेको छ। त्यसैगरी भुल्के खानेपानी आयोजना (वडा नं. ७) बाट ४११ घरधुरी, गल्डुङ खानेपानी 'क (वडा नं. ८) बाट ३०० घरधुरी, दलङ्गा खानेपानी आयोजना (वडा नं. ६) बाट २०० घरधुरी, मैने खानेपानी आयोजना 'क (वडा नं. ८) बाट २०० घरधुरी, तथा बुलबुले खानेपानी आयोजना (वडा नं. ३) बाट २०० घरधुरी लाभान्वित भएका छन्। धेरै आयोजनामा "एक घर-एक धारा" प्रणाली लागू गरिएको छ, जसले घरपरिवारलाई सुरक्षित र सहज रूपमा खानेपानी उपलब्ध गराएको छ।

**तालिका ५ः सुनिलस्मृति गाउँपालिकामा रहेको खानेपानी आयोजना तथा स्रोतहरूको विवरण**

| क.सं. | आयोजनाको नाम | ठेगाना | लाभान्वित घरधुरी | सेवा प्राप्त गर्ने गाउँ/बस्ती |
|---|---|---|---|---|
| १ | उल्नीखोला घोडागाउँ खानेपानी आयोजना | वडा नं. १ | ३१२ | घोडागाउँ (१—४), एक घर एक धारा |
| २ | केवरे घोडाकोट खानेपानी आयोजना | वडा नं. १ | ८० | घोडाकोट |
| ३ | तुसारेपानी खानेपानी आयोजना | वडा नं. १ | ६० | तुसारेपानी |
| ४ | पन्छीकोट खानेपानी आयोजना | वडा नं. १ | ४५ | पन्छीकोट |
| ५ | भलावाङ खानेपानी आयोजना | वडा नं. १ | ४० | भलावाङ |
| ६ | थुमपाकी खानेपानी आयोजना | वडा नं. १ | १५० | थुमपाकी |
| ७ | तिमुरकोट खानेपानी आयोजना | वडा नं. १ | ३० | तिमुरकोट |
| ८ | गन्धर्वबस्ती खानेपानी आयोजना | वडा नं. १ | १० | गन्धर्वबस्ती |
| ९ | केवरे वर्णेटा खानेपानी आयोजना | वडा नं. १ | १०० | वर्णेटा (एक घर एक धारा) |
| १० | कल्लेरी खोली खानेपानी तथा सरसफाइ आयोजना | वडा नं. २ | ५६ | खुङ्ग्री |
| ११ | आँपखोला—सिमलखोला खानेपानी आयोजना | वडा नं. २ | ‘ | ‘ |
| १२ | धारापानी खानेपानी आयोजना | वडा नं. २ | ‘ | ‘ |
| १३ | ठूलोगाउँ खानेपानी आयोजना | वडा नं. ३ | ६०० | एक घर एक धारा मार्फत |
| १४ | बुलबुले खानेपानी आयोजना | वडा नं. ३ | २०० | पोखराधारा |
| १५ | वाग्मा खानेपानी आयोजना | वडा नं. ४ | १६० | वाग्मा |

| | | | | |
|---|---|---|---|---|
| १६ | सुलीचौर खानेपानी आयोजना | वडा नं. ४ | १५० | सुलीचौर |
| १७ | पल्लोवन खानेपानी आयोजना | वडा नं. ४ | ५० | पल्लोवन र दहरा खोला |
| १८ | धनचौर खानेपानी आयोजना | वडा नं. ४ | ५० | धनचौर |
| १९ | कोइराला खर्क लेख खानेपानी आयोजना | वडा नं. ४ | १०० | कोइराला खर्क |
| २० | पिपलधारा खानेपानी आयोजना | वडा नं. ४ | ८० | पिपलधारा |
| २१ | प्रवेश नगर 'क÷ खानेपानी आयोजना | वडा नं. ४ | २५ | प्रवेश नगर 'क÷ |
| २२ | प्रवेश नगर 'ख÷ खानेपानी आयोजना | वडा नं. ४ | १० | प्रवेश नगर 'ख÷ |
| २३ | दधेरी खानेपानी आयोजना | वडा नं. ४ | २५ | दधेरी |
| २४ | बहुवाङ खानेपानी आयोजना | वडा नं. ४ | ३५ | बहुवाङ |
| २५ | बागेखोला खानेपानी आयोजना | वडा नं. ४ | ‘ | ‘ |
| २६ | सेवार लुङ्ग्री खानेपानी आयोजना | वडा नं. ५ | ३० | लुङ्ग्री |
| २७ | धुन्सी—रिझा खानेपानी आयोजना | वडा नं. ५ | ५० | रिझा |
| २८ | बोक्रे खानेपानी 'क÷ | वडा नं. ५ | १६ | रिझा |
| २९ | बोक्रे खानेपानी 'ख÷ | वडा नं. ५ | १५ | ‘ |
| ३० | बोक्रे खानेपानी 'ग÷ | वडा नं. ५ | १५ | ‘ |
| ३१ | बोक्रे खानेपानी 'घ÷ | वडा नं. ५ | १६ | ‘ |
| ३२ | मैदान च्युरा खानेपानी आयोजना | वडा नं. ५ | ६ | सिम्लेनी |
| ३३ | सिम्लेनी कोलफेद खानेपानी आयोजना | वडा नं. ५ | १४ | ‘ |
| ३४ | सिस्नेरी खानेपानी आयोजना | वडा नं. ५ | ६ | ‘ |
| ३५ | तेनोखोला खानेपानी आयोजना | वडा नं. ५ | १२ | ‘ |
| ३६ | ठूलो पँधेरा खानेपानी आयोजना | वडा नं. ५ | २० | काब्रा |
| ३७ | तुषाराखोला खानेपानी आयोजना | वडा नं. ५ | १८ | लाखुरे धनेर |
| ३८ | छापाखोला लाखुरे धारा | वडा नं. ५ | १५ | ‘ |
| ३९ | सेम बाहुनटोल रोकाडेरा | वडा नं. ५ | ३३ | ‘ |
| ४० | काब्राछरा आँपचौर सानचौर | वडा नं. ५ | ३० | ‘ |
| ४१ | थुम खानेपानी आयोजना | वडा नं. ५ | ८ | थुम |
| ४२ | छापखोला किन्चौर खानेपानी आयोजना | वडा नं. ५ | २१ | ‘ |
| ४३ | ड्वाङड्वाङे खोला खानेपानी आयोजना | वडा नं. ५ | ९ | बयरबोट |
| ४४ | चुमखोला खानेपानी आयोजना | वडा नं. ५ | १५ | काट्ने |
| ४५ | दलितटोल खानेपानी आयोजना | वडा नं. ५ | १५ | काफलखत्री |
| ४६ | जुम्पा खानेपानी आयोजना | वडा नं. ५ | ७५ | मन्घा |

| | | | | |
|---|---|---|---|---|
| ४७ | चुमखोला खिम्बाङ खानेपानी आयोजना | वडा नं. ५ | १० | ‘ |
| ४८ | चुमखोला डाँडागाउँ खानेपानी आयोजना | वडा नं. ५ | २१ | ‘ |
| ४९ | उइजाखोला खानेपानी आयोजना | वडा नं. ५ | ४ | ‘ |
| ५० | स्वाहाखोला रातोमाटा खानेपानी आयोजना | वडा नं. ५ | ५ | ‘ |
| ५१ | पवाङ खोला तल्लो क्वालीगाउँ खानेपानी आयोजना | वडा नं. ५ | ३८ | ‘ |
| ५२ | पवाङ उपल्लो क्वालीगाउँ खानेपानी आयोजना | वडा नं. ५ | ७ | ‘ |
| ५३ | फलेवाङ क्वालीगाउँ खानेपानी आयोजना | वडा नं. ५ | ४० | ‘ |
| ५४ | रिघिम खानेपानी आयोजना | वडा नं. ५ | १७० | ‘ |
| ५५ | साल्लेवाङ खानेपानी आयोजना | वडा नं. ५ | २३ | ‘ |
| ५६ | दलङ्गा खानेपानी आयोजना | वडा नं. ६ | २०० | दलङ्गा |
| ५७ | कुवापानी खानेपानी आयोजना | वडा नं. ६ | ८५ | कुवापानी |
| ५८ | पानी पोखरा खानेपानी आयोजना ’क÷ | वडा नं. ६ | १४६ | ‘ |
| ५९ | पानी पोखरा खानेपानी आयोजना ’ख÷ | वडा नं. ६ | १४६ | ‘ |
| ६० | पातीहाल्ना खानेपानी आयोजना | वडा नं. ६ | ५० | पातीहाल्ना |
| ६१ | बोक्रे खोला खानेपानी आयोजना | वडा नं. ७ | ११० | तेवाङ (राज्यपोखरी—वासेडासम्म) |
| ६२ | दाम खोला खानेपानी आयोजना | वडा नं. ७ | १०० | फुर्सेधारा, ढुङ्गे झाँक्री |
| ६३ | कमिरे खोला खानेपानी आयोजना | वडा नं. ७ | ८० | दर्फेद, ओखला, सल्लेरी |
| ६४ | भुल्के खानेपानी आयोजना | वडा नं. ७ | ४११ | तेवाङभर |
| ६५ | धपरीखोला खानेपानी आयोजना | वडा नं. ७ | ६० | विवना, तिम्ले पोखरा |
| ६६ | आत्रेपानी—बासीडाँडा खानेपानी आयोजना | वडा नं. ७ | ५० | दर्फेद र बासीडाँडा |
| ६७ | डोखोला खानेपानी आयोजना | वडा नं. ७ | ४५ | पवाङ |
| ६८ | सेतुङ गैरा—डामखोला खानेपानी आयोजना | वडा नं. ७ | ३५/४० | ‘ |
| ६९ | उपल्लो गोठीवाङ खानेपानी आयोजना | वडा नं. ७ | २० | चिस्पाधारा |
| ७० | घर्लीधारा—डोखला खानेपानी आयोजना | वडा नं. ७ | २५ | चिस्पाधारा |
| ७१ | तल्लो गोठीवाङ खानेपानी आयोजना | वडा नं. ७ | ३५ | ‘ |

| | | | | |
|---|---|---|---|---|
| ७२ | खरीखोला खानेपानी आयोजना | वडा नं. ७ | १३ | ताट्केबस्ती |
| ७३ | कुकुरगाडे खानेपानी आयोजना | वडा नं. ७ | १०० | तेवाङ लेकटोल |
| ७४ | घर्ली खोला खानेपानी आयोजना | वडा नं. ७ | ११ | घर्ली खोला टोल |
| ७५ | गल्डुङ खानेपानी ’क÷ | वडा नं. ८ | ३०० | अरेस |
| ७६ | मैने खानेपानी आयोजना ’क÷ | वडा नं. ८ | २०० | चिले |
| ७७ | गल्डुङ खानेपानी ’ख÷ | वडा नं. ८ | २२६ | ‘ |
| ७८ | मैने खानेपानी आयोजना ’ख÷ | वडा नं. ८ | १५० | अरेस |
| ७९ | जुगेपानी खानेपानी आयोजना | वडा नं. ८ | २५ | देउथाना |

स्रोतः सुनिलस्मृति गाउँपालिका पाश्र्वचित्र,२०७७

**घ) भूक्षय तथा बाढी पहिरो, नदी कटान तथा जोखिमयुक्त बस्तीहरू**

सुनिलस्मृति गाउँपालिकामा रहेको जोखिमयुक्त बस्तीको विवरण तालिका ६ मा प्रस्तुत गरिएको छ।

**तालिका ६ः भूक्षय तथा बाढी पहिरो, नदी कटान तथा जोखिमयुक्त बस्तीहरू**

| **विपद्को प्रकार** | **वडा नं.** | **प्रभावित क्षेत्र** |
|---|---|---|
| **नदी कटान** | १ | धारावाङ नदी |
| **पहिरो** | १ | उल्नी खोला जोखिम बस्ती |
| **पहिरो** | २ | खलिङ्गेको रामज्योति प्रा.वि., हिले |
| **नदी कटान** | २ | माडी खोला |
| **पहिरो** | ४ | धनचौर |
| **भूक्षय** | ५ | काफलबोट, पुरानो रिझा, क्वालीगाउँ, बवाङ खोला |
| **पहिरो** | ६ | धौली गाउँ, पातीहाल्ना, बागडुला, सिकन्धरे |
| **पहिरो** | ७ | धपरी/पाटीखर्क, टाटुढुङ्गा, कोब्जे |
| **डढेलो** | ७ | डामखोला, मलारानी, अर्कलधारा, अँधेरी |
| **पहिरो** | ८ | धाराखर्क, गुराँसे, फोविलधारा |




चित्र नं १३ः सुनिलस्मृति गाउँपालिकामा रहेको बाढी, कटान, पहिरो तथा डढेलो जोखिम बस्तीहरू

### २.१.२.४ मौसम (वर्षा, तापक्रम)

सुनिलस्मृति गाउँपालिकाको औसत वार्षिक अधिकतम तापक्रम र न्यूनतम तापक्रमबारे विश्लेषणका लागि नजिकको मौसम केन्द्र लिवाङ गाउँ मौसम केन्द्र (रोल्पा)लाई आधार लिइएको छ । सन् २०१३ देखि २०२२ सम्मको औसत तथ्याङ्कअनुसार वार्षिक औसत तापक्रम १९.५°C रहेको छ। सबैभन्दा बढी औसत तापक्रम जुन (२४.७°C) मा र सबैभन्दा कम जनवरी (११.८°C) मा रहेको छ। अधिकतम तापक्रम ३०.९°C सम्म जुन महिनामा पुग्ने गरेको छ भने न्यूनतम तापक्रम ४.०°C जनवरी महिनामा झर्ने गरेको देखिन्छ। यसले अध्ययन क्षेत्रको जलवायु उपोष्णदेखि समशीतोष्ण प्रकृतिको रहेको तथा मनसुनमा बढी वर्षा र जाडोयाममा कम वर्षा हुने विशेषता रहेको स्पष्ट गर्दछ।

यसै गरि सन् २०१६ मा न्यूनतम तापक्रम १३.२°से. तथा अधिकतम तापक्रम २६.७°से. पुगेको छ, जुन अध्ययन अवधिमा रेकर्ड भएको सबैभन्दा उच्च अधिकतम तापक्रम हो। त्यसपछि सन् २०१७ मा अधिकतम तापक्रम २६.६°से. र न्यूनतम तापक्रम १३.५°से. रहेको छ। सन् २०१८ र २०१९ मा अधिकतम तापक्रम क्रमशः २६.६°से. कायम रहँदा न्यूनतम तापक्रम १४.०°से. र १३.३°से. रहेको छ। सन् २०२० मा अधिकतम तापक्रम केही घटेर २६.१°से. तथा न्यूनतम तापक्रम १२.०°से. पुगेको देखिन्छ, जसले त्यस वर्ष तुलनात्मक रूपमा केही चिसो अवस्था रहेको संकेत गर्दछ। त्यसपछि सन् २०२१ र २०२२ मा अधिकतम तापक्रम २६.४°से. तथा न्यूनतम तापक्रम क्रमशः १३.०°से. र १३.३°से. रहेको छ, जसले तापक्रम पुनः सामान्य अवस्थातर्फ फर्किएको देखाउँछ।

**तालिका ७: वार्षिक अधिकतम तथा न्यूनतम तापक्रम**

| वर्ष | अधिकतम तापक्रम | न्युनतम तापक्रम |
|---|---|---|
| २०१४ | २५.६ | ११.५ |
| २०१५ | २५.५ | ९.८ |
| २०१६ | २६.७ | १३.२ |
| २०१७ | २६.६ | १३.५ |
| २०१८ | २६.६ | १४.० |
| २०१९ | २६.६ | १३.३ |
| २०२० | २६.१ | १२.० |
| २०२१ | २६.४ | १३.० |
| २०२२ | २६.४ | १३.३ |
| औसत | २६.३ | १२.६ |

***स्रोत:* *Environment Statistics of Nepal* २०१९/२०२४**

सुनिलस्मृति गाउँपालिकाको सन् २०१३ देखि २०२२ सम्मको औसत वार्षिक वर्षाको लागि उपलब्ध वार्षिक वर्षा तथ्याङ्कको विश्लेषण गर्दा वार्षिक वर्षाको मात्रामा उल्लेखनीय उतारचढाव देखिन्छ। यद्यपि अध्ययन अवधिका सबै वर्षका अभिलेख उपलब्ध नभएकाले दीर्घकालीन वर्षा प्रवृत्तिको पूर्ण विश्लेषण गर्न केही सीमितता रहेको छ। उपलब्ध तथ्याङ्कअनुसार सन् २०१३ मा वार्षिक वर्षा १,४९६ मि.मि. रेकर्ड भएको छ, जुन उपलब्ध वर्षहरूमध्ये सबैभन्दा बढी हो। त्यसपछि सन् २०१४ मा वर्षा उल्लेखनीय रूपमा घटेर १,१६१ मि.मि. पुगेको छ, जुन अध्ययन अवधिको सबैभन्दा कम वार्षिक वर्षा हो।

तालिका ८ : वार्षिक वर्षा

| वर्ष | वर्षा |
|---|---|
| २०१३ | १४९६ |
| २०१४ | ११६१ |
| २०१५ | १३०३ |
| २०१६ | १४४२ |
| २०१७ | - |
| २०१८ | १२३० |
| २०१९ | १३७३ |
| २०२० | - |
| २०२१ | - |
| २०२२ | - |
| औसत* | १३३४ |

स्रोतः *Environment Statistics of Nepal २०१९/२०२४*

चित्र नं १३ः सुनिलस्मृति गाउँपालिकाः मासिक अधिकतम र न्युनतम तापक्रम



चित्र नं १४ : सुनिलस्मृति गाउँपालिकाः औसत मासिक वर्षा (मि.मि.)




स्रोतः जल तथा मौसम विज्ञान विभाग, २०८२

चित्र नं १५ः लिवाङरोल्पा मौसम केन्द्रको अधिकतम तथा न्यूनतम तापक्रमको अवस्था




स्रोतः जल तथा मौसम विज्ञान विभाग, २०८२

तालिका ९ : लिवाङ रोल्पा स्टेसनको औसत मासिक तापक्रम तथा वर्षाको अवस्था

| औसत १९९१-२०२० | | अक्षांश | देशान्तर | उचाइ |
|---|---|---|---|---|
| स्टेसन नाम | लिवाङ(रोल्पा) | २८.३१ | ८२.६३ | १३१४ |
| महिना | वर्षा | तापक्रम (°c) | | |
| | (मि.मि.) | औसत | अधिकतम | न्यूनतम |

| | | | | |
|---|---|---|---|---|
| **जनवरी** | ३३.७ | ११.८ | १९.३ | ४ |
| **फेब्रुअरी** | ५१.७ | १३.७ | २१.४ | ६. |
| **मार्च** | ३४.८ | २०.६ | ३० | ११.१ |
| **अप्रिल** | ५३.२ | २१.३ | २९.३ | १३.२ |
| **मे** | ९०.९ | २२.८ | ३०.४ | १५.२ |
| **जुन** | २६६.३ | २४.७ | ३०.९ | १८.५ |
| **जुलाई** | ३६७.७ | २४.४ | २९.१ | १९.७ |
| **अगस्ट** | २२४.८ | २४.२ | २९. | १९.३ |
| **सेप्टेम्बर** | २२९.९ | २३.२ | २८.७ | १७.७ |
| **अक्टोबर** | ४१.८ | १९.६ | २६.६ | १२.६ |
| **नोभेम्बर** | ९. | १५.६ | २३.४ | ७.७ |
| **डिसेम्बर** | ११.४ | १२.४ | २०.३ | ४.४ |
| **जम्मा/औसत** | **१४१५.२** | **१९.५** | **२६.५** | **१२.५** |

**स्रोतः जल तथा मौसम विभाग २०२६**

### २.१.२.५ जलवायु परिवर्तनको प्रवृत्ति

नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय अन्तर्गतको जल तथा मौसम विज्ञान विभाग (Department of Hydrology and Meteorology, DHM) द्वारा सन् २०२४ (अगस्ट) मा प्रकाशित जलवायु परिवर्तन अध्ययनको अद्यावधिक प्रतिवेदनअनुसार रोल्पा जिल्लाको आधार अवधि (१९८१-२०१०) को तुलनामा भविष्यको ऋतुअनुसार वर्षाको मात्रा परिवर्तन हुने देखिन्छ। यस अध्ययनमा नवीनतम CMIP६ जलवायु मोडेल तथा साझा सामाजिक-आर्थिक मार्ग (Shared Socioeconomic Pathways: SSP२४५ र SSP५८५) को प्रयोग गरी नेपालको वर्तमान तथा भविष्यको जलवायु अवस्थाको विश्लेषण गरिएको SSP२-४.५ र SSP५-८.५ दुवै परिदृश्यले  रोल्पा जिल्लामा सन् १९८१-२०१० को आधार अवधि (Baseline Period) को तुलनामा भविष्यमा वर्षाको मात्रा तथा तापक्रममा उल्लेखनीय परिवर्तन हुने देखिन्छ।

**तालिका १०: रोल्पा जिल्लामा आधार अवधि (१९८१-२०१०) को तुलनामा भविष्यको मौसमी वर्षा परिवर्तन (%)**

| **मौसम** | **आधार वर्षा (मि.मि.)** | **SSP२-४.५ (२०३०s)** | **SSP२-४.५ (२०५०s)** | **SSP२-४.५ (२०८०s)** | **SSP५-८.५ (२०३०s)** | **SSP५-८.५ (२०५०s)** | **SSP५-८.५ (२०८०s)** |
|---|---|---|---|---|---|---|---|
| हिउँद | ७०.० | -१% | -६% | -१३% | -८% | -६% | -९% |
| प्रि-मनसुन | १५४.० | +१२% | -१% | +११% | +१५% | +२१% | +२१% |
| मनसुन | १०९८.० | +६९% | +१२६% | +१६२% | +९६% | +१४३% | +३९५% |
| मनसुनपछि | ५५.० | -१०% | -९% | -२% | -४% | -४% | +२१% |
| वार्षिक | १३७६.० | +७०% | +१०९% | +१५८% | +९९% | +१५४% | +४२८% |

स्रोतः जल तथा मौसम विज्ञान विभाग (DHM), २०२४

रोल्पा जिल्लामा भविष्यमा वार्षिक वर्षाको मात्रा उल्लेखनीय रूपमा बढ्ने प्रक्षेपण गरिएको छ। विशेषगरी मनसुन याममा वर्षाको मात्रा अत्यधिक बढ्ने देखिएकाले यसले कृषि, जलस्रोत, पूर्वाधार तथा विपद् जोखिममा प्रत्यक्ष प्रभाव पार्ने सम्भावना रहेको छ।

हिउँद याममा वर्षा दुवै जलवायु परिदृश्यमा घट्ने अनुमान गरिएको छ। SSP२-४.५ अनुसार २०३० को दशकमा १ प्रतिशत, २०५० को दशकमा ६ प्रतिशत र २०८० को दशकमा १३ प्रतिशतसम्म कमी आउने देखिन्छ। SSP५-८.५ अन्तर्गत पनि ६-९ प्रतिशतसम्म कमी हुने प्रक्षेपण गरिएको छ। हिउँदे वर्षामा कमी आउँदा माटोको आर्द्रता घट्ने, मुहान तथा भू-जल पुनर्भरण कम हुने, सिँचाइको अभाव हुने तथा गहुँ, जौ, तरकारी लगायत हिउँदे बालीको उत्पादनमा नकारात्मक असर पर्न सक्छ।

प्रि-मनसुन याममा मिश्रित प्रवृत्ति देखिएको छ। SSP२-४.५ अनुसार २०३० को दशकमा १२ प्रतिशत वृद्धि, २०५० मा १ प्रतिशत कमी र २०८० मा पुनः ११ प्रतिशत वृद्धि हुने अनुमान छ। SSP५-८.५ अन्तर्गत भने सम्पूर्ण अवधिमा-२१ प्रतिशतसम्म वृद्धि हुने देखिन्छ। यसले केही क्षेत्रमा सुख्खापन कम गर्न सहयोग पुऱ्याए पनि चट्याङ, असिना, हुरीबतास तथा आकस्मिक वर्षाको सम्भावना बढाउन सक्छ।

मनसुन याममा सबैभन्दा ठूलो परिवर्तन हुने प्रक्षेपण गरिएको छ। SSP२-४.५ अन्तर्गत २०३०, २०५० र २०८० को दशकमा क्रमशः ६९, १२६ र १६२ प्रतिशत वर्षा वृद्धि हुने देखिन्छ। SSP५-८.५ अन्तर्गत भने यो वृद्धि अझ तीव्र भई २०८० को दशकमा ३९५ प्रतिशतसम्म पुग्ने अनुमान गरिएको छ। यसले अत्यधिक वर्षा, बाढी, पहिरो, भू-क्षय, नदी कटान, सडक तथा पुलमा क्षति, कृषि भूमि नोक्सानी र बस्ती जोखिममा उल्लेखनीय वृद्धि हुन सक्ने संकेत गर्दछ। त्यसैले जलाधार संरक्षण, ढल निकास सुधार, पहिरो नियन्त्रण, नदी व्यवस्थापन तथा विपद् पूर्वतयारीलाई प्राथमिकता दिन आवश्यक देखिन्छ।

मनसुनपछिको याममा SSP२-४.५ अन्तर्गत वर्षा केही घट्ने देखिन्छ भने SSP५-८.५ अन्तर्गत प्रारम्भिक अवधिमा सामान्य कमी भए पनि २०८० को दशकमा २१ प्रतिशत वृद्धि हुने अनुमान गरिएको छ। यसले बाली कटानीको समयमा अनियमित वर्षा हुने, भित्र्याइएको अन्नबालीमा क्षति पुग्ने तथा कृषि व्यवस्थापनमा चुनौती थपिन सक्ने सम्भावना छ।

समग्र रूपमा हेर्दा वार्षिक वर्षामा उल्लेखनीय वृद्धि हुने प्रक्षेपण गरिएको छ। SSP२-४.५ अनुसार वार्षिक वर्षा २०३०, २०५० र २०८० को दशकमा क्रमशः ७०, १०९ र १५८ प्रतिशतले बढ्ने अनुमान गरिएको छ। SSP५-८.५ अन्तर्गत भने ९९, १५४ र ४२८ प्रतिशतसम्म वृद्धि हुने प्रक्षेपण गरिएको छ। यसले भविष्यमा रोल्पा जिल्ला अझ बढी आर्द्र हुने, तर वर्षा वितरण असन्तुलित र अत्यधिक हुने संकेत गर्दछ।

परियोजना गरिएको जलवायु परिदृश्य अनुसार रोल्पा जिल्लामा आधार अवधि (१९८१-२०१०) को तुलनामा भविष्यमा सबै ऋतुमा तथा वार्षिक अधिकतम तापक्रम (Maximum Temperature) वृद्धि हुने प्रक्षेपण गरिएको छ। SSP२-४.५ र SSP५-८.५ दुवै परिदृश्यले तापक्रम निरन्तर बढ्ने देखाएका छन्, तर उच्च हरितगृह ग्यास उत्सर्जन भएको SSP५-८.५ परिदृश्यमा तापक्रम वृद्धि अझ तीव्र हुने अनुमान गरिएको छ।

**तालिका ११ः रोल्पा जिल्लामा आधार अवधि (१९८१—२०१०) को तुलनामा भविष्यको ऋतुअनुसार तथा वार्षिक अधिकतम तापक्रम परिवर्तन (°से.)**

| **मौसम** | **आधार अधिकतम तापक्रम (°से.)** | **SSP२-४.५ (२०३०s)** | **SSP२-४.५ (२०५०s)** | **SSP२-४.५ (२०८०s)** | **SSP५-८.५ (२०३०s)** | **SSP५-८.५ (२०५०s)** | **SSP५-८.५ (२०८०s)** |
|---|---|---|---|---|---|---|---|
| हिउँद | १५.४ | +०.९ | +१.६ | +२.५ | +०.९ | +१.८ | +४.४ |
| प्रि-मनसुन | २३.७ | +०.५ | +१.३ | +१.८ | +०.६ | +१.३ | +३.४ |
| मनसुन | २४.८ | +०.६ | +१.१ | +१.६ | +०.५ | +१.२ | +२.५ |
| मनसुनपछिको | २०.७ | +०.७ | +१.२ | +२.० | +०.६ | +१.५ | +३.९ |
| वार्षिक | २१.५ | +०.७ | +१.३ | +२.० | +०.७ | +१.४ | +३.५ |

स्रोतः जल तथा मौसम विज्ञान विभाग (DHM), २०२४

प्रक्षेपण अनुसार रोल्पा जिल्लामा सबै मौसम तथा वार्षिक अधिकतम तापक्रम क्रमिक रूपमा बढ्ने देखिन्छ। तापक्रम वृद्धिको प्रभाव कृषि, वन, जलस्रोत, जैविक विविधता, मानव स्वास्थ्य तथा विपद् जोखिममा प्रत्यक्ष रूपमा पर्ने सम्भावना छ।

हिउँद याममा आधार अधिकतम तापक्रम १५.४°से. रहेकोमा SSP२-४.५ अन्तर्गत २०३०, २०५० र २०८० को दशकमा क्रमशः ०.९°से., १.६°से. र २.५°से.ले वृद्धि हुने देखिन्छ। SSP५-८.५ अन्तर्गत २०८० को दशकसम्म तापक्रम ४.४°से.ले बढ्न सक्ने प्रक्षेपण गरिएको छ। यसले हिउँद छोटिने, चिसोपन घट्ने, रोग-कीराको प्रकोप बढ्ने तथा हिउँदे बालीको उत्पादन प्रणालीमा परिवर्तन ल्याउन सक्छ।

प्रि-मनसुन याममा आधार अधिकतम तापक्रम २३.७°से. रहेको छ। SSP२-४.५ अन्तर्गत तापक्रम ०.५°से.देखि १.८°से.सम्म बढ्ने तथा SSP५-८.५ अन्तर्गत २०८० को दशकमा ३.४°से.सम्म वृद्धि हुने अनुमान गरिएको छ। यसले गर्मीको लहर (Heat Wave), पानीको माग वृद्धि, माटोको चिस्यानमा कमी तथा वन डढेलोको जोखिम बढाउन सक्छ।

मनसुन याममा आधार अधिकतम तापक्रम २४.८°से. रहेको छ। SSP२-४.५ अन्तर्गत ०.६°से.देखि १.६°से.सम्म तथा SSP५-८.५ अन्तर्गत २.५°से.सम्म वृद्धि हुने प्रक्षेपण गरिएको छ। मनसुनमा तापक्रम बढ्दा वाष्पीकरण दर बढ्ने, अत्यधिक आर्द्रताको अनुभूति बढ्ने तथा कृषि बालीमा तापीय तनाव (Heat Stress) बढ्न सक्छ। साथै रोग तथा किराको फैलावटमा पनि वृद्धि हुन सक्छ।

मनसुनपछिको याममा आधार अधिकतम तापक्रम २०.७° से. रहेको छ। SSP२-४.५ अन्तर्गत ०.७° से.देखि २.०° से.सम्म तथा SSP५-८.५ अन्तर्गत ३.९° से.सम्म वृद्धि हुने अनुमान गरिएको छ। यसले बाली पाक्ने तथा कटानीको समयमा तापीय तनाव बढाउन सक्छ र पानीको उपलब्धतामा पनि असर पार्न सक्छ।

वार्षिक रूपमा हेर्दा आधार अवधिमा औसत अधिकतम तापक्रम २१.५°से. रहेको छ। SSP२-४.५ अन्तर्गत वार्षिक अधिकतम तापक्रम २०३०, २०५० र २०८० को दशकमा क्रमशः ०.७° से., १.३° से. र २.०° से.ले वृद्धि हुने अनुमान गरिएको छ। त्यस्तै SSP५-८.५ अन्तर्गत २०३०, २०५० र २०८० को दशकमा क्रमशः ०.७° से., १.४° से. र ३.५° से.ले वृद्धि हुने प्रक्षेपण गरिएको छ। यसले भविष्यमा वर्षभरि नै गर्मीको तीव्रता बढ्ने, तातो दिनहरूको संख्या वृद्धि हुने तथा तापसम्बन्धी जोखिमहरू बढ्दै जाने संकेत गर्दछ।

**तालिका १२ः रोल्पा जिल्लामा आधार अवधि (१९८१-२०१०) को तुलनामा भविष्यको ऋतुअनुसार तथा वार्षिक न्यूनतम तापक्रम परिवर्तन (°से.)**

| मौसम | आधार न्यूनतम तापक्रम (°से.) | SSP२-४.५ (२०३०s) | SSP२-४.५ (२०५०s) | SSP२-४.५ (२०८०s) | SSP५-८.५ (२०३०s) | SSP५-८.५ (२०५०s) | SSP५-८.५ (२०८०s) |
|---|---|---|---|---|---|---|---|
| हिउँद | ३.८ | +०.८ | +१.३ | +२.० | +०.७ | +१.६ | +३.९ |
| प्रि–मनसुन | ११.४ | +०.७ | +१.४ | +२.२ | +०.९ | +१.८ | +४.२ |
| मनसुन | १६.५ | +०.७ | +१.३ | +१.८ | +०.८ | +१.६ | +३.३ |
| मनसुनपछिको | ९.४ | +०.६ | +१.२ | +२.१ | +०.८ | +१.७ | +४.० |
| वार्षिक | १०.९ | +०.७ | +१.३ | +२.० | +०.८ | +१.६ | +३.८ |

स्रोतः जल तथा मौसम विज्ञान विभाग (DHM), २०२४

प्रक्षेपण अनुसार रोल्पा जिल्लामा सबै मौसममा तथा वार्षिक न्यूनतम तापक्रम निरन्तर बढ्ने देखिन्छ। यसले रातिको तापक्रम बढ्ने, चिसो दिनहरूको संख्या घट्ने तथा ऋतुअनुसार चक्रमा परिवर्तन आउने सम्भावना जनाउँछ। विशेषगरी उच्च हरितगृह ग्यास उत्सर्जन भएको SSP५-८.५ परिदृश्यमा तापक्रम वृद्धि अझ तीव्र हुने अनुमान गरिएको छ।

हिउँद याममा आधार न्यूनतम तापक्रम ३.८°से. रहेको छ। SSP२-४.५ अन्तर्गत २०३०, २०५० र २०८० को दशकमा क्रमशः ०.८°से., १.३°से. र २.०°से.ले वृद्धि हुने देखिन्छ। SSP५-८.५ अन्तर्गत भने २०८० को दशकसम्म ३.९°से.ले वृद्धि हुने प्रक्षेपण गरिएको छ। यसले चिसोको अवधि छोटिने, (Frost) पर्ने सम्भावना घट्ने तथा हिउँदे बाली र प्राकृतिक पारिस्थितिक प्रणालीमा परिवर्तन ल्याउन सक्छ।

प्रि-मनसुन याममा आधार न्यूनतम तापक्रम ११.४°से. रहेको छ। SSP२-४.५ अन्तर्गत ०.७°से.देखि २.२°से.सम्म तथा SSP५-८.५ अन्तर्गत ४.२°से.सम्म वृद्धि हुने अनुमान गरिएको छ। सबै मौसममध्ये प्रि-मनसुनमा न्यूनतम तापक्रमको वृद्धि सबैभन्दा बढी हुने देखिएको छ। यसले गर्मीको मौसम अझ लम्बिनु, माटोको आर्द्रता छिटो घट्नु तथा पानीको माग बढ्नुका साथै वन डढेलोको जोखिम बढाउन सक्छ।

मनसुन याममा आधार न्यूनतम तापक्रम १६.५°से. रहेको छ। SSP२-४.५ अन्तर्गत ०.७°से.देखि १.८°से.सम्म तथा SSP५-८.५ अन्तर्गत ३.३°से.सम्म वृद्धि हुने प्रक्षेपण गरिएको छ। रातिको तापक्रम बढ्दा बालीको वृद्धि, रोग तथा किराको जीवनचक्र, पशुपालन तथा मानव स्वास्थ्यमा असर पर्न सक्छ।

मनसुनपछिको याममा आधार न्यूनतम तापक्रम ९.४°से. रहेको छ। SSP२-४.५ अन्तर्गत ०.६°से.देखि २.१°से.सम्म तथा SSP५-८.५ अन्तर्गत ४.०°से.सम्म वृद्धि हुने अनुमान गरिएको छ। यसले बाली पाक्ने तथा कटानीको अवधिमा तापीय अवस्था परिवर्तन गर्न सक्ने, रोग-किराको सक्रियता बढाउन सक्ने तथा पानीको मागमा वृद्धि गराउन सक्ने सम्भावना छ।

वार्षिक औसत न्यूनतम तापक्रम पनि उल्लेखनीय रूपमा बढ्ने देखिएको छ। आधार अवधिमा वार्षिक न्यूनतम तापक्रम १०.९°से. रहेकोमा SSP२-४.५ अन्तर्गत २०३०, २०५० र २०८० को दशकमा क्रमशः ०.७°से., १.३°से. र २.०°से.ले वृद्धि हुने अनुमान गरिएको छ। त्यस्तै SSP५-८.५ अन्तर्गत वार्षिक न्यूनतम तापक्रम २०३०, २०५० र २०८० को दशकमा क्रमशः ०.८°से., १.६°से. र ३.८°से.ले वृद्धि हुने प्रक्षेपण गरिएको छ। यसले भविष्यमा रातिको तापक्रम निरन्तर बढ्दै जाने, चिसो दिनहरू घट्ने तथा गर्मीको प्रभाव वर्षभरि नै बढ्दै जाने संकेत गर्दछ।

सुनिलस्मृति गाउँपालिकाको सन्दर्भमा न्यूनतम तापक्रममा हुने यस प्रकारको वृद्धिले कृषि प्रणाली, पशुपालन, वन, जलस्रोत तथा जनस्वास्थ्यमा प्रत्यक्ष प्रभाव पार्न सक्छ। रातिको तापक्रम बढ्दा बालीको उत्पादन चक्र, फलफूल तथा तरकारीको गुणस्तर, पशुधनको स्वास्थ्य र रोग-किराको फैलावटमा परिवर्तन आउन सक्छ। साथै, पानीको आवश्यकता बढ्ने, मुहान सुक्ने जोखिम बढ्ने तथा वन डढेलोको सम्भावना पनि वृद्धि हुन सक्छ। त्यसैले जलवायु-अनुकूल कृषि प्रविधि, जलस्रोत संरक्षण, हरित क्षेत्र विस्तार, वन व्यवस्थापन, तापसम्बन्धी स्वास्थ्य जोखिम न्यूनीकरण तथा स्थानीय जलवायु अनुकूलन योजनाको प्रभावकारी कार्यान्वयनलाई प्राथमिकता दिन आवश्यक देखिन्छ।

### २.१.३ सामाजिक अवस्था

### २.१.३.१ जनसंख्याको विवरण

#### क) वडा अनुसार जनसंख्या

यस गाउँपालिकाको राष्ट्रिय जनगणना २०७८ अनुसार ४.५८ जना प्रति घरधुरीको हिसाबले कुल १९७८८ जनसंख्या ४३२० घरधुरीमा रहेका छ। जस अनुसार हालको लैंगिक अनुपात प्रत्येक १०० महिलामा ९६.५० पुरुष रहेको छ।

#### ख) जातजाति आधारमा जनसंख्या

सुनिलस्मृति गाउँपालिकाको जातजातिगत संरचनाअनुसार कुल ३०,३५६ जनसंख्यामध्ये मगर समुदायको जनसंख्या ११,०२६ (३६.३२%) रहेको छ, जसले यस गाउँपालिकामा मगर समुदाय सबैभन्दा ठूलो जातीय समूह रहेको देखाउँछ। त्यसपछि क्षेत्री समुदाय १०,३५७ (३४.१२%) सहित दोस्रो ठूलो समूह रहेको छ। यी दुई समुदायले मात्र कुल जनसंख्याको करिब ७०.४४ प्रतिशत हिस्सा ओगटेका छन्। त्यसैगरी विश्वकर्मा समुदाय ४,१४४ (१३.६५%) सहित तेस्रो ठूलो जातीय समूह हो। सन्यासी/दसनामी १,४३१ (४.७१%), परियार ९१३ (३.०१%), ब्राह्मण (पहाड) ९११ (३.००%), ठकुरी ७७३ (२.५५%), मिजार ४९४ (१.६३%), मुसलमान १८२ (०.६०%) तथा नेवाः (नेवार) १२५ (०.४१%) जनसंख्या रहेका छन्। यस तथ्याङ्कले सुनिलस्मृति गाउँपालिकामा मगर र क्षेत्री समुदायको उल्लेखनीय बहुलता रहेको भए पनि दलित, जनजाति, मुस्लिम तथा अन्य जातीय समुदायहरूको पनि महत्वपूर्ण उपस्थिति रहेको देखिन्छ।

#### ग) धर्मको आधारमा जनसंख्या

सुनिलस्मृति गाउँपालिकाको कुल ३०,६१७ जनसंख्यामध्ये हिन्दु धर्मावलम्बीको संख्या ३०,०७६ (९८.२३%) रहेको छ, जसले यस गाउँपालिकामा हिन्दु धर्मको अत्यधिक बहुलता रहेको देखाउँछ। प्रकृति धर्म मान्ने २५२ (०.८२%), इस्लाम धर्म मान्ने १८५ (०.६०%), क्रिश्चियन धर्म मान्ने ७४ (०.२४%) तथा बौद्ध धर्म मान्ने ३० (०.१०%) जना रहेका छन्। यस तथ्याङ्कले सुनिलस्मृति गाउँपालिका धार्मिक रूपमा मुख्यतः हिन्दु बहुल क्षेत्र भए पनि यहाँ प्रकृति, इस्लाम, क्रिश्चियन तथा बौद्ध धर्मावलम्बीहरूको पनि उपस्थिति रहेको देखिन्छ।

#### घ) शैक्षिक अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार सुनिलस्मृति गाउँपालिकामा ५ वर्ष वा सोभन्दा माथिका २७,३५९ जना जनसंख्या रहेका छन्। तीमध्ये २०,३७१ जना (७४.४६%) पढ्न-लेख्न सक्ने, ६४ जना (०.२३%) पढ्न मात्र सक्ने, ६,९१३ जना (२५.२७%) पढ्न-लेख्न नसक्ने तथा ११ जना (०.०४%) को अवस्था उल्लेख नभएको छ। पुरुषको साक्षरता दर ८४.४२ प्रतिशत रहेको छ भने महिलाको ६६.३० प्रतिशत मात्र रहेकोले लैङ्गिक आधारमा उल्लेखनीय साक्षरता अन्तर देखिन्छ।

वडागत रूपमा हेर्दा वडा नं. ३ मा सबैभन्दा उच्च ८३.५५ प्रतिशत साक्षरता दर रहेको छ भने वडा नं. ८ मा सबैभन्दा न्यून ६३.३४ प्रतिशत साक्षरता दर रहेको छ। वडा नं. १, २, ३, ४ र ६ मा गाउँपालिकाको औसतभन्दा बढी साक्षरता रहेको छ भने वडा नं. ५, ७ र ८ मा औसतभन्दा कम साक्षरता देखिन्छ। विशेषगरी वडा नं. ७ र ८ मा महिला साक्षरता क्रमशः ५७.८८ प्रतिशत र ५३.२० प्रतिशत मात्र भएकाले ती क्षेत्रमा महिला शिक्षा, वयस्क साक्षरता तथा विद्यालय पहुँच अभिवृद्धि गर्ने कार्यक्रमलाई प्राथमिकता दिन आवश्यक देखिन्छ।

### ङ) अपाङ्गताको विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार सुनिलस्मृति गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिहरूको कुल संख्या १,१६६ रहेको छ। तीमध्ये शारीरिक अपाङ्गता भएका व्यक्तिहरू ५१८ (४४.४६%) रहेका छन्, जुन सबैभन्दा ठूलो वर्ग हो। त्यसपछि न्यून दृष्टियुक्त १७६ (१५.११%), न्यून श्रवणशक्ति १०८ (९.२७%), बहुअपाङ्गता ९२ (७.९०%), बहिरोपन ७५ (६.४४%) तथा दृष्टिविहीन ६५ (५.५८%) रहेका छन्। त्यसैगरी मानसिक वा मनोसामाजिक अपाङ्गता भएका ४१ (३.५२%), मनोसामाजिक अपाङ्गता भएका ३४ (२.९२%), बहिरोपन एवं दृष्टिविहीन २३ (१.९७%), अनुवंशीय रक्तश्राव (हेमोफेलिया) भएका २० (१.७२%), बौद्धिक अपाङ्गता भएका ९ (०.७७%) तथा अटिजम् भएका ४ (०.२६%) व्यक्ति रहेका छन्। यस तथ्याङ्कले गाउँपालिकामा शारीरिक, दृष्टि तथा श्रवणसम्बन्धी अपाङ्गताको हिस्सा उल्लेखनीय रहेको देखिन्छ।

**तालिका १३: सुनिलस्मृति गाउँपालिकामा अपाङ्गताको वर्गीकरण आधारमा जनसंख्या**

| **अपाङ्गताको वर्गीकरण** | **जम्मा** | **पुरुष** | **महिला** |
|---|---|---|---|
| शारीरिक अपाङ्गता | ५१८ | २८८ | २३० |
| न्यून दृष्टियुक्त | १७६ | ८७ | ८९ |
| न्यून श्रवणशक्ति | १०९ | ५१ | ५८ |
| बहुअपाङ्गता | ९२ | ४६ | ४६ |
| बहिरोपन | ७५ | ३३ | ४२ |
| दृष्टिविहीन | ६५ | २९ | ३६ |
| मानसिक वा मनोसामाजिक | ४१ | २४ | १७ |
| मनोसामाजिक अपाङ्गता | ३४ | १८ | १६ |
| बहिरोपन एवं दृष्टिविहीन | २३ | ७ | १६ |
| अनुवंशीय रक्तश्राव (हेमोफेलिया) | २० | ३ | १७ |
| बौद्धिक अपाङ्गता | ९ | ४ | ५ |
| अटिजम् | ४ | १ | ३ |
| **जम्मा** | **११६६** | **५९१** | **५७५** |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

### च) पेसा तथा रोजगारीको अवस्था

यस गाउँपालिकाका वासिन्दाहरु गैर-कृषि रोजगारीभन्दा कृषि रोजगारीमा बढी आस्रीत रहेका छन्। कृषिबाहेक व्यापार, थोक तथा खुद्रा व्यापार, वैदेशिक रोजगार, जागिर मुख्य पेशाका रुपमा रहेको छन्। सुनिलस्मृति गाउँपालिकाको कृषि तथा गैर-कृषि रोजगारी अवस्थाको वडागत रूपमा विवरण तालिका १४ मा पेश गरिएको छ।

**तालिका १४: सुनिलस्मृति गाउँपालिकाको व्यवसायको प्रकार आधारमा जनसंख्याको विवरण**

| **व्यवसायको प्रकार** | **वडागत** | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| **कृषि** | ७७.५ | ७०.३ | ६८.८ | ७१.९ | ८८.० | ५९.८ | ७१.५ | ७६.९ |
| **गैरकृषि** | २२.५ | २९.७ | ३१.२ | २८.० | १२.० | ४०.१ | २८.५ | २३.१ |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

सुनिलस्मृति गाउँपालिकाको अर्थतन्त्र मुख्य रूपमा कृषिमा आधारित रहेको देखिन्छ। कुल रोजगारीमध्ये ७३.२ प्रतिशत जनसंख्या कृषि क्षेत्रमा संलग्न छन्, जसले कृषि नै यहाँको प्रमुख जीविकोपार्जनको आधार भएको पुष्टि गर्दछ। यसले गाउँपालिकाको आर्थिक संरचना कृषि उत्पादन, पशुपालन तथा कृषि—आधारित गतिविधिमा केन्द्रित रहेको संकेत गर्दछ।

कृषिपछि थोक व्यापार (८.५%) र निर्माण क्षेत्र (८.०%) रोजगारीका महत्वपूर्ण क्षेत्रका रूपमा रहेका छन्। यसले स्थानीय बजार विस्तार, पूर्वाधार निर्माण तथा व्यापारिक गतिविधिहरू क्रमशः बढ्दै गएको देखाउँछ। त्यसैगरी उत्पादन (२.१%), अन्य सेवा (२.१%), शिक्षा (१.९%), यातायात (१.१%) तथा आवास तथा होटल व्यवसाय (१.०%) मा पनि केही जनसंख्या संलग्न रहेको पाइन्छ।

अन्य क्षेत्रहरू जस्तै सार्वजनिक प्रशासन (०.५%), घरायसी क्रियाकलाप (०.४%), मानव स्वास्थ्य (०.३%), वित्त (०.३%), पेशाविद्, पानी, बिजुली, सूचना तथा सञ्चार, खानी, व्यवस्थापन तथा अन्तर्राष्ट्रिय संघसंस्थासँग सम्बन्धित गतिविधिहरू (प्रत्येक ०.१%) मा संलग्न जनसंख्या अत्यन्त न्यून रहेको छ। घरजग्गा व्यापार, कला तथा मनोरञ्जन तथा उल्लेख नभएको श्रेणीको हिस्सा नगण्य (०.०%) रहेको छ। अन्य व्यवसायको प्रकार र आर्थिक गतिविधिमा सहभागी हुने अवधिका आधारमा सुनिलस्मृति गाउँपालिकाको विवरण तालिका १५ मा पेश गरिएको छ।

**तालिका १५ः सुनिलस्मृति गाउँपालिकाको व्यवसायको प्रकार आधारमा जनसंख्याको विवरण**

| पेशागत समूह | (%) | पेशागत समूह | (%) |
|---|---|---|---|
| कृषि वन र माछापालन कार्यमा दक्ष कामदारहरु | ६९.६ | कारखाना तथा यन्त्र प्रचालक र जडान गर्ने कामदारहरु | १.४ |
| सामान्य वा प्राथमिक पेशाका कामदारहरु | १४.९ | प्राविधिक तथा सहायक पेशाविद्हरू | ०.५ |
| शिल्पकला तथा कारिगरी र यस सम्बन्धी व्यापार गर्ने कामदारहरु | ४.४ | कार्यालय सहायकहरू | ०.४ |
| सेवा तथा वस्तु बिक्री गर्ने कामदारहरु | ३.३ | सशस्त्र बल | ०.१ |
| व्यवस्थापक | ३.१ | उल्लेख नभएको | ०.१ |
| पेशाविद्हरू | २.२ | | |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

यस गाउँपालिकाको ३६.२% जनसंख्या आर्थिक गतिविधिमा सहभागी छैनन् र ४०% जनसंख्या ६ महिनाभन्दा बढी काम गर्ने गर्दछन्।

**तालिका १६ः सुनिलस्मृति गाउँपालिकाको आर्थिक गतिविधिमा सहभागी भएका अवधिका आधारमा जनसंख्याको विवरण**

| आर्थिक गतिविधिमा सहभागी | पुरुष | महिला | कुल |
|---|---|---|---|
| **६ महिनाभन्दा बढी** | ४०.३ | ३३.६ | ३६.६ |
| **कुनै पनि आर्थिक काम नगरेका** | २९.४ | ३०.८ | ३०.१ |

| | | | |
|---|---|---|---|
| **३ - ६ महिना** | १५.५ | १८.३ | १७.१ |
| **३ महिनाभन्दा कम** | १४.८ | १७.२ | १९.३ |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

### २.१.३.२ सुनिलस्मृति गाउँपालिकाको कृषिको अवस्था

सुनिलस्मृति गाउँपालिकामा कुल २,१२७ हेक्टर कृषि क्षेत्र रहेको छ। यसमध्ये ५३२ हेक्टर क्षेत्र मात्र सिंचित रहेको छ, जुन कुल क्षेत्रफलको करिब २५ प्रतिशत हो। यसले गाउँपालिकाको अधिकांश कृषि अझै पनि वर्षामा आधारित रहेको देखाउँछ। कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न सिँचाइ पूर्वाधारको विस्तार, जलस्रोतको संरक्षण, तथा आधुनिक सिँचाइ प्रविधिको प्रयोगलाई प्राथमिकता दिन आवश्यक देखिन्छ।

गाउँपालिकाको करिब ३३.७९ प्रतिशत भूमि खेतीयोग्य रहेको छ र सबै वडामा कृषि कार्य सञ्चालन हुँदै आएको छ। बेँसी क्षेत्रमा उर्वर खेतीयोग्य जमिन उपलब्ध रहेको छ भने पहाडी क्षेत्रमा प्रशस्त वन तथा चरन क्षेत्र भएकाले पशुपालन व्यवसायको राम्रो सम्भावना रहेको छ। यहाँ धान, मकै, गहुँ, कोदो, फापर लगायतका खाद्यान्न बाली, बन्दा, काउली, आलु, प्याज, टमाटर र अदुवा जस्ता तरकारी, साथै ओखर, नास्पाती, सुन्तला, जुनार, कागती लगायतका फलफूल उत्पादन गरिन्छ। दलहनतर्फ मास, गहत र सिमी तथा मसला बालीमध्ये विशेषगरी टिमुरको उत्पादन उल्लेखनीय रहेको छ। पशुपालनमा गाई, भैँसी, भेडा, बाख्रा, कुखुरा र सुँगुर पालन गरिनुका साथै मौरीपालन र माछापालन व्यवसाय विस्तार गर्ने पर्याप्त सम्भावना रहेको छ।

राष्ट्रिय कृषि गणना २०७२ अनुसार सुनिल स्मृति गाउँपालिकामा कृषिमा संलग्न कुल ५,७३३ घरधुरी रहेका छन्, जसमध्ये ५,३९९ (९४.१७ प्रतिशत) घरधुरीले कुनै न कुनै प्रकारको पशुपालन गरेका छन्। यसले गाउँपालिकाका अधिकांश कृषक परिवारको जीविकोपार्जनमा पशुपालन महत्वपूर्ण आधार भएको देखाउँछ।

पशुपालनमध्ये बाख्रा/च्याङ्ग्रा पालन सबैभन्दा बढी प्रचलित रहेको छ। गाउँपालिकाका ४,४८३ घरधुरीमा २४,८७६ वटा बाख्रा/च्याङ्ग्रा पालिएका छन्, जसले स्थानीय आम्दानी, पोषण तथा नगद आय आर्जनमा यसको महत्वपूर्ण योगदान रहेको संकेत गर्दछ।

त्यसैगरी कुखुरापालन पनि अत्यन्त व्यापक रहेको देखिन्छ। ४,२२१ घरधुरीमा ४६,६४७ वटा कुखुरा पालिएका छन्, जुन संख्याका आधारमा सबैभन्दा बढी रहेको पशुपन्छी हो। यसले व्यावसायिक तथा घरायसी दुवै प्रकारका कुखुरापालन गाउँपालिकामा लोकप्रिय रहेको देखाउँछ।

यसका अतिरिक्त ३,४२९ घरधुरीमा ९,०५० वटा गाई तथा २,३३५ घरधुरीमा ४,१३२ वटा भैँसी पालिएका छन्। यसबाट दुग्ध उत्पादन तथा कृषि कार्यमा गाईभैँसीको महत्वपूर्ण भूमिका रहेको स्पष्ट हुन्छ। भेडापालन भने तुलनात्मक रूपमा कम रहेको छ, जहाँ ६११ घरधुरीमा १,८२१ वटा भेडा पालिएका छन्। त्यसैगरी १०१ घरधुरीमा २५२ वटा सुँगुर पालिएको देखिन्छ, जसले सुँगुरपालन सीमित परिवारमा मात्र केन्द्रित रहेको जनाउँछ। अन्य पशु पालिएको विवरण नभए पनि १५० घरधुरीमा ७९३ वटा अन्य चराचुरुङ्गी पालिएको उल्लेख गरिएको छ।

### २.१.३.३ वडा तहमा जनघनत्व

सुनिलस्मृति गाउँपालिकामा सबैभन्दा बढी जनघनत्व वडा नं २ रहेको छ भने सबैभन्दा कम वडा नं ५ रहेको छ। पालिकाको वडा स्तरीय जनघनत्व नक्सा चित्र १६ मा प्रस्तुत गरिएको छ।




**चित्र नं १६ः सुनिलस्मृति गाउँपालिकाको वडा स्तरीय जनघनत्व**

### २.१.३.४ वडा तहमा रहेका सबै प्रकारका निजी भवनहरूको सङ्ख्या र प्रकार

सुनिलस्मृति गाउँपालिकामा घरको जगको प्रकार, घरको बाहिरी भित्ताका लागि प्रयोग भएका सामग्री, भुईंमा प्रयोग भएको सामग्री र घरको छानो बनाउन प्रयोग भएका सामग्रीका आधारमा घरधुरीहरूको विवरण प्रतिशतमा तालिका १७ मा प्रस्तुत गरिएको छ।

**तालिका १७ः सुनिलस्मृति गाउँपालिकामा घरको जगको प्रकार, घरको बाहिरी भित्ताका लागि प्रयोग भएका सामग्री, भुईंमा प्रयोग भएको सामग्री र घरको छानो बनाउन प्रयोग भएका सामग्रीका आधारमा घरधुरीहरूको विवरण**

| **घरको जगको प्रकार** | **(%)** | **बाहिरी भित्तामा प्रयोग भएको सामग्री** | **(%)** | **भुईंमा प्रयोग भएको सामग्री** | **(%)** | **छानोमा प्रयोग भएको सामग्री** | **(%)** |
|---|---|---|---|---|---|---|---|
| **माटोको जोडाई** | ८५.८ | माटोको जोडाई भएको इँटा/ढुङ्गा | ८२.२ | माटो | ८४.९ | जस्ता/टिन/च्यादर | ५६.० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **भएको ईँटा/ढुङ्गा** | | | | | | | |
| **सिमेन्टको जोडाई भएको ईँटा/ढुङ्गा** | १०.६ | सिमेन्टको जोडाई भएको ईँटा/ढुङ्गा | १५.० | सिमेन्ट ढलान | ११.३ | ढुङ्गा/स्लेट | २५.६ |
| **काठ/बाँस को खम्बा गाडेको** | २.५ | बाँसजन्य सामग्री | १.७ | काठको फल्याक/बाँस | २.७ | सिमेन्ट ढलान | १०.२ |
| **ढलान पिल्लर सहितको** | १.० | काठ/फल्याक | ०.८ | ईँटा/ढुङ्गा | ०.६ | खर/पराल/छवाली | ७.८ |
| **अन्य** | ०.१ | जस्ता/टिन/च्यादर | ०.२ | अन्य | ०.३ | टायल/खपडा/झिँगटी | ०.२ |
| | | काचो ईँटा | ०.१ | सेरामिक टायल | ०.२ | अन्य | ०.१ |
| | | अन्य | ०.१ | | | काठ/फल्याक | ०.१ |
| | | प्रिफ्याब | ०.० | | | माटो | ०.० |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

### २.१.३.५ सार्वजनिक भवन तथा संरचनाहरू

सुनिलस्मृति गाउँपालिकामा पालिका भवन, वडा कार्यालयहरू, स्वास्थ्य संस्था, विद्यालय, क्लब, सामुदायिक भवन, रेडक्रस, प्रहरी कार्यालय तथा सहकारी लगायतको सार्वजनिक भवन तथा संरचनाहरू रहेका छन्। पालिकामा रहेका भवन तथा संरचनाको विवरण तालिका १८-१९ गरिएको छ।

**तालिका १८ः सुनिलस्मृति गाउँपालिकामा रहेको सार्वजनिक भवन तथा संरचनाको विवरण**

| विवरण | वडा नं | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| व्यवसायिक क्षेत्र | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | |
| व्यवसायिक क्षेत्र | २ | ५ | ५ | ७ | ३ | ५ | ३ | ६ | ३६ |
| नदी/खोला/सिमसार | ७ | २ | ३ | ४ | ४ | ५ | ७ | ४ | ३६ |
| सामुदायिक वन | ६ | ८ | ८ | ५ | १ | ९ | २ | १ | ४० |
| राष्ट्रिय वन | ० | ० | ० | १ | १ | १ | १ | ० | ४ |
| खानी तथा खनिज क्षेत्र | ० | ० | ० | ० | २ | ० | ० | ० | २ |
| विद्यालय | ८ | ८ | ४ | ४ | ४ | ५ | ५ | ७ | ४५ |
| स्वास्थ्य संस्था | २ | २ | १ | ३ | ४ | २ | २ | ४ | २० |
| सहकारी संस्था | ० | १ | ० | ० | ० | ० | ० | १ | २ |
| सामुदायिक भवन | ० | ० | ० | ० | ० | १ | १ | ३ | ५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **प्रहरी कार्यालय/चौकी** | ० | १ | ० | १ | ० | १ | ० | ० | ३ |
| **क्लब** | ० | ४ | ० | ० | ० | ० | ० | ० | ४ |
| **मसानघाट** | १ | १ | १ | २ | ७ | ५ | ३ | ० | २० |
| **धार्मिक/सांस्कृतिक क्षेत्र** | ५ | ४ | १ | ५ | ५ | ९ | १० | ० | ३९ |

स्रोतः सुनिलस्मृति गाउँपालिकाको भु-उपयोग योजना, २०८२

**तालिका १९ः सुनिलस्मृति गाउँपालिकामा रहेको विद्यालय भवन सम्बन्धि विवरण**

| क्र.सं. | विद्यालयको नाम | वडा नं. | शौचालय | भवन संख्या | कोठा संख्या | बेन्च/डेस्क | टेबल | कुर्सी | दराज |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | जनएकता प्रा.वि. | १ | २ | ३ | ६ | २१ | २ | ५ | २ |
| २ | रामेश्वरी मा.वि. | १ | ६ | ९ | २८ | ९० | १५ | ४० | ५ |
| ३ | शिशु कल्याण प्रा.वि. | १ | १ | १ | ३ | २० | २ | ५ | १ |
| ४ | गगाङ प्रा.वि. | १ | १ | ३ | ९ | १२ | २ | ४ | ३ |
| ५ | देवीभक्त आ.वि. | १ | १ | ३ | १० | ५४ | ३ | २० | २ |
| ६ | तुसारपानी बाल विकास केन्द्र | १ | १ | १ | २ | ५ | १ | २ | १ |
| ७ | नमुना बाल विकास केन्द्र | १ | १ | १ | २ | ५ | १ | २ | १ |
| ८ | घोडागाउँ बोर्डिङ | १ | ‘ | ३ | १८ | ५२ | ‘ | ‘ | ‘ |
| ९ | त्रिपुरेश्वरी मा.वि. | २ | ३ | १० | २० | ८० | ११ | १९ | ४ |
| १० | ज्योतिप्रकाश मा.वि. | २ | २ | ७ | १३ | ९८ | ३ | २५ | ‘ |
| ११ | चतुभुज प्रा.वि. | २ | १ | १ | ३ | २० | ५ | ५ | १ |
| १२ | ज्ञानोदय आ.वि. | २ | २ | ४ | १० | ४५ | १२ | ९ | ३ |
| १३ | दिपेन्द्र प्रा.वि. | २ | १ | २ | ‘ | १० | २ | ७ | २ |
| १४ | कालिका प्रा.वि. | २ | १ | ३ | ९ | ‘ | ४ | १८ | २ |
| १५ | हृदयेश्वरी आ.वि. | २ | ३ | ४ | ‘ | ९२ | ३ | ९ | १ |
| १६ | सरस्वती प्रा.वि. | २ | ‘ | २ | ‘ | ११ | १ | ५ | २ |
| १७ | रामज्योति प्रा.वि. | २ | २ | ३ | १० | २० | २ | ५ | १ |
| १८ | ज्ञान मन्दिर विद्या गृह | २ | २ | ‘ | २२ | ८५ | २ | १ | १ |
| १९ | चन्द्रप्रभा मा.वि. | ३ | ४ | ६ | १९ | १०५ | ६ | १८ | ६ |
| २० | सरस्वती प्रा.वि. | ३ | २ | ४ | ८ | १५ | २ | १० | १ |
| २१ | गोपीतारा प्रा.वि. | ३ | १ | १ | ३ | १५ | २ | १० | १ |
| २२ | विमदपुञ्ज प्रा.वि. | ३ | १ | १ | ३ | १५ | २ | १० | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २३ | न्यू डन इङ्लिस बोर्डिङ स्कुल | ३ | २ | १ | १२ | १६ | १ | ८ | १ |
| २४ | रोल्पा सनलाइट इङ्लिस बोर्डिङ स्कुल | ३ | ५ | ‘ | १५ | २० | ४ | १० | २ |
| २५ | सूर्योदय मा.वि. | ४ | २ | ४ | ९ | १८२ | ६ | २१ | ४ |
| २६ | जनता आ.वि. | ४ | १ | १ | ७ | ४४ | ३ | ११ | १ |
| २७ | सरस्वती प्रा.वि. | ४ | १ | १ | ३ | २० | २ | १० | १ |
| २८ | बराहक्षेत्र प्रा.वि. | ४ | १ | १ | ३ | १३ | २ | १० | १ |
| २९ | जलजला बोर्डिङ स्कुल | ४ | २ | ४ | १९ | ६५ | ५ | २२ | २ |
| ३० | सूर्योदय आ.वि. | ५ | २ | ३ | १२ | ५५ | २ | १० | २ |
| ३१ | बालबोध प्रा.वि. | ५ | २ | २ | ७ | ८ | २ | १ | १ |
| ३२ | जीवनोद्धार प्रा.वि. | ५ | १ | ३ | ‘ | ४५ | ४ | २२ | ३ |
| ३३ | उदय प्रा.वि. | ५ | १ | २ | ६ | २२ | २ | १२ | ३ |
| ३४ | चन्द्रज्योति बाल विकास केन्द्र | ५ | १ | २ | ३ | १० | २ | ४ | १ |
| ३५ | जनज्योति मा.वि. | ६ | १० | ७ | ३० | ८० | १७ | १७४ | २१ |
| ३६ | सरस्वती प्रा.वि. | ६ | १ | २ | ७ | ५९ | ३ | २२ | ३ |
| ३७ | जनकल्याण आधारभूत विद्यालय | ६ | १ | ३ | १० | ७० | २ | २ | १ |
| ३८ | जनोद्धार प्रा.वि. | ६ | २ | १ | ७ | ‘ | ६ | २५ | ‘ |
| ३९ | शिशु कल्याण प्रा.वि. | ६ | १ | २ | ‘ | २० | २ | १२ | २ |
| ४० | ने.रा.मा.वि. तेवाङ | ७ | ३ | ४ | ११ | ९० | २ | ५ | १ |
| ४१ | लिस्ने बाल प्रा.वि. | ७ | १ | १ | ३ | २५ | २ | १२ | २ |
| ४२ | नव नमुना प्रा.वि. | ७ | १ | २ | २० | १ | ५ | १ | ‘ |
| ४३ | शिवालय प्रा.वि. | ७ | २ | ३ | १० | ५१ | २ | १३ | ३ |
| ४४ | जनप्रिय नमुना प्रा.वि. | ७ | १ | १ | ३ | १० | २ | १ | १ |
| ४५ | ने.रा.मा.वि. अरेस | ८ | १ | ६ | २१ | १४० | १० | ३० | ५ |
| ४६ | लिस्ने प्रा.वि. (अफ्ले) | ८ | १ | २ | ७ | ६४ | २ | १० | १ |
| ४७ | श्री बालकल्याण प्रा.वि. धाराखर्क | ८ | १ | १ | ४ | २८ | २ | ४ | १ |
| ४८ | जन ज्योति प्रा.वि. | ८ | १ | १ | ‘ | १० | २ | ४ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **४९** | श्री जनता प्रा.वि. (चित्रे) | ८ | १ | १ | ३ | १० | २ | १ | १ |
| **५०** | नमुना प्रा.वि. (फूलधारा) | ८ | १ | २ | ६ | २२ | १ | ८ | १ |

स्रोतः सुनिलस्मृति गाउँपालिकाको पार्श्वचित्र २०७५

सुनिलस्मृति गाउँपालिकाको स्वास्थ्य सेवा गाउँपालिकाभित्र रहेका स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य एकाइ तथा गाउँघर क्लिनिकहरू मार्फत प्रवाह भइरहेको छ। उपलब्ध वडा विवरणअनुसार गाउँपालिकामा २० वटा स्वास्थ्य संस्था रहेका छन्, जसले स्थानीय नागरिकलाई आधारभूत तथा प्राथमिक स्वास्थ्य सेवा उपलब्ध गराइरहेका छन्। यी संस्थाहरूबाट सामान्य रोगको उपचार, मातृ तथा शिशु स्वास्थ्य सेवा, गर्भवती तथा सुत्केरी सेवा, नियमित तथा पूर्ण खोप कार्यक्रम, परिवार नियोजन, पोषण कार्यक्रम, स्वास्थ्य परामर्श, संक्रामक तथा नसर्ने रोगको रोकथाम, औषधि वितरण, स्वास्थ्य शिक्षा तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिन्छ।

**तालिका २०: सुनिलस्मृति गाउँपालिकामा रहेको स्वास्थ्य संस्थाको विवरण**

| **वडा नं.** | **स्वास्थ्य संस्थाको संख्या** | **स्वास्थ्य संस्थाको विवरण** |
|---|---|---|
| **१** | २ | १. घोडागाउँ स्वास्थ्य चौकी २. सामुदायिक स्वास्थ्य एकाइ केन्द्र (थुम्पाकी) |
| **२** | २ | १. खुंग्री स्वास्थ्य चौकी २. सामुदायिक स्वास्थ्य एकाइ केन्द्र (गोगनपानी) |
| **३** | १ | १. आधारभूत स्वास्थ्य चौकी (पोखरा डाँडा) |
| **४** | २ | १. सुलिचौर स्वास्थ्य चौकी २. बागमा गाउँघर क्लिनिक ३. कोइरालखर्क गाउँघर क्लिनिक (यदि गाउँघर क्लिनिकलाई स्वास्थ्य संस्था मान्ने हो भने जम्मा ३) |
| **५** | ४ | १. आधारभूत स्वास्थ्य सेवा केन्द्र (किमीचौर) २. रिझा गाउँघर क्लिनिक ३. मन्धा गाउँघर क्लिनिक ४. सामुदायिक स्वास्थ्य एकाइ केन्द्र (क्वाली गाउँ) |
| **६** | २ | १. गजुरी स्वास्थ्य चौकी २. पानीपोखरा गाउँघर क्लिनिक |
| **७** | २ | १. तेबाङ स्वास्थ्य चौकी २. चनिगारे गाउँघर क्लिनिक |
| **८** | ३ | १. अरेस स्वास्थ्य चौकी २. चिम्ने गाउँघर क्लिनिक ३. अफ्ले गाउँघर क्लिनिक ४. गुराँसे गाउँघर क्लिनिक (यदि सबै गाउँघर क्लिनिक समावेश गर्ने हो भने जम्मा ४) |

स्रोतः सुनिलस्मृति गाउँपालिकाको पार्श्वचित्र २०७५

### २.१.३.६ सार्वजनिक सेवा सुविधा

#### क) खानेपानीको स्रोत

गाउँपालिकामा उपलब्ध पिउने पानीको स्रोतहरु बोतल वा जार, धारा/पाइपबाट (घरमै), धारा/पाइपबाट (घरबाहिर), ढुङ्गेधारा पानी, छेकिएको इनार/कुवा नछेकिएको इनार/कुवा, ट्युवेल/ह्याण्डपम्प, खोला/नदी

रहेका छन् र यी पिउने पानीको स्रोतहरुमा आस्रित गाउँपालिकाको जनसङ्ख्याको विवरण तालिकामा ४० देखाईएको छ। सुनिलस्मृति गाउँपालिकामा अधिकांश घरधुरी (४९.८%) ले आफ्नै घरपरिसरभित्र जडान गरिएको धारा वा पाइपमार्फत पिउने पानी प्राप्त गर्ने गरेका छन्। त्यस्तै, ४५.० प्रतिशत घरधुरीले घरपरिसर बाहिर रहेको धारा वा पाइपको प्रयोग गर्ने गरेका छन्। यसले गाउँपालिकाका अधिकांश घरधुरीमा पाइपयुक्त खानेपानी सेवाको पहुँच रहेको देखाउँछ। यसैगरी, २.६ प्रतिशत घरधुरीले मूलधाराको पानी प्रयोग गर्ने गरेका छन् भने १.३ प्रतिशत घरधुरी खुला इनार वा कुवामा निर्भर रहेका छन्। खोला वा झरनाको पानी प्रयोग गर्ने घरधुरी १.० प्रतिशत रहेका छन् भने ढाकिएको इनार वा कुवाको प्रयोग गर्ने घरधुरी ०.३ प्रतिशत मात्र छन्। अन्य स्रोतबाट पिउने पानी प्रयोग गर्ने घरधुरी ०.१ प्रतिशत रहेका छन्। जार/बोतल तथा ट्युबवेल/हाते पम्पको प्रयोग नगण्य (०.०%) रहेको देखिन्छ। समग्रमा, सुनिलस्मृति गाउँपालिकामा करिब ९४.८ प्रतिशत घरधुरीले धारा वा पाइपमार्फत पिउने पानी प्राप्त गर्ने गरेका छन्, जसले सुरक्षित खानेपानी सेवाको पहुँच राम्रो रहेको संकेत गर्दछ। तथापि, करिब ५.२ प्रतिशत घरधुरी अझै पनि मूलधारा, इनार, कुवा तथा खोला-झरना जस्ता वैकल्पिक स्रोतमा निर्भर रहेका छन्।

**तालिका २१ः सुनिलस्मृति गाउँपालिकामा उपलब्ध पिउने पानीको स्रोतहरुमा आस्रित जनसङ्ख्याको विवरण**

| पिउने पानीको स्रोत | (%) | पिउने पानीको स्रोत | (%) | पिउने पानीको स्रोत | (%) |
|---|---|---|---|---|---|
| धारा/पाइप (घरपरिसर भित्र) | ४९.८ | खुला इनार/कुवा | १.३ | अन्य | ०.१ |
| धारा/पाइप(घरपरिसर बाहिर) | ४५.० | खोला/झरना | १.० | जार/बोतल | ०.० |
| मूल धारा | २.६ | ढाकिएको इनार/कुवा | ०.३ | ट्युबवेल/हाते पम्प | ०.० |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

**ख) शौचालय प्रयोगको अवस्था**

सुनिलस्मृति गाउँपालिकाका अधिकांश घरधुरी (८७.२%) मा सेप्टिक ट्याङ्कसहितको फ्लस शौचालय रहेको छ, जसले गाउँपालिकामा सुरक्षित सरसफाइ सुविधाको पहुँच राम्रो रहेको संकेत गर्दछ। त्यस्तै, ४.२ प्रतिशत घरधुरी सार्वजनिक ढल प्रणालीमा जोडिएको फ्लस शौचालय प्रयोग गर्ने गरेका छन्। यसरी हेर्दा कुल ९१.४ प्रतिशत घरधुरीले फ्लसयुक्त शौचालय प्रयोग गर्ने गरेका छन्, जुन सरसफाइ तथा सार्वजनिक स्वास्थ्यका दृष्टिले सकारात्मक अवस्था हो। यद्यपि, ४.६ प्रतिशत घरधुरी अझै साधारण शौचालयमा निर्भर रहेका छन् भने ३.८ प्रतिशत घरधुरीमा कुनै पनि प्रकारको चर्पी नभएको देखिन्छ। साथै, ०.२ प्रतिशतले सार्वजनिक शौचालय प्रयोग गर्ने गरेका छन्। यी तथ्याङ्कले गाउँपालिकाले खुला दिसामुक्त अवस्थालाई दिगो बनाउन तथा सबै घरधुरीमा सुरक्षित शौचालयको पहुँच सुनिश्चित गर्न थप पूर्वाधार विकास, जनचेतना अभिवृद्धि र सरसफाइ कार्यक्रमलाई निरन्तरता दिनुपर्ने आवश्यकता रहेको देखाउँछन्। समग्रमा, सुनिलस्मृति गाउँपालिकामा शौचालयको पहुँच सन्तोषजनक भए पनि बाँकी घरधुरीलाई सुरक्षित सरसफाइ सेवामा समेट्नु अझै चुनौतीका रूपमा रहेको छ। शौचालय सुविधा तथा शौचालय प्रयोग गर्ने घरधुरीहरूका अनुसार गाउँपालिकामा रहेका घरधुरीको विवरण तालिका २२ र २३ मा प्रस्तुत गरिएको छ।

**तालिका २२ः सुनिलस्मृति गाउँपालिकामा रहेका घरधुरीको शौचालय सुविधा अनुसार विवरण**

| शौचालयको प्रकार | (%) |
|---|---|
| फ्लस भएको (सेप्टिक ट्याङ्क) | ८७.२ |

| | |
|---|---|
| साधारण | ४.६ |
| फ्लस भएको (सार्वजनिक ढल) | ४.२ |
| चर्पी नभएको | ३.८ |
| सार्वजनिक | ०.२ |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

**तालिका २३ः सुनिलस्मृति गाउँपालिकामा शौचालय प्रयोग गर्ने घरधुरीहरूको विवरण**

| **शौचालय प्रयोग गर्ने घरधुरीहरूको विवरण** | **वडा नं** | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **१** | **२** | **३** | **४** | **५** | **६** | **७** | **८** |
| **घरधुरी संख्या अनुसार (%)** | ९८.४ | ९९.९ | ९७.९ | ९९.१ | ९२.४ | ९८.२ | ९३.६ | ८८.३ |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

## २.१.३.७ भौतिक पूर्वाधारको अवस्था

### क) सडक सञ्जाल

सुनिलस्मृति गाउँपालिकाले सुरक्षित, दिगो, पहुँचयोग्य तथा आर्थिक विकासलाई टेवा पुऱ्याउने सडक तथा यातायात प्रणाली विकास गर्ने उद्देश्यले सुनिलस्मृति गाउँपालिकाको यातायात गुरु योजना २०२४ (MTMP) तयार गरेको छ। योजनाले गाउँपालिकाभित्रका सबै वडा, बस्ती, सेवा केन्द्र, कृषि उत्पादन क्षेत्र, शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा बजार केन्द्रलाई गुणस्तरीय सडक सञ्जालमार्फत जोड्ने दीर्घकालीन मार्गचित्र प्रस्तुत गरेको छ। योजनाअनुसार गाउँपालिकाभित्र कुल ४१७.७१ कि.मि. सडक सञ्जाल रहेको छ, जसमा २२.४८ कि.मि. (५.३८%) राष्ट्रिय राजमार्ग, ७३.५७ कि.मि. (१७.६१%) जिल्ला सडक तथा ३२१.६६ कि.मि. (७७.०१%) गाउँपालिका सडक रहेका छन्।

कुल सडकमध्ये २३.६७ कि.मि. (५.६७%) मात्र कालोपत्रे, ०.५८ कि.मि. (०.१४%) RCC/PCC, ३३९.८१ कि.मि. (८१.३५%) कच्ची (Earthen) तथा ५३.६५ कि.मि. (१२.८४%) नयाँ निर्माण गर्नुपर्ने सडक रहेका छन्। अधिकांश सडक कच्ची भएकाले वर्षायाममा हिलो, पहिरो, भूक्षय तथा सडक अवरोधका कारण यातायात सञ्चालन र सेवा प्रवाहमा कठिनाइ हुने गरेको छ। सुनिलस्मृति गाउँपालिकाको यातायात गुरु योजनाअनुसार सडकमा सञ्चालन हुने सवारीसाधनमध्ये मोटरसाइकलको प्रभुत्व रहेको छ, जसले कुल सवारी आवागमनको ६१% हिस्सा ओगटेको छ। त्यसपछि युटिलिटी तथा फोर–ह्विल ड्राइभ (४WD) सवारीसाधन १३%, निजी जिप तथा कार ८%, ट्रक ६%, बस ५%, ट्र्याक्टर ४% तथा मोटरयुक्त तीनपाङ्ग्रे सवारी ३% रहेका छन्। यसबाट गाउँपालिकामा व्यक्तिगत तथा साना सवारीसाधनमा आधारित यातायात प्रणालीको बाहुल्यता रहेको देखिन्छ भने सार्वजनिक यातायातको हिस्सा अपेक्षाकृत न्यून रहेको स्पष्ट हुन्छ।

राष्ट्रिय जनगणना, २०२१ अनुसार गाउँपालिकाका ६,७४९ घरपरिवार (९६.२९%) सँग कुनै पनि प्रकारको सवारीसाधन छैन। सवारीसाधन स्वामित्व भएका घरपरिवारमध्ये १९५ घरपरिवार (२.७८%) सँग मोटरसाइकल, ३४ घरपरिवार (०.४९%) सँग कार/जिप/भ्यान, २० घरपरिवार (०.२९%) सँग साइकल तथा ११ घरपरिवार (०.१६%) सँग अन्य प्रकारका सवारीसाधन रहेका छन्। यस तथ्याङ्कले अधिकांश नागरिक अझै पनि पैदल हिँडाइ वा सार्वजनिक तथा साझा यातायात सेवामा निर्भर रहेको देखाउँछ।

### ख) सिंचाई

सुनिलस्मृति गाउँपालिकामा कुल ४३ वटा सिँचाइ योजना सञ्चालनमा रहेका छन्, जसबाट २,७६५.४ हेक्टर कृषि भूमि सिँचित हुँदै आएको छ भने ३,०१२ घरधुरी प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्। अधिकांश सिँचाइ योजनाहरू स्थानीय खोला, खोल्सा तथा प्राकृतिक मुहानमा आधारित छन्। वडा नं. ५ को मनगार सिँचाइ योजना (५५५ हेक्टर) सबैभन्दा ठूलो सिँचाइ आयोजना हो भने वडा नं. ६ मा रहेका धनुवा खोला, सीम खोला तथा खुमेल गाउँ सिँचाइ योजना ले पनि ठूलो क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध गराएका छन्। वडा नं. १ को विकासी कुलो ले मात्र ३६५ हेक्टर जमिनमा सिँचाइ सुविधा पुर्‍याई ४२० घरधुरीलाई लाभान्वित गरेको छ। समग्रमा, गाउँपालिकामा कृषि उत्पादन वृद्धि, बहुखेती प्रणालीको विकास तथा किसानको आय अभिवृद्धिमा यी सिँचाइ योजनाहरूले महत्वपूर्ण योगदान पुर्‍याएका छन्।

**तालिका २४: सिंचाई सुविधाको उपलब्धता**

| क.सं. | सिँचाइ योजनाको नाम | वडा नं. | स्रोत/मुहान | टोल/गाउँ | सिँचित क्षेत्रफल (हे.) | लाभान्वित घरधुरी |
|---|---|---|---|---|---|---|
| १ | विकासी कुलो | १ | घोडा खोला | | ३६५ | ४२० |
| २ | कलङ्ग खोला | १ | कलङ्ग खोला | | १० | ४० |
| ३ | धाम्पा खोला सिँचाइ | २ | धाम्पा खोला | हरिगाउँ | ५५ | १५२ |
| ४ | माडी खोला सिँचाइ | २ | माडी खोला | हरिगाउँ | ३५ | ८० |
| ५ | खुङ्ग खोला सिँचाइ | २ | खुङ्ग खोला | खुङ्ग्री | १०० | ३३० |
| ६ | फर्साचौर सिँचाइ | ३ | गजुल खोला | धौलाङ, फर्साचौर | २० | ९० |
| ७ | दाइबाङ—रोहबाङ सिँचाइ | ३ | खारा खोला | दाइबाङ, रोहबाङ | २५ | १०० |
| ८ | खारा पाइपलाइन | ३ | खारा खोला | खारा | १५ | १३५ |
| ९ | सानो लिबाङ | ३ | मोबा | सानो लिबाङ | ६ | २५ |
| १० | बनकला कोंग्रिया | ३ | बनकला खोला | खेत | १२ | ४० |
| ११ | ताप्ले पानी सिँचाइ | ३ | ताप्ले पानी | ओखरी | ‘ | ‘ |
| १२ | अरेस खोला बाग्मा सिँचाइ | ४ | अरेस खोला | बाग्मा | १३० | १८० |
| १३ | हलहल खोला राम्चे सिँचाइ | ४ | हलहल खोला | कोइरालाखर्क | ५.१ | ४० |
| १४ | खड्गा खेत सिँचाइ | ४ | खड्गाखेत मूल | कोइरालाखर्क | ७.६ | ४० |
| १५ | पानी चाहार खोला सिँचाइ | ४ | पानी चाहार खोला | बाहेखोला | ३.१ | १५ |
| १६ | लुङ्ग्री खोला सिँचाइ | ४ | लुङ्ग्री खोला | लुङ्ग्री | १२.७ | ४५ |
| १७ | अरेस खोला धनमुडा सिँचाइ | ४ | अरेस खोला | धनमुडा | ३ | २५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८ | कोहलाबाङ झाँक्रीथान | ४ | अरेस खोला | झाँक्री खोला | २ | ३५ |
| १९ | गजुल खोला सिँचाइ | ४ | गजुल खोला | साधकुना—सुलिचौर | ०.९ | १२ |
| २० | साथीमुरै—बाँझघाट—छिर्ने | ४ | अरेस खोला | बाँझघाट | १८ | ६१ |
| २१ | लाम्पा खोला छिर्ने | ४ | लाम्पा खोला | छिर्ने | २८ | ६४ |
| २२ | देउखुरी खोला सिम्ले सिँचाइ | ४ | देउखुरी खोला | सिम्ले | १ | १४ |
| २३ | मनगार सिँचाइ योजना | ५ | गजुल खोला | काभ्रा | ५५५ | १३७ |
| २४ | काट्ने सिँचाइ योजना | ५ | सुखा खोला | काट्ने | ‘ | ४० |
| २५ | फुलिबाङ | ५ | फुलिबाङ खोला | फुलिबाङ | ‘ | ४० |
| २६ | साल्लीबाङ सिँचाइ योजना | ५ | पोबाङ खोला | साल्लीबाङ | ‘ | १० |
| २७ | डाँडागाउँ सिँचाइ योजना | ५ | धुम खोला | डाँडागाउँ | ‘ | १७ |
| २८ | सीम खोला आरुखारा | ६ | सीम खोला | पातिहाल्न—पानीपोखरा | ३९० | १८० |
| २९ | सीम खोला खरेखोला | ६ | खरेखोला | पानीपोखरा | २० | ४० |
| ३० | झ्याउ खोला दिही | ६ | झ्याउ खोला | दिही—स्याला | २५० | ५० |
| ३१ | धनुवा खोला | ६ | धनुवा खोला | दलङ्गा | ४०० | ९० |
| ३२ | खुमेल गाउँ सिँचाइ | ६ | खुमेल खोला | दलङ्गा | २०० | ६० |
| ३३ | जुकेना सिँचाइ कुलो | ६ | ‘ | ‘ | १२ | १२ |
| ३४ | चौदेला खोला | ६ | स्याल पानी | पानीपोखरा | २० | १५ |
| ३५ | धारापानी सिँचाइ योजना | ७ | धारापानी | भिझिनबाङ | १ | ६० |
| ३६ | दामखोला लाखुरी सिँचाइ | ७ | दामखोला | अमिलचौर—खोरबाङ | २ | ८० |
| ३७ | तल्लो जुतुङ खोला | ७ | जुतुङ खोला | तल्लो जुतुङ | १.५ | २५ |
| ३८ | चिच्का खोला सिँचाइ | ७ | चिच्का खोला | चिच्का खोला | १ | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३९ | निरही भिङ्ग्रीपाटी सिँचाइ | ७ | दोखोला | निरही भिङ्ग्रीपाटी | २ | १५ |
| ४० | सातमुले राजुपाटा सिँचाइ | ८ | सातमुले | ठूलोगाउँ | १२.७ | ३८ |
| ४१ | सुडगुरे सिँचाइ योजना | ८ | ठूला खोला | छिपछिपे | २ | ५० |
| ४२ | दोड्गा खोला सिँचाइ | ८ | दोड्गा खोला | चिन्ने | २६.५ | ४० |
| ४३ | अरेस खोला सिँचाइ कुलो | ८ | अरेस खोला | अरेस | १५.३ | ६० |

स्रोतः सुनिल स्मृति गाउँपालिकाको पार्श्वचित्र २०७५

### २.१.३.८ इन्धनको स्रोत

जनगणना २०७८को तथ्याङ्कअनुसार सुनिलस्मृति गाउँपालिकाका अधिकांश घरधुरी (८८.९%) ले बत्ती बाल्नका लागि बिजुलीलाई मुख्य ऊर्जाको स्रोतका रूपमा प्रयोग गर्ने गरेका छन्। यसले गाउँपालिकामा विद्युतीकरणको पहुँच उल्लेखनीय रूपमा विस्तार भएको र अधिकांश घरधुरी राष्ट्रिय विद्युत् प्रणाली वा अन्य विद्युत् सेवामा आबद्ध रहेको देखाउँछ।

त्यसैगरी, ९.४ प्रतिशत घरधुरीले सोलार/सौर्य ऊर्जा प्रयोग गर्ने गरेका छन्। यसले विशेष गरी राष्ट्रिय विद्युत् सेवाको पहुँच सीमित भएका वा दुर्गम क्षेत्रमा वैकल्पिक तथा नवीकरणीय ऊर्जाको प्रयोग भइरहेको संकेत गर्दछ। १.४ प्रतिशत घरधुरीले अन्य स्रोत प्रयोग गर्ने गरेका छन् भने ०.२ प्रतिशत घरधुरी अझै पनि मट्टीतेलमा निर्भर रहेका छन्। बायोग्यासबाट बत्ती बाल्ने घरधुरीको संख्या अत्यन्त न्यून (०.०१%) रहेको छ।

**तालिका २५ : बत्तिका लागि उर्जाको श्रोत**

| ऊर्जा स्रोत | प्रतिशत (%) | अवस्था |
|---|---|---|
| विद्युत | ८८.९ | अधिकांश घरधुरीमा राष्ट्रिय विद्युत पहुँच |
| सौर्य ऊर्जा | ९.४ | दुर्गम तथा विद्युतको पहुँच सीमित भएका क्षेत्रमा प्रयोग |
| अन्य स्रोत | १.४ | वैकल्पिक ऊर्जा स्रोत |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

त्यसैगरी, सुनिलस्मृति गाउँपालिकाका अधिकांश घरधुरी (८९.०%) ले काठ/दाउरालाई खाना पकाउने प्रमुख इन्धनका रूपमा प्रयोग गर्ने गरेका छन्। यसले गाउँपालिकामा परम्परागत जैविक इन्धनमा अत्यधिक निर्भरता रहेको देखाउँछ। यस्ता इन्धनको प्रयोगले वन स्रोतमा दबाब बढ्नुका साथै घरभित्रको वायु प्रदूषण, स्वास्थ्य समस्या तथा वातावरणीय असरसमेत निम्त्याउन सक्छ। पालिकामा १०.६ प्रतिशत घरधुरीले एल.पी. ग्यास प्रयोग गर्ने गरेका छन्, जसले तुलनात्मक रूपमा स्वच्छ र आधुनिक इन्धनको प्रयोग क्रमशः विस्तार हुँदै गएको संकेत गर्दछ। बिजुली, मट्टीतेल, बायोग्यास तथा अन्य इन्धनको प्रयोग गर्ने घरधुरी प्रत्येक ०.१ प्रतिशत मात्र रहेका छन् भने गुइँठा/गोरहा प्रयोग नगण्य (०.०%) रहेको छ।

**तालिका २६ : खाना पकाउने इन्धनको प्रकार**

| इन्धनको प्रकार | प्रतिशत (%) |
|---|---|
| दाउरा | ८९.० |
| एल.पी. ग्यास (LPG) | १०.६ |
| विद्युत | ०.१ |
| मट्टितेल | ०.१ |
| बायोग्यास | ०.१ |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

समग्रमा, सुनिलस्मृति गाउँपालिकामा खाना पकाउन परम्परागत इन्धनको प्रयोग अत्यधिक रहेको देखिन्छ। यसले स्वच्छ ऊर्जाको पहुँच र प्रयोग अझै सीमित रहेको संकेत गर्दछ। त्यसैले एल.पी. ग्यास, विद्युतीय चुलो, बायोग्यास तथा अन्य स्वच्छ र नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने नीति तथा कार्यक्रम आवश्यक देखिन्छ।

## २.२ प्रकोप, सम्मुखता, सङ्कटासन्नता, क्षमता र जोखिमको विश्लेषण

सुनिलस्मृति गाउँपालिकाको जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन योजना तयारीका क्रममा वडा स्तरीय प्रकोप स्तरीकरण, सहभागितामूलक जोखिम तथा सङ्कटासन्नता लेखाजोखा, ऐतिहासिक विपद् घटनाक्रम, प्रकोप नक्साङ्कन, स्थानीय समुदायसँगको अन्तरक्रिया तथा उपलब्ध तथ्याङ्कहरूको विश्लेषणका आधारमा गाउँपालिकाका सबै ८ वटा वडामा विद्यमान जलवायुजन्य तथा गैर-जलवायुजन्य प्रकोपहरूको पहिचान, जोखिमको स्तर निर्धारण, संवेदनशीलता तथा स्थानीय क्षमताको मूल्याङ्कन गरिएको छ। यस प्रक्रियाले गाउँपालिकाको समग्र जोखिम अवस्था, प्रभावित क्षेत्र, जोखिमयुक्त बस्ती, सम्भावित क्षति तथा अनुकूलन र विपद् जोखिम न्यूनीकरणका प्राथमिकताहरू स्पष्ट रूपमा निर्धारण गर्न महत्वपूर्ण आधार प्रदान गरेको छ।

- गाउँपालिकामा निर्माण तथा कार्यान्वयन भएका विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) र स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजनाको विश्लेषण।
- गाउँपालिकामा विद्यमान प्रमुख प्रकोपहरूको पहिचान, जोखिम स्तरीकरण तथा प्रभाव विश्लेषण।
- विगतका वर्षहरूमा घटेका विपद् घटनाहरूको ऐतिहासिक विवरण, क्षति तथा प्रभावका आधारमा गरिएको विश्लेषण।
- स्थानीय तह तथा वडा स्तरमा रहेका प्रमुख जोखिम, संवेदनशीलता र समस्याहरूको विश्लेषण।
- विभिन्न वडाहरूको सामाजिक, आर्थिक, शैक्षिक तथा जीविकोपार्जन अवस्थाको विश्लेषण।
- विभिन्न प्रकोप पात्रो, मौसमी पात्रो तथा बाली पात्रोको विश्लेषण गरी जोखिमको मौसमी प्रवृत्ति तथा प्रभावको अध्ययन।
- विभिन्न वडाहरूमा उपलब्ध स्थानीय ज्ञान, सीप, क्षमता, परम्परागत अभ्यास तथा प्रविधिको विश्लेषण।
- स्थानीय स्तरमा कार्यरत सरकारी, गैरसरकारी, सामुदायिक तथा अन्य संघ-संस्थाहरूको अनुकूलन तथा विपद् व्यवस्थापनमा रहेको भूमिका, स्रोत-साधन र संस्थागत क्षमताको विश्लेषण।

### २.२.१ प्रकोप विश्लेषण र लक्षित प्रकोप निर्धारण

### २.२.१.१ प्रकोप विश्लेषण

**क) ऐतिहासिक प्रकोप तथ्याङ्क**

सुनिलस्मृति गाउँपालिकामा विगतमा घटेका विभिन्न प्रकोपका घटनाक्रमहरूको प्रकृति र प्रभाव विश्लेषण गर्न विगत ३० वर्ष भन्दा अघिदेखि हालसम्मको प्रकोप तथा विपद्, त्यसले परेको प्रभाव, प्रभावित समुदाय र त्यससँग जुध्न समुदाय तथा संघसंस्थाले गरेका प्रयासहरूका साथै सो प्रकोपको असरहरूको भविष्यको परिदृष्यको बारेमा वडा स्तरमा जनप्रतिनिधिहरू, जेष्ठ नागरिक, बुद्धिजीवी तथा जानिफकारहरूको उपस्थितिमा समग्र विश्लेषण गरी संकटासन्नताको समग्र अवस्था चित्रण गरिएको थियो जसको विवरण **अनुसूची १** मा उल्लेख गरिएको छ।

**ख) प्रकोपले ल्याउने समस्या र कारक विश्लेषण**

समग्र प्रकोप स्तरीकरण गर्दा भूकम्प, पहिरो, आगलागी, बाढी तथा नदी कटान, खडेरी तथा मुहान सुक्ने, कृषि रोग तथा किरा, पशु रोग, वन्यजन्तु आतंक, सडक दुर्घटना, विधुतीय दुर्घटना, चटयाङ, हावाहुरी, असिना, वन डढेलो, महामारी, मिचाहा झार तथा खण्डवृष्टि जोखिमका रूपमा देखिएका छन्, जसको बढी असर कृषि र वनमा, त्यसपछि क्रमशः पशुपालन, वन्यजन्तु, जमिन र खानेपानीमा परेको छ। साथै जलवायु परिवर्तनको असर सबै वर्ग, क्षेत्र र समुदायमा समान रूपमा नपरी अनुकूलन क्षमता बढी भएकाहरूमा प्रभाव न्यून हुने देखिएको छ, त्यसैले कार्यढाँचा निर्माणको चरणदेखि नै प्रतिनिधितमुलक समावेशीतालाई सुनिश्चित गरी लक्षित वर्गलाई प्राथमिकता दिँदै उनीहरूको हैसियत सुधार हुने, जीविकोपार्जनमा टेवा पुग्ने र प्रत्यक्ष लाभ हुने खालका सचेतीकरण तथा कार्यक्रमहरू तयार गरिएको छ। सुनिलस्मृति गाउँपालिकामा विगतमा घटेका विभिन्न प्रकोपले परेको मुख्य समस्या तथा असरहरूको पहिचान गरि प्रकोप विपद् हुन सक्ने कारक तत्वहरुको विश्लेषण गरी तालिका २७ मा प्रस्तुत गरिएको छ।

**तालिका २७: सुनिलस्मृति गाउँपालिकाको मुख्य प्रकोपको विश्लेषण**

| प्रकोप | पालिकाका प्रमुख समस्या/असरहरू | विपद्को प्रमुख कारक | सम्मुखता | बारम्बारता | प्रभाव | जोखिम |
|---|---|---|---|---|---|---|
| भूकम्प | - मानवीय क्षति, कच्ची तथा अर्धपक्की घरमा क्षति, विद्यालय, स्वास्थ्य संस्था, सडक तथा खानेपानी संरचनामा क्षति, सेवा अवरुद्ध, विकास पूर्वाधारमा नोक्सानी | - कमजोर भूगर्भीय अवस्था, भवन संहिता पालना नहुनु, कमजोर निर्माण प्रविधि, कच्चा घरको बाहुल्य, भूकम्पीय जोखिम क्षेत्र | उच्च | मध्यम | उच्च | उच्च |
| पहिरो | - मानवीय तथा पशुधन क्षति, घरगोठ, कृषि भूमि, सडक, खानेपानी, सिँचाइ, विद्यालय तथा स्वास्थ्य संस्था प्रभावित, बस्ती विस्थापन, वन तथा पानीका मुहानमा क्षति, विशेषगरी वडा नं. ३, ६ र ८ मा बढी प्रभाव | - भिरालो भू-भाग, अत्यधिक वर्षा, अव्यवस्थित सडक निर्माण, कमजोर निकास, वन विनाश, जलवायु परिवर्तन, जोखिमयुक्त बस्ती | उच्च | धेरै बारम्बार | गम्भीर | उच्च |
| आगलागी | - घरगोठ, वन, खाद्यान्न, पशुधन तथा सम्पत्तिमा क्षति, आर्थिक नोक्सानी, वन डढेलो, मनोसामाजिक | - विद्युत् सर्ट, ग्यास चुहावट, परम्परागत चुलो, लापरवाही, वन डढेलो, | उच्च | बारम्बार | गम्भीर | उच्च |

| प्रकोप | पालिकाका प्रमुख समस्या/असरहरू | विपद्को प्रमुख कारक | सम्मुखता | बारम्बारता | प्रभाव | जोखिम |
|---|---|---|---|---|---|---|
| | असर, विशेषगरी सुख्खा मौसममा | जनचेतनाको कमी | | | | |
| बाढी तथा नदी कटान | - खोला किनारका बस्ती, कृषि भूमि, सडक, पुल, सिँचाइ तथा खानेपानी संरचनामा क्षति, आवतजावत अवरुद्ध | - अत्यधिक वर्षा, खोला अतिक्रमण, नदी किनार संरक्षणको कमी, माथिल्लो क्षेत्रमा पहिरो, जलवायु परिवर्तन | मध्यम | कहिलेकाहीँ | मध्यम | मध्यम |
| खडेरी तथा मुहान सुक्ने | - मुहान सुक्ने, खानेपानी अभाव, सिँचाइ समस्या, कृषि उत्पादनमा कमी, वन डढेलो, खाद्य असुरक्षा, विशेषगरी वडा नं. १ र २ | - वर्षा अनियमित हुनु, तापक्रम वृद्धि, जलवायु परिवर्तन, मुहान संरक्षणको कमी, सिँचाइ अभाव | उच्च | बारम्बार | गम्भीर | उच्च |
| कृषि रोग तथा किरा | - धान, मकै, कोदो, तरकारी तथा फलफूल उत्पादनमा कमी, खाद्य असुरक्षा, कृषकको आयमा गिरावट | - जलवायु परिवर्तन, रोग तथा किराको प्रकोप, कृषि प्राविधिकको कमी, सिँचाइ अभाव, उन्नत प्रविधिको कमी | उच्च | बारम्बार | मध्यम | उच्च |
| पशु रोग | - पशुधनको मृत्यु, दूध तथा मासु उत्पादनमा | - पशु स्वास्थ्य सेवाको कमी, नियमित खोपको | उच्च | सम्भावित | गम्भीर | उच्च |

| प्रकोप | पालिकाका प्रमुख समस्या/असरहरू | विपद्को प्रमुख कारक | सम्मुखता | बारम्बारता | प्रभाव | जोखिम |
|---|---|---|---|---|---|---|
| | कमी, आर्थिक नोक्सानी | अभाव, चरिचरण प्रणाली, औषधि अभाव | | | | |
| जनावर आतंक | - बाँदर, बँदेल, दुम्सी लगायतबाट बाली नोक्सानी, घरपालुवा पशुमा आक्रमण, कृषकको आयमा कमी, विशेषगरी वडा नं. १, ५, ६ र ७ | - वन क्षेत्रसँग नजिक बस्ती, वन्यजन्तुको वासस्थान परिवर्तन, वन विनाश, कृषि तथा पशुपालनमा निर्भरता | उच्च | बारम्बार | गम्भीर | उच्च |
| सडक दुर्घटना | - मानवीय क्षति, आर्थिक नोक्सानी, यातायात अवरोध, आकस्मिक उद्धारमा कठिनाइ | - कच्ची तथा साँघुरा सडक, तीव्र घुम्ती, पहिरो, ट्राफिक व्यवस्थापनको कमी, जोखिमपूर्ण सडक | उच्च | बारम्बार | गम्भीर | उच्च |
| विधुतीय दुर्घटना | - मानवीय क्षति, आर्थिक नोक्सानी, आकस्मिक उद्धारमा कठिनाइ | - मौसमी परिवर्तन, अर्थिङको अभाव, विधुतीय उपकरण उपयोगबारे अप्रयाप्त ज्ञान, जनचेतनाको कमी | मध्यम | कहिलेकाहीँ | मध्यम | मध्यम |

| प्रकोप | पालिकाका प्रमुख समस्या/असरहरू | विपद्को प्रमुख कारक | सम्मुखता | बारम्बारता | प्रभाव | जोखिम |
|---|---|---|---|---|---|---|
| चटयाङ | - मानव तथा पशुधनको मृत्यु, वन डढेलो, विद्युतीय उपकरणमा क्षति | - मौसमी परिवर्तन, अर्थिङको अभाव, जनचेतनाको कमी | मध्यम | कहिलेकाहीँ | मध्यम | मध्यम |
| हावाहुरी | - घरको छाना उड्ने, बोटबिरुवा तथा बालीमा क्षति, विद्युत् अवरुद्ध | - मौसमी परिवर्तन, कमजोर संरचना, जलवायु परिवर्तन | मध्यम | कहिलेकाहीँ | मध्यम | मध्यम |
| असिना | - तरकारी, फलफूल तथा अन्नबालीमा क्षति, खाद्य उत्पादनमा कमी | - मौसमी परिवर्तन, जलवायु परिवर्तन | मध्यम | कहिलेकाहीँ | मध्यम | मध्यम |
| वन डढेलो | - वन क्षेत्र, जैविक विविधता, वन्यजन्तु, पानीका मुहान तथा चरन क्षेत्रमा क्षति, वातावरणीय प्रदूषण | - लामो सुख्खा याम, वन व्यवस्थापनको कमी, मानव लापरवाही, जलवायु परिवर्तन | उच्च | बारम्बार | मध्यम | मध्यम |
| महामारी | - स्वास्थ्य समस्या, जनधनको क्षति, शिक्षा तथा आर्थिक गतिविधिमा असर | - संक्रामक रोग, कमजोर स्वास्थ्य पूर्वाधार, जनचेतनाको कमी, जनघनत्व | उच्च | सम्भावित | गम्भीर | मध्यम |

| प्रकोप | पालिकाका प्रमुख समस्या/असरहरू | विपद्को प्रमुख कारक | सम्मुखता | बारम्बारता | प्रभाव | जोखिम |
|---|---|---|---|---|---|---|
| | - तरकारी, आलु तथा मौसमी बालीमा क्षति | - अत्यधिक चिसो, जलवायु परिवर्तन | मध्यम | कहिलेकाहीँ | मध्यम | मध्यम |
| मिचाहा झार | - कृषि उत्पादनमा कमी, श्रम लागत वृद्धि | - जलवायु परिवर्तन, कमजोर व्यवस्थापन, जैविक नियन्त्रणको अभाव | मध्यम | न्यून | मध्यम | न्यून |
| खण्ड वृष्टि | छोटो समयमा अत्यधिक वर्षा भई पहिरो, बाढी, सडक अवरुद्ध, कृषि तथा पूर्वाधारमा क्षति | जलवायु परिवर्तन, तीव्र वर्षा, कमजोर निकास प्रणाली, पहाडी भू-भाग | उच्च | बारम्बार | गम्भीर | उच्च |

**ग) प्रकोप तथा मौसमी पात्रो**

स्थानीय मौसम र मौसमी अवस्था तथा प्रकोपमा आएको परिवर्तन बारे जानकारी हासिल गर्न परिवर्तित प्रकोप तथा मौसमी पात्रो निर्माण गरिएको थियो। गाउँपालिका स्तरीय भेलामा जनप्रतिनिधि, ज्येष्ठ नागरिक, बुद्धिजीवीसँगको छलफलबाट भएको जलवायु सम्बन्धी जानकारी विवरणका आधारमा तापक्रम, वर्षाको स्वरूप, बिरुवाको व्यवहार, प्रकोपको स्वरूप आदिमा आधारित प्रकोप तथा मौसमी पात्रो तयार गरिएको थियो। मौसमी पात्रो सम्बन्धी जानकारी हासिल गर्न विगतको करिब ३० वर्ष पहिले र हालको बारे तुलनात्मक अध्ययन गरी प्रकोप, तापक्रम, बाली आदि हुने समयमा परिवर्तन आए/नआएको चित्रण गरिएको थियो। यसै विधिको प्रयोग गरी समुदाय स्तरमा जलवायु परिवर्तनको कारणले बालीचक्र, वनस्पति प्रजातिहरुको जीवनचक्र/व्यवहार, प्रकोपको स्वरुप लगायत अन्य विभिन्न क्षेत्रहरुमा आएका/देखिएका परिवर्तनहरुको जानकारी समेत प्राप्त गरिएको थियो। सुनिलस्मृति गाउँपालिकामा तयार पारिएको परिवर्तित प्रकोप तथा मौसमी पात्रो तालिका २८ मा उल्लेख गरिएको छ।

### तालिका २८: प्रकोप तथा मौसमी पात्रो

| सम्मुख्ताको क्षेत्र | सूचकहरू | समय | वैशाख | जेठ | असार | साउन | भाद्र | असोज | कार्तिक | मंसिर | पुष | माघ | फाल्गुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तापक्रम | गर्मीको दिन | प | | | | | | | | | | | | |
| | | अ | | | | | | | | | | | | |
| | जाडोको दिन | प | | | | | | | | | | | | |
| | | अ | | | | | | | | | | | | |
| वर्षा | मौसमी वर्षा | प | | | | | | | | | | | | |
| | | अ | | | | | | | | | | | | |
| | हिउँदे वर्षा | प | | | | | | | | | | | | |
| | | अ | | | | | | | | | | | | |
| | हिमपात | प | | | | | | | | | | | | |
| | | अ | | | | | | | | | | | | |
| | | प | | | | | | | | | | | | |

| सम्मुखता को क्षेत्र | सूचकहरू | समय | वैशाख | जेठ | असार | साउन | भाद्र | असोज | कार्तिक | मंसिर | पुष | माघ | फाल्गुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बिरुवा हरूको व्यवहार | फुल फुल्ने (लालीगुराँस) | अ | | | | | | | | | | | | |
| | फल लाग्ने (काफल) | प | | | | | | | | | | | | |
| | | अ | | | | | | | | | | | | |
| प्रकोप को स्वरूप | खडेरी | प | | | | | | | | | | | | |
| | | अ | | | | | | | | | | | | |
| | बाढी पहिरो | प | | | | | | | | | | | | |
| | | अ | | | | | | | | | | | | |
| | हावा हुरी | प | | | | | | | | | | | | |
| | | अ | | | | | | | | | | | | |
| | असिना पानी | प | | | | | | | | | | | | |
| | | अ | | | | | | | | | | | | |
| | कृषि मा किरा | प | | | | | | | | | | | | |
| | | अ | | | | | | | | | | | | |

| सम्मुखताको क्षेत्र | सूचकहरू | समय | वैशाख | जेठ | असार | साउन | भाद्र | असोज | कार्तिक | मंसिर | पुष | माघ | फाल्गुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चट्याङ्ग | प | | | | | | | | | | | | |
| | | अ | | | | | | | | | | | | |
| | लाम खुट्टे लाग्ने समय | प | | | | | | | | | | | | |
| | | अ | | | | | | | | | | | | |

स्रोतः सुनिलस्मृति गाउँपालिकाको स्थानीय अनुकूलन योजना २०८१ (प=पहिले, अ=अहिले) उच्च मध्यम न्यून

### घ) बाली पात्रो

विगत ३० वर्ष देखि अहिले सम्मको परिवर्तित बाली पात्रो विश्लेषण गर्दा लगभग सबै बालीको लगाउने र भित्र्याउने समयमा फेरबदल भएको देखिन्छ। घैया धान लगाउने समय ४ हप्ता पछाडी सरेको र भित्र्याउने समय पनि २ हप्ता पछाडी सरेको छ भने वर्षे धान लगाउने र भित्र्याउने समय २ देखि ३ हप्ता परिवर्तन भएको छ। त्यसैगरी मकै, कोदो, मास, भटमास र मुसुरो लगाउने समय पनि पछाडी धकेलिएको छ भने गहुँ र मुसुरो भित्र्याउने समय एक हप्ता अगाडी सरेको छ जसले गर्दा समग्र बाली पाक्न लाग्ने समय छोटिएको छ। सबै बालीहरूमा मौसमी खडेरी तथा नयाँ प्रजातिको कारणले गर्दा रोप्ने र भित्र्याउने समय नै परिवर्तित भएको छ। सुनिलस्मृति गाउँपालिकामा लगाइने रैथाने जातको गहुँ, भटमास, मार्सी धान, मार्से, जौ, मुसुरो, कोदो लगायतका बालीको उत्पादन घटेको छ भने नयाँ ठिमाहा जातका बालीहरू लगाउन थालिएको छ जसले गर्दा पनि बाली लगाउने र भित्र्याउने समय परिवर्तन भएको देखिन्छ।

**तालिका २९: बाली पात्रो**

| बाली | | बैसाख | जेठ | असार | साउन | भदौ | असोज | कार्तिक | मङ्सिर | पुस | माघ | फाल्गुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| धान | प | | रोप्ने | | | | | भित्र्याउने | | | | | बिउराखे |
| | अ | बिउराखे | रोप्ने | | | | भित्र्याउने | | | | | | |
| मकै | प | | छर्ने | | | भित्र्याउने | | | | | | | |
| | अ | | | छर्ने | | भित्र्याउने | | | | | | | |
| मास | प | | | रोप्ने | | | | भित्र्याउने | | | | | |
| | अ | | | | रोप्ने | | | भित्र्याउने | | | | | |




स्रोतः सुनिलस्मृति गाउँपालिकाको स्थानीय अनुकूलन योजना २०८१ (प=पहिले, अ=अहिले)

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बिउ राखें समय | | रोप्ने/छर्ने समय | | बाली लाग्ने समय | | भित्र्याउने समय |

### २.२.१.२ लक्षित प्रकोप निर्धारण

सुनिलस्मृति गाउँपालिकाको प्रकोपको पहिचान गर्न जोडागत स्तरीकरण विधि प्रयोग गरिएको थियो। यस विश्लेषणबाट प्रत्येक प्रकोपहरूको जोडागत तुलना गरी तुलनात्मक रूपमा बढी प्रभाव गर्ने प्रकोप छानिएको थियो। गाउँपालिकाले सामना गरिरहेको प्रमुख प्रकोपहरूको रूपमा पहिलो स्थानमा कृषि रोग देखिएको छ भने त्यसपछिका प्रकोपहरूमा दोस्रोमा खडेरी, तेस्रोमा पहिरो, चौथोमा जनावर आतंक, पाँचौमा पशु रोग रहेको छ। सुनिलस्मृति गाउँपालिकाको प्रकोपको जोडागत स्तरीकरण तालिका ४९ मा प्रस्तुत गरिएको छ। यस कार्यढाँचाको लागि लक्षित प्रकोपको चयन गर्नको लागि तालिका ३० अनुसारको परिमाणात्मक विधि प्रयोग गरिएको छ भने लक्षित प्रकोपको तह निर्धारण तालिका ३१ मा गरिएको छ।

**तालिका ३०: प्रकोपको आवृति र प्रभाव मुल्यांकन म्याट्रिक्स**

| आवृत्ति \ प्रभाव | नगण्य | सामान्य | मध्यम | कम गम्भीर | गम्भीर | विनाशकारी |
|---|---|---|---|---|---|---|
| धेरै बारम्बार | मध्यम न्यून | मध्यम | मध्यम उच्च | उच्च | उच्च | चरम |
| बारम्बार | न्यून | मध्यम न्यून | मध्यम | मध्यम उच्च | मध्यम उच्च | उच्च |
| सम्भावना | न्यून | मध्यम न्यून | मध्यम | मध्यम उच्च | मध्यम उच्च | उच्च |
| कम सम्भावना | न्यून | मध्यम न्यून | मध्यम न्यून | मध्यम | मध्यम उच्च | मध्यम उच्च |
| अति कम सम्भावना | न्यून | न्यून | मध्यम न्यून | मध्यम | मध्यम | मध्यम |
| दुर्लभ | नगण्य | न्यून | न्यून | मध्यम न्यून | मध्यम न्यून | मध्यम |

स्रोतः स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा दिग्दर्शन, २०८१

**तालिका ३१: सुनिलस्मृति गाउँपालिकाको लक्षित प्रकोपको तह निर्धारण**

| प्रकोपहरू | आवृत्ति | प्रभाव | प्रकोपको तह | सुनिलस्मृति गाउँपालिकाको विश्लेषण |
|---|---|---|---|---|
| भूकम्प | दुर्लभ | विनाशकारी | मध्यम | भूकम्प कम आवृत्तिमा हुने भए पनि २०७२ सालको गोरखा भूकम्पले वडा नं. ३, ६ र ८ मा विद्यालय, सरकारी भवन तथा निजी आवासमा ठूलो क्षति पुर्याएको थियो। त्यसैले यसको सम्भावना कम भए पनि प्रभाव अत्यन्त उच्च छ। |
| आगलागी | कम सम्भावना | मध्यम | मध्यम न्यून | वडा नं. १, ४, ५, ६ र ८ मा घर, गोठ, वन तथा अन्नबालीमा आगलागीका घटनाहरू भएका |

| | | | | |
|---|---|---|---|---|
| | | | | छन्। अधिकांश घटना मानवीय लापरवाही तथा सुख्खा मौसमसँग सम्बन्धित छन्। |
| खडेरी तथा मुहान सुक्ने | बारम्बार | कम गम्भीर | मध्यम उच्च | वडा नं. १, २, ३, ४, ७ र ८ मा निरन्तर खडेरी तथा पानीका मुहान सुक्ने समस्या देखिएको छ। कृषि उत्पादनमा कमी, खानेपानीको अभाव तथा जीविकोपार्जनमा प्रत्यक्ष असर परेको छ। |
| पहिरो | धेरै बारम्बार | गम्भीर | उच्च | वडा नं. २, ३, ४, ५, ६ र विशेष गरी वडा नं. ८ मा पहिरोले ठूलो मानवीय, भौतिक तथा आर्थिक क्षति पुर्याएको छ। धेरै जनाको मृत्यु, घरगोठ नष्ट तथा बस्ती विस्थापन भएको इतिहास छ। |
| बाढी तथा आकस्मिक बाढी | बारम्बार | गम्भीर | मध्यम उच्च | वडा नं. ३, ४, ५, ६ र ८ मा बाढीले खेतीयोग्य जमिन, विद्यालय, पशुधन तथा मानव जीवनमा ठूलो असर पारेको छ। नदी तथा खोल्साको कटान प्रमुख समस्या हो। |
| असिना | सम्भावना | मध्यम | मध्यम | विशेषगरी वडा नं. ६ लगायतका क्षेत्रमा असिनाले सुन्तला, कागती तथा अन्य फलफूल र बाली उत्पादनमा नियमित क्षति पुर्याउँदै आएको छ। |
| चट्याङ | बारम्बार | मध्यम | मध्यम | वडा नं. ४, ५ र ८ मा चट्याङका कारण मानव तथा पशुधनको मृत्यु, घरमा क्षति तथा घाइते हुने घटनाहरू पटक—पटक भएका छन्। |
| हावाहुरी | सम्भावना | मध्यम | मध्यम | वडा नं. ४, ५ र ८ मा हावाहुरीले विद्यालय तथा घरका छाना उडाउनु, वन क्षेत्र तथा कृषि बालीमा क्षति पुर्याउने गरेको छ। |
| वन डढेलो | बारम्बार | कम गम्भीर | मध्यम उच्च | वडा नं. २ मा ठूलो वन डढेलोले करिब १०० हेक्टर वन क्षेत्र नष्ट गरेको थियो। अन्य वडामा पनि सुख्खा मौसममा डढेलोको जोखिम बढ्दो छ। |
| बाली तथा कृषि रोग/किरा | बारम्बार | कम गम्भीर | मध्यम उच्च | वडा नं. २, ५, ७ र ८ मा फौजी किरा, सलह, गवारो रोग तथा अन्य कृषि रोगले उत्पादनमा उल्लेखनीय कमी ल्याएको छ। जलवायु परिवर्तनसँगै यसको प्रकोप बढ्दै गएको छ। |
| पशु तथा पन्छी रोग | सम्भावना | मध्यम | मध्यम | खोरेत, चरेरे तथा लम्पीस्किन रोगका कारण वडा नं. १, ४, ५, ७ र ८ मा सयौं पशु प्रभावित भएका छन् र कृषकले ठूलो आर्थिक क्षति व्यहोरेका छन्। |

| | | | | |
|---|---|---|---|---|
| मिचाहा झारपात | अति कम सम्भावना | सामान्य | न्यून | वडा नं. २ मा मिचाहा झार तथा वडा नं. ८ मा वनमारा प्रजातिले कृषि तथा वन क्षेत्रमा असर पुर्याए पनि यसको प्रभाव अन्य प्रकोपको तुलनामा सीमित छ। |
| जनावर आतंक | धेरै बारम्बार | गम्भीर | उच्च | वडा नं. १, २, ४, ६ र ८ मा बाँदर, बँदेल, दुम्सी लगायतका वन्यजन्तुले प्रत्येक वर्ष सयौं घरधुरीको बाली नष्ट गर्दै आएका छन्। कृषि उत्पादन तथा खाद्य सुरक्षामा प्रत्यक्ष असर परेकाले यो उच्च जोखिमको प्रकोप हो। |
| सडक दुर्घटना | सम्भावना | मध्यम | मध्यम | वडा नं. २ र ८ मा सडक दुर्घटनाबाट मृत्यु तथा घाइतेका घटना भएका छन्। ग्रामीण सडक विस्तारसँगै जोखिम बढ्दै गएको देखिन्छ। |
| विधुतीय दुर्घटना | अति कम सम्भावना | सामान्य | न्यून | विधुतीय दुर्घटनाबाट आंशिक रुपमा घाइतेका घटना भएका छन्। ग्रामीण बस्तीमा विधुतीकरण विस्तारसँगै जोखिम बढ्दै गएको देखिन्छ। |
| महामारी | अति कम सम्भावना | सामान्य | न्यून | झाडापखाला तथा कोभिड-१९ का घटनाले मानव स्वास्थ्यमा प्रभाव पारे पनि ती दीर्घकालीन वा वार्षिक रूपमा दोहोरिने प्रकोप नभएकाले समग्र जोखिम तह न्यून मानिएको छ। |
| खण्डवृष्टि | अति कम सम्भावना | सामान्य | न्यून | केहीकेही स्थानमा वर्षा तथा छोटो अवधिमा स्थान विशेष भारी वर्षा हुने भएकोले कृषि उत्पादनमा कमी, खानेपानीको अभाव तथा जीविकोपार्जनमा प्रत्यक्ष असर परेको छ। |

**तालिका ३२: सुनिलस्मृति गाउँपालिकाको मुख्य प्रकोपको स्तरीकरण**

| प्रकोप (Hazards) | पहिरो | आगलागी | चट्याङ | जनावर आतंक | बाढी | कृषि रोग | पशु रोग | महामारी | हावाहुरी | असिना | स. दुर्घटना | खडेरी | खण्ड वृष्टि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | * | पहिरो | पहिरो | ज.अ. | पहिरो | पहिरो | प. रोग | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो |
| आगलागी | | * | आगलागी | आगलागी | आगलागी | कृ. रोग | आगलागी | आगलागी | आगलागी | आगलागी | आगलागी | खडेरी | आगलागी |
| चट्याङ | | | * | ज.अ. | बाढी | कृ. रोग | प. रोग | महामारी | हावाहुरी | असिना | स.दुर्घटना | खडेरी | चट्याङ |
| जनावर आतंक | | | | * | ज.अ. | ज.अ. | ज.अ. | ज.अ. | ज.अ. | ज.अ. | स.दुर्घटना | ज.अ. | ज.अ. |
| बाढी | | | | | * | बाढी | बाढी | बाढी | बाढी | बाढी | स.दुर्घटना | खडेरी | बाढी |
| कृषि रोग | | | | | | * | कृ. रोग | कृ. रोग | कृ. रोग | कृ. रोग | स.दुर्घटना | खडेरी | कृ. रोग |
| पशु रोग | | | | | | | * | प. रोग | प. रोग | प. रोग | स.दुर्घटना | खडेरी | प. रोग |
| महामारी | | | | | | | | * | महामारी | महामारी | स.दुर्घटना | खडेरी | महामारी |
| हावाहुरी | | | | | | | | | * | हावाहुरी | असिना | खडेरी | हावाहुरी |
| असिना | | | | | | | | | | * | स.दुर्घटना | खडेरी | असिना |
| स. दुर्घटना | | | | | | | | | | | * | स.दुर्घटना | स.दुर्घटना |
| खडेरी | | | | | | | | | | | | * | खडेरी |
| खण्ड वृष्टि | | | | | | | | | | | | | * |
| अंक | ११ | ८ | २ | ११ | ८ | ६ | ९ | ७ | ३ | ३ | १० | ९ | १ |
| स्तर | I | VI | XII | II | VII | IX | IV | VIII | XI | X | III | V | XIII |

पालिका स्तरीय प्रकोप स्तरीकरण गर्दा पहिरो, जनावर आतंक, सडक दुर्घटना, पशु रोग, खडेरी, आगलागी, बाढी, महामारी, कृषि रोग, असिना, हावाहुरी, चट्याङ र खण्डवृष्टि क्रमशः जोखिम रहेका छन् भने जसमा भूकम्प समग्र देश नेपाल उच्च जोखिम रहेकोले स्तरीकरण गरिएको छैन भने वन डढेलो, विधुतीय दुर्घटना, मिचाहा झार जस्ता प्रकोपहरु वडा स्तरीय जोखिम लेखाजोखाबाट अभिलेखीकरण गरिएका छन्।

### २.२.२ स्रोतको विश्लेषण

### २.२.२.१ स्रोतको सूचनाको सङ्कलन

सुनिलस्मृति गाउँपालिकाको वडा स्तरीय सहभागितामूलक छलफल, लक्षित समुह छलफल, मुख्य सूचनादाता अन्तर्वार्ता लगायतका प्रक्रियाहरू तथा गाउँपालिकामा उपलब्ध विभिन्न आधिकारिक नीतिगत, योजना, तथ्याङ्क तथा अध्ययन प्रतिवेदनहरूबाट प्राप्त जानकारीलाई समेटी स्रोतहरूको विश्लेषण गरिएको छ।

यस प्रक्रियामा संकलित तथ्याङ्क तथा विवरणहरूलाई व्यवस्थित गर्नका लागि गाउँपालिकाको सम्पूर्ण स्रोतलाई भौतिक (भौतिक पूर्वाधार, सेवा सुविधा), सामाजिक (शिक्षा, स्वास्थ्य, लैङ्गिक अवस्था, सांस्कृतिक पक्ष), आर्थिक (आयआर्जन, जीविकोपार्जन, उत्पादन प्रणाली), मानवीय (सीप, क्षमता, संस्थागत संरचना, स्थानीय सीप र ज्ञान) र प्राकृतिक (वन, पानी, माटो, जैविक विविधता) क्षेत्रमा विभाजन गरी प्रस्तुत गरिएको हो।

यसरी वर्गीकृत तथ्याङ्कलाई एकै ठाउँमा समेटी तालिका ३३ मा प्रस्तुत गरिएको छ, जसले गाउँपालिकाको उपलब्ध स्रोतहरूको समग्र चित्रण गर्ने र आगामी योजना तथा कार्यान्वयनका लागि आधार तयार गर्ने उद्देश्य राखेको छ।

**तालिका ३३: सुनिलस्मृति गाउँपालिकाको स्रोतहरुको अवस्था**

| क्षेत्र | विवरण / अवस्था |
|---|---|
| प्राकृतिक (वनजङ्गल, चरन क्षेत्र, पानी, माटो, भूमि आदि) | • सामुदायिक वन वडा नं. १ देखि ८ सम्म ३८ वटा, ४ वटा राष्ट्रिय वन र ३ वटा कबुलियती वन रहेका छन्।<br>• प्रत्येक वडामा चरन क्षेत्र रहेका छन्।<br>• यस गाउँपालिकामा वनजङ्गल भएका क्षेत्रमा पानीका मुहानहरू रहेका छन्।<br>• गाउँपालिकाको प्रत्येक वडामा खेतीयोग्य एवं बाँझो जमिन रहेको छ।<br>• गाउँपालिकामा ढुङ्गा, स्लेट, बालुवा, गिट्टीका खानीहरू रहेका छन्।<br>• गाउँपालिकामा समथर भूभागमा उब्जाउ जमिन रहेको छ।<br>• गाउँपालिकाभित्र माडी, लुङ्ग्री लगायत साना—ठूला गरी २८ वटा नदी तथा खोलाहरू रहेका छन्।<br>• गाउँपालिकाभित्र पानीका मुहानमा पानी घट्ने क्रममा रहेको छ।<br>• खोलाले जमिन कटानको समस्या बढाउँदै लगेको छ। |

| क्षेत्र | विवरण / अवस्था |
|---|---|
| भौतिक (बाटो, बिजुली, सञ्चार, गोबरग्यास, ऊर्जा, सामुदायिक भवन, पुलपुलेसा आदि) | • सबै वडालाई जोड्ने गोरेटो र घोरेटो बाटो रहेका छन्।<br>• वडा नं. १ देखि ८ सम्म ४ वटा पक्की, १ वटा ग्राभेल तथा ५६ वटा कच्ची सडक गरी सबै वडामा सडक सञ्जाल पुगेको छ।<br>• गाउँपालिकाका सबै वडामा विद्युतीकरणको सुविधा पुगेको छ।<br>• १७ वटा सामुदायिक भवन रहेका छन्।<br>• गाउँपालिकाभित्र १२ वटा स्वास्थ्य संस्था रहेका छन्।<br>• गाउँपालिकाभित्र ८ वटा पक्की पुल, २ वटा बेली ब्रिज, २७ वटा झोलुङ्गे पुल तथा १ वटा निर्माणाधीन पक्की पुल गरी ३८ वटा पुलपुलेसा रहेका छन्।<br>• गाउँपालिकाभित्र ३ वटा NTC र ४ वटा NCELL का टावर रहेका छन्।<br>• कच्ची तथा अव्यवस्थित ग्रामीण सडकका कारण बस्ती तथा जमिन जोखिममा रहेका छन्।<br>• केही वडाका गाउँहरूमा विद्युत् विस्तार हुन नसकेको तथा विस्तार भएका स्थानमा पनि काठका पोल जीर्ण भएकाले बस्तीहरू जोखिममा रहेका छन्। |
| सामाजिक (विद्यालय, मठमन्दिर, चौतारा, सामाजिक समूह तथा स्थानीय सामाजिक रीतिरिवाज) | • आधारभूत विद्यालय ७ वटा, प्राथमिक विद्यालय २६ वटा, माध्यमिक विद्यालय ८ वटा तथा निजी ५ वटा गरी जम्मा ४६ वटा विद्यालय रहेका छन्।<br>• गाउँपालिकाभित्र प्रत्येक वडामा टोल विकास संस्था गठन प्रक्रियामा रहेका छन्।<br>• गाउँपालिकाभित्र ३२ वटा सार्वजनिक पाटीपौवा तथा चौताराहरू रहेका छन्।<br>• गाउँपालिकाभित्र बचत समूह, बाल क्लब, विभिन्न कृषि तथा पशु समूह, महिला समूह तथा दलित समूह रहेका छन्।<br>• गाउँपालिकाभित्र १२ वटा महिला समूह तथा २१ वटा आमा समूह गरी ३३ वटा समूह रहेका छन्।<br>• केही विद्यालयका भवनहरू कच्ची तथा जीर्ण अवस्थामा रहेका छन्।<br>• सार्वजनिक पाटीपौवाहरू पनि जीर्ण अवस्थामा रहेका छन्। |
| मानवीय (शिक्षक, स्वास्थ्यकर्मी, प्राविधिक, जेटिए, सब—इन्जिनियर, प्रशासनिक तथा वित्तीय क्षेत्रका कर्मचारी, समूह तथा गैरसरकारी संस्थामा आबद्ध व्यक्ति) | • शिक्षक महिला १३३ जना तथा पुरुष १५४ जना गरी जम्मा २८७ जना रहेका छन्।<br>• कृषि तथा पशु सेवासँग सम्बन्धित प्राविधिक जनशक्ति ८ जना रहेका छन्।<br>• स्वास्थ्यकर्मी (कार्यालय सहयोगी बाहेक) ४६ जना रहेका छन्। |

| क्षेत्र | विवरण / अवस्था |
|---|---|
| आर्थिक स्रोतहरू (बचत तथा ऋण सहकारी संस्था, बैंक, व्यापारिक प्रतिष्ठान, आयआर्जनमा आबद्ध व्यक्ति तथा समूह) | • गाउँपालिकाभित्र पुरुष ६,८४९ जना र महिला ९,५४९ जना गरी जम्मा १६,३९८ जना आर्थिक रूपमा सक्रिय जनसंख्या रहेको छ।<br>• सरकारी वा अर्धसरकारी संस्थामा १८६ जना, गैरसरकारी संस्थामा २१८ जना, निजी संस्थामा २५५ जना, कृषि क्षेत्रमा ज्यालादारी १,४७९ जना, गैरकृषि क्षेत्रमा ज्यालादारी ४१९ जना, पेशागत कार्यमा ६५ जना, व्यापार व्यवसायमा ३०९ जना, स्वरोजगार २२ जना, घरेलु तथा साना उद्योगमा १३ जना, आफ्नै उद्योगधन्दामा ३ जना, ठेक्का-पट्टामा ९ जना, कृषि पेशामा ३,२५७ जना तथा अन्य क्षेत्रमा ४० जना गरी जम्मा ६,२६५ जना आबद्ध रहेका छन्।<br>• वैदेशिक रोजगारीमा २,५९२ जना रहेका छन्।<br>• गाउँपालिकाभित्र ५१ वटा कृषि तथा पशुपन्छी फार्म तथा ४६ वटा कृषि तथा पशुपालन समूह रहेका छन्।<br>• गाउँपालिकाभित्र ३१ वटा सहकारी तथा लघुवित्त संस्था र १५ वटा बैंक रहेका छन्। |

स्रोतः वडा स्तरीय LDCRF गोष्ठी २०८३ र DPRP, सुनिलस्मृति गाउँपालिका २०८२

### २.२.२.२ स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधिको विश्लेषण

समुदायले विगतमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनका लागि अवलम्बन गरेका उपायहरूलाई सहभागितामूलक वडा स्तरीय परामर्श बैठक, समुदायस्तरीय अन्तरक्रिया, ऐतिहासिक समयरेखा विश्लेषण, प्रकोप नक्साङ्कन, जोखिम स्तरीकरण तथा स्थानीय अनुभवहरूको आधारमा तथ्याङ्क सङ्कलन  तालिका ३४ मा प्रस्तुत गरिएको छ।

**तालिका ३४ः जोखिम न्यनीकरणको लागि स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधिको विश्लेषण**

| विपद् | समुदायले अवलम्बन गरेका | | | स्थानीय ज्ञान, सिप | स्थानीय क्षमता | स्थानीय प्रविधि |
|---|---|---|---|---|---|---|
| | जोखिम न्यूनीकरण का उपाय | जोखिम व्यवस्थापन का उपाय | जलवायु परिवर्तन अनुकूलनका उपायहरू | | | |
| भूकम्प | नयाँ घरमा भूकम्प प्रतिरोधी प्रविधि अपनाउने, पुराना घरको | खोज तथा उद्धार, अस्थायी आवास, राहत | सुरक्षित बस्ती विकास, भूकम्प प्रतिरोधी भवन निर्माण | सुरक्षित खुला स्थानको पहिचान, ढुङ्गा-माटोको | ढुङ्गा, काठ, बाँस प्रयोग गरी घर निर्माण, अस्थायी | ढुङ्गा-माटो, बाँस, काठ तथा लचकदार संरचना निर्माण प्रविधि |

| विपद् | समुदायले अवलम्बन गरेका | | | स्थानीय ज्ञान, सिप | स्थानीय क्षमता | स्थानीय प्रविधि |
|---|---|---|---|---|---|---|
| | जोखिम न्यूनीकरण का उपाय | जोखिम व्यवस्थापन का उपाय | जलवायु परिवर्तन अनुकूलनका उपायहरू | | | |
| | मर्मत, खुला स्थानको संरक्षण | वितरण, पुनःनिर्माण | | सन्तुलित प्रयोग | टहरा निर्माण | |
| आगलागी | घर तथा गोठ वरिपरि खाली क्षेत्र राख्ने, विद्युत् लाइनको नियमित मर्मत, वन क्षेत्रमा अग्नि-रेखा बनाउने | सामुदायिक रूपमा आगो निभाउने, दमकल तथा स्थानीय टोली परिचालन, राहत वितरण | अग्नि प्रतिरोधी घर निर्माण, अर्थिङ जडान, पानीको स्रोत संरक्षण | आगो फैलिने दिशा, हावाको प्रभाव तथा जोखिमयुक्त मौसमको अनुभव | डोका, बाल्टिन, नाम्लो प्रयोग गरी आगो नियन्त्रण, सामूहिक उद्धार | स्थानीय पानीका स्रोत, बालुवा, माटो, हरियो स्याउला तथा पाइपको प्रयोग |
| खडेरी तथा मुहान सुक्ने | मुहान संरक्षण, वृक्षारोपण, पोखरी तथा रिचार्ज पोखरी निर्माण, पानी जोहो | मुहान मर्मत, वैकल्पिक पानी वितरण, खानेपानी व्यवस्थापन | थोपा सिंचाइ, वर्षा पानी संकलन, खडेरी सहनशील बाली, बाली विविधीकरण | वर्षा चक्र, मुहान सुक्ने समय तथा पानीको स्रोतको परम्परागत ज्ञान | कुलो निर्माण, पानी संकलन, माटोको आर्द्रता संरक्षण, पानीको मितव्ययी प्रयोग | रिचार्ज पोखरी, वर्षा पानी संकलन, थोपा सिंचाइ, फिरफिरे सिंचाइ |
| पहिरो | वृक्षारोपण, सुक्खा पर्खाल, ग्याबियन, ढल निकास, भीर संरक्षण | बस्ती स्थानान्तरण, बाटो मर्मत, खानेपानी मुहान संरक्षण, राहत वितरण | भू-संरक्षण, बहुवर्षीय घाँस, वैकल्पिक जीविकोपार्जन | पहिरो हुने स्थान, माटोको अवस्था, पानी जम्ने क्षेत्रको पहिचान | ग्याबियन निर्माण, बस्ती सार्ने, वृक्षारोपण, ढल निकास बनाउने | सुक्खा पर्खाल, ग्याबियन, ढल निकास, जैविक इन्जिनियरिङ |
| बाढी तथा | तटबन्ध निर्माण, नदी | सुरक्षित स्थानमा | जलनिकास सुधार, कृषि | नदीको बहाव, | अस्थायी पुल निर्माण, | बाँसको पुल, सानो |

| विपद् | समुदायले अवलम्बन गरेका | | | स्थानीय ज्ञान, सिप | स्थानीय क्षमता | स्थानीय प्रविधि |
|---|---|---|---|---|---|---|
| | जोखिम न्यूनीकरण का उपाय | जोखिम व्यवस्थापन का उपाय | जलवायु परिवर्तन अनुकूलनका उपायहरू | | | |
| आकस्मिक बाढी | किनार संरक्षण, वृक्षारोपण | स्थानान्तरण, राहत वितरण, उद्धार | बीमा, बाढी सहनशील बाली | बाढी आउने संकेत, सुरक्षित स्थानको पहिचान | उद्धार तथा बस्ती सार्ने | तटबन्ध, ढल निकास प्रणाली |
| असिना | अस्थायी छाना, प्लास्टिकले बाली ढाक्ने | खाद्यान्न व्यवस्थापन, बीउ वितरण | असिना सहनशील जात, प्लास्टिक टनेल | मौसमको संकेत पहिचान | मल्चिङ, अस्थायी संरचना निर्माण | प्लास्टिक टनेल, टाट, पातको प्रयोग |
| चट्याङ | सुरक्षित स्थानमा बस्ने, रूखमुनि नबस्ने | घाइतेको उद्धार, उपचार | चट्याङ रड जडान, अर्थिङ | चट्याङ पर्ने मौसमको अनुभव | प्राथमिक उपचार, सुरक्षित आश्रयमा बस्ने | चट्याङ रड, अर्थिङ प्रणाली |
| हावाहुरी | घरको छाना मजबुत बनाउने, रूखको व्यवस्थापन | क्षतिग्रस्त घर मर्मत, राहत | हावाहुरी सहनशील संरचना, अन्तरबाली प्रणाली | हावाको दिशा र मौसमको अनुभव | छाना बाँध्ने, बाली सुरक्षित गर्ने | बाँस, डोरी, टाट प्रयोग गरी संरचना मजबुत बनाउने |
| वन डढेलो | अग्नि-रेखा निर्माण, वन सरसफाइ, धूम्रपान नियन्त्रण | सामुदायिक रूपमा आगो निभाउने, वन उपभोक्ता समूह परिचालन | सामुदायिक वन व्यवस्थापन, नियमित वन सरसफाइ | सुक्खा मौसम, हावाको वेग तथा आगो फैलिने अवस्थाको ज्ञान | आगो नियन्त्रण, वन गस्ती | पानी, माटो, हरियो हाँगा, डोका प्रयोग |
| बाली तथा कृषि | रोग प्रतिरोधी बीउ, अन्तरबाली, | संक्रमित बाली हटाउने, कृषि | उन्नत तथा सहनशील | रोगको प्रारम्भिक | जैविक विषादी बनाउने, | गोठमल, जडीबुटी, |

| विपद् | समुदायले अवलम्बन गरेका | | | स्थानीय ज्ञान, सिप | स्थानीय क्षमता | स्थानीय प्रविधि |
|---|---|---|---|---|---|---|
| | जोखिम न्यूनीकरण का उपाय | जोखिम व्यवस्थापन का उपाय | जलवायु परिवर्तन अनुकूलनका उपायहरू | | | |
| रोग/किरा | जैविक विषादी | प्राविधिकको सहयोग | जात, बाली विविधीकरण | लक्षण पहिचान | बाली चक्र अपनाउने | जीवामृत, कम्पोष्ट मल |
| पशु तथा पन्छी रोग | नियमित खोप, गोठ सरसफाइ, जैविक सुरक्षा | भेटेरिनरी सेवा, संक्रमित पशु अलग राख्ने | रोग प्रतिरोधी जात, पोषण सुधार | पशुको व्यवहारबाट रोग पहिचान | घरेलु उपचार, जडीबुटी प्रयोग | तुलसी, बेसार, तितेपाती, नीम लगायतका स्थानीय जडीबुटी |
| मिचाहा झारपात | नियमित गोडमेल, झार उखेल्ने | सामूहिक नियन्त्रण अभियान | प्रतिरोधात्मक खेती प्रणाली | झार फैलिने समय र स्थानको ज्ञान | हातले झार उखेल्ने | खरानी, केतुकी, स्थानीय जैविक उपाय |
| जनावर आतंक | काँडेतार, बाँसको बार, सामूहिक निगरानी, राति पालो | सामूहिक रूपमा वन्यजन्तु धपाउने, राहत माग | वन्यजन्तुमैत्री खेती, कम आकर्षित हुने बाली | वन्यजन्तुको चालचलन, बासस्थान र समयको ज्ञान | आगो बाल्ने, आवाज निकाल्ने, समूह परिचालन | बाँसको बार, काँडेतार, सोलार बत्ती, सिउँडी काँडाको बार |
| सडक दुर्घटना | चेतावनी चिन्ह, जोखिमयुक्त मोडमा पर्खाल, सडक मर्मत | प्राथमिक उपचार, घाइतेको उद्धार, अस्पताल पठाउने | सुरक्षित सडक पूर्वाधार, जनचेतना | जोखिमयुक्त सडक र मौसमको अनुभव | प्राथमिक उपचार तथा उद्धार | सडक संकेत, रिफ्लेक्टर, गार्डवाल |
| विधुतीय दुर्घटना | घरमा अर्थिंग गर्ने, घरको वयरिंग राम्रोसग गर्ने पर्खाल | प्राथमिक उपचार, घाइतेको उद्धार, अस्पताल पठाउने | जनचेतना | चट्याङ लाग्ने समयमा विधुतीय उपकरण नचलाउने | प्राथमिक उपचार तथा उद्धार | |

| विपद् | समुदायले अवलम्बन गरेका | | | स्थानीय ज्ञान, सिप | स्थानीय क्षमता | स्थानीय प्रविधि |
|---|---|---|---|---|---|---|
| | जोखिम न्यूनीकरण का उपाय | जोखिम व्यवस्थापन का उपाय | जलवायु परिवर्तन अनुकूलनका उपायहरू | | | |
| महामारी तथा संक्राम क रोग | व्यक्तिगत सरसफाइ, मास्क प्रयोग, सामाजिक दूरी, सरसफाइ अभियान | स्वास्थ्य सेवा, खोप अभियान, क्वारेन्टिन, आइसोलेसन | सुरक्षित खानेपानी, सरसफाइ, स्वास्थ्य पूर्वतयारी | परम्परागत जडीबुटी तथा स्थानीय स्वास्थ्य अभ्यास | धामी-झाँक्रीसँगै स्वास्थ्य चौकीको सेवा उपयोग, समुदाय परिचालन | स्थानीय जडीबुटी, साबुनपानी, क्लोरिन, स्वास्थ्य सामग्री |
| खण्डवृ ष्टि | पानी निकासको उचित व्यवस्था, नाला तथा खोल्सा सफाइ | पूर्वसूचना तथा चेतावनी, तत्काल उद्धार तथा सुरक्षित स्थानान्तरण | जलवायु-प्रतिरोधी पूर्वाधार निर्माण, वर्षा पानी संकलन, जलनिकास सुधार | वर्षाको अवस्था, बादलको स्वरूप र खोलानाला को पानीको बहाव हेरी जोखिम पहिचान गर्ने | स्वयंसेवक तथा उद्धार टोली परिचालन | नाला/कुलो व्यवस्थापन, पानी निकासका स्थानीय संरचना |

### २.२.३ सम्मुखता, सङ्कटासन्नता र क्षमताको विश्लेषण

#### २.२.३.१ सम्मुखता विश्लेषण

विगतमा भएका प्रकोपका घटना, तिनले पारेको प्रभाव, समुदायबाट प्राप्त जानकारी तथा वर्तमान जोखिम अवस्थाको विश्लेषणका आधारमा सुनिलस्मृति गाउँपालिकाको प्रकोप प्रभाव क्षेत्रको आँकलन तथा नक्साङ्कन गरिएको छ। यसले कुन प्रकोप कुन क्षेत्रमा बढी प्रभावकारी छ, त्यसबाट कति घरधुरी, जनसंख्या र पूर्वाधार प्रभावित हुन सक्छन् भन्ने जानकारी प्रदान गर्दै जोखिम न्यूनीकरण तथा पूर्वतयारी कार्यक्रमको प्राथमिकता निर्धारण गर्न सहयोग पुऱ्याउँछ। विश्लेषणअनुसार भूकम्पको जोखिम गाउँपालिकाका सबै वडामा रहेको छ भने पहिरो, बाढी तथा खोला कटान, खडेरी, चटयाङ, आगलागी, वन डढेलो, कृषि तथा पशु रोगजस्ता प्रकोपहरू पनि विभिन्न वडामा बारम्बार देखिने प्रमुख जोखिमका रूपमा रहेका छन्। यस आधारमा उच्च जोखिमयुक्त क्षेत्रमा सुरक्षित पूर्वाधार निर्माण, प्रारम्भिक चेतावनी प्रणाली, समुदायमा आधारित विपद् व्यवस्थापन तथा जलवायु अनुकूलनका कार्यक्रमहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गर्नु आवश्यक देखिन्छ।

तालिका ३५: सुनिलस्मृति गाउँपालिकाको प्रकोप जोखिम बस्तीहरू

| प्रकोप | वडा | उच्च जोखिम वस्तीहरू | जोखिममा रहेको पूर्वाधार | जोखिममा रहेका घरधुरी (अनुमानित) | जोखिममा रहेको जनसंख्या (अनुमानित) |
|---|---|---|---|---|---|
| भूकम्प | सबै | सबै वडा | आवास, विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालय, सरकारी भवन, सडक, पुल, खानेपानी, विद्युत तथा सञ्चार संरचना | करिब ९०% | सम्पूर्ण जनसंख्या (करिब ३०,६१७) |
| आगलागी | १ | बन्धाबस्ती, घोडाकोट, तुसारपानी, पञ्चकोट, धारागाड | घर, विद्यालय, खानेपानी पाइप, विद्युत लाइन, गोठ | ८% | १,८०० |
| | २ | आपचौर, हिले, गोगनपानी, मनचौर, माडीचौर | घर, विद्यालय, सामुदायिक भवन, विद्युत लाइन | ७% | १,६०० |
| | ३ | बडनबाड, थोरलाङ, हरेडाँडा, लम्पुवा | घर, विद्यालय, वन क्षेत्र नजिकका संरचना | ७% | १,५०० |
| | ४ | वनचौर, कोइरालाखर्क, भैसेधारा | घर, विद्यालय, खानेपानी पाइप, विद्युत पोल | ६% | १,३०० |
| | ५ | बनोभूई, बाहुनटोल, सिम्लेनी | घर, विद्यालय, गोठ, कृषि संरचना | ८% | १,७०० |
| | ६ | स्यालाटोल, झारीखोला, धनबुडा | घर, गोठ, विद्यालय, वन क्षेत्र | ७% | १,५०० |
| | ७ | पाभाङ, धपरी, दमाखोला, पाटीखोला | घर, विद्यालय, खानेपानी पाइप, विद्युत लाइन | ८% | १,८०० |
| | ८ | धाराखर्क, फुलधारा, आठबिस | घर, विद्यालय, वन क्षेत्र, विद्युत लाइन | ७% | १,६०० |
| खडेरी तथा मुहान सुक्ने | सबै | सबै वडा (विशेष गरी वडा १, २, ५ र ८) | खानेपानी मुहान, लिफ्ट खानेपानी, सिँचाइ प्रणाली, कृषि उत्पादन | करिब २५% | करिब २५,००० |

| प्रकोप | वडा | उच्च जोखिम वस्तीहरू | जोखिममा रहेको पूर्वाधार | जोखिममा रहेका घरधुरी (अनुमानित) | जोखिममा रहेको जनसंख्या (अनुमानित) |
|---|---|---|---|---|---|
| पहिरो | १ | घोडाकोट, तुसारपानी, ढालखोला, सिम्रखोला, धारागाड, टपु | सडक, पुल, खानेपानी, सिँचाइ, विद्युत लाइन, विद्यालय, कृषि जमिन | ६% | २,३०० |
| | २ | आपचौर, हिले, खुडडाँकोट, गोगनपानी, माडीचौर | सडक, खानेपानी, कृषि जमिन, सामुदायिक भवन | ५% | १,९५० |
| | ३ | बडनबाड, थोरलाङ, बिच्छुकुटी, चुनगैरा, सल्लेखोपाटा | सडक, विद्यालय, स्वास्थ्य संस्था, कृषि जमिन | ८% | २,२०० |
| | ४ | वनचौर, कोइरालाखर्क, भैसेधारा, पुल्चोक | सडक, खानेपानी, विद्यालय | ५% | १,५०० |
| | ५ | पोवाड खोला, उहिझाखोला, किर्याचौर, भरैजा | सडक, पुल, कृषि जमिन, सिँचाइ | ६% | १,८५० |
| | ६ | तिमिल्लेखर्क, झारीखोला, पातिहाल्नी, धनबुडा | सडक, खानेपानी, कृषि जमिन | ७% | १,६५० |
| | ७ | खैरेडे खोला, दमाखोला, पात्लेखोला, पाटीखोला | सडक, पुल, खानेपानी, कृषि जमिन | ७% | २,२५० |
| | ८ | धाराखर्क, तिजुखर्क, विशमभरे, सल्लाखर्क | सडक, विद्यालय, कृषि जमिन | ६% | १,९५० |
| बाढी तथा नदी कटान | १—८ | सिम्रखोला, ढालखोला, पोवाड खोला, उहिझाखोला, झारीखोला, दमाखोला, खैरेडे खोला, पाटीखोला तथा अन्य खोला किनारका बस्ती | पुल, सडक, सिँचाइ, खानेपानी, कृषि जमिन, बस्ती | करिब १०% | करिब १०,००० |
| असिना | सबै | सबै वडा | खुला खेतबारी, तरकारी, फलफूल, अन्नबाली, टिनका | प्रत्यक्ष/अप्रत्यक्ष सबै | प्रत्यक्ष/अप्रत्यक्ष सबै |

| प्रकोप | वडा | उच्च जोखिम वस्तीहरू | जोखिममा रहेको पूर्वाधार | जोखिममा रहेका घरधुरी (अनुमानित) | जोखिममा रहेको जनसंख्या (अनुमानित) |
|---|---|---|---|---|---|
| | | | छाना भएका संरचना | | |
| चट्याङ | सबै | सबै वडा | विद्यालय, स्वास्थ्य संस्था, ट्रान्सफर्मर, विद्युत लाइन, अग्ला संरचना | प्रत्यक्ष/अप्रत्यक्ष सबै | प्रत्यक्ष/अप्रत्यक्ष सबै |
| हावाहुरी | सबै | सबै वडा | टहरा, टिनका छाना, विद्यालय, विद्युत पोल | प्रत्यक्ष/अप्रत्यक्ष सबै | प्रत्यक्ष/अप्रत्यक्ष सबै |
| वन डढेलो | सबै | वन क्षेत्र नजिकका सबै बस्ती | वन, गोठ, खानेपानी पाइप, विद्युत लाइन | प्रत्यक्ष/अप्रत्यक्ष सबै | प्रत्यक्ष/अप्रत्यक्ष सबै |
| कृषि रोग तथा कीरा | सबै | सबै वडा | कृषि उत्पादन क्षेत्र, बीउ भण्डार, कृषि सहकारी | प्रत्यक्ष/अप्रत्यक्ष सबै | प्रत्यक्ष/अप्रत्यक्ष सबै |
| पशु रोग | सबै | सबै वडा | गोठ, पशु फार्म, पशु सेवा केन्द्र | प्रत्यक्ष/अप्रत्यक्ष सबै | प्रत्यक्ष/अप्रत्यक्ष सबै |
| मिचाहा झार | सबै | सबै वडा | खेतीयोग्य जमिन, वन क्षेत्र, सिँचाइ कुलो | प्रत्यक्ष/अप्रत्यक्ष सबै | प्रत्यक्ष/अप्रत्यक्ष सबै |
| जनावर आतंक | सबै | विशेषगरी वडा ६, ७ र ८ का वन क्षेत्र नजिकका बस्ती | खेतबारी, गोठ, बस्ती | प्रत्यक्ष/अप्रत्यक्ष सबै | प्रत्यक्ष/अप्रत्यक्ष सबै |
| सडक दुर्घटना | सबै | गाउँपालिकाका प्रमुख ग्रामीण सडक तथा वडा जोड्ने सडक खण्ड | सडक, पुल, घुम्ती, विद्यालय नजिकका सडक | प्रत्यक्ष/अप्रत्यक्ष सबै | प्रत्यक्ष/अप्रत्यक्ष सबै |
| विधुतीय दुर्घटना | सबै | सबै वडा | घरगोठ, बजार, बिद्यालय | प्रत्यक्ष/अप्रत्यक्ष सबै | प्रत्यक्ष/अप्रत्यक्ष सबै |
| महामारी | सबै | सबै वडा | स्वास्थ्य संस्था, विद्यालय, बजार क्षेत्र तथा सम्पूर्ण समुदाय | प्रत्यक्ष/अप्रत्यक्ष सबै | सम्पूर्ण जनसंख्या |
| खण्डवृष्टि | सबै | केही स्थान बिशेष | मानव सोत | प्रत्यक्ष अप्रत्यक्ष सबै | प्रत्यक्ष अप्रत्यक्ष सबै |

**चित्र नं १८ः सुनिलस्मृति गाउँपालिकाको बाढी, पहिरो तथा आगलागी जोखिम बस्तीहरू**

### २.२.३.२ सङ्कटासन्नता विश्लेषण

**तालिका ३६ः सुनिलस्मृति गाउँपालिकाको हालको प्रकोप, संकटासन्नता तथा जोखिमको अवस्था**

| प्रकोप | हालको जोखिमको अवस्था | हालको संकटासन्नता | भविष्यमा हुन सक्ने जोखिमको प्रभाव |
|---|---|---|---|
| **भूकम्प** | गाउँपालिकाका धेरै घरहरू अझै ढुङ्गा-माटो र परम्परागत संरचनाका छन्। भिरालो भूगोल, कमजोर भवन मापदण्ड तथा सीमित पूर्वतयारीका कारण जोखिम उच्च रहेको छ। | बालबालिका, महिला, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति, गर्भवती, दीर्घरोगी, दलित तथा विपन्न परिवार | ठूलो जनधनको क्षति, बस्ती विस्थापन, विद्यालय, स्वास्थ्य संस्था, सडक, खानेपानी तथा सञ्चार सेवामा गम्भीर अवरोध आउन सक्ने। |
| **आगलागी** | सुख्खा मौसम, वन क्षेत्रको निकटता, परम्परागत इन्धनको प्रयोग तथा विद्युत सर्टका कारण आगलागीको जोखिम रहने गरेको छ। | वन क्षेत्र नजिकका बस्ती, बालबालिका, महिला, वृद्ध, कृषक तथा विपन्न परिवार | खडेरी बढ्दै जाँदा आगलागीका घटना बढ्न सक्ने, घर, गोठ, खाद्यान्न तथा वन सम्पत्तिमा ठूलो क्षति पुग्न सक्ने। |
| **खडेरी तथा मुहान सुक्ने** | वर्षा अनियमित हुँदै जानु, पानीका मुहान सुक्नु, सिँचाइको अभाव तथा कृषि उत्पादनमा कमी देखिएको छ। | कृषक, महिला, बालबालिका, पशुपालक, खानेपानी अभाव भएका बस्ती | खाद्यान्न उत्पादन घट्ने, खानेपानी संकट बढ्ने, पशुपालन प्रभावित हुने तथा बसाइँसराइ बढ्न सक्ने। |
| **पहिरो** | विशेषगरी वडा नं. १, ३, ६, ७ र ८ मा भिरालो भूभाग, सडक विस्तार र तीव्र वर्षाका कारण पहिरोको जोखिम उच्च रहेको छ। | पहिरो प्रभावित बस्ती, कृषक, महिला, बालबालिका, वृद्ध, विद्यालय तथा स्वास्थ्य संस्थाको सेवाग्राही | बस्ती, सडक, पुल, कृषि जमिन तथा खानेपानी प्रणालीमा ठूलो क्षति, बस्ती स्थानान्तरणको आवश्यकता र सेवा पहुँच अवरुद्ध हुन सक्ने। बसाई सराई बढ्ने |
| **बाढी तथा खोला कटान** | सिम्रखोला, ढालखोला, पोवाड खोला, झारीखोला, दमाखोला, खैरेडे खोला लगायतका खोला आसपास बाढी र कटानको जोखिम रहेको छ। | खोला किनारका बस्ती, कृषक, महिला, बालबालिका तथा वृद्ध | अत्यधिक वर्षासँगै बाढी र कटान बढ्दै घर, खेत, पुल तथा सडकमा ठूलो क्षति हुन सक्ने। |
| **असिना** | असिनाले तरकारी, फलफूल तथा अन्नबालीमा हरेक वर्ष आंशिक क्षति पुऱ्याउने गरेको छ। | कृषक, गर्भवती महिला, बालबालिका | जलवायु परिवर्तनसँगै असिनाको तीव्रता बढ्दै कृषि उत्पादन, खाद्य सुरक्षा र पोषणमा असर पर्न सक्ने। |

| प्रकोप | हालको जोखिमको अवस्था | हालको संकटासन्नता | भविष्यमा हुन सक्ने जोखिमको प्रभाव |
|---|---|---|---|
| **चटयाङ** | वर्षायाममा चटयाङका घटनाले मानव तथा पशुचौपायामा क्षति पुऱ्याउने गरेको छ। | विद्यार्थी, कृषक, महिला, बालबालिका, वृद्ध | विद्युतीय संरचना विस्तारसँगै अर्थिङ तथा सुरक्षा प्रणाली सुधार भए पनि मानवीय जोखिम कायम रहने सम्भावना। |
| **हावाहुरी** | हावाहुरीले टिनका छाना, टहरा तथा बालीमा क्षति पुऱ्याउने गरेको छ। | कृषक, महिला, बालबालिका, विपन्न परिवार | घर तथा कृषि उत्पादनमा क्षति बढ्न सक्ने, विशेषगरी कमजोर संरचनाहरू बढी प्रभावित हुन सक्ने। |
| **वन डढेलो** | सुख्खा मौसममा वन क्षेत्रमा डढेलोका घटना दोहोरिने गरेका छन्। | वन नजिकका बस्ती, महिला, बालबालिका, सामुदायिक वन उपभोक्ता | जैविक विविधता, वन्यजन्तुको बासस्थान, पानीका मुहान तथा वन स्रोतमा दीर्घकालीन नकारात्मक असर पर्न सक्ने। |
| **कृषि रोग तथा कीरा** | बालीमा नयाँ रोग तथा किराको प्रकोप बढ्दै उत्पादनमा कमी आएको छ। | कृषक, कृषि मजदुर, महिला तथा युवा | खाद्यान्न उत्पादन घट्ने, उत्पादन लागत बढ्ने तथा खाद्य असुरक्षा बढ्न सक्ने। |
| **पशु रोग** | पशु तथा कुखुरामा संक्रामक रोग देखिँदा उत्पादन तथा आम्दानीमा असर परेको छ। | पशुपालक कृषक, महिला, युवा | पशुपालन व्यवसाय कमजोर हुने, आम्दानी घट्ने तथा केही रोग मानिसमा समेत सर्न सक्ने जोखिम रहने। |
| **मिचाहा झार** | खेतीयोग्य जमिन तथा वन क्षेत्रमा मिचाहा झार फैलिँदै गएको छ। | कृषक, महिला, वन उपभोक्ता | स्थानीय वनस्पति नष्ट हुने, उत्पादन घट्ने तथा व्यवस्थापन खर्च बढ्ने। |
| **जनावर आतंक** | वन क्षेत्र नजिकका बस्तीमा बाली तथा पशुमा क्षति हुने गरेको छ। | कृषक, महिला, बालबालिका तथा वन क्षेत्र नजिकका बस्ती | मानव—वन्यजन्तु द्वन्द्व बढ्ने, कृषि उत्पादन घट्ने तथा |

| प्रकोप | हालको जोखिमको अवस्था | हालको संकटासन्नता | भविष्यमा हुन सक्ने जोखिमको प्रभाव |
|---|---|---|---|
| | | | जीविकोपार्जनमा असर पर्न सक्ने। |
| **सडक दुर्घटना** | ग्रामीण सडक साँघुरा, भिरालो तथा वर्षायाममा पहिरो प्रभावित हुने भएकाले दुर्घटनाको जोखिम उच्च छ। | यात्रु, विद्यार्थी, कृषक, चालक तथा सर्वसाधारण | सडक सञ्जाल विस्तारसँगै सवारी चाप बढ्दा दुर्घटनाको सम्भावना पनि बढ्न सक्ने, यद्यपि सडक स्तरोन्नतिसँग जोखिम केही घट्न सक्छ। |
| **विधुतीय दुर्घटना** | घर, गोठ र बिद्यालय तथा सामाजिक संस्था | बालबालिका | ग्रामिण बिधुतियाकरण कारण यसको प्रभाव थप अनिश्चित हुन सक्ने। |
| **महामारी तथा सरुवा रोग** | सुरक्षित खानेपानी, सरसफाइ र स्वास्थ्य सेवाको पहुँचमा असमानताका कारण मौसमी सरुवा रोगको जोखिम रहने गरेको छ। | बालबालिका, वृद्ध, महिला, दीर्घरोगी तथा सम्पूर्ण समुदाय | डेंगु, स्क्रब टाइफस, झाडापखाला लगायत जलवायु संवेदनशील रोगहरू बढ्न सक्ने तथा स्वास्थ्य प्रणालीमा थप दबाब पर्न सक्ने। |
| **खण्डवृष्टि** | खेतबाली, बस्ती, कुलो नहर | कृषक | उत्पादनमा गिरावट आउने तथा जलवायु परिवर्तनका कारण यसको प्रभाव थप अनिश्चित हुन सक्ने। |

## क) संकटासन्न वर्ग तथा समुदाय पहिचान

प्रकोपले सिर्जना गरेका असरहरू विश्लेषण गरी उमेर समूह, लिङ्ग, सामाजिक स्तर, वर्ग र जातजाति अनुसार पर्ने र पारेको प्रभावहरूमा छलफल गरिएको छ। प्रकोपका असरहरूले समुदायका वर्ग, जातजातिमा कस्ता कस्ता प्रभाव पारेका छन् र ती प्रभावहरू कुन समूहमा बढि असर गर्छन् भन्ने सवालहरूमा छलफल गरि सबै भन्दा उच्च असर पार्ने लाई ३, मध्यमलाई २ र न्यून असर गर्नेलाई १ अंक दिइएको थियो।

**तालिका ३७: प्रकोपको संकटासन्न वर्ग तथा समुदाय पहिचान**

| प्रकोप | प्रकोपको सङ्कटासन्न वर्ग | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | उमेर समूह | | | लिङ्ग | | | आर्थिक स्तर | | | सामाजिक स्तर | | | जातजाति | | |
| | बालबालिका | युवा | वयस्क | वृद्ध | महिला | पुरुष | अति विपन्न | विपन्न | मध्यम वर्ग | सम्पन्न वर्ग | अपाङ्गता | एकल महिला | दलित | जनजाति | क्षेत्री / /ब्राह्मण |
| भूकम्प | ३ | २ | २ | ३ | ३ | २ | ३ | ३ | २ | १ | ३ | ३ | ३ | ३ | २ |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आगलागी | ३ | २ | २ | ३ | ३ | २ | ३ | ३ | २ | १ | ३ | ३ | ३ | २ | २ |
| खडेरी तथा मुहान सुक्ने | ३ | २ | २ | ३ | ३ | २ | ३ | ३ | २ | १ | ३ | ३ | ३ | ३ | २ |
| पहिरो | ३ | २ | २ | ३ | ३ | २ | ३ | ३ | १ | १ | ३ | ३ | ३ | ३ | २ |
| बाढी तथा आकस्मिक बाढी | ३ | २ | २ | ३ | ३ | २ | ३ | ३ | १ | १ | ३ | ३ | ३ | ३ | २ |
| असिना | ३ | २ | २ | ३ | ३ | २ | ३ | २ | २ | १ | २ | २ | ३ | ३ | २ |
| चट्याङ | ३ | २ | २ | ३ | ३ | २ | ३ | २ | २ | १ | २ | २ | ३ | ३ | २ |
| हावाहुरी | ३ | २ | २ | ३ | ३ | २ | ३ | २ | २ | १ | ३ | २ | ३ | ३ | २ |
| वन डढेलो | ३ | २ | २ | ३ | ३ | २ | ३ | २ | १ | १ | ३ | २ | २ | ३ | २ |
| बाली तथा कृषि रोग/किरा | ३ | २ | ३ | ३ | ३ | ३ | ३ | ३ | २ | १ | ३ | ३ | ३ | ३ | ३ |
| पशु तथा पन्छी रोग | २ | २ | ३ | २ | २ | ३ | ३ | ३ | २ | १ | २ | २ | ३ | ३ | ३ |
| मिचाहा झार | २ | २ | ३ | २ | २ | ३ | ३ | २ | २ | १ | २ | २ | २ | ३ | ३ |
| वन्यजन्तु/जनावर आतंक | ३ | २ | ३ | ३ | ३ | ३ | ३ | ३ | २ | १ | ३ | ३ | ३ | ३ | ३ |
| सडक दुर्घटना | ३ | ३ | ३ | २ | २ | ३ | ३ | २ | २ | २ | ३ | २ | २ | २ | २ |
| विधुतीय दुर्घटना | २ | २ | ३ | २ | २ | २ | ३ | २ | २ | १ | २ | २ | ३ | ३ | ३ |
| महामारी | ३ | २ | २ | ३ | ३ | २ | ३ | ३ | २ | २ | ३ | ३ | २ | ३ | २ |
| खण्डवृष्टि | २ | २ | ३ | २ | २ | २ | ३ | २ | २ | १ | २ | २ | ३ | २ | २ |

स्रोतः वडा स्तरीय LDCRF तयारी गोष्ठी, २०८३

वडाहरूमा तयार गरिएको विपद् व्यवस्थापन योजना अध्ययन तथा विश्लेषण बमोजिम फरक-फरक प्रकोपहरूले जीविकोपार्जनका स्रोतहरूमा प्रत्यक्ष असर पुऱ्याएको देखिन्छ, जसअन्तर्गत खानेपानीका मुहान सुक्नुका कारण खानेपानीमा समस्या, पुराना कुलोकुलसा र पोखरीहरू सुक्नाले सिँचाइमा असुविधा, अनियमित वर्षा, अत्यधिक वर्षा र खडेरीका कारण समयमा बाली लगाउन नसक्ने र लगाएको बालीमा समेत नोक्सानी हुने, मिचाहा प्रजातिहरू फैलनुका कारण खेतबारी बाँझो रहनु, उत्पादन घट्नु, पहिरो, बाढी, चट्याङ, असिना, हावाहुरी र नयाँ-नयाँ रोगको प्रकोपले विशेष गरी एकल महिला, दलित, फरक क्षमताका समुदाय, महिला, बालबालिका तथा विपन्न वर्गलाई बढी असर पारेको प्रष्ट देखिन्छ। आगलागी, खडेरी र वनमाराको प्रकोपसँगै सुख्खा क्षेत्र बढ्नाले वन विनाश तथा वन पैदावारको उपलब्धतामा ह्रास आउँदा लक्षित वर्ग बढी प्रभावित भएका छन्।

**ख) वडा संकटासन्नता स्तर निर्धारण स्तरीकरण**

सुनिलस्मृति गाउँपालिका भित्र रहेका ८ वटै वडाहरू जलवायुजन्य प्रकोप तथा जोखिमको कुन स्तरमा रहेको छ भनेर निर्धारण गरिएको छ। वडाभित्र घटेका जलवायु जन्य प्रकोपको बारम्बारता, प्रकोपले ल्याएको असर, असरसँगको सम्मुखता, प्रकोपबाट अनुकूलित हुने सक्ने क्षमता, सडक तथा स्वास्थ्य लगायतका पूर्वाधारको पहुँच तथा तालिम प्राप्त जनशक्ति तथा मानवीय संसाधनको अवस्थालाई आधार बनाएर वडा संकटासन्नताको स्तर निर्धारण स्तरीकरण गरिएको छ।

सबैखाले जलवायुजन्य प्रकोपहरूको असर परिरहेको तथा वडाभित्र स्रोत तथा क्षमता कम भएको साथै सडक तथा स्वास्थ्य लगायतका पूर्वाधारको तथा सेवा प्रदायक निकायहरूबाट टाढा भएको वडालाई अति उच्च जोखिम, सबैखाले जलवायुजन्य प्रकोपहरूको असर परिरहेको भएता पनि वडा कार्यालय, स्वास्थ्य चौकी, प्रहरी चौकी/बिट, सडक तथा अन्य पूर्वाधारको पहुँच तथा तालिम प्राप्त जनशक्तिहरू भएको वडालाई उच्च जोखिम र तुलनात्मक रूपमा अन्य वडाहरू भन्दा स्थान विशेष हुन सक्ने प्रकोप (पहिरो, बाढी, चट्याङ्ग, आगलागी, वन डढेलो) हरूको असर कम भएको वडालाई मध्यम जोखिम रहेको वडाको रूपमा स्तरीकरण गरिएको छ।

यस विश्लेषणबाट सुनिलस्मृति गाउँपालिकाको वडा नं ५, ६ र ७ उच्च संकटासन्नता वडाहरू हुन्। त्यस्तै वडा नं १, ४ र ८ संकटासन्नताको हिसाबले मध्यम स्तरमा रहेका छन्। भने वडा नं २ र ३ संकटासन्नताको हिसाबले न्यून वडाहरू हुन् । जसको प्राथमिकीकरणको विवरण तालिका ३८ मा प्रस्तुत गरिएको छ।

**तालिका ३८: संकटासन्नताको आधारमा वडा प्राथमिकीकरण**

| वडा नं | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
|---|---|---|---|---|---|---|---|---|
| **१** | * | १ | १ | ४ | ५ | ६ | ७ | १ |
| **२** | | * | ३ | ४ | ५ | ६ | ७ | ८ |
| **३** | | | * | ४ | ५ | ६ | ७ | ८ |
| **४** | | | | * | ५ | ६ | ७ | ४ |
| **५** | | | | | * | ५ | ५ | ५ |
| **६** | | | | | | * | ६ | ६ |
| **७** | | | | | | | * | ७ |
| **८** | | | | | | | | * |
| प्राप्त अङ्क | ४ | १ | २ | ५ | ८ | ७ | ६ | ३ |
| प्राथमिकता | **पाँचौं** | **आठौ** | **सातौं** | **चौथो** | **पहिलो** | **दोस्रो** | **तेस्रो** | **छैठौं** |

स्रोतः वडा स्तरीय LDCRF तयारी गोष्ठी, २०८३

### २.२.३.३ क्षमता विश्लेषण

जलवायु परिवर्तन अनुकूलन तथा विपद्को प्रभावकारी प्रतिकार्य, पर्याप्त पूर्वतयारी र विपद् पछिको परिस्थितिलाई यथाशीघ्र सामान्य अवस्थामा फर्काउन तथा विपद् जोखिम न्यूनीकरणका गतिविधिहरू संचालन गर्न आवश्यक पर्ने संस्था, संरचना, नीति, कानुन, योजना, पूर्वाधार, भौतिक श्रोत साधन, प्राकृतिक श्रोत, सामाजिक श्रोत, आर्थिक श्रोत र मानवीय श्रोतको विद्यमान अवस्थाको लेखाजोखा र गाउँपालिकाको विपद् प्रतिकार्य क्षमता सुदृढ गर्नको लागि गर्नुपर्ने आवश्यकताको विश्लेषण तथा क्षमताको स्तर तालिका ३९ मा प्रस्तुत गरिएको छ।

**तालिका ३९: क्षमता विश्लेषण तथा स्तर निर्धारण**

| क्षेत्र | अवस्था विश्लेषण | आवश्यकता विश्लेषण | क्षमता स्तर |
|---|---|---|---|
| कानून, नीति, योजना | • गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन बनेको<br>• गाउँपालिकाको प्रकोप क्षमता तथा संकटासन्नता लेखाजोखा गरिएको<br>• विपद् व्यवस्थापन कोष संचालन कार्यविधि बनेको<br>• गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनेको | • राहत सम्बन्धी स्थानीय मापदण्ड बनाउनुपर्ने<br>• जोखिम सूचूचित क्षेत्रगत विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने<br>• विपद्को बेला भग्नावशेष, लाश र विभिन्न फोहोर व्यवस्थापन निर्देशिका बनाउने<br>• विपद् व्यवस्थापन कोष कार्यसंचालन अद्यावधिक गर्ने | मध्यम |

| | | | |
|---|---|---|---|
| | • गाउँपालिकाको स्थानीय अनुकूलन कार्ययोजना तयार भएको<br>• गाउँपालिकाको बस्ती विकास, सहर योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड बनेको | • विद्यालय तथा स्वास्थ्य संघसंस्थाको विपद् जोखिम व्यवस्थापन योजना तयार गर्नुपर्ने<br>• जलाधार व्यवस्थापन गुरूयोजना बनाउने<br>• पालिकाको विपद जोखिम न्यूनीकरण नीति बनाउनु पर्ने | |
| संस्था तथा संरचना | • स्थानीय विपद् व्यवस्थापन समिति गठन भएको<br>• वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन भएको<br>• सामुदायिक विपद् व्यवस्थापन समिति गठन भएको<br>• विपद् व्यवस्थापन विषयगत शाखा भएको | • स्थानीय आपत्कालीन कार्य संचालन केन्द्र स्थापना र संचालन गर्नुपर्ने<br>• खोज उद्धार, प्राथमिक उपचार, विपद् लेखाजोखा कार्यादल गठन गर्नुपर्ने<br>• वडा तहमा विपद् तथा जलवायु सूचना केन्द्र स्थापना गर्नुपर्ने<br>• जनप्रतिनिधि र कर्मचारीलाई विपद् व्यवस्थापन सम्बन्धी अभिमुखीकरण दिनुपर्ने<br>• विपद् व्यवस्थापन सम्पर्क व्यक्ति तोक्नुपर्ने | मध्यम |
| प्राकृतिक (वनजंगल, चरन क्षेत्र, पानी, माटो, भूमि आदि) | • सामुदायिक वन वडा नं. १ देखि ८ सम्म ३८ वटा, ४ वटा राष्ट्रिय वन र ३ वटा कबुलियती वन रहेका छन्।<br>• प्रत्येक वडामा चरन क्षेत्र रहेका छन्।<br>• यस गाउँपालिकामा वन जंगल भएका क्षेत्रमा पानीका मुहानहरू रहेका छन्।<br>• गाउँपालिकाको प्रत्येक वडामा खेतीयोग्य एवं बाँझो जमिन रहेको छ।<br>• गाउँपालिकामा ढुंगा, स्लेट, बालुवा, गिट्टीका खानीहरू रहेका छन्। | • वन तथा जलाधार क्षेत्रमा भूक्षय, पहिरो तथा वन डढेलोको जोखिम व्यवस्थापन आवश्यक।<br>• पानीका मुहानहरूको संरक्षण तथा पुनर्भरण कार्यक्रम आवश्यक।<br>• नदी किनार संरक्षण तथा बाढी-कटान नियन्त्रणका संरचनाहरू विस्तार गर्नुपर्ने।<br>• प्राकृतिक स्रोतहरूको दिगो उपयोगका लागि स्थानीय नीति तथा अनुगमन प्रणाली सुदृढ गर्नुपर्ने।<br>• खानीजन्य स्रोतहरूको वातावरणमैत्री उत्खनन र व्यवस्थापन आवश्यक। | न्यून |

| | | | |
|---|---|---|---|
| | • गाउँपालिकामा समथर भूभागमा उब्जाउ जमिन रहेको छ।<br>• गाउँपालिकाभित्र माडी, लुङ्ग्री लगायत साना-ठूला गरी २८ वटा नदी तथा खोलाहरू रहेका छन्। | • जलवायु परिवर्तनका कारण प्राकृतिक स्रोतमा पर्ने प्रभावको नियमित अनुगमन आवश्यक। | |
| भौतिक (बाटो, बिजुली, सञ्चार, गोबरग्यास, ऊर्जा, सामुदायिक भवन, पुलपुलेसा आदि) | • सबै वडालाई जोड्ने गोरेटो र घोरेटो बाटो रहेका छन्।<br>• वडा नं. १ देखि ८ सम्म ४ वटा पक्की, १ वटा ग्राभेल तथा ५६ वटा कच्ची गरी सबै वडामा सडक सञ्जाल पुगेको छ।<br>• गाउँपालिकाका सबै वडामा विद्युतीकरणको सुविधा पुगेको छ।<br>• १७ वटा सामुदायिक भवन रहेका छन्।<br>• गाउँपालिकाभित्र १२ वटा स्वास्थ्य संस्थाहरू रहेका छन्।<br>• गाउँपालिकाभित्र ८ वटा पक्की पुल, २ वटा बेली ब्रिज, २७ वटा झोलुङ्गे पुल तथा १ वटा निर्माणाधीन पक्की पुल गरी ३८ वटा पुलपुलेसा रहेका छन्।<br>• गाउँपालिकाभित्र ३ वटा **NTC** र ४ वटा **NCELL** का टावरहरू रहेका छन्। | • अधिकांश सडक कच्ची भएकाले वर्षायाममा आवागमन प्रभावित हुने सम्भावना।<br>• जोखिमयुक्त सडक तथा पुलहरूको विपद् प्रतिरोधी स्तरोन्नति आवश्यक।<br>• स्वास्थ्य संस्थाहरूमा आपतकालीन उपकरण तथा विपद् तयारी क्षमता अभिवृद्धि आवश्यक।<br>• सामुदायिक भवनहरूलाई आपतकालीन आश्रयस्थलका रूपमा स्तरोन्नति गर्नुपर्ने।<br>• सञ्चार सेवाको पहुँच कमजोर भएका क्षेत्रहरूमा नेटवर्क विस्तार आवश्यक।<br>• जलवायु उत्थानशील पूर्वाधार निर्माणलाई प्राथमिकता दिनुपर्ने। | उच्च |
| सामाजिक (विद्यालय, मठमन्दिर, चौतारा, सामाजिक समूह, | • आधारभूत विद्यालय ७, प्राथमिक विद्यालय २६ वटा, माध्यमिक विद्यालय ८ वटा तथा निजी ५ वटा गरी जम्मा ४६ वटा विद्यालय रहेका छन्। | • समुदायमा विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन सम्बन्धी जनचेतना अभिवृद्धि आवश्यक।<br>• सबै समूहहरूको संस्थागत क्षमता विकास आवश्यक। | उच्च |

| | | | |
|---|---|---|---|
| स्थानीय सामाजिक रीतिरिवाज) | • गाउँपालिकाभित्र प्रत्येक वडामा टोल विकास संस्था गठन प्रक्रियामा रहेका छन्।<br>• गाउँपालिकाभित्र ३२ वटा सार्वजनिक पाटीपौवा तथा चौताराहरू रहेका छन्।<br>• गाउँपालिकाभित्र बचत समूह, बाल क्लब, विभिन्न कृषि तथा पशु समूह, महिला समूह र दलित समूह रहेका छन्।<br>• गाउँपालिकाभित्र १२ वटा महिला समूह तथा २१ वटा आमा समूह गरी ३३ वटा समूह रहेका छन्। | • महिला, दलित, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको निर्णय प्रक्रियामा सहभागिता बढाउनुपर्ने।<br>• सामुदायिक स्वयंसेवक तथा विपद् प्रतिकार्य समूह गठन र सुदृढीकरण आवश्यक।<br>• विद्यालय तथा समुदायमा नियमित विपद् अभ्यास (Mock Drill) सञ्चालन आवश्यक। | |
| मानवीय (शिक्षक, स्वास्थ्यकर्मी, प्राविधिक, प्रशासनिक तथा वित्तीय जनशक्ति) | • शिक्षक महिला १३३ जना तथा पुरुष १५४ जना गरी जम्मा २८७ जना रहेका छन्।<br>• कृषि तथा पशु सेवा सम्बन्धी प्राविधिक जनशक्ति ८ जना रहेका छन्।<br>• स्वास्थ्यकर्मी ४६ जना (कार्यालय सहयोगी बाहेक) रहेका छन्। | • विपद् जोखिम व्यवस्थापन, खोज तथा उद्धार, प्राथमिक उपचार लगायतका विषयमा क्षमता अभिवृद्धि आवश्यक।<br>• स्वास्थ्यकर्मी तथा प्राविधिकहरूको संख्या र दक्षता अझ सुदृढ गर्नुपर्ने।<br>• युवाहरूको सीप विकास तथा उद्यमशीलता प्रवर्द्धन आवश्यक।<br>• विद्यालयमा जलवायु परिवर्तन तथा विपद् शिक्षा संस्थागत गर्नुपर्ने।<br>• स्थानीय जनशक्तिलाई GIS, प्रारम्भिक सूचना प्रणाली तथा आपतकालीन व्यवस्थापनमा तालिम आवश्यक। | न्यून |
| आर्थिक स्रोतहरू (सहकारी, बैंक, व्यवसाय, आयआर्जन तथा रोजगारी) | • गाउँपालिकाभित्र पुरुष ६,८९४ जना र महिला ९,४९४ जना गरी जम्मा १६,३८८ जना आर्थिक रूपमा सक्रिय जनसंख्या रहेका छन्।<br>• गाउँपालिकाभित्र सरकारी वा अर्धसरकारी संस्थामा १८६ | • कृषि उत्पादनको मूल्य शृंखला तथा बजार पहुँच सुधार गर्नुपर्ने।<br>• सहकारी तथा वित्तीय संस्थामार्फत जलवायु अनुकूल कृषि तथा साना उद्यममा लगानी बढाउनुपर्ने।<br>• वैदेशिक रोजगारीमा निर्भरता घटाई स्थानीय रोजगारी सिर्जना गर्नुपर्ने। | मध्यम |

| | | | |
|---|---|---|---|
| | जना, गैरसरकारी संस्थामा २१८ जना, निजी संस्था वा घरमा २५५ जना, कृषि क्षेत्रमा ज्यालादारी १,४७९ जना, गैरकृषि क्षेत्रमा ज्यालादारी ४१९ जना, पेशागत काममा ६५ जना, व्यापार व्यवसायमा ३९७ जना, स्वरोजगार २२ जना, घरेलु तथा साना उद्योगमा १३ जना, आफ्नै उद्योगधन्दामा ३ जना, ठेक्का-पट्टामा ९ जना, कृषि पेशामा ३,२५७ जना तथा अन्य क्षेत्रमा ४० जना गरी जम्मा ६,२६५ जना संलग्न रहेका छन्।<br>• वैदेशिक रोजगारीमा २,५९२ जना रहेका छन्।<br>• गाउँपालिकाभित्र ५१ वटा कृषि तथा पशुपन्छी फार्म तथा ४६ वटा कृषि तथा पशुपालन समूह रहेका छन्।<br>• गाउँपालिकाभित्र ३१ वटा सहकारी तथा लघुवित्त, १५ वटा बैंक रहेका छन्। | • विपद् जोखिम वित्त (Disaster Risk Financing), कृषि बीमा तथा पशु बीमाको पहुँच विस्तार आवश्यक।<br>• उद्यमशीलता, मूल्य अभिवृद्धि तथा कृषि व्यवसायीकरणका कार्यक्रम विस्तार गर्नुपर्ने।<br>• विपद्पछि जीविकोपार्जन पुनर्स्थापनाका लागि वित्तीय सहायता संयन्त्र विकास आवश्यक। | |

### २.२.४. जोखिमको विश्लेषण

राष्ट्रिय जलवायु परिवर्तन सर्वेक्षण २०२२ को तथ्यांक अनुसार मिचाहा प्रजातिको प्रभाव सबैभन्दा धेरै कृषि क्षेत्रमा परेको देखिन्छ जसमा बुट्यानको प्रभाव १०.९% वनमा, ५.७% चरण क्षेत्रमा तथा ८१% कृषि क्षेत्रमा परेको अवस्था रहेको छ। त्यस्तै जलीय मिचाहा झारले वनमा ७.३%, कृषिमा ३०.७% र अन्य क्षेत्र (जलीय पारिस्थितिकीय प्रणाली) मा ६१.५% प्रभाव पारेको देखिन्छ। मिचाहा प्रजातिको कारणले आम्दानी घटेको, टिम्बर/काठको नोक्सानी, घाँसपात क्षति, डालेघाँसमा कमी, सोत्तरको कमी, तथा पशु र मानिसहरूको स्वास्थ्यमा पनि प्रभाव परेको अवस्था रहेको छ (राष्ट्रिय तथ्यांक कार्यालय, २०२४)।

**तालिका ४०: सुनिलस्मृति गाउँपालिकाको जोखिमको रुपरेखा विश्लेषण**

| प्रकोप | संवेदनशीलता | सम्मुखता | प्रकोपसँग जुध्ने क्षमता | संकटासन्नता | बारम्बारता | प्रभाव | जोखिम | विपद् हुने सम्भावना |
|---|---|---|---|---|---|---|---|---|
| भूकम्प | उच्च | उच्च | न्यून | उच्च | मध्यम | उच्च | उच्च | उच्च |
| पहिरो | उच्च | उच्च | न्यून | उच्च | उच्च | उच्च | अत्यन्त उच्च | अत्यन्त उच्च |
| आगलागी | उच्च | उच्च | मध्यम | उच्च | उच्च | मध्यम | उच्च | उच्च |
| वन डढेलो | उच्च | उच्च | मध्यम | उच्च | उच्च | मध्यम | उच्च | उच्च |
| बाढी तथा नदी कटान | मध्यम | मध्यम | मध्यम | मध्यम | मध्यम | मध्यम | मध्यम | मध्यम |
| खडेरी | उच्च | उच्च | न्यून | उच्च | मध्यम | उच्च | उच्च | उच्च |
| खण्ड वृष्टि | उच्च | उच्च | मध्यम | उच्च | उच्च | उच्च | उच्च | उच्च |
| कृषि रोग तथा किरा | उच्च | उच्च | मध्यम | उच्च | उच्च | उच्च | उच्च | उच्च |
| पशु रोग | उच्च | उच्च | मध्यम | उच्च | मध्यम | उच्च | उच्च | उच्च |
| जनावर आतंक | उच्च | उच्च | न्यून | उच्च | उच्च | उच्च | अत्यन्त उच्च | उच्च |
| सडक दुर्घटना | उच्च | उच्च | मध्यम | उच्च | उच्च | उच्च | उच्च | उच्च |
| चट्याङ | मध्यम | मध्यम | मध्यम | मध्यम | मध्यम | मध्यम | मध्यम | मध्यम |
| हावाहुरी | मध्यम | मध्यम | मध्यम | मध्यम | मध्यम | मध्यम | मध्यम | मध्यम |
| असिना | मध्यम | मध्यम | मध्यम | मध्यम | मध्यम | मध्यम | मध्यम | मध्यम |
| महामारी | मध्यम | मध्यम | मध्यम | मध्यम | मध्यम | मध्यम | मध्यम | मध्यम |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| मिचाहा झार | न्यून | मध्यम | मध्यम | मध्यम | मध्यम | न्यून | न्यून | न्यून |
| विधुतीय दुर्घटना | न्यून | न्यून | मध्यम | न्यून | न्यून | न्यून | न्यून | न्यून |

सुनिलस्मृति गाउँपालिकाको जोखिम विश्लेषणले पहिरो, जनावर आतंक, आगलागी, सडक दुर्घटना, खडेरी, कृषि रोग, पशु रोग तथा खण्ड वृष्टि लाई उच्च प्राथमिकताका प्रकोपका रूपमा देखाएको छ। गाउँपालिकाको अधिकांश भू-भाग पहाडी तथा भिरालो रहेको, वन क्षेत्रको प्रभुत्व, मनसुनमा हुने तीव्र वर्षा, जलवायु परिवर्तनको प्रभाव तथा ग्रामीण सडक विस्तारका कारण पहिरो सबैभन्दा उच्च जोखिमयुक्त प्रकोपको रूपमा पहिचान गरिएको छ। विशेषगरी वडा नं. ३, ६ र ८ पहिरोबाट बढी प्रभावित छन्। त्यसैगरी गाउँपालिकाको ठूलो वन क्षेत्रका कारण जनावर आतंक (विशेष गरी बाँदर, बँदेल, रतुवा मृग र दुम्सी र वडा नंबर २ मा मयुर) ले वडा नं. १, ५, ६ र ७ मा कृषि उत्पादन तथा जीविकोपार्जनमा ठूलो असर पुर्याउँदै आएको छ। ग्रामीण सडकहरू कच्ची, साँघुरा तथा भिरालो भएकाले सडक दुर्घटना पनि उच्च जोखिमयुक्त प्रकोपका रूपमा देखिएको छ। पछिल्ला वर्षहरूमा वर्षा अनियमित हुनु, तापक्रम वृद्धि, पानीका मुहान सुक्दै जानु तथा लामो सुख्खा अवधि बढ्दै गएकाले खडेरी, कृषि रोग, पशु रोग र खण्ड वृष्टि को जोखिम उल्लेखनीय रूपमा बढेको छ। यद्यपि बाढी, चट्याङ, हावाहुरी, असिना, महामारी र खण्डवृष्टिको प्रभाव स्थानीय रूपमा देखिए पनि तिनको समग्र जोखिम गाउँपालिकामा मध्यम वा न्यून स्तरको रहेको मूल्याङ्कन गरिएको छ। यस विश्लेषणले सुनिलस्मृति गाउँपालिकामा जोखिममा आधारित विकास योजना, जलवायु अनुकूलन कार्यक्रम, पूर्वसूचना प्रणाली, पहिरो नियन्त्रण, जनावर व्यवस्थापन, सडक सुरक्षा, कृषि तथा पशु स्वास्थ्य सेवा सुदृढीकरण, मुहान संरक्षण तथा सामुदायिक विपद् तयारी लाई उच्च प्राथमिकताका कार्यक्रमका रूपमा समावेश गर्नुपर्ने आवश्यकता स्पष्ट रूपमा देखाउँछ।

### २.२.४.१ जोखिम नक्साङ्कन

सुनिलस्मृति गाउँपालिकाको लक्षित प्रकोपको गाम्भीर्य र त्यससँग सम्बन्धित सम्मुखता, सङ्कटासन्नता र स्रोतको विश्लेषण गरी बाढी, पहिरो, खडेरी, आगलागीजस्ता प्रकोपको जोखिम नक्साङ्कन गरिएको छ।




चित्र नं १७: सुनिलस्मृति गाउँपालिकाको पहिरो जोखिम नक्सा




चित्र नं १८: डढेलो जोखिम नक्सा

#### २.२.४.२ भविष्यमा परिवर्तन हुने विपद् जोखिम विश्लेषण

समग्र पालिकाको भविष्यमा प्रकोप हुनसक्ने सम्भावना, असरको गम्भीरता र असरको सम्भावनाको आधारमा प्रकोप तथा जोखिम विश्लेषण गरिएको छ। यो विधि प्रयोग गर्दा प्रभावको स्तर, प्रकोप हुन सक्ने सम्भावना र प्रभाव पार्न सक्ने सम्भावनाहरूको स्तरलाई १ देखी ३ अङ्क भार दिई विश्लेषण गरिएको छ जसमा १ भन्नाले न्यून प्रभाव तथा गम्भीरता र ३ भन्नाले सबैभन्दा उच्च प्रभाव तथा गम्भीरता भन्ने बुझिन्छ। यसरी प्रकोपको सम्भावना, प्रकोपबाट हुन सक्ने असर र असरको गम्भीरताको अङ्क भारलाई गुणाङ्क गरी प्रकोपको जोखिमको स्तर तय गरिएको थियो।

**तालिका ४१: स्रोतहरूमाथि प्रकोप तथा जोखिम विश्लेषण**

| प्रकोप | स्रोतहरू | असरको गम्भीरता | प्रकोपको सम्भावना | असरको सम्भावना | कुल अंक | जोखिम स्तर |
|---|---|---|---|---|---|---|
| **भूकम्प** | प्राकृतिक | २ | ३ | २ | १२ | मध्यम |
| | आर्थिक | ३ | ३ | ३ | २७ | उच्च |
| | भौतिक | ३ | ३ | ३ | २७ | उच्च |
| | मानवीय | ३ | ३ | ३ | २७ | उच्च |
| | सामाजिक | २ | ३ | २ | १२ | मध्यम |
| **पहिरो** | प्राकृतिक | ३ | ३ | ३ | २७ | उच्च |
| | आर्थिक | ३ | ३ | ३ | २७ | उच्च |
| | भौतिक | ३ | ३ | ३ | २७ | उच्च |
| | मानवीय | ३ | ३ | ३ | २७ | उच्च |
| | सामाजिक | ३ | ३ | २ | १८ | मध्यम |
| **आगलागी** | प्राकृतिक | २ | ३ | २ | १२ | मध्यम |
| | आर्थिक | ३ | ३ | ३ | २७ | उच्च |
| | भौतिक | ३ | ३ | २ | १८ | मध्यम |
| | मानवीय | ३ | ३ | २ | १८ | मध्यम |
| | सामाजिक | २ | ३ | २ | १२ | मध्यम |
| **बाढी तथा नदी कटान** | प्राकृतिक | २ | २ | २ | ८ | न्यून |
| | आर्थिक | ३ | २ | २ | १२ | मध्यम |
| | भौतिक | ३ | २ | २ | १२ | मध्यम |
| | मानवीय | ३ | २ | २ | १२ | मध्यम |
| | सामाजिक | २ | २ | १ | ४ | न्यून |
| **खडेरी** | प्राकृतिक | ३ | ३ | ३ | २७ | उच्च |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | आर्थिक | ३ | ३ | २ | १८ | मध्यम |
| | भौतिक | ३ | ३ | ३ | २७ | उच्च |
| | मानवीय | ३ | ३ | २ | १८ | मध्यम |
| | सामाजिक | २ | २ | २ | ८ | न्यून |
| **खण्ड वृष्टि** | प्राकृतिक | ३ | ३ | ३ | २७ | उच्च |
| | आर्थिक | ३ | ३ | २ | १८ | मध्यम |
| | भौतिक | ३ | ३ | ३ | २७ | उच्च |
| | मानवीय | ३ | ३ | २ | १८ | मध्यम |
| | सामाजिक | २ | २ | २ | ८ | न्यून |
| **वन डढेलो** | प्राकृतिक | ३ | ३ | ३ | २७ | उच्च |
| | आर्थिक | २ | ३ | २ | १२ | मध्यम |
| | भौतिक | २ | २ | १ | ४ | न्यून |
| | मानवीय | २ | २ | १ | ४ | न्यून |
| | सामाजिक | २ | २ | १ | ४ | न्यून |
| **कृषि रोग** | प्राकृतिक | ३ | ३ | ३ | २७ | उच्च |
| | आर्थिक | ३ | ३ | ३ | २७ | उच्च |
| | भौतिक | १ | २ | १ | २ | न्यून |
| | मानवीय | २ | २ | १ | ४ | न्यून |
| | सामाजिक | २ | २ | १ | ४ | न्यून |
| **पशु रोग** | प्राकृतिक | २ | ३ | २ | १२ | मध्यम |
| | आर्थिक | ३ | ३ | ३ | २७ | उच्च |
| | भौतिक | १ | २ | १ | २ | न्यून |
| | मानवीय | २ | २ | १ | ४ | न्यून |
| | सामाजिक | २ | २ | १ | ४ | न्यून |
| **जनावर आतंक** | प्राकृतिक | ३ | ३ | ३ | २७ | उच्च |
| | आर्थिक | ३ | ३ | ३ | २७ | उच्च |
| | भौतिक | २ | ३ | २ | १२ | मध्यम |
| | मानवीय | ३ | ३ | २ | १८ | मध्यम |
| | सामाजिक | २ | ३ | २ | १२ | मध्यम |
| **सडक दुर्घटना** | प्राकृतिक | १ | ३ | १ | ३ | न्यून |
| | आर्थिक | ३ | ३ | २ | १८ | मध्यम |
| | भौतिक | २ | ३ | २ | १२ | मध्यम |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मानवीय | ३ | ३ | ३ | २७ | उच्च |
| | सामाजिक | २ | ३ | २ | १२ | मध्यम |
| **चटयाङ** | प्राकृतिक | २ | २ | २ | ८ | न्यून |
| | आर्थिक | २ | २ | २ | ८ | न्यून |
| | भौतिक | २ | २ | २ | ८ | न्यून |
| | मानवीय | ३ | २ | २ | १२ | मध्यम |
| | सामाजिक | १ | २ | १ | २ | न्यून |
| **हावाहुरी** | प्राकृतिक | २ | २ | २ | ८ | न्यून |
| | आर्थिक | २ | २ | २ | ८ | न्यून |
| | भौतिक | ३ | २ | २ | १२ | मध्यम |
| | मानवीय | २ | २ | २ | ८ | न्यून |
| | सामाजिक | २ | २ | १ | ४ | न्यून |
| **असिना** | प्राकृतिक | २ | २ | २ | ८ | न्यून |
| | आर्थिक | २ | २ | २ | ८ | न्यून |
| | भौतिक | १ | २ | १ | २ | न्यून |
| | मानवीय | २ | २ | २ | ८ | न्यून |
| | सामाजिक | १ | २ | १ | २ | न्यून |
| **महामारी** | प्राकृतिक | १ | २ | १ | २ | न्यून |
| | आर्थिक | २ | २ | २ | ८ | न्यून |
| | भौतिक | १ | २ | १ | २ | न्यून |
| | मानवीय | ३ | २ | ३ | १८ | मध्यम |
| | सामाजिक | ३ | २ | २ | १२ | मध्यम |
| **विधुतीय दुर्घटना** | प्राकृतिक | १ | १ | १ | १ | न्यून |
| | आर्थिक | २ | २ | २ | ८ | न्यून |
| | भौतिक | १ | १ | १ | १ | न्यून |
| | मानवीय | १ | १ | १ | १ | न्यून |
| | सामाजिक | १ | १ | १ | १ | न्यून |
| **मिचाहा झार** | प्राकृतिक | २ | २ | २ | ८ | न्यून |
| | आर्थिक | २ | २ | २ | ८ | न्यून |
| | भौतिक | १ | १ | १ | १ | न्यून |
| | मानवीय | १ | १ | १ | १ | न्यून |
| | सामाजिक | १ | १ | १ | १ | न्यून |

### २.२.५. संस्थागत विश्लेषण

यस सुनिलस्मृति गाउँपालिकामा जीविकोपार्जन सुधार र समुदाय विकासका लागि संस्थाहरूले आफ्नो बार्षिक कार्यक्रम मार्फत टेवा पुर्याएका छन्। कुनैपनि स्थानीय विकासमा सेवा प्रदायक संघ संस्था, निजि संस्था, सार्वजनिक संघ संस्था, नागरिक समाज एवं सञ्जाल सदस्यहरूको अहम भूमिका रहन्छ। विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशीलताका सवालमा आर्थिक, प्राविधिक तथा सहजीकरण सहयोग गर्न सक्ने संघसंस्था तथा निकायहरू पहिचान गरी सो संस्थाहरूको संभावित भूमिका र अपेक्षित सहयोगको बारेमा देहाय बमोजिम उल्लेख गरिएको छ।

आगामी दिनमा यस स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा कार्यान्वयनमा सबैको साथ र सहयोग आवश्यक हुन जान्छ। यसका लागि सुनिलस्मृति गाउँपालिकाले जिल्ला तथा स्थानीय स्तरमा रहेका निम्न बमोजिमका सम्पुर्ण सरकारी तथा गैरसरकारी संघ संस्थाहरूमा सहयोगका लागि बेला बेला अन्तक्रिया गर्ने, पत्राचार गर्ने तथा निरन्तर सम्पर्क र समन्वय गरी यस कार्यढाँचा कार्यान्वयन गर्नुपर्दछ।

**तालिका ४२: सेवा प्रदायक संस्था विश्लेषण**

| **क्र. सं.** | **कार्यालय संघ/संस्था** | **विपद् तथा जलवायु जन्य जोखिम व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग** | | |
|---|---|---|---|---|
| | गाउँपालिका | विपद् पूर्व | विपद्को समयमा | विपद् पश्चात |
| **क** | **गाउँपालिकाभित्र** | | | |
| १ | गाउँपालिका | विपद् तथा जलवायु परिवर्तन सम्बन्धी जनचेतना जगाउने, आकस्मिक कोषको व्यवस्था गर्ने, गै.स.स. सँग समन्वय गर्ने, गाउँसँग सम्बन्धित आँकडाहरू तयार गर्ने | सरकारी तथा गै.स.स. सँग समन्वय गर्ने र निरिक्षण गर्ने, राहत वितरणमा सहयोग गर्ने, सुचनाहरू प्रवाह गर्ने | खोज तथा उद्धार कार्यमा सहयोग गर्ने, अन्य दातृ संस्थाहरूसँग सहयोगको माग गर्न सहयोग गर्ने, सहयोग र समन्वय गर्ने, क्षति विवरण संकलन कार्यमा सहयोग गर्ने |
| २ | पशु सेवा शाखा | भ्याक्सिन वितरण, पशु जाँच, पशु रोग पहिचान, गोठ सुधारमा प्रोत्साहन, | सहुलियत दरमा औषधी वितरण, औषधि र शिविर | वडास्तरीय जनचेतना, उन्नत जातका पशु वितरण |
| ३ | कृषि सेवा शाखा | कृषकलाई प्राविधिक ज्ञान, तालिम, गोष्ठी, जनचेतना | उद्दार | राहत, पुनर्स्थापना, पुनर्निर्माण, बीउहरू वितरण |
| ४ | स्वास्थ्य चौकी प्राथमिक स्वास्थ्य केन्द्र शहरी गाउँघर क्लिनिक | सुई खोप दिने, स्वास्थ्य सम्बन्धी जनचेतना जगाउने, समयसमयमा | प्राथमिक उपचार गर्ने, औषधि व्यवस्थापन गर्ने, | घाइतेहरूको उपचार गर्ने, शिविर सञ्चालन गर्ने |

| क्र. सं. | कार्यालय संघ/संस्था | **विपद् तथा जलवायु जन्य जोखिम व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग** | | |
|---|---|---|---|---|
| | गाउँपालिका | विपद् पूर्व | विपद्को समयमा | विपद् पश्चात |
| | | | स्वास्थ्य सम्बन्धी सल्लाह सुझाव दिने | |
| ५ | सहकारी | विपद् जोखिमको मूल्याङ्कन र सचेतना कार्यक्रम सञ्चालन<br>सदस्यहरूको बीमा वा आपतकालीन कोष स्थापना<br>विपद् पूर्व तयारी सामग्री (जस्तै प्राथमिक उपचार, खाद्यान्न) संकलन र भण्डारण | जोखिममा परेकाहरूको तत्काल सहायता (खाद्यान्न, लत्ताकपडा, औषधि वितरण)<br>सदस्यहरूको सम्पर्क र उद्धार समन्वय<br>राहत वितरणमा स्थानीय सरकार र संस्थासँग सहकार्य | पीडित सदस्यहरूको पुनःस्थापना सहायता (ऋण, बिमा क्लेम/दाबी, व्यवसाय पुनः सुरू)<br>-समाजमा मनो–सामाजिक सहयोग तथा पुनः निर्माण अभियान<br>भविष्यका लागि रणनीति परिमार्जन र योजना अद्यावधिक |
| ६ | विद्यालय | विद्यार्थीलाई विपद् पूर्वतयारी सम्बन्धी कक्षा कोठा छलफल र सुरक्षित बाटोको जानकारी गराउने | क्षतिको विवरण संकलन, उद्धार | विद्यार्थीलाई विपद् पूर्वतयारी सम्बन्धी कक्षा कोठा छलफल र सुरक्षित बाटोको जानकारी गराउने |
| ७ | युवा क्लव | जनचेतना अभियान सञ्चालन (सुरक्षा, सरसफाइ, आपतकालीन तयारी)<br>तालिमहरू (प्रथम सहायता, उद्धार, विपद् प्रतिक्रिया) मा सहभागी<br>आपतकालीन स्रोत (रसी, टर्चलाइट, प्राथमिक किट) संकलन सहयोग | सूचना संप्रेषण, उद्धार र प्राथमिक सहायता कार्यमा सक्रिय सहभागिता<br>- जोखिमयुक्त स्थानबाट व्यक्तिहरूको स्थानान्तरणमा सहयोग<br>- अस्थायी आश्रय व्यवस्था र राहत वितरण सहयोग | - घर तथा सार्वजनिक संरचनाको पुनःस्थापना पहल<br>- मनो–सामाजिक समर्थन र बालबालिकाको संरक्षणमा संलग्न<br>- दीर्घकालीन पुनर्निर्माण र विपद् प्रतिरोधात्मक योजना निर्माणमा योगदान |

| क्र. सं. | कार्यालय संघ/संस्था | विपद् तथा जलवायु जन्य जोखिम व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग | | |
|---|---|---|---|---|
| | गाउँपालिका | विपद् पूर्व | विपद्को समयमा | विपद् पश्चात |
| ८ | आमा तथा महिला समूह | सरसफाई कार्यक्रम, जनचेतना, सूचना प्रबाह, सास्कृतिक कार्यक्रम विपद् जोखिमको जानकारीमूलक कार्यक्रम सञ्चालन आपतकालीन खाद्यान्न, लत्ताकपडा, औषधिको भण्डारण महिला तथा बालबालिकाको सुरक्षाका लागि योजना बनाउने | क्षतिको विवरण संकलन, उद्धार कमजोर वर्ग (बालबालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति) को संरक्षण राहत वितरण र उद्धार कार्यमा सहकार्य अस्थायी आवास तथा सरसफाइ व्यवस्थापनमा सक्रिय सहभागिता | समुदायमा मनो— सामाजिक सहयोग तथा सान्त्वना अभियान सञ्चालन,घर पुनःनिर्माण र जीविकोपार्जन पुनः स्थापना प्रयास,महिला सशक्तीकरणका कार्यक्रम र उद्यमशीलताको प्रवर्द्धन |
| ९ | मेलमिलाप केन्द्र | सामाजिक द्वन्द्व व्यवस्थापन | सामाजिक द्वन्द्व व्यवस्थापन र मेलमिलापका लागि सहजीकरण | विपद्पछि स्रोतको अभाव, राहतको असमान वितरण, वा अन्य कारणले उत्पन्न हुने विवादहरूमा निष्पक्ष मध्यस्थता गर्ने। प्रभावित व्यक्तिहरूलाई भावनात्मक समर्थन, सल्लाह तथा परामर्श प्रदान गर्ने। विभिन्न जात, वर्ग, धर्मबीच आपसी समझदारी र मेलमिलाप कायम राख्न सामूहिक संवाद र छलफलको आयोजना गर्ने। पीडित समुदायको पुनःस्थापनामा सामाजिक समावेशिता |

| क्र. सं. | कार्यालय संघ/संस्था | **विपद् तथा जलवायु जन्य जोखिम व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग** | | |
|---|---|---|---|---|
| | गाउँपालिका | विपद् पूर्व | विपद्को समयमा | विपद् पश्चात |
| | | | | र न्याय सुनिश्चित गर्न सहयोग पुऱ्याउने |
| १० | स्थानीय विपद् व्यवस्थापन समिति | समूहमा विपद् पूर्वतयारी सम्बन्धी छलफल | विभिन्न निकायसँग उद्धार सामग्री माग गरी उद्धारमा सहयोग | राहतको लागि सहयोग |
| ११ | वडा कार्यालय | विपद् तथा जलवायु परिवर्तन सम्बन्धी जनचेतना जगाउने, आकस्मिक कोषको व्यवस्था गर्ने, गै.स.स. सँग समन्वय गर्ने, सम्बन्धित आँकडाहरू तयार गर्ने | सरकारी तथा गै.स.स. सँग समन्वय गर्ने र निरिक्षण गर्ने, राहत वितरणमा सहयोग गर्ने, सुचनाहरू प्रवाह गर्ने | खोज तथा उद्धार कार्यमा सहयोग गर्ने, अन्य दातृ संस्थाहरूसँग सहयोगको माग गर्न सहयोग गर्ने, सहयोग र समन्वय गर्ने, क्षति विवरण संकलन कार्यमा सहयोग गर्ने |
| ११ | इलाका प्रहरी कार्यालय तथा चौकी | विपद् जोखिम मूल्याङ्कन, पूर्वतयारी योजना निर्माण, उद्धार तालिम/अभ्यास | खोज, उद्धार, प्राथमिक उपचार र सुरक्षित स्थानमा स्थानान्तरण, डुंगा, रबर बोट आदि प्रयोग गरी आपतकालीन प्रतिक्रिया, भीड व्यवस्थापन, सूचना संप्रेषण र अन्य सुरक्षा निकायसँग समन्वय | क्षति मूल्याङ्कनमा सहयोग, पुनःस्थापनामा सुरक्षात्मक समर्थन, राहत वितरणमा सहकार्य, दीर्घकालीन पुनर्निर्माण र विपद् न्यूनीकरण रणनीतिमा प्राविधिक सहयोग |
| १२ | रुडास नेपाल, रोल्पा | समुदायस्तरमा जोखिम तथा जोखिमग्रस्त क्षेत्र पहिचान, विपद् पूर्वतयारी, समुदाय तथा स्थानीय विपद् व्यवस्थापन समितिको क्षमता विकास, जनचेतना तथा पूर्वसूचना प्रणालीमा सहयोग | खोज तथा उद्धारमा सहजीकरण, राहत तथा अत्यावश्यक सामग्री वितरण, प्रभावित परिवारको पहिचान, स्थानीय सरकार तथा | जलवायु परिवर्तन अनुकूलन, वातावरण संरक्षण, प्राकृतिक स्रोत व्यवस्थापन, विपद् जोखिम न्यूनीकरण तथा समुदायको उत्थानशीलता |

| क्र. सं. | कार्यालय संघ/संस्था | विपद् तथा जलवायु जन्य जोखिम व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग | | |
|---|---|---|---|---|
| | गाउँपालिका | विपद् पूर्व | विपद्को समयमा | विपद् पश्चात |
| | | | समुदायबीच समन्वय | अभिवृद्धिमा कार्यरत छ। |
| १३ | NFCC | प्रजनन स्वास्थ्य सम्बन्धी जनचेतना, समुदायको क्षमता विकास, पूर्वतयारी तथा आपत्कालीन योजना निर्माणमा सहयोग | राहत, उद्धार तथा आपत्कालीन सहायता परिचालनमा सहयोग, प्रभावित समुदायको आवश्यकता पहिचान, सरोकारवालाबीच समन्वय | प्रजनन स्वास्थ्य, परिवार नियोजन, मातृ तथा नवजात स्वास्थ्य सेवा, किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य र स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गर्दछ। |
| १४ | साहस नेपाल | जोखिम पहिचान तथा समुदायको संवेदनशीलता मूल्याङ्कन, विपद् पूर्वतयारी, स्थानीय क्षमता विकास, जनचेतना तथा पूर्वसूचना प्रणाली सुदृढीकरण | आपत्कालीन राहत तथा मानवीय सहायता, प्रभावित तथा जोखिममा रहेका समूहको संरक्षण, खोज-उद्धार तथा समन्वयमा सहयोग | मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग, जलवायु परिवर्तन अनुकूलन, दिगो कृषि, शिक्षा, जीविकोपार्जन तथा सामुदायिक सशक्तीकरणका क्षेत्रमा कार्य गर्दछ। |
| १५ | INF | खानेपानी तथा जलवायु परिवर्तन सम्बन्धी पूर्वतयारी, समुदायमा स्वास्थ्य तथा सरसफाइ सचेतना, स्वास्थ्यकर्मी/स्वयंसेवकको क्षमता विकास, आपत्कालीन स्वास्थ्य योजना | आकस्मिक स्वास्थ्य सेवा, प्राथमिक उपचार, स्वास्थ्य शिविर, औषधि तथा स्वास्थ्य सामग्री सहयोग, पानी-सरसफाइ तथा स्वच्छतामा सहयोग | स्वास्थ्य, खानेपानी तथा सरसफाइ, अपाङ्गता समावेशीकरण, जलवायु उत्थानशीलता तथा समावेशी सामुदायिक विकासका कार्यक्रम सञ्चालन गर्दछ। |
| १६ | DECOS | स्वास्थ्य, जलवायु परिवर्तन र विपद् जोखिम तथा जलवायुजन्य जोखिमको पहिचान, समुदायको क्षमता अभिवृद्धि, विपद् | प्रभावित समुदायको आवश्यकता पहिचान, राहत तथा आपत्कालीन सहायता समन्वय, | स्वास्थ्य प्रवर्द्धन, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण, वातावरण संरक्षण, |

| क्र. सं. | कार्यालय संघ/संस्था | विपद् तथा जलवायु जन्य जोखिम व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग | | |
|---|---|---|---|---|
| | गाउँपालिका | विपद् पूर्व | विपद्को समयमा | विपद् पश्चात |
| | | पूर्वतयारी तथा स्थानीय योजना निर्माणमा सहयोग, जनचेतना कार्यक्रम | स्थानीय तह तथा समुदायसँग प्रतिकार्यमा सहकार्य | समुदायको क्षमता विकास तथा स्थानीय विकासका क्षेत्रमा सहयोग पुऱ्याउँछ। पुनःस्थापना तथा पुनर्निर्माणमा सहयोग, जीविकोपार्जन पुनःस्थापना, जोखिम न्यूनीकरणलाई विकास योजनामा समावेश गर्न सहयोग, समुदायको उत्थानशीलता वृद्धि |
| **ख** | **गाउँपालिका बाहिर** | | | |
| १ | जिल्ला प्रशासन कार्यालय | जिल्लास्तरीय विपद् प्रतिकार्य योजना निर्माण र अद्यावधिक, जोखिम नक्साङ्कन, पूर्वचेतावनी प्रणालीको समन्वय, सुरक्षा निकाय, स्थानीय तह र सरोकारवालासँग समन्वय गरी पूर्वतयारी अभ्यास सञ्चालन, विपद् व्यवस्थापन समिति सञ्चालन र स्रोत परिचालन योजना तयार गर्ने | आपतकालीन कार्यसञ्चालन केन्द्र मार्फत सूचना संकलन र समन्वय, खोज, उद्धार, राहत वितरण र आश्रय व्यवस्थापनमा नेतृत्व, यातायात, जनसुरक्षा, आपतकालीन सेवा र सञ्चार व्यवस्थापन, असुरक्षित संरचनाको मूल्याङ्कन र स्थानान्तरणको निर्णय | क्षति मूल्याङ्कन, राहतको पारदर्शी वितरण र पुनःस्थापनाको समन्वय, दीर्घकालीन पुनर्निर्माण योजना निर्माण र कार्यान्वयनमा सहजीकरण, स्थानीय तह, र अन्य निकायसँग समन्वय गरी पुनःस्थापना कार्य, विपद् अनुभवको समीक्षा र आगामी सुधारका लागि प्रतिवेदन तयार गर्ने |
| २ | जिल्ला विपद् व्यवस्थापन समिति | जिल्लाको विपद् प्रतिकार्य योजना तयार पार्ने र | आपतकालीन कार्यसञ्चालन | क्षति मूल्याङ्कन, राहतको पारदर्शी |

| क्र. सं. | कार्यालय संघ/संस्था | विपद् तथा जलवायु जन्य जोखिम व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग | | |
|---|---|---|---|---|
| | गाउँपालिका | विपद् पूर्व | विपद्को समयमा | विपद् पश्चात |
| | | कार्यान्वयन गर्ने, जोखिम नक्साङ्कन, पूर्वचेतावनी प्रणाली र पूर्वतयारी कार्यक्रम सञ्चालन, विभिन्न निकायबीच समन्वय गरी स्रोत परिचालन र तालिम कार्यक्रम सञ्चालन | केन्द्रमार्फत सूचना संकलन र समन्वय, खोज, उद्धार, राहत वितरण र आश्रय व्यवस्थापनमा नेतृत्व, यातायात, जनसुरक्षा र आपतकालीन सेवा व्यवस्थापनमा सहयोग | वितरण र पुनःस्थापनाको समन्वय,असुरक्षित संरचनाको व्यवस्थापन र सुरक्षित स्थानमा स्थानान्तरण, दीर्घकालीन पुनर्निर्माण योजना निर्माण र अनुगमन |
| ३ | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल | विपद् जोखिम मूल्याङ्कन, पूर्वतयारी योजना निर्माण, उद्धार तालिम/अभ्यास (जस्तैः मनसुन अभ्यास, हातेमालो अभ्यास, अत्याधुनिक उपकरण र जनशक्ति तयारी तथा समुदायमा सचेतना कार्यक्रम सञ्चालन | खोज, उद्धार, प्राथमिक उपचार र सुरक्षित स्थानमा स्थानान्तरण, हेलिकप्टर, डुंगा, ड्रोन, रबर बोट आदि प्रयोग गरी आपतकालीन प्रतिक्रिया, भीड व्यवस्थापन, सूचना संप्रेषण र अन्य सुरक्षा निकायसँग समन्वय | क्षति मूल्याङ्कनमा सहयोग, पुनःस्थापनामा सुरक्षात्मक समर्थन,मनोसामाजिक सहयोग, स्वास्थ्य शिविर, राहत वितरणमा सहकार्य, दीर्घकालीन पुनर्निर्माण र विपद् न्यूनीकरण रणनीतिमा प्राविधिक सहयोग |
| ४. | शिक्षा विकास तथा समन्वय इकाई | विद्यार्थीलाई विपद् पूर्वतयारी सम्बन्धी कक्षा कोठा छलफल र सुरक्षित बाटोको जानकारी गराउन | विद्यालयहरू सुरक्षित स्थानको रूपमा प्रयोग गर्ने समन्वय, विद्यार्थी र शिक्षकको स्थिति निगरानी तथा सम्पर्क व्यवस्थापन, बालमैत्री अस्थायी | विद्यालय पुनः सञ्चालनको समन्वय र क्षतिको मूल्याङ्कन पठन-पाठन सामग्री तथा मनो-सामाजिक सहयोगको व्यवस्थापन शिक्षा पुनः स्थापनाको लागि बाह्य |

| क्र. सं. | कार्यालय संघ/संस्था | विपद् तथा जलवायु जन्य जोखिम व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग | | |
|---|---|---|---|---|
| | गाउँपालिका | विपद् पूर्व | विपद्को समयमा | विपद् पश्चात |
| | | | कक्षा वा पठन-पाठन सहजीकरण | साझेदारसँग सहकार्य र योजना निर्माण |
| ५ | नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा | प्राथमिक उपचार तालिम, सामुदायिक विपद् जोखिम व्यवस्थापन तालिम, आगलागी नियन्त्रण गर्ने सामग्रीहरूको पूर्वतयारी | राहत तथा सामग्री वितरण, प्राथमिक उपचार सेवा | खोज तथा उद्धारमा सहयोग, समन्वय, आकंडा संकलनमा सहयोग |
| ६ | सामुदायिक वन उपभोक्ता महासघं | अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन सम्बन्धी कृषक क्षमता अभिवृद्धि | वन डढेलोका बेलामा र वन सम्बन्धी विपद्का बखत खोज उद्धार र आपतकालीन आश्रयका लागि वन पैदावर सहजीकरण | सामुदायिक वन विकास तथा व्यवस्थापन |

### २.२.६. वडाहरूको सङ्कटासन्नता तथा क्षमता विश्लेषण

विगतको ३० वर्षको एतिहासिक समयरेखाबाट आएको आधारमा क्षति विश्लेषण, फिल्ड अवलोकन र सहभागीहरूसँगको छलफलबाट प्राप्त सूचनालाई निर्देशिका/दिग्दर्शन अनुसारको १४ वटा तल उल्लेखित पक्षहरूको मूल्यांकन गरी प्रत्येकको अङ्कभारलाई जोडेर कुल अंक र समुदाय र गाउँपालिकाको सूचनाको आधारमा प्रत्येक वडालाई उच्च, मध्यम र न्यून गरी तीन वर्गमा निम्नानुसार सङ्कटासन्नता स्तरीकरण गरियो। माथि उल्लिखित सङ्कटासन्नता तथा क्षमता विश्लेषणका औजार (VCA/tools) हरू प्रयोग गरी सूचना सङ्कलन गर्दा अङ्कभार ३८ भन्दा बढी वडा नं ५, ६ र ७ ले प्राप्त गरेकोले उच्च संकटासन्न, वडा नं ४,१, ८ ले २४ देखि ३८ अङ्कभार प्राप्त गरेकोले मध्यम संकटासन्न र सवैभन्दा कम अंकभार २२ र २३ वडा नं क्रमशः ३ र २ ले प्राप्त गरेकोले न्यून संकटासन्न स्तरीकरण गरिएको छ। समग्रमा, यस गाउँपालिकाले औसत अङ्कभार ३२ प्राप्त गरेको जुन २४ देखि ३८ अङ्कभारका बीचमा पर्ने आधारमा मध्यम सङ्कटासन्न देखिन्छ।

**तालिका ४३ः वडाहरूको सङ्कटासन्नता तथा क्षमता विश्लेषण**

| वडा नं | मानवीय क्षती | प्रभावित परिवार | घरको क्षती | आर्थिक क्षति | खेतीयोग्य भूमि र वनक्षेत्रको क्षति | सामाजिक क्षति | विगतमा भएका विपद्का घटनाक्रम | बालि लगाउने वा भित्र्याउने समयमा आएको परिवर्तन | तापक्रममा आएको परिवर्तन | जोखिमले भविश्यमा पार्न सक्ने असर | स्रोतको उपलब्धता तथा पहुंच | संस्थागत क्षमता | जनसंख्याको विश्लेषण | स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधि | जम्मा अंक | संकटासन्न स्तर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६ | १ | १ | ३ | २ | १ | २ | १ | २ | २ | २ | २ | २ | ३ | ३० | मध्यम |
| २ | ४ | १ | १ | ३ | १ | १ | १ | १ | २ | २ | १ | २ | १ | १ | २२ | न्यून |
| ३ | ६ | १ | १ | ३ | १ | १ | १ | १ | १ | २ | १ | २ | १ | १ | २३ | न्यून |
| ४ | ६ | १ | १ | ३ | २ | १ | ३ | २ | २ | ३ | ३ | २ | २ | ३ | ३४ | मध्यम |
| ५ | ६ | २ | २ | ३ | ३ | २ | ३ | २ | २ | ३ | ३ | ३ | ३ | ३ | ४० | उच्च |
| ६ | ६ | २ | २ | ३ | ३ | २ | ३ | २ | २ | ३ | ३ | ३ | २ | ३ | ३९ | उच्च |
| ७ | ६ | २ | २ | ३ | ३ | २ | ३ | २ | २ | ३ | ३ | ३ | २ | ३ | ३९ | उच्च |
| ८ | ६ | १ | १ | ३ | १ | १ | १ | १ | २ | ३ | २ | २ | २ | ३ | २९ | मध्यम |




चित्र नं १९: सुनिलस्मृति गाउँपालिकाको वडा संकटासन्नता स्तर *(Vulnerability Rank)*

## परिच्छेद-३

## विपद् तथा जलवायु उत्थानशील योजना

### ३.१ सोच, लक्ष्य तथा रणनीति

#### ३.१.१ सोच

"विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशील विकासमार्फत सुरक्षित, समृद्ध, समावेशी, दिगो तथा विपद् एवं जलवायु उत्थानशील सुनिलस्मृति गाउँपालिका निर्माण गर्ने।"यस गाउँपालिकाले विपद् जोखिम न्यूनीकरण (DRR), जलवायु परिवर्तन अनुकूलन (CCA) तथा उत्थानशील विकासलाई स्थानीय विकासको मूल आधारका रूपमा आत्मसात् गरेको छ। प्राकृतिक विपद् तथा जलवायु परिवर्तनबाट उत्पन्न हुने जोखिमहरूको न्यूनीकरण गर्दै मानव जीवन, जीविकोपार्जन, पूर्वाधार, प्राकृतिक स्रोत तथा जैविक विविधताको संरक्षण र दिगो व्यवस्थापन गरिनेछ। साथै, स्थानीय स्रोत, सीप, प्रविधि तथा समुदायको सक्रिय सहभागितामा सुरक्षित, समावेशी, वातावरणमैत्री र दिगो विकास सुनिश्चित गरिनेछ।

#### ३.१.२ लक्ष्य

यस योजनाको समग्र लक्ष्य सुनिलस्मृति गाउँपालिकालाई क्रमशः विपद् सुरक्षित तथा जलवायु उत्थानशील स्थानीय सरकारका रूपमा विकास गर्नु हो। यस उद्देश्य हासिल गर्न सामाजिक, आर्थिक, वातावरणीय, पूर्वाधार तथा संस्थागत/शासन क्षेत्रका अल्पकालीन तथा दीर्घकालीन लक्ष्यहरू निर्धारण गरिएको छ।

##### ३.१.२.१ अल्पकालीन लक्ष्य (१-३ वर्ष)

सामाजिक

- कम्तीमा २० प्रतिशत विद्यालय, स्वास्थ्य संस्था तथा समुदायमा विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन सम्बन्धी शिक्षा, जनचेतना र क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य जोखिममा रहेका कम्तीमा १०० जनाको क्षमता अभिवृद्धि गर्ने।
- जोखिमयुक्त कम्तीमा ६ वटा समुदायमा समुदायमा आधारित पूर्वसूचना प्रणाली स्थापना तथा सञ्चालन गर्ने।

आर्थिक

- विपद्बाट प्रभावित कम्तीमा १० प्रतिशत परिवारको जीविकोपार्जन पुनःस्थापनामा सहयोग पुऱ्याउने।
- कम्तीमा २० प्रतिशत कृषकलाई जलवायुमैत्री कृषि प्रविधि, उन्नत तथा सहनशील बीउ, जैविक मल तथा पानी बचत प्रविधि अपनाउन प्रोत्साहन गर्ने।
- विपद् संवेदनशील परिवारमध्ये कम्तीमा ५० प्रतिशतलाई कृषि तथा पशु बीमा, लघुवित्त तथा वित्तीय सेवामा पहुँच विस्तार गर्ने।

वातावरणीय

- उच्च जोखिमयुक्त पहिरो, भूक्षय तथा नदी कटान क्षेत्रहरूको पहिचान गरी संरक्षण तथा उपचार कार्यक्रम सञ्चालन गर्ने।
- कम्तीमा ५ प्रतिशत सामुदायिक वन क्षेत्रमा दिगो वन व्यवस्थापन अभ्यास विस्तार गर्ने।
- कम्तीमा १५ प्रतिशत पानीका मुहान, जलाधार तथा जलस्रोतहरूको संरक्षण, पुनर्भरण तथा पुनर्जीवन कार्यक्रम सञ्चालन गर्ने।

पूर्वाधार

- प्रत्येक वडामा आकस्मिक उद्धार तथा राहत सामग्रीको न्यूनतम पूर्वसञ्चय व्यवस्था गर्ने।
- विद्यालय, स्वास्थ्य संस्था, सडक, पुल तथा अन्य सार्वजनिक पूर्वाधारहरूको जोखिम मूल्याङ्कन गरी आवश्यक मर्मत, सुदृढीकरण तथा संरक्षण गर्ने।
- प्रत्येक वडामा कम्तीमा एक वटा अस्थायी सुरक्षित आश्रयस्थलको व्यवस्था गर्ने।

संस्थागत तथा सुशासन

- गाउँपालिका तथा वडा स्तरका विपद् व्यवस्थापन समितिहरूलाई सक्रिय, सक्षम र प्रभावकारी बनाउने।
- स्थानीय विपद् जोखिम व्यवस्थापन ऐन, नियमावली, कार्यविधि तथा वातावरणीय नीति तथा कानुनहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने।

### ३.१.२.२ दीर्घकालीन लक्ष्य (३-५ वर्ष)

सामाजिक

- सबै विद्यालयमा विपद् सुरक्षित पूर्वाधार तथा जलवायु परिवर्तन सम्बन्धी शिक्षा संस्थागत गर्ने।
- समुदायमा स्वास्थ्य, पोषण, खानेपानी तथा सरसफाइ सेवाहरूलाई जलवायु उत्थानशील बनाउने।
- सामाजिक समावेशीकरण, समान पहुँच तथा सहभागितामा आधारित विपद् व्यवस्थापन प्रणाली संस्थागत गर्ने।

आर्थिक

- कम्तीमा २० प्रतिशत कृषकलाई जलवायुमैत्री कृषि तथा पशुपालन प्रणालीमा आबद्ध गर्ने।
- कृषि तथा पशुपालनमा संलग्न कम्तीमा ६० प्रतिशत कृषकलाई कृषि तथा पशु बीमा प्रणालीमा आबद्ध गर्ने।
- हरित उद्यम, वनजन्य उत्पादन, वैकल्पिक ऊर्जा तथा वातावरणमैत्री उद्यमहरूको प्रवर्द्धन गर्ने।

वातावरणीय

- बहुप्रकोप जोखिम न्यूनीकरण तथा पारिस्थितिकीय पुनर्स्थापना कार्यक्रम कार्यान्वयन गर्ने।
- वन, जलाधार, माटो तथा जैविक विविधताको दिगो संरक्षण तथा व्यवस्थापनमार्फत जलवायु उत्थानशीलता अभिवृद्धि गर्ने।
- सौर्य ऊर्जा, बायोग्यास तथा लघु जलविद्युतजस्ता नवीकरणीय ऊर्जाको प्रयोग विस्तार गर्ने।

पूर्वाधार

- विद्यालय, स्वास्थ्य संस्था, सडक, पुल, खानेपानी तथा सिँचाइ संरचनामध्ये कम्तीमा २५ प्रतिशतलाई विपद् प्रतिरोधी मापदण्डअनुसार निर्माण वा स्तरोन्नति गर्ने।
- सुरक्षित खानेपानी तथा सिँचाइ पूर्वाधार विस्तार गर्दै खानेपानी प्रणालीमा प्रशोधन प्रविधि विकास गर्ने र कम्तीमा २० प्रतिशत कृषियोग्य जमिनमा सिँचाइ सुविधा विस्तार गर्ने।

- जोखिम-संवेदनशील योजना निर्माणका लागि भौगोलिक सूचना प्रणाली (GIS) तथा जियोडाटाबेसमा आधारित योजना प्रणाली विकास गर्ने।

संस्थागत तथा सुशासन

- विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशीलतालाई गाउँपालिकाको दीर्घकालीन विकास योजनामा मूलप्रवाहीकरण गर्दै कुल बजेटको न्यूनतम ५ प्रतिशत विपद् व्यवस्थापन कोषमा विनियोजन गर्ने।
- स्थानीय सरकारको प्राविधिक, संस्थागत तथा वित्तीय क्षमता सुदृढ गर्ने।
- अनुसन्धान, नवप्रवर्तन तथा समुदायमा आधारित जलवायु अनुकूलन अभ्यासलाई संस्थागत गर्ने।

३.१.३ रणनीति

सामाजिक क्षेत्र

- विद्यालय, समुदाय तथा स्थानीय संस्थाहरूबीचको समन्वयमार्फत विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन सम्बन्धी शिक्षालाई संस्थागत गर्ने।
- महिला, बालबालिका, युवा, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य जोखिममा रहेका समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै समावेशी विपद् व्यवस्थापन प्रणाली विकास गर्ने।
- समुदायमा आधारित पूर्वसूचना प्रणाली स्थापना, सञ्चालन तथा नियमित अभ्यास गर्ने।
- स्वास्थ्य, पोषण तथा मनोसामाजिक सहयोग सेवाहरूलाई विपद् तथा जलवायु जोखिमप्रति उत्थानशील बनाउने।

आर्थिक क्षेत्र

- जलवायुमैत्री कृषि, पशुपालन तथा कृषि विविधीकरणलाई प्रवर्द्धन गर्दै दिगो जीविकोपार्जन विकास गर्ने।
- सहकारी, बैंक तथा लघुवित्त संस्थामार्फत वित्तीय समावेशीकरण, कृषि तथा पशु बीमा र उद्यमशीलता प्रवर्द्धन गर्ने।
- वनजन्य तथा गैरकाष्ठ वन पैदावारमा आधारित हरित उद्यमहरूको विकास गर्ने।
- विपद्पश्चात् जीविकोपार्जन पुनर्स्थापनाका लागि सीप विकास, स्वरोजगार तथा आयआर्जनका कार्यक्रम सञ्चालन गर्ने।

वातावरणीय क्षेत्र

- पहिरो, भूक्षय तथा नदी कटान नियन्त्रणका लागि बायो-इन्जिनियरिङ, प्रकृतिमा आधारित समाधान (Nature-based Solutions) र पारिस्थितिक प्रणालीमा आधारित अनुकुलनका क्रियाकलाप (Ecosystem based Adaptation) को प्रयोग विस्तार गर्ने।
- वन, जलाधार, पानीका मुहान तथा जैविक विविधताको संरक्षण र दिगो व्यवस्थापनलाई समुदायमा आधारित प्रणालीमार्फत प्रवर्द्धन गर्ने।

- वृक्षारोपण, जलाधार संरक्षण, रिचार्ज पोखरी निर्माण तथा वर्षा पानी संकलन कार्यक्रम सञ्चालन गर्ने।
- जलवायु परिवर्तनका प्रभावहरूको नियमित अनुगमन तथा वातावरणीय संरक्षणका कार्यक्रम सञ्चालन गर्ने।

पूर्वाधार क्षेत्र

- सबै सार्वजनिक पूर्वाधार निर्माण तथा स्तरोन्नतिमा विपद् प्रतिरोधी मापदण्ड तथा जोखिम-संवेदनशील योजना लागू गर्ने।
- आकस्मिक उद्धार, राहत तथा आपतकालीन व्यवस्थापनका लागि आवश्यक सामग्रीको पूर्वसञ्चय तथा सुरक्षित आश्रयस्थल विकास गर्ने।
- खानेपानी, सिँचाइ तथा अन्य आधारभूत सेवा पूर्वाधारलाई जलवायु उत्थानशील बनाउने।
- भौगोलिक सूचना प्रणाली (GIS) तथा जियोडाटाबेसमा आधारित जोखिम-संवेदनशील योजना तथा पूर्वाधार व्यवस्थापन प्रणाली विकास गर्ने।

संस्थागत तथा सुशासन

- गाउँपालिका तथा वडा स्तरका विपद् व्यवस्थापन समितिहरूको संस्थागत क्षमता, समन्वय तथा कार्यसम्पादन सुदृढ गर्ने।
- स्थानीय नीति, ऐन, नियमावली तथा विकास योजनामा विपद् जोखिम न्यूनीकरण र जलवायु उत्थानशीलतालाई मूलप्रवाहीकरण गर्ने।
- सरकारी, गैरसरकारी, निजी क्षेत्र, सहकारी तथा सामुदायिक संस्थाबीच प्रभावकारी समन्वय तथा साझेदारी प्रवर्द्धन गर्ने।
- विपद् व्यवस्थापनका लागि आवश्यक प्राविधिक, वित्तीय तथा मानवीय स्रोतको परिचालन तथा क्षमता अभिवृद्धि गर्ने।
- अनुसन्धान, नवप्रवर्तन, सूचना प्रविधि तथा समुदायमा आधारित जलवायु अनुकूलन अभ्यासलाई संस्थागत गर्दै ज्ञान व्यवस्थापन प्रणाली सुदृढ गर्ने।

### ३.२ विपद् जोखिम न्यूनीकरणका उपायहरू

स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलनका उपायहरू स्थानीय जोखिम, संवेदनशीलता, उपलब्ध स्रोत-साधन तथा समुदायको आवश्यकता र प्राथमिकताका आधारमा निर्धारण गरिनुपर्दछ। यस योजनाले कृषि, प्राकृतिक स्रोत व्यवस्थापन, पूर्वाधार, जीविकोपार्जन, सामाजिक संरक्षण तथा संस्थागत सुदृढीकरणलाई प्रमुख अनुकूलन तथा उत्थानशीलता विकासका क्षेत्रका रूपमा अवलम्बन गरेको छ।

राष्ट्रिय जलवायु परिवर्तन सर्वेक्षण, २०२२ अनुसार जलवायुमैत्री कृषि अभ्यास, उन्नत तथा सहनशील बीउको प्रयोग, जैविक मलको प्रयोग, सिँचाइ व्यवस्थापन, पानी तथा माटो संरक्षण, पशु स्वास्थ्य सेवा, कृषि विविधीकरण, जलवायु अनुकूलन तालिम तथा समुदायमा आधारित प्राकृतिक स्रोत व्यवस्थापन प्रभावकारी

अनुकूलन अभ्यासका रूपमा देखिएका छन्। त्यसैगरी राष्ट्रिय तथ्याङ्क कार्यालय (२०८१) का अनुसार कृषि बाहेक वैकल्पिक रोजगारी, पूर्वाधार स्तरोन्नति, अस्थायी आन्तरिक बसाइँसराइ, समुदायमा आधारित प्राकृतिक स्रोत व्यवस्थापन तथा जलवायुजन्य प्रकोपसम्बन्धी क्षमता विकासका कार्यक्रमहरूले समुदायको उत्थानशीलता अभिवृद्धिमा सकारात्मक योगदान पुऱ्याएका छन्।

### ३.२.१ प्राथमिकताका क्षेत्र १: विपद् तथा जलवायु परिवर्तन जोखिम बुझाइ

**प्राथमिकताका कार्य**

१.१ समुदाय र पालिकाको बहु-प्रकोप विपद् र जलवायु परिवर्तन जोखिमको पहिचान

१.२ सबै सार्वजनिक र निजी विद्यालयहरू, स्वास्थ्य सुविधाहरू, सार्वजनिक भवनहरू र सार्वजनिक महत्वका सम्पदाहरूको संरचनात्मक एकीकृत जोखिम लेखाजोखा गरी प्रमुख प्रकोपहरू जोखिम, लगानी र कार्यको दायरा सूचित गर्ने।

१.३ क्षेत्रगत विकास आयोजनाहरूको लागि विपद् र जलवायु परिवर्तन जोखिम परीक्षण र लेखाजोखा प्रणाली स्थापना गर्ने।

१.४ सीमा जोखिमहरू लेखाजोखा गर्ने।

१.५ विद्यालयमा जलवायु परिवर्तन र विपद् जोखिम शिक्षालाई पाठ्यक्रममा समावेश गर्ने।

**तालिका ४४: प्राथमिकताका क्षेत्र १ अन्तर्गतका रणनीतिक उपायहरू**

| प्राथमिकताका कार्य | रणनीतिक उपाय | अपेक्षित नतिजा | समयावधि | अनुमानित लागत (लाख) | अन्तर आबद्धता | | | | | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रदेश योजना | राष्ट्रिय योजना (DRR-NSPA) | राष्ट्रिय योजना (CCRA-NPA) | SFDRR | SDGs | | | |
| १.१ समुदाय र पालिकाको बहु—प्रकोप विपद् र जलवायु परिवर्तन जोखिमको पहिचान | प्रमुख प्राकृतिक तथा जलवायु जन्य जोखिम (भूकम्प, बाढी, पहिरो, खडेरी, आगलागी,डढेलो, असिना, चटयाङ्ग,हावाहुरी, कृषिरोग, पशुरोग, | प्रमुख प्राकृतिक तथा जलवायु जन्य जोखिमको पहिचान भएको हुनेछ। | १ वर्ष | १२ | | ४.१ | | P१ | G१३ | गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स., विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरू, दातृ निकायहरू, जिल्ला | उ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | मिचाहा झार, जनावर आतंक, सडक दुर्घटना, महामारीका आदि) को पहिचान गर्ने। | | | | | | | | | | आपत्कालिन कार्य संचालन केन्द्र, नेपाल रेडक्रस, सा.व.उ.स. | |
| | भौतिक, सामाजिक, वातावरणीय जोखिम घटकहरू समेटिएको बहु-स्तरीय जोखिम नक्सा तयार गर्ने। | | १ वर्ष | १३ | | ४.१ | | P१ | G१३ | गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स., विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरू, दातृ निकायहरू, जिल्ला आपत्कालिन कार्य संचालन केन्द्र, नेपाल रेडक्रस, सा.व.उ.स. | उच |
| | भूकम्प, बाढी, पहिरो, खडेरी, आगलागी, डढेलो, असिना, चट्याङ्ग, हावाहुरी, कृषिरोग, पशुरोग, मिचाहा झार, जनावर आतंक, सडक दुर्घटना, विधुतीय दुर्घटना, खण्डवृष्टि, महामारीका | स्थानीय स्तरमा भूकम्प, बाढी, पहिरो, खडेरी, आगलागी, डढेलो, असिना, चट्याङ्ग, हावाहुरी, कृषिरोग, पशुरोग, मिचाहा झार, जनावर आतंक, सडक दुर्घटना, विधुतीय | १ वर्ष | १४ | | ४.१ | | P१ | G१३ | गाउँपालिका | | उच |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रकोपहरू आँकलन, नक्साङ्कन र प्रकोप क्षेत्र निर्धारण गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने। | दुर्घटना, खण्डवृष्टि, महामारीका प्रकोपहरूको आँकलन तथा नक्साहरू उपलब्ध भएको हुनेछ। | | | | | | | | | | |
| | भूकम्पका समयमा जमिनमा हुने तरलीकरण (Soil Liquefaction) प्रकोप आँकलन, नक्साङ्कन र प्रकोप क्षेत्र निर्धारण गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने। | भूकम्पका समयमा गाउँपालिकामा जमिनमा हुने तरलीकरण (Soil Liquefaction) प्रकोप आँकलन तथा नक्साहरू उपलब्ध भएको हुनेछ। | १ वर्ष | ४ | | ४.१ | | P१ | G१३ | गाउँपालिका | खानी तथा भूगर्भ विभाग, विश्वविद्यालयहरू, प्रदेश सरकार | उ |
| | बाढी प्रकोपको निरन्तर आँकलन तथा अनुगमनको लागि मुख्य खोलाहरू र यसका सहायक खोलाका जलाधारहरूमा उच्च प्रविधि युक्त Flood | बाढी जोखिमको समयमै आँकलन, प्रभावकारी अनुगमन, र समुदायमा शीघ्र सूचना प्रवाहमार्फत जनधनको क्षति न्यूनीकरण सुनिश्चित गर्ने | १ वर्ष | ७ | | ४.१ | | P१ | G१३ | गाउँपालिका | जल तथा मौसम विभाग | उ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Gauge, Radar, Telemetric System जस्ता Early Warning System हरूको स्थापना, विस्तार र सबलीकरण गर्ने | | | | | | | | | | | |
| | लिङ्ग, उमेर र अपाङ्गताका आधारमा भूकम्प जोखिमयुक्त पूर्वाधारहरू तथा आश्रय स्थलहरूका लागि भू-सन्दर्भित (Georeferenced) सम्मुखता र संकटउन्मुखता आँकलन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने। | भूकम्पीय सम्मुखता र संकटउन्मुखताको छुट्टाछुट्टै (Disaggregated) तथ्याङ्क उपलब्ध भएको हुनेछ। | १ वर्ष | १२ | | ४.१ | | P१ | G१३ | गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स., विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरू, दातृ निकायहरू, जिल्ला आपत्कालिन कार्य संचालन केन्द्र, नेपाल रेडक्रस | उ |
| | भूकम्प, बाढी, पहिरो, जोखिम संवेदनशील भू-उपयोग योजनाहरू का साथै मुख्य नदी/खोला तथा | भूकम्प, बाढी, पहिरो जोखिम संवेदनशील भू- उपयोग योजनाहरू उपलब्ध हुनेछन्। | २ वर्ष | १८ | | ४.१ | | P१ | G१३ | गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स., विश्वविद्यालय तथा अनुसन्धान | उ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सहायक खोला नियन्त्रण तथा व्यवस्थापन योजना तर्जुमा गर्ने र यसलाई सार्वजनिक रूपमा उपलब्ध गराउने। | | | | | | | | | | केन्द्रहरू, दातृ निकायहरू, जिल्ला आपत्कालिन कार्य संचालन केन्द्र, नेपाल रेडक्रस, सा.व.उ.स. | |
| १.२ सबै सार्वजनिक र निजी विद्यालयहरू, स्वास्थ्य सुविधाहरू, सार्वजनिक भवनहरू र सार्वजनिक महत्वका सम्पदाहरूको संरचनात्मक एकीकृत जोखिम लेखाजोखा गरी | जोखिमयुक्त पूर्वाधारहरू, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरू, आश्रय स्थलहरू, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा खानेपानीका संरचनाहरूको संरचनात्मक एकीकृत लेखाजोखा गरी प्रमुख प्रकोपहरू बाढी, पहिरो, आगलागी, चटयाङ्ग, हावाहुरी, | बाढी, पहिरो, आगलागी, चटयाङ्ग, हावाहुरी, भूकम्पीय जोखिमस्तर (उच्च, मध्यम र न्यून) को जानकारी खुला श्रोत स्वरूपमा सार्वजनिक रूपमा उपलब्ध भएको हुनेछ। | १ वर्ष | ८ | | ४.१ | | P१ | G१३ | गाउँपालिका | | उ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रमुख प्रकोपहरू जोखिम, लगानी र कार्यको दायरा सूचित गर्ने। | भूकम्पीय जोखिम आँकलन तथा नक्साङ्कन र लगानी तथा कार्यको दायरालाई सार्वजनिक रूपमा उपलब्ध गराउने। | | | | | | | | | | | |
| | पुनर्निर्माण र प्रबलिकरणको आवश्यकता मूल्याङ्कन | सार्वजनिक संरचनाको अवस्था तथा वहन क्षमता स्पष्ट गरिनेछ। | १ वर्ष | १३ | | ४.१ | | P१ | G१३ | गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स., विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरू, दातृ निकायहरू, जिल्ला आपत्कालिन कार्य संचालन केन्द्र, नेपाल रेडक्रस, सा.व.उ.स. | उ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १.३ क्षेत्रगत विकास आयोजनाहरूको लागि विपद् र जलवायु परिवर्तन जोखिम परीक्षण र लेखाजोखा प्रणाली स्थापना गर्ने। | आवश्यक संरचनाको संख्या, आकार, प्रकृति तथा आवश्यक स्रोतको प्रारम्भिक आँकलन | स्थलगत निरीक्षण, तथ्याङ्क संकलन तथा विश्लेषणमार्फत आवश्यक योजना तर्जुमा गर्ने आधार बन्नेछ | १ वर्ष | १२ | | ४.१ | | P१ | G१३ | गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स., अनुसन्धान केन्द्रहरू, दातृ निकायहरू, जिल्ला आपत्कालिन कार्य संचालन केन्द्र | उ |
| | क्षेत्रगत आयोजनासँग सम्बन्धित जोखिम, संवेदनशीलता र क्षमताको तथ्याङ्क संकलन गर्ने | जोखिमयुक्त क्षेत्रको पहिचान र प्राथमिकता निर्धारण | १ वर्ष | १२ | | ४.१ | | P१ | G१३ | गाउँपालिका | | उ |
| | डिजिटल अभिलेख प्रणाली विकास गरी नियमित अद्यावधिक गर्ने | तथ्याङ्कको सुरक्षित भण्डारण र सहज पहुँच | २ वर्ष | १५ | | ४.१ | | P१ | G१३ | गाउँपालिका | | उ |
| | विकास आयोजनाको योजना, बजेट र कार्यान्वयनमा | विकास आयोजनामा जोखिम न्यूनीकरणका एकीकरण | ५ वर्ष | १५ | | ४.१ | | P१ | G१३ | गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स., विश्वविद्यालय | उ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जोखिम लेखाजोखा प्रणाली समावेश गर्ने | | | | | | | | | | तथा अनुसन्धान केन्द्रहरू, दातृ निकायहरू, जिल्ला | |
| | जोखिम परीक्षणको प्रभावकारिता मूल्याङ्कन गर्ने मापदण्ड तयार गर्ने | परीक्षणको गुणस्तर र विश्वसनीयता सुनिश्चित | ५ वर्ष | ८ | | ४.१ | | P१ | G१३ | गाउँपालिका | आपत्कालिन कार्य संचालन केन्द्र, नेपाल रेडक्रस सा.व.उ.स. | उ |
| | सार्वजनिक प्रतिवेदन प्रणालीमार्फत पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्ने | नागरिकको जानकारी पहुँच र निगरानीको सशक्तीकरण | ५ वर्ष | ८ | | ४.१ | | P१ | G१३ | गाउँपालिका | | उ |
| १.४ सीमा जोखिमहरू लेखाजोखा गर्ने | बहु-प्रकोप नक्सा तयार गरी आवश्यकता अनुसार एकीकृत जलाधार योजना तयार गर्ने | बाढी, डुबान, आगलागी, जनावर आतङ्क जस्ता जोखिमको संयुक्त व्यवस्थापन | ३ वर्ष | १५ | | ४.१ | | P१ | G१३ | गाउँपालिका | | उ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छिमेकी पालिकाबीच समन्वय समिति गठन | सीमा क्षेत्रमा साझा जोखिम समाधानको पहल | निरन्तर | ८ | | ४.२ | | P१ | G१३G१७ | गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स., दातृ निकायहरू, जिल्ला आपत्कालिन कार्य संचालन केन्द्र, नेपाल रेडक्रस | उ |
| | संयुक्त अभ्यास, तालिम र पूर्वतयारी कार्यक्रम सञ्चालन | सीमा क्षेत्रमा विपद् प्रतिकार्य क्षमता अभिवृद्धि | निरन्तर | १० | | ४.२ | | P१ | G१३G१७ | गाउँपालिका | | उ |
| १.५ विद्यालयमा जलवायु परिवर्तन र विपद् जोखिम शिक्षालाई पाठ्यक्रममा समावेश गर्ने | पाठ्यक्रम विकास समितिबाट जलवायु र विपद् शिक्षा समावेश गर्ने | औपचारिक शिक्षामा जलवायु र विपद् ज्ञानको प्रवाह | १ वर्ष | ५ | | ४.४ | | P१ | G१३G१७ | गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स., दातृ निकायहरू | उ |
| | शिक्षक तालिम कार्यक्रम सञ्चालन | शिक्षकको क्षमता अभिवृद्धि र प्रभावकारी शिक्षण | निरन्तर | ५ | | ४.४ | | P१ | G४ G१३ | गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स., विश्वविद्यालय | उ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | तथा अनुसन्धान केन्द्रहरू, दातृ निकायहरू | |
| | विद्यालय स्तरीय अभ्यास, प्रतियोगिता र जनचेतना कार्यक्रम सञ्चालन | विद्यार्थीमा व्यवहारिक ज्ञान र सचेतना अभिवृद्धि | निरन्तर | ५ | | ४.४ | | P१ | G४ G१३ | गाउँपालिका | | उ |
| | | | | २१९ | (दुई करोड उन्नाइस लाख) | | | | | | | |

### ३.२.२ प्राथमिकताका क्षेत्र २ः स्थानीय तहमा विपद् तथा जलवायु परिवर्तन जोखिम शासकीय पद्धतिको सुदृढीकरण

प्राथमिकताका कार्य

२.१ पालिका अन्तर्गतका सम्बन्धित सबै शाखाको भूमिका र जिम्मेवारी निर्धारण

२.२ प्रभावकारी विपद् तथा जलवायु उत्थानशीलताको लागि स्थानीय तहको संगठनात्मक संरचना र मानव संसाधन र कार्यहरूको समीक्षा र अद्यावधिक गर्ने।

२.३ मानव संसाधन र क्षमता विकास

२.४ प्रभावकारिताका लागि गाउँपालिकाको कानूनी व्यवस्था बलियो बनाउन आवश्यक निर्देशिका, मापदण्ड र कार्य सञ्चालन कार्यविधि तर्जुमा वा परिमार्जन गर्ने

२.५ सूचना, अभिलेख, र प्रविधिको प्रयोग सुदृढ बनाउने

**तालिका ४५ः प्राथमिकताका क्षेत्र २ को रणनीतिक उपायहरू**

| | | | | | अन्तर आबद्धता | | | | | चुनौती | सूचक |
|---|---|---|---|---|---|---|---|---|---|---|---|

| प्राथमिकताका कार्य | रणनीतिक उपाय | अपेक्षित नतिजा | समयावधि | अनुमानित लागत (लाख) | प्रदेश योजना | राष्ट्रिय योजना (DR R-NSPA) | (CC RA-NPA) | SFDRR | SDGs | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता | बजेटको स्रोत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **२.१ पालिका अन्तर्गतका सम्बन्धित सबै शाखाको भूमिका र जिम्मेवारी निर्धारण** | स्थानीय तहभित्र विपद् तथा जलवायु सम्बन्धी नीतिगत विषय हेर्ने विशेष इकाई वा शाखा स्थापना गर्ने | विपद् व्यवस्थापन तथा जलवायु अनुकूलनमा उत्तरदायित्व र पारदर्शिता सुदृढ | अल्पकालीन | १८ | | ५.१ | | P२ | G१६ G१७ | गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स., विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरू, दातृ निकायहरू, नेपाल रेडक्रस | उच्च | आन्तरिक स्रोत तथा विकास साझेदार | | समन्वय गरिएका निकायको संख्या, स्रोत परिचालन दर, सार्वजनिक प्रतिवेदनको संख्या |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **२.२ प्रभावकारी विपद् तथा जलवायु उत्थानशीलताको लागि स्थानीय तहको संगठनात्मक संरचना र मानव संसाधन र कार्यहरू को समीक्षा र अद्यावधिक गर्ने।** | गाउँपालिका तथा वडामा आवश्यकतानुसार विषयगत क्षेत्र (Cluster) अवधारणालाई कार्यान्वयन गर्न विपद् तथा जलवायु उत्थानशीलता सम्बन्धी कार्यदलको पुनर्संरचना गर्ने। | स्पष्ट जिम्मेवारीसहितको कार्यदल गठन हुनेछ। | अल्पकालीन | ८ | | ५.१ | | P२ | G१६ G१७ | गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स., विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरू, दातृ निकायहरू, नेपाल रेडक्रस, सा.व.उ.स. | उच्च | आन्तरिक स्रोत तथा विकास साझेदार | | कार्यदल गठन सम्बन्धी निर्णय पत्र। |
| | विपद् व्यवस्थापन तथा जलवायु अनुकूलनका | आवश्यक जनशक्ति पहिचान गरिनेछ। | अल्पकालीन | ४ | | ५.१ | | P२ | G१६ G१७ | गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसर | उच्च | आन्तरिक स्रोत तथा विका | | जनशक्ति मूल्यांकन प्रतिवेदन। |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | लागि जनशक्ति आवश्यकताको मूल्यांकन गर्ने। | | | | | | | | | | कारी संस्थाहरू, दातृ निकायहरू, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र , नेपाल रेडक्रस | | स साझेदार | | |
| | स्थानीय तहमा विपद् तथा जलवायु उत्थानशीलता सम्बन्धी पद सिर्जना गर्ने। | स्थायी संरचना अन्तर्गत पद सिर्जना गरिनेछ। | दीर्घकालीन | ४२ | | ५.१ | | P२ | G१६ G१७ | गाउँपालिका | | उच्च | आन्तरिक स्रोत तथा विकास साझेदार | | पद सिर्जना सम्बन्धी निर्णय र कार्यान्वयन स्थिति। |
| | स्वास्थ्य संस्था सवलिकरण (स्ट्रेचर, औषधि व्यवस्थापन, आर्थिंग/वायारिंग सुदृधिकरण) | आपतकालीन सेवाको प्रभावकारिता वृद्धि, बिरामीको शीघ्र उपचार, स्वास्थ्य जोखिम | दीर्घकालीन | २८ | | ५.१ | | P२ | G३, G९ | गाउँपालिका | | उच्च | आन्तरिक स्रोत तथा विकास साझेदार | उपकरणको अभाव, जनशक्ति सीमितता, विद्युत् | सुधार गरिएका स्वास्थ्य संस्थाको संख्या, उपलब्ध स्ट्रेचर/औषधिको सूची, आर्थिंग/वाया |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | न्यूनीकरण \| | | | | | | | | | | | | अस्थिरता | रिंग सम्पन्न संस्थाको प्रतिशत |
| २.३ **मानव संसाधन र क्षमता विकास** | विपद् तथा जलवायु मुद्दामा काम गर्ने स्थानीय युवा स्वयंसेवक समूह गठन गर्ने। | स्थानीय स्तरमा DRR/CCA मा सक्रिय सहभागिता हुने। | अल्पकालीन | ६ | | ५.१ | | P२ | G१६ G१७ | गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स., विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरू, दातृ निकायहरू, सा.व.उ. | मध्यम | आन्तरिक स्रोत तथा विकास साझेदार | | स्वयंसेवक समूहको सक्रिय सदस्यहरूको संख्या |
| | DRR/CCA का focal persons हरू वडामा तोक्ने र तिनिहरूको सीप अभिवृद्धि गर्ने। | प्रत्येक वडामा जिम्मेवारीसहितको focal person उपलब्ध हुने। | अल्पकालीन | ३ | | ५.१ | | P२ | G१६ G१७ | गाउँपालिका | | उच्च | आन्तरिक स्रोत तथा विकास साझेदार | | तोकिएका focal persons को संख्या, तालिम |
| २.४ **प्रभावकारिताका** | पूर्वाधार योजना डिजाइन र | पूर्वाधार योजना डिजाइन र | मध्यकालीन | ० | | ५.२ | | P२ | G१६ G१७ | गाउँपालिका | राष्ट्रिय तथा अन्तर्रा | उच्च | आन्तरिक स्रोत | | तयार गरिएका योजनाको |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **लागि स्थानीय तहको कानुनी व्यवस्था बलियो बनाउने** | निमार्णका लागि विद्यमान मापदण्डहरू र मानकहरू (भूकम्प कोड, योजना मापदण्डको पालना गराउने। | निर्माणका लागि परिष्कृत कोड, मानक, निर्देशिका अनुसार भएको हुनेछ। | | | | | | | | | ष्ट्रिय गै.स.स., विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरू, दातृ निकाय हरू, नेपाल रेडक्रस | | तथा विकास साझेदार | | संख्या, अभ्यासको आवृत्ति |
| | प्रमुख परियोजनाहरूको छनौटका लागि विपद् र जलवायु परिवर्तन जोखिम सम्बन्धी ज्ञानहरूको आधारमा विकास आयोजनाह | प्रमुख आयोजनाहरूमा जलवायु र विपद् जोखिम प्रतिरोधी प्रविधि समावेश गर्न विस्तृत जोखिम मूल्यांकन कार्यढाँचा | अल्पकालीन | ० | | ५.२ | | P२ | G१६ G१७ | गाउँपालिका | | उच्च | आन्तरिक स्रोत तथा विकास साझेदार | | मापदण्ड अनुसार डिजाइन गरिएका योजनाको प्रतिशत |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | रूको प्रारम्भिक र विस्तृत जोखिम मूल्यांकन कार्यढाँचा तयार गरी निर्देशिकाहरूमा समावेश गर्ने। | तयार भएको हुनेछ। | | | | | | | | | | | | | |
| | प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी विभिन्न कार्यक्रम र कार्य योजनाहरूमा विपद् जोखिम न्यूनीकरण समावेश गर्ने। | प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी विभिन्न कार्यक्रम र कार्य योजनाहरूमा विपद् जोखिम न्यूनीकरण समावेश | निरन्तर | ० | | ५.२ | | P२ | G१६ G१७ | गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स., विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरू, दातृ | उच्च | आन्तरिक स्रोत तथा विकास साझेदार | | समावेश गरिएका ऐन/निर्देशिकाको संख्या, मूल्याङ्कन गरिएका परियोजनाहरू |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भएको हुनेछ। | | | | | | | | | निकाय हरू, नेपाल रेडक्रस, सा.व.उ .स. | | | | |
| | विपदको समयमा भग्नावशेष, लाश र विभिन्न फोहर व्यवस्थापन को लागि आवश्यक निर्देशिका बनाउने। | विपदको समयमा भग्नावशेष, लाश र फोहर व्यवस्थित गर्न निर्देशिका तयार भएको हुनेछ। | अल्प कालीन | ७ | | ५.२ | | P२ | G१६ G१७ | गाउँपालिका | | उच्च | आन्तरिक स्रोत तथा विकास साझेदार | | मूल्याङ्कन गरिएका परियोजनाको संख्या, निर्देशिकामा समावेश दर |
| | गाउँपालिकाका आपत्कालिन कार्यसंचालन केन्द्रको कार्यसंचालन विधि तयार गर्ने। | आपत्कालिन कार्यसंचालन केन्द्रहरूको कार्यसंचालन विधि तयार | अल्प कालीन | ६ | | ५.२ | | P२ | G१६ G१७ | गाउँपालिका | | उच्च | आन्तरिक स्रोत तथा विकास साझेदार | | समावेश गरिएका योजनाको संख्या, DRR घटकको उपस्थिति |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भएको हुनेछ। | | | | | | | | | | | | | |
| | स्थानीय र सामुदायिक विपद् व्यवस्थापन समितिका लागि स्थानीय विपद् जोखिम व्यवस्थापन कार्यसंचालन विधि तयार र नियमित अद्यावधिक गर्ने। | स्थानीय तहमा प्रभावकारी विपद् पूर्वतयारी तथा आपत्कालिन प्रतिकार्यको लागी कार्यसंचालन विधि तयार भएको हुनेछ। | निरन्तर | ५ | | ५.२ | | P२ | G१६ G१७ | गाउँपालिका | | उच्च | आन्तरिक स्रोत तथा विकास साझेदार | | कार्यविधि तयार, केन्द्र सञ्चालनको अवस्था |
| | स्थानीय विद्यालयहरू, स्वास्थ्य संघसंस्थाको विपद् | स्थानीय विद्यालय तथा स्वास्थ्य संघसंस्थाह | मध्यकालीन | १५ | | ५.२ | | P२ | G१६ G१७ | गाउँपालिका | | उच्च | आन्तरिक स्रोत तथा विका | | अद्यावधिक गरिएका कार्यविधिको संख्या, |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जोखिम व्यवस्थापन योजना तयार गर्ने। | रुका विपद् जोखिम व्यवस्थापन योजना उपलब्ध भएको हुनेछ। | | | | | | | | | | | स साझेदार | | समितिको सक्रियता दर |
